# नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**लीला ढुङ्गाना (अधिकारी)**

क्याम्पस रोल नं. २०/०६१
त्रि.वि. दर्ता नं. १२०५९/८६
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

२०६६

# नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधनिर्देशक**
**प्राध्यापक डा. नारायणप्रसाद खनाल**

**शोधार्थी**
**लीला ढुङ्गाना (अधिकारी)**
क्याम्पस रोल नं. २०/०६१
त्रि.वि. दर्ता नं. १२०५९/८६
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०६६

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन
## नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका विद्यार्थी लीला ढुङ्गाना (अधिकारी) ले नेपाली एम्.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

प्रा.डा. नारायणप्रसाद खनाल
विभागीय प्रमुख

____________________
हस्ताक्षर

प्रा.डा. नारायणप्रसाद खनाल
शोधनिर्देशक

____________________
हस्ताक्षर

सह–प्रा. गोविन्दराज विनोदी
बाह्यपरीक्षक

____________________
हस्ताक्षर

मिति : २०६६/१२/१६

नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन    लीला ढुङ्गाना (अधिकारी)    २०६६

# पहिलो परिच्छेद

# शोधपरिचय

## दोस्रो परिच्छेद

# विविध पृष्ठभूमिमा नवलपरासी जिल्लाको साहित्यिक परिचय

## तेस्रो परिच्छेद

# नवलपरासी जिल्लाका शास्त्रीय कविहरूको परिचय

# चौथो परिच्छेद

# नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन

# पाँचौं परिच्छेद

# उपसंहार

# सन्दर्भग्रन्थसूची

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा लीला ढुङ्गाना (अधिकारी) ले **नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६६/१२/१७

**डा. नारायणप्रसाद खनाल**
प्राध्यापक
त्रिभुवन विश्वविद्यालय
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

**नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागको स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु नारायणप्रसाद खनालज्यूको निर्देशनमा तयार पारेको हुँ । यस शोधकार्यले पूर्णता प्राप्त नगरुन्जेलसम्म मलाई उचित राय, सल्लाह र सुझाव दिनुका साथै आफ्नो अमूल्य समय दिएर कुशल निर्देशन गरिदिनु हुने निर्देशकज्यूमा हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु । प्रस्तुत शीर्षकमा शोध-अनुसन्धान गर्न स्वीकृति प्रदान गरिदिनुहुने वीरेन्द्र बहुमुखी क्याम्पसका नेपाली विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनालज्यूप्रति म आभार व्यक्त गर्न चाहन्छु ।

वैचारिक सरसल्लाहका साथै मलाई उत्साह र प्रेरणा प्रदान गरी आफ्नो अमूल्य समयसमेत दिनुहुने गुरु कवि गोविन्दराज विनोदीप्रति म हृदयत: आभार प्रकट गर्न चाहन्छु । मलाई यस कार्यमा लाग्न उपयुक्त किसिमको वातावरण सिर्जना गरी प्रेमपूर्वक सहयोग प्रदान गर्नुहुने मेरा पति रामहरि शर्माप्रति म आभारी छु । मलाई यस कार्यमा आ-आफ्ना छन्दोबद्ध काव्यकृतिहरू उपलब्ध गराई सहयोग प्रदान गर्नुहुने नवलपरासी जिल्लाका कविता काव्यका सर्जकहरूका साथै त्रि.सा.प., न.सा.प. परिवारप्रति पनि आभार व्यक्त गर्न चाहन्छु । प्रस्तुत शोधपत्र तयारीका क्रममा विभिन्न पुस्तकहरू उपलब्ध गराइदिएर सहयोग गर्नुहुने गुरु भूपेन्द्र शर्मा गण्डर्षि, वीरेन्द्र बहुमुखी क्याम्पसका सहायक प्रशासकद्वय शिवप्रसाद पोखरेल र विजय पण्डितलज्यूप्रति पनि म आभारी छु ।

यस शोधपत्रलाई शुद्धसँग समयमै टङ्कण गरिदिनुहुने कम्प्युटर केयर एन्ड डिजाइनिङ सेन्टर, नारायणगढका टङ्कणकर्ता दीपेन्द्रकुमार जोशी 'निक' प्रति पनि धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा **नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकको यो शोधपत्र मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

**लीला ढुङ्गाना (अधिकारी)**
क्याम्पस रोल नं. : २०/०६१
त्रि.वि.दर्ता नं. : १२०५९/८६
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन
२०६६

मिति : २०६६/१२/१६

# सङ्क्षेपीकृत शब्दसूची

प्रस्तुत शोधपत्रमा प्रस्तुत गरिएका सङ्क्षेपीकृत शब्दहरू यसप्रकार छन् :

| | |
|---|---|
| अ.प्र. | अप्रकाशित |
| आ.व. | आर्थिक वर्ष |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| क्र.सं. | क्रमसङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| ज्यो. | ज्योतिष |
| डा. | डाक्टर |
| डिप.इन्.एड्. | डिप्लोमा इन एजुकेसन |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| त्रि.सा.प. | त्रिवेणी साहित्य परिषद् |
| ता.सं. | तालिका सङ्ख्या |
| द.सं. | दर्तासङ्ख्या |
| नं. | नम्बर |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| निर्दे. | निर्देशक |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| पं. | पण्डित |
| प्रा. | प्राध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| स्व. | स्वर्गीय |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक |

# विषयसूची


(क) स्वीकृतिपत्र

(ख) शोधनिर्देशकको मन्तव्य

(ग) कृतज्ञताज्ञापन

(घ) सङ्क्षेपीकृत शब्दसूची


## पहिलो परिच्छेद
## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधप्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | समस्याकथन | २ |
| १.५ | शोधकार्यका उद्देश्यहरू | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | ३ |
| १.७ | शोधकार्यको औचित्य र महत्त्व | १३ |
| १.८ | शोधको क्षेत्र र सीमा | १३ |
| १.९ | सामग्रीसङ्कलन | १३ |
| १.१० | शोधविधि | १३ |
| १.११ | शोधपत्रको रूपरेखा | १४ |


## दोस्रो परिच्छेद
## विविध पृष्ठभूमिमा नवलपरासी जिल्लाको साहित्यिक परिचय


| | | |
|---|---|---|
| २.१ | नवलपरासी जिल्लाको नामकरण, अवस्थिति, जनसङ्ख्या, धार्मिक तथा शैक्षिक स्थिति | १५ |

२.२ नवलपरासी जिल्लाको साहित्य-सिर्जनपरम्पराको पृष्ठभूमि १६
२.३ नवलपरासी जिल्लामा नेपाली साहित्यको विकास १९
२.३.१ पृष्ठभूमि र चरण विभाजन १९
२.३.२ प्रथम चरण २१
२.३.३ द्वितीय चरण २२
२.३.४ तृतीय चरण २३
२.३.५ चतुर्थ चरण २५
२.४ निष्कर्ष २८

## तेस्रो परिच्छेद
## नवलपरासी जिल्लाका शास्त्रीय कविहरूको परिचय

३.१ पृष्ठभूमि २९
३.२ नवलपरासी जिल्लाका शास्त्रीय कविहरू ३३
३.२.१ कृष्णादेवी शर्मा श्रेष्ठ ३४
३.२.२ केशवराज शर्मा डुम्रे ३५
३.२.३ केशवानन्द सापकोटा ३५
३.२.४ खेचरनाथ नेपाल ३६
३.२.५ गोविन्दराज विनोदी ३६
३.२.६ चेतराज कँडेल ३७
३.२.७ तीर्थराज कोइराला ३७
३.२.८ देवेन्द्रराज कँडेल ३८
३.२.९ पुष्पराज कोइराला ३८
३.२.१० भरतराज पीडित ३९
३.२.११ युक्तिवल्लभ उपाध्याय ३९
३.२.१२ रामनाथ खनाल ३९
३.२.१३ रामहरि शर्मा शराह ४१
३.२.१४ रामहरि शर्मा गैरे ४१
३.२.१५ वामदेव पण्डित ४१
३.२.१६ विष्णुहरि विरही ४२
३.२.१७ श्यामप्रसाद न्यौपाने ४२
३.२.१८ हरिप्रसाद उपाध्याय ४२
३.३ निष्कर्ष ४३

# चौथो परिच्छेद
# नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन


४.१ नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरू ४४
४.१.१ कृष्णादेवी शर्मा श्रेष्ठ र उनका काव्य ४५
४.१.१.१ 'स्मृतिको एक झिल्को' खण्डकाव्य ४५
४.१.१.१.१ विषयवस्तु ४५
४.१.१.१.२ रस ४७
४.१.१.१.३ अलङ्कार ४८
४.१.१.१.४ छन्द ४९
४.१.१.२ 'सृष्टि सौगात' कवितासङ्ग्रह ५०
४.१.१.२.१ विषयवस्तु ५१
४.१.१.२.२ रस ५१
४.१.१.२.३ अलङ्कार ५३
४.१.१.२.४ छन्द ५४
४.१.२ केशवराज शर्मा डुम्रे र उनको काव्य ५७
४.१.२.१ 'नारी' लघुकाव्य ५७
४.१.२.१.१ विषयवस्तु ५७
४.१.२.१.२ रस ५८
४.१.२.१.३ अलङ्कार ५९
४.१.२.१.४ छन्द ६०
४.१.३ केशवानन्द सापकोटा र उनको काव्य ६२
४.१.३.१ 'भक्ति भागीरथी' कवितासङ्ग्रह ६२
४.१.३.१.१ विषयवस्तु ६३
४.१.३.१.२ रस ६३
४.१.३.१.३ अलङ्कार ६४
४.१.३.१.४ छन्द ६४
४.१.४ खेचरनाथ नेपाल र उनको काव्य ६६
४.१.४.१ 'नलदमयन्ती' काव्य ६६
४.१.४.१.१ विषयवस्तु ६६
४.१.४.१.२ रस ६९
४.१.४.१.३ अलङ्कार ७१
४.१.४.१.४ छन्द ७३

४.१.५ गोविन्दराज विनोदी र उनका काव्य ७५
४.१.५.१ 'मेरो वर्तमानता' कवितासङ्ग्रह ७५
४.१.५.१.१ विषयवस्तु ७६
४.१.५.१.२ रस ७६
४.१.५.१.३ अलङ्कार ७८
४.१.५.१.४ छन्द ७९
४.१.५.२ 'छन्द-विनोद' प्रबोधक काव्य ८१
४.१.५.२.१ विषयवस्तु ८२
४.१.५.२.२ रस ८२
४.१.५.२.३ अलङ्कार ८३
४.१.५.२.४ छन्द ८५
४.१.५.३ 'अविश्रान्त' कवितासङ्ग्रह ८७
४.१.५.३.१ विषयवस्तु ८७
४.१.५.३.२ रस ८८
४.१.५.३.३ अलङ्कार ८९
४.१.५.३.४ छन्द ९२
४.१.६ चेतराज कँडेल र उनको काव्य ९५
४.१.६.१ 'हिजोआज' कवितासङ्ग्रह ९५
४.१.६.१.१ विषयवस्तु ९५
४.१.६.१.२ रस ९५
४.१.६.१.३ अलङ्कार ९६
४.१.६.१.४ छन्द ९७
४.१.७ तीर्थराज कोइराला र उनका काव्य ९८
४.१.७.१ 'विजया आविर्भाव' कवितासङ्ग्रह ९८
४.१.७.१.१ विषयवस्तु ९८
४.१.७.१.२ रस ९९
४.१.७.१.३ अलङ्कार १०१
४.१.७.१.४ छन्द १०३
४.१.७.२ 'वाल्मीकि-स्मृति' काव्य १०४
४.१.७.२.१ विषयवस्तु १०५
४.१.७.२.२ रस १०५
४.१.७.२.३ अलङ्कार १०७
४.१.७.२.४ छन्द १०८

४.१.७.३ 'धरतीकी छोरी' कवितासङ्ग्रह १०९
४.१.७.३.१ विषयवस्तु १०९
४.१.७.३.२ रस ११०
४.१.७.३.३ अलङ्कार १११
४.१.७.३.४ छन्द ११३
४.१.८ देवेन्द्रराज खनियाँ र उनको काव्य ११५
४.१.८.१ 'आँसुको धारा' कवितासङ्ग्रह ११५
४.१.८.१.१ विषयवस्तु ११५
४.१.८.१.२ रस ११६
४.१.८.१.३ अलङ्कार ११७
४.१.८.१.४ छन्द ११७
४.१.९ पुष्पराज कोइराला र उनको काव्य ११९
४.१.९.१ 'बिहानी र आकाश' खण्डकाव्य ११९
४.१.९.१.१ विषयवस्तु ११९
४.१.९.१.२ रस १२०
४.१.९.१.३ अलङ्कार १२०
४.१.९.१.४ छन्द १२२
४.१.१० भरतराज पीडित र उनका काव्य १२३
४.१.१०.१ 'आफ्नै देश बिरानो भयो' कवितासङ्ग्रह १२३
४.१.१०.१.१ विषयवस्तु १२३
४.१.१०.१.२ रस १२४
४.१.१०.१.३ अलङ्कार १२५
४.१.१०.१.४ छन्द १२६
४.१.१०.२ 'आँखा छिटो खोल्नु छ' कवितासङ्ग्रह १२७
४.१.१०.२.१ विषयवस्तु १२७
४.१.१०.२.२ रस १२८
४.१.१०.२.३ अलङ्कार १२९
४.१.१०.२.४ छन्द १३०
४.१.११ युक्तिवल्लभ उपाध्याय र उनको काव्य १३२
४.१.११.१ 'ऋणान्तकी' काव्य १३२
४.१.११.१.१ विषयवस्तु १३२
४.१.११.१.२ रस १३२
४.१.११.१.३ अलङ्कार १३३
४.१.११.१.४ छन्द १३४

४.१.१२ रामनाथ खनाल र उनको काव्य १३५
४.१.१२.१ 'पाण्डु' काव्य १३५
४.१.१२.१.१ विषयवस्तु १३६
४.१.१२.१.२ रस १३७
४.१.१२.१.३ अलङ्कार १३८
४.१.१२.१.४ छन्द १४०
४.१.१३ रामहरि शर्मा शराह र उनको काव्य १४१
४.१.१३.१ 'शब्द सङ्गोष्ठी' कवितासङ्ग्रह १४१
४.१.१३.१.१ विषयवस्तु १४२
४.१.१३.१.२ रस १४२
४.१.१३.१.३ अलङ्कार १४४
४.१.१३.१.४ छन्द १४५
४.१.१४ रामहरि शर्मा गैरे र उनको काव्य १४७
४.१.१४.१ 'राज्यवती' काव्य १४७
४.१.१४.१.१ विषयवस्तु १४७
४.१.१४.१.२ रस १४९
४.१.१४.१.३ अलङ्कार १४९
४.१.१४.१.४ छन्द १५१
४.१.१५ वामदेव पण्डित र उनका काव्य १५२
४.१.१५.१ 'ब्रह्माण्डभित्र' कवितासङ्ग्रह १५२
४.१.१५.१.१ विषयवस्तु १५२
४.१.१५.१.२ रस १५२
४.१.१५.१.३ अलङ्कार १५३
४.१.१५.१.४ छन्द १५४
४.१.१५.२ 'कविताको कुम्लो' कवितासङ्ग्रह १५५
४.१.१५.२.१ विषयवस्तु १५५
४.१.१५.२.२ रस १५५
४.१.१५.२.३ अलङ्कार १५७
४.१.१५.२.४ छन्द १५७
४.१.१६ विष्णुहरि विरही र उनको काव्य १५९
४.१.१६.१ 'विरेचन' कवितासङ्ग्रह १५९
४.१.१६.१.१ विषयवस्तु १५९
४.१.१६.१.२ रस १५९
४.१.१६.१.३ अलङ्कार १६१
४.१.१६.१.४ छन्द १६२

४.१.१७ श्यामप्रसाद न्यौपाने र उनको काव्य १६४
४.१.१७.१ 'झाँसीकी रानी' खण्डकाव्य १६४
४.१.१७.१.१ विषयवस्तु १६४
४.१.१७.१.२ रस १६६
४.१.१७.१.३ अलङ्कार १६७
४.१.१७.१.४ छन्द १६८
४.१.१८ हरिप्रसाद उपाध्याय र उनका काव्य १७०
४.१.१८.१ 'नाति' खण्डकाव्य १७०
४.१.१७.१.१ विषयवस्तु १७०
४.१.१७.१.२ रस १७१
४.१.१७.१.३ अलङ्कार १७३
४.१.१७.१.४ छन्द १७३
४.१.१८.२ 'पञ्चगव्य' कवितासङ्ग्रह १७५
४.१.१८.२.१ विषयवस्तु १७५
४.१.१८.२.२ रस १७५
४.१.१८.२.३ अलङ्कार १७७
४.१.१८.२.४ छन्द १७८
४.२ निष्कर्ष १७९

## पाँचौँ परिच्छेद
## उपसंहार

५.१ परिचय १८१
५.२ परिच्छेद एकको सारांश १८१
५.३ परिच्छेद दुईको सारांश १८१
५.४ परिच्छेद तीनको सारांश १८३
५.५ परिच्छेद चारको सारांश १८४
५.६ समग्र निष्कर्ष १८६

सन्दर्भग्रन्थसूची १८८

# तालिकासूची


| क्रम | काव्यकृति | रस | अलङ्कार | छन्द | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | स्मृतिको एक झिल्को | १ क | १ ख | १ ग | ४७/४८/४९ |
| २. | सृष्टि सौगात | २ क | २ ख | २ ग | ५२/५३/५५ |
| ३. | नारी | ३ क | ३ ख | ३ ग | ५८/५९/६१ |
| ४. | भक्ति भागीरथी | ४ क | ४ ख | ४ ग | ६३/६४/६५ |
| ५. | नलदमयन्ती | ५ क | ५ ख | ५ ग | ७०/७१/७४ |
| ६. | मेरो वर्तमानता | ६ क | ६ ख | ६ ग | ७७/७८/८० |
| ७. | छन्द-विनोद | ७ क | ७ ख | ७ ग | ८२/८४/८५ |
| ८. | अविश्रान्त | ८ क | ८ ख | ८ ग | ८८/९०/९२ |
| ९. | हिजोआज | ९ क | ९ ख | ९ ग | ९५/९६/९७ |
| १०. | विजया आविर्भाव | १० क | १० ख | १० ग | १००/१०२/१०३ |
| ११. | वाल्मीकि-स्मृति | ११ क | ११ ख | ११ ग | १०६/१०७/१०८ |
| १२. | धरतीकी छोरी | १२ क | १२ ख | १२ ग | ११०/१११/११३ |
| १३. | आँसुको धारा | १३ क | १३ ख | १३ ग | ११६/११७/११८ |
| १४. | बिहानी र आकाश | १४ क | १४ ख | १४ ग | १२०/१२१/१२२ |
| १५. | आफ्नै देश बिरानो भयो | १५ क | १५ ख | १५ ग | १२४/१२५/१२६ |
| १६. | आँखा छिटो खोल्नु छ | १६ क | १६ ख | १६ ग | १२८/१२९/१३० |
| १७. | ऋणान्तकी | १७ क | १७ ख | १७ ग | १३२/१३३/१३४ |
| १८. | पाण्डु | १८ क | १८ ख | १८ ग | १३७/१३८/१४० |
| १९. | शब्द-सङ्गोष्ठी | १९ क | १९ ख | १९ ग | १४२/१४४/१४५ |
| २०. | राज्यवती | २० क | २० ख | २० ग | १४९/१५०/१५१ |
| २१. | ब्रह्माण्डभित्र | २१ क | २१ ख | २१ ग | १५२/१५३/१५४ |
| २२. | कविताको कुम्लो | २२ क | २२ ख | २२ ग | १५५/१५७/१५७ |
| २३. | विरेचन | २३ क | २३ ख | २३ ग | १६०/१६१/१६२ |
| २४. | झाँसीकी रानी | २४ क | २४ ख | २४ ग | १६६/१६७/१६९ |
| २५. | नाति | २५ क | २५ ख | २५ ग | १७१/१७३/१७४ |
| २६. | पञ्चगव्य | २६ क | २६ ख | २६ ग | १७५/१७७/१७८ |

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह (एम्.ए.) द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

नेपालको राजनैतिक विभाजनअनुसार पश्चिमाञ्चल क्षेत्रको दक्षिणी भेगमा पर्ने नवलपरासी जिल्ला आफैँमा विशेषताले युक्त जिल्ला हो । यो जिल्ला तराई, पहाड र भित्री मधेशको योगबाट बनेको छ । धरातलीय विविधतासँगै जातजाति, भाषा, कला, संस्कृति आदि सबै आ-आफ्नै स्वतन्त्र परिवेशमा मौलाएका छन् तापनि यहाँ अनेकतामा एकताको पूर्ण आभास पाइन्छ । जिल्लाको उत्तरपूर्वी शिर देवघाटदेखि पश्चिममा त्रिवेणी-सुस्तासम्म नै दक्षिणी भागलाई नारायणी नदीले सीमाङ्कन गरेको छ । देवघाट, नारायणी, त्रिवेणी, देवदह, देवचुली, बरचुलीजस्ता ऐतिहासिक तथा धार्मिक क्षेत्र अनि प्रकृतिको मनोरम छटा नै यस जिल्लाका साहित्य सिर्जनाका प्रेरणा स्रोत बनेका छन् । यहाँ थुप्रै साहित्यकारहरू साहित्यको सिर्जनामा समर्पित छन् । यहाँ साहित्यिक सङ्घसंस्थाहरूको पनि विकास भइसकेको छ । साहित्यकारहरूले साहित्यका विभिन्न विधामा कलम चलाए तापनि यस जिल्लाको अत्यन्त उर्वर विधा कविता हो । कविता पनि शास्त्रीय र शास्त्रीयेतर छन्द वा लयमा रचिएका छन् । यस जिल्लामा रहेर साहित्यको उठानमा योगदान पुऱ्याउने डेढदर्जन स्रष्टाहरूद्वारा शास्त्रीय छन्दमा रचित काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन गर्नु नै प्रस्तुत शोधको प्रमुख विषय रहेको छ ।

## १.४ समस्याकथन

यस शोधपत्रका आधारभूत समस्याहरू यसप्रकार रहेका छन् –

(क) विविध दृष्टिले नवलपरासी जिल्लाको परिचय के-कस्तो रहेको छ ?

(ख) नवलपरासी जिल्लाको साहित्यिक इतिहास के-कस्तो रहेको छ ?

(ग) नवलपरासी जिल्लामा छन्दोबद्ध कविता लेख्ने कविहरू के-कति रहेका छन् र तिनीहरूको परिचय के-कस्तो रहेको छ ?

(घ) नवलपरासी जिल्लामा छन्दोबद्ध काव्यकृतिहरू के-कति रहेका छन् ?

(ङ) नवलपरासी जिल्लामा शास्त्रीय छन्दमा रचित काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन के-कस्तो रहेको छ ?

यिनै गम्भीर समस्याहरूको अध्ययन यस शोधकार्यमा गरिएको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

समस्याकथनमा उठाइएका प्रश्नहरूमा केन्द्रित रहेर नवलपरासी जिल्लामा शास्त्रीय कवि र तिनका छन्दोबद्ध काव्यकृतिहरूका बारेमा सर्भेक्षण र मूल्याङ्कन गर्नु नै यस शोधको उद्देश्य रहेको छ । यस शोधका प्रमुख उद्देश्यहरू यसप्रकार छन् :

(क) विविध दृष्टिले नवलपरासी जिल्लाको परिचयको खोजी गर्नु,

(ख) नवलपरासी जिल्लाको साहित्यिक इतिहासका बारेमा खोजी गर्नु,

(ग) नवलपरासी जिल्लाका शास्त्रीय कविहरूको खोजी गरी उनीहरूको परिचय दिनु,

(घ) नवलपरासी जिल्लामा रहेका छन्दोबद्ध काव्यकृतिहरूका बारेमा खोजी गर्नु,

(ङ) नवलपरासी जिल्लाका शास्त्रीय छन्दमा रचित काव्यकृतिहरूको अध्ययन-विश्लेषण गर्नु ।

यिनै उद्देश्यहरूमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

नवलपरासी जिल्लाका शास्त्रीय कवि र तिनका छन्दोबद्ध काव्यकृतिहरू यस अनुसन्धानको विषय हो । यस विषयमा विभिन्न विद्वान् एवम् समालोचकहरूले विभिन्न समय र स्थानमा छिटफुट रूपमा सामान्य चर्चा मात्र गरेका छन् । यस जिल्लामा रहेका शास्त्रीय कवि र छन्दोबद्ध काव्यकृतिहरूका बारेमा छरिएर रहेका लेख, टिप्पणीहरूलाई यसप्रकार कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ –

गोविन्दराज विनोदीले तीर्थराज कोइरालाद्वारा रचित **विजया आविर्भाव** खण्डकाव्य (प्रकाशक : पुष्पराज कोइराला, नवलपरासी, २०४६) मा *सम्मति* नामक भूमिकालेखमा पौराणिक कथानक भएर पनि कविको सहज अभिव्यक्तिले छन्दको रूप लिएर उद्वेलित यस काव्यलाई नितान्त मौलिक एवम् आधुनिक भन्न सुहाउँछ भन्दै विभिन्न छन्द, रस र आलङ्कारिक प्रयोगले काव्यको सौन्दर्य बढाएको छ भनेका छन् ।

गोविन्दराज विनोदीले रामनाथ खनालद्वारा रचित **पाण्डु** महाकाव्य (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०४९, पृ. च) मा रहेको *प्रकाशकीयको भूमिका*मा शास्त्रीय छन्दमा रचित यस काव्यकृति रस र अलङ्कारको समुचित प्रयोगले रमणीय छ र राणाकाल (२००६) मा रचित यस महाकाव्यमा तत्कालीन राणाहरूको ऐयाशी जीवनको राम्रो चित्रण छ भन्दै समग्रमा महाकाव्य पठनीय छ भनेका छन् ।

गोविन्दराज विनोदीले तीर्थराज कोइरालाद्वारा रचित **वाल्मीकि-स्मृति** काव्य (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०५६, पृ. झ) मा *वाल्मीकि-स्मृतिको पूर्वरागमा रङ्गिँदा* नामक भूमिकालेखमा मन्दाक्रान्ता छन्दका ६० श्लोकमा रचित यस काव्यमा व्याधावेधित वाणद्वारा मृत्युलोकमा प्राप्त भएको क्रौञ्चको कारुण्य दृश्यले वाल्मीकिमा कविभावना जागृत भएको कुरा काव्यात्मक रूपमा प्रस्तुत भएको छ भनेका छन् । करुणरसको प्रधानता रहेको **वाल्मीकि-स्मृति** काव्य लघु आकारको र एउटै सर्गमा लेखिएको भए तापनि कविको चिन्तनको आयाम सुदीर्घ देखापर्दछ भनी विनोदीले भनेका छन् ।

गोविन्दराज विनोदीले कृष्णादेवी शर्मा श्रेष्ठद्वारा रचित **स्मृतिको एक झिल्को** खण्डकाव्य (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०६३, पृ. ग-घ) मा *स्मृतिको एक झिल्कोमाथि विहङ्गम दृष्टि* नामक भूमिकालेखमा शास्त्रीय वर्णमात्रिक छन्दको लयानुकरण गरी लेखिएको शार्दूलविक्रीडित, अनुष्टुप्, भुजङ्गप्रयात, शिखरिणी र मन्दाक्रान्ता छन्दको लयानुकरणका साथै गीति छन्द र स्वनिर्मित लयसंरचनाका पद्यहरू यसभित्र समाविष्ट भएको पाइन्छ भनेका छन् ।

गोविन्दराज विनोदीले रामहरि शर्मा शराहद्वारा रचित **शब्द सङ्गोष्ठी** कवितासङ्ग्रह (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०६३, पृ. ग) मा *शब्द सङ्गोष्ठी : एक अवलोकन* नामक भूमिकालेखमा विगत तीनदशकदेखि कविताको क्षेत्रमा निरवच्छिन्न रूपमा सक्रिय रहँदै आएका शराहका कविताकृतिहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित हुनेगरेका भए तापनि पुस्तकाकार कृतिका रूपमा प्रकाशनको प्रथम अवसर **शब्द सङ्गोष्ठी**ले पाएको

छ भन्दै यस कवितामा कविको छन्दमोहका साथै रस, अलङ्कार, बिम्ब-प्रतीकप्रयोगको चाहना पनि रमणीय रूपमा प्रदर्शित छ भनेका छन् । कवितामा कवि शराहका राष्ट्रप्रेम, प्राकृतिक सौन्दर्यानुराग, मानवतावाद, प्रणयबोध, आत्मचिन्तन तथा आध्यात्मिक, सामाजिक, राजनीतिक, विकृति-विसङ्गतिबोध, युगबोध, शैक्षिक जागरण, समतामूलक कर्ममय समाज स्थापनाको वाञ्छा, सामाजिक रूपान्तरणको आग्रह, नारीप्रति सम्मान, मानवीय जिजीविषा आदि भावहरू समेटिएका छन् भनी विनोदीले भनेका छन् ।

टीकाराम पन्थीले हरिप्रसाद उपाध्यायद्वारा रचित **नाति** खण्डकाव्य (प्रकाशक : गोपीकृष्ण खनाल, २०४६, पृ. x) मा *नाति खण्डकाव्यप्रति दुईचार शब्द* नामक भूमिकालेखमा आफ्नी ममतामयी आमा यमकान्तिदेवीको निधनको विषयलाई समेटिएको यस काव्यमा करुण एवम् शान्तरसको पर्याप्त मात्रामा प्रयोग गरिएको र परम्परागत शास्त्रीय छन्द शिखरिणीको कलात्मक प्रयोग गरिएको छ भनेका छन् ।

टीकाराम पन्थीले भरतराज पीडितद्वारा रचित **आँखा छिटो खोल्नु छ** कवितासङ्ग्रह (प्रकाशक : भरतराज पीडित, २०५९, पृ. घ) मा *प्रस्तुत कवितासङ्ग्रहमाथि विहङ्गम दृष्टि* नामक भूमिकालेखमा आजका गद्यकविता-युगमा गण्डकी तटवर्ती प्रदेशमा जन्मिएका कविको हृदयबाट गण्डकी धाराप्रवाहझैँ बगेका शार्दूलविक्रीडित धाराका कविता पढ्दा आनन्दानुभूतिले आर्द्रीभूत बनिन्छ भनेका छन् ।

मोहन कोइरालाले गोविन्दराज विनोदीद्वारा रचित **मेरो वर्तमानता** कवितासङ्ग्रह (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०४७) मा *परिचयका केही शब्द* नामक भूमिकालेखमा यो कवितासङ्ग्रहले त्यस स्थानमा मानिसको हृदयको सजीव चित्रण गर्न खोजेको छ अनि कविले आफ्नो माटो र सामाजिक परिवेश काव्यको माध्यमबाट छुन खोजेको पाइन्छ भनेका छन् । यसमा सङ्गृहीत सबै कविता एक रस एक भावना होइन, विविध भावना र विविध रसमाधुर्य अभिषिञ्चित छन् भन्ने देखाउन पछि पर्दैनन् भनेका छन् ।

नारायणप्रसाद अर्यालले पृथ्वीनारायण क्याम्पस पोखरामा बुझाएको अप्रकाशित स्नातकोत्तर शोधपत्र **रामनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (२०५८, पृ. ४८) मा उनी एक अग्रज शास्त्रीय कवि हुन्, पूर्वार्धमा उनी फुटकर कवितामा सीमित रहे पनि उत्तरार्ध वा राणाकालीन जगजगीबाट मुक्ति पाएपछि लामा कविता वा महाकाव्यको रचनातर्फ एकाग्र भएको देखिन्छ भनी चर्चा गरेका छन् । प्रजातन्त्रप्राप्तिपछि स्वतन्त्रताको उपयोग गर्दै प्रजातन्त्रलाई नै काव्यको कथानक रोजेको पाइन्छ भनेका छन् ।

नारायणप्रसाद खनालले गोविन्दराज विनोदीद्वारा रचित **मेरो वर्तमानता** कवितासङ्ग्रह (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०४७) मा *मेरो वर्तमानता : शुभकामनाका दृष्टिमा* नामक भूमिकालेखमा दर्जनौँ कविता विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसके पनि **मेरो वर्तमानता** प्रथम कृतिका रूपमा लिएर विनोदी नेपाली साहित्यको आकाशमा भर्खरै उदाएका छन्, उनको काव्यचिन्तनले सौन्दर्यबोधी चेतनाका साथै काव्यशिल्पका अनेकौँ पक्षलाई समेटेको छ भनेका छन् । यस सङ्ग्रहका कवितामा माधुर्य, प्रसाद आदि गुण, स्वाभावोक्ति उक्तिवैचित्र्य, ध्वन्यात्मकता र रसादिप्रतीतिद्वारा विभूषित र जीवन्त बन्न सकेका छन् भन्ने खनालको विचार छ । साथै विनोदी पेसाले प्रथमत: शिक्षक, द्वितीयत: कवि, कलाकार, पत्रकार तथा अनन्त समाजसेवीका रूपमा रहेर पनि जीवनलाई सादा रूपमा प्रस्तुत गर्ने होचो कदको भए तापनि गगनचुम्बी विचारहरू अभिव्यक्त गर्ने सीप, जाँगर, उत्साह र उमङ्ग उनमा नहुँदो हो त वर्तमान तथा भावी पुस्ताले कला, साहित्य र शिक्षाको वर्चस्व कायम राख्ने कौशलको अनुभूति कदापि पाउन सक्ने थिएन भनेका छन् ।

नारायणप्रसाद खनालले हरिप्रसाद उपाध्यायद्वारा रचित **पञ्चगव्य** कवितासङ्ग्रह (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०४८ ) मा *पञ्चगव्यमाथि एक दृष्टि* नामक भूमिकालेखमा भाषा, भाव, लय र सौन्दर्यका दृष्टिले मनोहर यस काव्यमा कल्पना र सत्यताको शिखर उच्च रहेको छ भनेका छन् । साथै प्रस्तुत काव्यले सबै काव्यरस पिपासुहरूका आँठ-अठिङ्गर तन्काउँदै, मन र मुटुलाई घच्घच्याउँदै कविले चाहेजस्तै आदर्श समाज निर्माणमा सघाउने छ भन्ने धारणा व्यक्त गरेका छन् ।

नारायणप्रसाद खनालले गोविन्दराज विनोदीद्वारा रचित **छन्द-विनोद** (प्रकाशक : चितवन साहित्य परिषद्, २०५९, पृ. ङ) मा *छन्द-विनोदको कवित्व र कवि विनोदी* नामक भूमिकालेखमा छ अक्षरको एक पाउ हुने शशिवदना छन्दको शीर्षकदेखि २१ अक्षरको एक चरण हुने स्रग्धरा छन्दका शीर्षकमा रचिएका कविताले शास्त्रीय छन्दको ह्रास भइरहेको यस अवस्थामा शास्त्रीय छन्दको जीर्णोद्धार हुनेछ भनेका छन् ।

नारायणप्रसाद खनालले रामनाथ खनालद्वारा रचित **पाण्डु** महाकाव्य (प्रकाशक : त्रिवेणी सहित्य परिषद्, नवलपरासी, २०४९, पृ. च) मा रहेको *कवि रामनाथ खनालको साहित्यिक यात्रा र पाण्डु महाकाव्य : सङ्क्षिप्त चर्चा* नामक भूमिकालेखमा उनलाई प्रथमत: शास्त्रीय कवि-महाकवि र द्वितीयत: लोककवि-महाकविका रूपमा चिनाएका छन् । शास्त्रीय छन्दको **पाण्डु** महाकाव्य र अरू काव्यकृति यस क्षेत्रका प्रतिनिधि काव्य-महाकाव्य हुन् भनेका

छन् । *नेपाल* कविताबाट साहित्यमा प्रवेश गरी लगभग चारदशक साहित्य साधनामा संलग्न कविबाट थुप्रै फुटकर कविता र केही काव्यकृति एवम् दुईओटा महाकाव्य नेपाली साहित्यले पाएको छ, जसलाई शास्त्रीय छन्द र लोकलयले कविको रचनात्मक स्वरूपलाई सिँगारेको उल्लेख गर्दै वसन्ततिलका, स्वागता, उपजाति, अनुष्टुप्, शार्दूलविक्रीडित गरी पाँच छन्दका ८२३ श्लोक रहेको **पाण्डु** महाकाव्यमा महाभारतको कथानकको एक अंशबाट कथावस्तु चयन गरेको पाइन्छ भनेका छन् ।

नारायणप्रसाद खनालले रामहरि शर्मा शराहद्वारा रचित **शब्द सङ्गोष्ठी** कवितासङ्ग्रह (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, पृ. ग) को *शुभकामना*मा वार्णिक र मात्रिक गरी जम्मा १६ ओटा शास्त्रीय छन्दमा रचित ५० ओटा कविताहरूको यो सङ्ग्रह रस, भाव र अलङ्कार तथा बिम्ब-प्रतीक आदि कविताका आवश्यक तत्त्वहरू समावेश भएकोले निकै रोचक, आकर्षक रहेको छ भनेका छन् । कवि शराहका अनेकौँ फुटकर कविता विभिन्न पत्रपत्रिकामा प्रकाशित हुँदैआए तापनि **शब्द सङ्गोष्ठी** उनको प्रथम पुस्तकाकार कृति हो र वाणिज्यशास्त्रको अध्ययन-अध्यापनसँग सम्बन्धित शराहको साहित्यप्रतिको झुकाव, लगन र समर्पणको प्रतिबिम्ब मात्र होइन, साहित्येतर र साहित्यका सबै अध्येताहरूलाई चुनौती पनि हो भनेका छन् ।

दैवज्ञराज न्यौपानेले विष्णुहरि विरहीद्वारा रचित **विरेचन** कवितासङ्ग्रह (प्रकाशक : श्रीमती दुर्गा पौडेल, २०५०) *सम्मतिका केही शब्द*को भूमिकालेखमा समसामयिक भावधारामा रहेर लेखिएका कवि विरहीका कविताहरू प्रवृत्तिगत दृष्टिले नवस्वच्छन्दतावादी युगचेतनासँग बढी सम्बन्धित छन् भने शैलीशिल्पका दृष्टिले चाहिँ पूर्णतया परिष्कारवादी शास्त्रीयताका साथै समसामयिक गीतिधारादेखि गीत, गजल र त्यसभन्दा पनि पर गद्य गीत एवम् हाइकुसम्म पुगेको देखिन्छ भनेका छन् ।

दैवज्ञराज न्यौपानेले श्यामप्रसाद न्यौपानेद्वारा रचित **झाँसीकी रानी** खण्डकाव्य (प्रकाशक : नवलपरासी साहित्य परिषद्, नवलपरासी, २०६३, पृ. क-ख) मा *सम्मतिका केही शब्दहरू* नामक भूमिकालेखमा प्रस्तुत काव्य वर्णमात्रिक छन्दका विभिन्न लयहरूमा समेटिएको भए पनि मूल रूपमा वर्णमात्रिक अनुष्टुप् छन्दमा लेखिएको छिमेकी मित्र देश भारतको ऐतिहासिक वीराङ्गना झाँसीकी रानीको गाथालाई लिएर यो काव्य लेखिएको भन्दै वीर, वीराङ्गनाहरू जुनसुकै देशका भए पनि ती सार्वजनीन, सार्वकालीन एवम् सर्वदेशीय हुन्छन् भनेका छन् ।

माधवप्रसाद घिमिरेले पुष्पराज कोइरालाद्वारा रचित **बिहानी र आकाश** कवितासङ्ग्रह (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०५६, पृ. ग) मा *समय कुर्लन्छ* नामक भूमिकालेखमा उनका लोकलयका कविताजस्तै पद्यकविता पनि गेय बनेका छन् भन्दै नेपाली काव्यवाटिकामा फेरि नयाँ कोकिल आयो, फेरि नयाँ भाकामा गायो भनेका छन् ।

माधवप्रसाद घिमिरेले भरतराज पीडितद्वारा रचित **आँखा छिटो खोल्नु छ** कवितासङ्ग्रह (प्रकाशक : भरतराज पीडित, २०५९, पृ. क) मा *कविताको भाखाले आँखा खोल्ने कवि* नामक भूमिकालेखमा सरल र मर्मस्पर्शी भाषाशैलीमा लेखिएका कवि पीडितका कविताको प्रमुख स्वर नै पीडाको स्वर हो भन्दै उनी आफ्नो सारङ्गीका तीन तारमा देशभरि व्याप्त भ्रष्टाचार, काटमार र अन्धकारलाई झन्कार्छन् भनेका छन् ।

लक्ष्मणप्रसाद गौतमले गोविन्दराज विनोदीद्वारा रचित **अविश्रान्त** कवितासङ्ग्रह (प्रकाशक : विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेड, नवलपरासी, २०५९, पृ. क) मा *अविश्रान्तभित्रका अविश्रान्तिहरू : सूत्रात्मक समीक्षण* नामक भूमिकामा छन्देली कविता, गजल सिर्जना र कला सिर्जनाका माध्यमबाट विविध संवेदना र अनुभूतिको यथार्थ चित्राङ्कन एवम् प्रकृतिको तन्मय र मनमय चित्रण, जीवनका अनुभूति र भोगाइको प्रकटन एवम् समसामयिक युगबोध र जीवनबोध भएको कृति हो भनेका छन् ।

लक्ष्मणप्रसाद गौतमले **चितवन महोत्सव स्मारिका** (प्रकाशक : उद्योग वाणिज्य सङ्घ, चितवन, २०६१, पृ. ६४) मा *छन्दोबद्ध कवितामा चितवन* भन्ने लेखमा चितवनको छन्देली काव्यपरम्परामा गोविन्दराज विनोदी छन्दलाई आफ्नो अनुकूल बनाएर शब्द नचाउन सक्ने कवि हुन् एवम् छन्दोबद्ध कवितामा **अविश्रान्त** एक उत्कृष्ट काव्यकृति हो भनेका छन् ।

तुलसी भट्टराईले रामहरि शर्मा गैरेद्वारा रचित **राज्यवती** खण्डकाव्य (प्रकाशक : सिर्जना मझेरी समूह, काठमाडौँ, २०५९) मा *कवि गैरेको राज्यवती* नामक भूमिका लेखमा जेठ १९ गतेको दरबारकाण्ड, राजपरिवारमाथिको दु:खद काण्डसँग सम्बद्ध भएर रचिएको यस कृतिमा सम्पूर्ण नेपाल र नेपालीको चित्रण भएको छ भनेका छन् ।

माधवप्रसाद पोखेलले भरतराज पीडितद्वारा रचित **आँखा छिटो खोल्नु छ** कवितासङ्ग्रह (प्रकाशक : भरतराज पीडित, २०५९, पृ. ञ) मा *समसामयिक अभिव्यक्तिको कवितात्मक झुल्को* नामक भूमिकालेखमा गएका केही वर्षहरूमा देशमा व्याप्त भएको हिंसा र अशान्तिबाट सर्वसाधारण मानिसको जीवनमा देखिएका समसामयिक पीडाको स्वर यस सङ्ग्रहका कवितामा व्यक्त गरिएको छ भनेका छन् ।

कुमारबहादुर जोशीले भरतराज पीडितद्वारा रचित **आफ्नै देश बिरानो भयो** कवितासङ्ग्रह (प्रकाशक : भरतराज पीडित, २०५९, पृ. ङ) मा *आफ्नै देश बिरनो भयो कवितासङ्ग्रह र यसका कवि भरतराज पीडित* नामक भूमिकालेखमा शास्त्रीय छन्द र खासगरी शार्दूलविक्रीडित छन्दको नियमित सङ्गीतको प्रवाहमयतामा निर्मित यी पद्यहरूमा समसामयिक वा समकालीन सन्दर्भहरू सम्पृक्त छन् भनेका छन् ।

प्रदीप नेपालले भरतराज पीडितद्वारा रचित **आफ्नै देश बिरानो भयो** कवितासङ्ग्रह (प्रकाशक : भरतराज पीडित, २०५९, पृ. झ) मा *नजान्दै लेखिएको भूमिका* नामक भूमिकालेखमा हिंसाविरुद्धका अभिव्यक्ति गुञ्जिएका कवि पीडितका जीवन्त कवितामा मुलुकको वर्तमान पीडा कविता बनेर बोलेको छ भनेका छन् ।

टङ्कप्रसाद पौडेलले वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरमा बुझाएको अप्रकाशित स्नातकोत्तर शोधपत्र **गोविन्दराज विनोदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (२०६०, पृ. २१-८९) मा वि.सं. २०२१ देखि साहित्यलेखनमा लागेका कवि विनोदीको करिब साढे तीनदशकको साहित्ययात्रा दिन-प्रतिदिन प्रौढ र परिपक्व बन्दै गएको छ भनेका छन् । आफ्नो साहित्ययात्राको अढाई दशकसम्म पत्रपत्रिका र साहित्यिक कार्यक्रममा नै सीमित कवि विनोदीले २०४७-२०५९ सम्मको बाह्र वर्षको अवधिमा ५ ओटा कृति प्रकाशन गरेर साहित्यलेखनलाई विकसित र परिमार्जन गर्दै लगेका छन् भनी पौडेलले भनेका छन् । उनले यस दशकको अवधिमा शास्त्रीय कविता, गजलसङ्ग्रह, बालकविता गरी तीन भिन्न क्षेत्रमा कलम चलाएका छन् भन्दै उनलाई लयात्मक छन्दवादी कविताका पथप्रदर्शक एक अग्रणी कविका रूपमा पौडेलले चिनाएका छन् । उनले शास्त्रीय छन्दमा रचित पाँचओटा पुस्तकाकार कृतिहरू प्रकाशन गरेका छन् भनी टङ्कप्रसाद पौडेलले भनेका छन् । यसरी साहित्य साधनामा निरन्तर लागिरहेका कवि विनोदी नेपाली कवितापरम्परामा आफ्नो छुट्टै पहिचान कायम गर्न सफल भएका छन् भन्ने उनको ठहर छ । उनका रचनामा काव्यात्मक विषयवादअन्तर्गत मानवतावादी, मानवीय जीवनको चाहना र आवश्यकताहरू, सामाजिक व्यङ्ग्य-विद्रोहहरू, अभिव्यञ्जित भएका देखिन्छन् भने शैल्पिक प्रवृत्तिअन्तर्गत काव्यात्मक रचनामा पद्योन्मुखी परिष्कारवादी, शास्त्रीय सचेतता र भावगत प्रस्तुतिमा स्वच्छन्दतावादी प्रवृत्ति देखिन्छ भनी पौडेलले भनेका छन् ।

भूपेन्द्र शर्मा भट्टराईले **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** (प्रकाशक : श्यामप्रसाद श्रेष्ठ, नवलपरासी, २०६२, पृ. ४–११) मा नवलपरासी जिल्लामा रहेर साहित्य साधनामा संलग्न विविध विधाका साहित्यकारहरूको सूक्ष्म

परिचय दिँदै गोविन्दराज विनोदी, केशवराज शर्मा डुम्रे, नारायणप्रसाद खनाल, खेचरनाथ नेपाल, रामहरि शर्मा गैरे आदि साहित्यकारहरूलाई शास्त्रीय कवि हुन् भनेका छन् ।

सरुभक्तले कृष्णादेवी शर्मा श्रेष्ठद्वारा रचित **स्मृतिको झिल्को** खण्डकाव्य (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०६३, पृ. ख) मा *शुभकामना* शीर्षकको भूमिकालेखमा नेपाली साहित्यमा महिला खण्डकाव्यकारहरू थोरै छन्, त्यसमा पनि शास्त्रीय छन्दमा यति बृहत् खण्डकाव्य रचना गर्ने महिला खण्डकाव्यकार छैनन् भने पनि हुन्छ भनेका छन् । यसमा छन्दगत त्रुटिहरू भए पनि खण्डकाव्यकारको प्रतिभामा विकासका सम्भावनाहरू पनि पर्याप्त छन् भनी सरुभक्तले भनेका छन् ।

नमुना शर्माले वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरमा बुझाएको अप्रकाशित स्नातकोत्तर शोधपत्र **कवि तीर्थराज कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (२०६३, पृ. ९१) मा नवलपरासीकै अभिभावकका रूपमा स्थापित कवि तीर्थराज कोइरालाका तीनओटा प्रकाशित पुस्तकाकार कृति छन्, यी कृतिमा उनको स्वच्छन्दतावादी र क्रान्तिकारी विचारधारा प्रखर रूपमा व्यक्त भएको छ भनेकी छिन् । वर्तमान समाजको स्थिति, राजनैतिक परिवेश, निम्नवर्गले भोग्नुपरेको पीडा, वर्गीय उत्पीडन तथा वैयक्तिक भावनाहरूको अभिव्यक्तिलाई कविले विभिन्न छन्दको माध्यमबाट देशको सामाजिक, राजनैतिक स्थिति, व्यङ्ग्य विद्रोह, समाजका कुरीतिप्रतिको तिखो आलोचनाका साथै मानवीय मूल्य र मान्यताहरूलाई परिष्कृत भाषा र शैलीको माध्यमबाट प्रस्तुत गर्न कवि अत्यन्त सफल बनेका छन् भन्दै उनलाई शास्त्रीय छन्दमा कविता लेख्ने एक प्रखर व्यक्तित्व हुन् भनी शर्माले भनेकी छिन् ।

भगवती अर्यालले **नवलपरासी जिल्लाको साहित्यिक गतिविधि** (प्रकाशक : नवलपरासी साहित्य परिषद्, नवलपरासी, २०६३, पृ. १७–११३) मा यस जिल्लाका साहित्यिक स्रष्टाहरूद्वारा प्रकाशित साहित्यका विविध विधाका काव्यकृति र काव्यकृतिहरूको लघुटिपोटसहित सामान्य चर्चा गरेकी छन् । कविता विधातर्फ महाकाव्यकार रामनाथ खनाल, लघुकाव्यकार वामदेव पण्डित, खण्डकाव्यकार हरिप्रसाद उपाध्याय, कवितासङ्ग्रहका आधारमा केदारनाथ उपाध्याय, केशवानन्द सापकोटा, गोविन्दराज विनोदी, चेतराज कँडेल, पुष्पराज कोइराला, भरतराज पीडित, रामहरि शर्मा शराह, वामदेव पण्डित, विष्णुहरि विरही, हरिप्रसाद उपाध्याय आदिलाई शास्त्रीयतावादी कवि व्यक्तित्वहरू हुन् भनेकी छन् ।

टङ्कप्रसाद काफ्लेले त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस, कीर्तिपुरमा बुझाएको अप्रकाशित स्नातकोत्तर शोधपत्र **नवलपरासीका प्रतिनिधि कवि र कविता** (२०६३, पृ. ४२) मा नवलपरासी जिल्लामा रहेर साहित्य सिर्जनामा जुट्ने विभिन्न साहित्यकारहरूमध्ये कृष्णादेवी शर्मा, गोविन्दराज विनोदी, तीर्थराज कोइराला, दिक्पालदेव पङ्गेनी, पुष्पराज कोइराला, भूपेन्द्र शर्मा भट्टराई र सदानन्द अभागीसहित सातजना साहित्यकारहरूलाई प्रतिनिधि कविका रूपमा छानेर अध्ययन गरेका छन् ।

गोविन्द सुवेदीले महेन्द्र संस्कृत विश्वविद्यालयअन्तर्गत महेश संस्कृत गुरुकुल, देवघाटमा बुझाएको स्नातक तहको शोधपत्र **कवि गोविन्दराज विनोदीको काव्यिकचेतनाका आधारमा अविश्रान्तको अध्ययन** (२०६३, पृ. ३२-७०) मा आधुनिक नेपाली साहित्यको समसामयिक लेखनकालका नेपाली साहित्यका विविध विधा-उपविधामा कलम चलाएर वर्तमान प्रौढ साहित्ययात्रातिर गतिशील पाइला बढाउदै गरेका विनोदीका प्रकाशित कविता, गजल, निबन्ध र समीक्षाहरू उनको साहित्यिक व्यक्तित्वलाई अग्रता प्रदान गर्न सक्षम छन् भनेका छन् । साथै नेपाली गजलका प्रतिनिधि गजलकारहरूमध्ये एक सफल गजलकारका रूपमा प्रतिष्ठित गोविन्दराज विनोदी कवि, बालसाहित्यकार, निबन्धकार, समीक्षक, कलाकार, पत्रकार, सम्पादक, समाजसेवी, प्राध्यापक आदि बहुआयामिक व्यक्तित्वका धनी भए पनि मूलतः उनी शास्त्रीय कवि हुन् भनेका छन् । उनन्साठीओटा कविताहरू समावेश गरिएको **अविश्रान्त** कवितासङ्ग्रहमा प्रतिपाद्य विषयका रूपमा प्रेमप्रणयचेतना, पीडाबोध, सौन्दर्यचेतना, आध्यात्मिकचेतना, विसङ्गतिबोध, अस्तित्वबोध, स्वत्वबोध, मानवतावाद, राष्ट्रप्रेम, प्रकृतिचित्रण, आदर्शबोध, यथार्थबोध, वीरताबोध, समयबोध, समानता, नारीजागरण आदि पाइन्छन् भनेका छन् ।

लक्ष्मी भट्टराई (पाण्डे) ले वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरमा बुझाएको अप्रकाशित स्नातकोत्तर शोधपत्र **कवि खेचरनाथ नेपालको नलदमयन्ती खण्डकाव्यको विश्लेषणात्मक अध्ययन** (२०६३, पृ. १५३-१६२) मा कवि नेपाल नेपाली साहित्यमा समर्पित व्यक्तित्व हुन् भन्दै उनले लेखेका कविताका विविध रूप फुटकर कविता, गीत र खण्डकाव्यमध्ये उनको कवित्वको गम्भीर, प्रौढ र उच्च रूप खण्डकाव्य नै हो भनेकी छिन् । नलदमयन्ती उनको वृद्धावस्थाको सिर्जना भए पनि यति गहन चिन्तन गर्ने खेचरनाथ साँच्ची नै अनुकरणीय कविप्रतिभा हुन् भनेकी छिन् । यस खण्डकाव्यमा कविले अनुष्टुप्, उपजाति, वियोगिनी, शार्दूलविक्रीडित, मन्दाक्रान्ता, मालिनी, शिखरिणी, वसन्ततिलका, वंशस्थ, इन्द्रवज्रा, द्रुतविलम्बित, इन्द्रवंशा, स्वागता, शालिनी, पृथ्वी छन्दको प्रयोग गरेका छन्, बहुसङ्ख्यक अनुष्टुप् छन्दका श्लोक र

शालिनी छन्दका २ मात्र श्लोकको समायोजनलाई हेर्दा सबैजसो शास्त्रीय छन्दलाई मर्यादा राखेको पाइन्छ भनी लक्ष्मी भट्टराईले भनेकी छिन् ।

माधव वियोगीले श्यामप्रसाद न्यौपानेद्वारा रचित **झाँसीकी रानी** खण्डकाव्य (प्रकाशक : नवलपरासी साहित्य परिषद्, नवलपरासी, २०६३, पृ. झ) मा *श्यामप्रसाद न्यौपाने र झाँसीकी रानीको मूल्याङ्कन* नामक भूमिकालेखमा यस काव्यमा एउटै छन्दमात्र नभएर अनुष्टुप्, शशिवदना, उपजाति, कर्खालगायतको प्रयोग गरेर लेखिएको छ भनेका छन् साथै अनुष्टुप् छन्द परम्परागत रखाइमा नभएर आधुनिक चलनचल्तीकै ढाँचामा राखिएको छ भने अन्त्यानुप्रास अलङ्कारको प्रयोगलाई सचेतताका साथ प्रयोग गरिएको छ भनेका छन् । काव्यमा छन्दप्रयोगको स्थिति राम्रै छ अनि विविध छन्दप्रयोग गर्न सक्ने क्षमता कविले राखेका छन् भनी वियोगीले भनेका छन् ।

घनश्याम न्यौपाने परिश्रमीले श्यामप्रसाद न्यौपानेद्वारा रचित **झाँसीकी रानी** खण्डकाव्य (प्रकाशक : नवलपरासी साहित्य, परिषद्, नवलपरासी, २०६३, पृ. फ) मा *महाकाव्य बन्नुपर्ने खण्डकाव्य* नामक भूमिकालेखमा अनुष्टुप्लगायत अन्य केही वर्णमात्रिक छन्दहरूमा रचिएको यो काव्य मूलत: प्रजातन्त्र (लोकतन्त्र) र राष्ट्रियताको पक्षमा रचिएको छ भनेका छन् । यसमा राष्ट्रिय अस्तित्व र स्वाभिमानका विरुद्ध भएको युद्धको प्रसङ्ग छ, कविले प्रकृतिलाई प्रभावकारी ढङ्गले मानवीकरण गरेका छन् । यद्यपि यस काव्यको कथावस्तु भारतीय इतिहाससँग सम्बद्ध छ तापनि राष्ट्रिय अस्तित्व, सार्वभौमिकता र स्वाभिमानको पक्षमा भएकाले यो सार्वभौम वैश्विक हुन पुगेको छ । यो काव्यको आरम्भ महाकाव्यीय शैलीमा भएको छ भने यसको कथानक पनि महाकाव्य हेतु उपयुक्त किसिमको छ । प्रकृतिवर्णन, नायक-नायिकाको व्यवस्थापनजस्ता कुराहरूले पनि यसलाई महाकाव्यको नजिक-नजिक पुऱ्याउन खोजेका छन् भन्दै कविले अलि बढी यत्न गरेको भए वस्तुत: यो कृति महाकाव्यको स्वरूपमा उभिन सक्थ्यो भन्ने आफूलाई लागेको थियो भनेका छन् ।

रामबाबु घिमिरेले रामहरि शर्मा शराहद्वारा रचित **शब्द सङ्गोष्ठी** कवितासङ्ग्रह (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०६३, पृ. ग) मा *शुभकामना* शीर्षकको भूमिकामा कवि शराहका विविध छन्दका कविता पढ्दा मनोरम वाटिकाको अवलोकन गरिरहेको जस्तो लाग्छ भन्दै छन्दसम्बन्धी नियमको परिपालनाबाट मात्र उत्कृष्ट कविता सिर्जना हुँदैन तर उनले छन्दलाई वशवर्ती बनाएका हुनाले उनका कविता उत्कृष्ट बनेका छन् भनेका छन् ।

केदारनाथ खनालले रामहरि शर्मा शराहद्वारा रचित **शब्द सङ्गोष्ठी** कवितासङ्ग्रह (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०६३, पृ. ग)

मा *शराहप्रति शुभेच्छाका शब्द* नामक भूमिकालेखमा विभिन्न समय, सन्दर्भ र विषयका विविध प्रकारका शास्त्रीय छन्दमा अनुबन्धित पचासओटा कविताहरूको सङ्गालो **शब्द सङ्गोष्ठी** कविले पचास वसन्त पदार्पण गर्दैगरेको स्वर्ण वयस्तम्भ र प्रकाशक संस्था त्रिवेणी साहित्य परिषद्को रजत संस्करणको रूपमा प्रस्तुत भएको छ भनेका छन् । साथै विविध अलङ्कार, रस, भाव, बिम्ब-प्रतीक आदिले युक्त यस सङ्ग्रहमा कविको आफ्नो जीवनका उकाली-ओराली, दुःख-सुख, भोगाइ र अनुभूतिहरू पद्यात्मक अभिव्यक्तिका रूपमा प्रस्तुत छन्, सुन्दर, सुललित पदावलीमा सरल भाव प्रवाहित प्रस्तुत कवितासङ्ग्रह नेपाली साहित्य फाँटमा उल्लेखनीय उपलब्धि हुनेछ भनेका छन् ।

जीवन अधिकारीले देवेन्द्रराज खनियाँद्वारा रचित **आँसुको धारा** खण्डकाव्य (प्रकाशक : राजेन्द्र, भूपेन्द्र र दीपेन्द्र खनियाँ, २०६५, पृ. १०) मा *अमर विकललाई सम्झँदै* नामक भूमिकालेखमा आफ्नो प्यारो पुत्र रवीन्द्रको निधनमा कवि पिताद्वारा रचिएको यस काव्यले नश्वर शरीर लिएर आएको एउटा जीवलाई नामरूपधारी संसारबाट अलग्गिएका अवस्थामा पनि चिरञ्जीवी बनाएका छन् भनेका छन् ।

मुकुन्दशरण उपाध्यायले युक्तिवल्लभ उपाध्यायद्वारा रचित **ऋणान्तकी** काव्य (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०६५) मा *शुभेच्छाका केही शब्दहरू* नामक भूमिकालेखमा शार्दूलविक्रीडित छन्दका १०१ श्लोक रहेको वैदिक आदर्शमा आधारित यो काव्य व्यावहारिक दृष्टिले उपयोगी छ भनेका छन् ।

धनञ्जय मरासिनीले युक्तिवल्लभ उपाध्ययद्वारा रचित **ऋणान्तकी** काव्य (प्रकाशक : त्रिवेणी साहित्य परिषद्, नवलपरासी, २०६५) मा *शुभकामना* शीर्षकको भूमिकामा ऋण लिनु निकृष्ट कार्य हो भन्ने कुरामा अनेक दृष्टान्त दिई अनेकौं कथाका प्रसङ्गहरू पनि उल्लेख गरेर रोचकतापूर्वक लेखिएको यो काव्य मनन गरी सबैले आफ्नो व्यवहार उत्कृष्ट बनाउन सहयोग पुऱ्याउने छ भनेका छन् ।

यसरी नवलपरासीका छन्दोबद्ध काव्यकृतिबारे विभिन्न विद्वान् एवम् समालोचकहरूले विभिन्न समय र स्थानमा टिप्पणी गरेका छन् । कुनै-कुनै साहित्यकारका विषयमा स्नातकोत्तरका विद्यार्थीहरूले आफ्नो दसौं पत्रको प्रयोजनका लागि जीवनी, व्यक्तित्व र कृतित्वको शोध-अनुसन्धान गरेका पनि छन् तर जिल्लाभरिकै शास्त्रीय छन्दमा रचित काव्यकृति र काव्यकृतिकारहरूका बारेमा अनुसन्धान र विश्लेषण आजसम्म भएको पाइँदैन । त्यसैले **नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** गर्नु अति नै आवश्यक रहेको छ । अतः प्रस्तुत अध्ययन उही आवश्यकताको पूर्तितर्फ लक्ष्यित छ ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

साहित्यिक दृष्टिले नवलपरासी आफैँमा विशेषता बोकेको जिल्ला हो । जिल्लामा रहेर साहित्यकारहरूले गरेका साहित्यिक योगदानबाट नै राष्ट्रिय साहित्यको निर्माण हुन्छ । यस जिल्लामा करिब दुईदर्जन कविहरूले शास्त्रीय छन्दमा कलम चलाएका छन् । तिनै साहित्यकारहरूका बारेमा खोज-अनुसन्धान गर्नु आफैँमा महत्त्वपूर्ण कार्य हो । यस जिल्लामा रहेर शास्त्रीय छन्दमा काव्यसिर्जना गर्ने साहित्यकार एवम् काव्यकृतिको विश्लेषणात्मक अध्ययन गर्नु स्वत: औचित्यपूर्ण छ । भावी शोध-अनुसन्धानकर्ताका लागि पनि मार्गदर्शक बन्नुका साथै नेपाली साहित्यको श्रीवृद्धिमा समेत थप योगदान पुग्ने हुनाले यस शोधकार्यको औचित्य र महत्त्व स्वत: सिद्ध रहेको छ ।

## १.८ शोधको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्रको शीर्षकले सङ्केत गरेअनुसार नेपालको पश्चिमाञ्चल विकास क्षेत्रभित्र पर्ने नवलपरासी जिल्लाको भौगोलिक सीमाभित्र केन्द्रित हुँदै यहाँका साहित्यकारहरूद्वारा रचित शास्त्रीय छन्दका काव्यकृतिहरूको अध्ययन-विश्लेषण गर्नु नै यस शोधपत्रको मूल अध्ययन क्षेत्र हो । शास्त्रीय कविहरूद्वारा रचित शास्त्रीयेतर काव्यकृतिहरूको नामोल्लेख पनि गरिएको छ तर यसमा छन्दका कविताकाव्यबाहेक अन्य रचनाको अध्ययन गरिएको छैन । यस शोधपत्रमा वि.सं. २०६५ चैत्र मसान्तसम्ममा प्रकाशित भएका काव्यकृतिहरूलाई मात्र समेटिएको छ ।

## १.९ सामग्रीसङ्कलन

यस शोधपत्रको अध्ययनका क्रममा सामग्रीसङ्कलन गर्दा मूलत: पुस्तकालयीय अध्ययन पद्धति अवलम्बन गरिएको छ । यसक्रममा वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालय, रामेश्वर सामुदायिक पुस्तकालय, सहिद स्मृति बहुमुखी क्याम्पसको पुस्तकालय, रत्न राज्यलक्ष्मी उच्च माध्यमिक विद्यालयको पुस्तकालय, नारायणप्रसाद खनाल र गोविन्दराज विनोदीका निजी पुस्तकालयबाट आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । आवश्यकतानुसार यस जिल्लाका साहित्यिक स्रष्टाहरूसँग मौखिक परामर्शसमेत गरिएको छ ।

## १.१० शोधविधि

नवलपरासी जिल्लाका शास्त्रीय कवि र तिनका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन गर्ने क्रममा निगमनात्मक विधिको प्रयोग गरिएको छ भने आवश्यकतानुसार वर्णनात्मक, विश्लेषणात्मक र व्याख्यात्मक पद्धतिको समेत प्रयोग गरिएको छ । यिनै शोधपद्धतिका आधारमा यो अध्ययन सम्पन्न गरिएको छ ।

## १.११ शोधकार्यको रूपरेखा

यस शोधपत्रलाई निम्नलिखित परिच्छेदहरूमा प्रस्तुत गरिएको छ –

(१) पहिलो परिच्छेद : **शोधपत्रको परिचय**

यस शीर्षकमा शोधपत्रको परिचय प्रस्तुत गरिएको छ ।

(२) दोस्रो परिच्छेद : **विविध पृष्ठभूमिमा नवलपरासी जिल्लाको साहित्यिक परिचय**

यस परिच्छेदमा नवलपरासी जिल्लाको नामकरण, अवस्थिति, जनसङ्ख्या, धार्मिक तथा शैक्षिक स्थिति एवं साहित्यसृजनाको जानकारी दिइएको छ ।

(३) तेस्रो परिच्छेद : **नवलपरासी जिल्लाका शास्त्रीय कविहरूको परिचय**

यस परिच्छेदमा नवलपरासी जिल्लाका शास्त्रीय कविहरूको सङ्क्षिप्त परिचय दिइएको छ ।

(४) चौथो परिच्छेद : **नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन**

यस परिच्छेदमा नवलपरासी जिल्लाका शास्त्रीय कविहरूद्वारा रचिएका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

(५) पाँचौं परिच्छेद : **उपसंहार**

परिच्छेद दुई, तीन र चारको निचोड निकाली टिप्पणीसहित सारसङ्क्षेप प्रस्तुत गरिएको छ ।

उपर्युक्त पाँच अध्यायहरूलाई पनि आवश्यकतानुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा समेत विभाजन गरी अध्ययन गरिएको छ ।

यसरी शोधपत्रको अन्तरङ्ग भागका साथै विषयसूची आदि अग्रभाग र सन्दर्भग्रन्थसूची, परिशिष्टलगायतका बहिरङ्ग भागसमेत समावेश गरी यस शोधपत्रलाई सर्वाङ्गपूर्ण बनाइएको छ ।

# दोस्रो परिच्छेद

# विविध पृष्ठभूमिमा नवलपरासी जिल्लाको साहित्यिक परिचय

## २.१ विविध पृष्ठभूमिमा नवलपरासी जिल्ला

नेपालको पश्चिमाञ्चल विकासक्षेत्रको लुम्बिनी अञ्चलमा रूपन्देही, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा र नवलपरासी जिल्ला रहेका छन् । नवलपरासी लुम्बिनी अञ्चलको तराई भागमा रहेको छ । यस जिल्लालाई चुरे पर्वतले उत्तर-पूर्वबाट दक्षिण-पश्चिममा झन्डै आधा पारेर काटेको छ । वि.सं. २०१९ भन्दा अगाडि यस जिल्लालाई पाल्ही भन्ने गरिएको पाइन्छ । यो नाम पाल्हीदेवीको नामबाट राखिएको हो । पाल्हीदेवीको मन्दिर परासी बजारबाट करिब ९ कि.मी. दक्षिण पाल्ही गा.वि.स.को वडा नं. २ मा रहेको छ । वि.सं. २०१९ मा नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्दा पाल्ही जिल्लाको परासीक्षेत्रअन्तर्गतका नगवा, सतगवा, तैरेनी, बघोर आदिलाई समेटेर नयाँ नामकरण गरिएको रूपन्देही जिल्लामा गाभिएपछि पाल्ही जिल्लामा बाँकी रहेका खरहट, जावा, बहरजङ्गा, पञ्चजङ्गा, लोकोली, नवलपुर तथा पूर्वी पाल्पाका केही क्षेत्रहरूलाई मिलाएर नयाँ जिल्ला नवलपरासी भनी नामकरण गरिएको हो ।[1]

भौगोलिक अवस्थितिको आधारमा यो जिल्ला २७°१२’ देखि २७°४७’ सम्म उत्तरी अक्षांश तथा ८६°३६’ देखि ८४°३४’ सम्म पूर्वी देशान्तरसम्म फैलिएको छ र यसको कूल क्षेत्रफल २०१६.१६ वर्ग कि.मी. रहेको छ । ९१ मिटरदेखि १९२६ मिटर (देवचुली) सम्मको उचाइमा रहेको यस जिल्लाको तापक्रम २०.५ देखि ३६° सेल्सियससम्म रहेको छ ।[2] वि.सं. २०५८ को जनगणनाअनुसार यस जिल्लाको कूल जनसङ्ख्या ५,६२,८७० रहेकोमा पुरुषको सङ्ख्या २,७८,२५७ र महिलाको सङ्ख्या २,८४,६१३ रहेको छ । यस जिल्लामा बसोबास गर्ने

---

१ भगवती अर्याल, **नवलपरासीको साहित्यिक गतिविधि**, (नवलपरासी : लालीगुराँस मासिक, २०६३), पृ. १ ।

२ **नवलपरासी जिल्लाको सङ्क्षिप्त परिचय**, आ.व. २०६३–०६४, प्रकाशक : सूचना तथा अभिलेख केन्द्र, जिल्ला विकास समितिको कार्यालय, नवलपरासी, २०६५, पृ. २ ।

९८,३४० परिवार रहेका छन् । यहाँको औसत परिवारसङ्ख्या ५.७२ रहेको छ । वार्षिक जनसङ्ख्या वृद्धिदर २.५५ प्रतिशत रहेको यस जिल्लामा २६० वर्गकिलोमिटरको जनघनत्व रहेको छ । यहाँ ८०.९९ प्रतिशत जनसङ्ख्या कृषि पेसामा संलग्न रहेका छन् । यहाँ हिन्दू ९०.७०, इस्लाम ३.३५, बौद्ध १.६० र इसाई ०.२५ प्रतिशत धर्मावलम्बीहरूको बसोबास रहेको छ ।[३]

यस जिल्लाका प्रमुख धार्मिकस्थलहरू त्रिवेणीधाम, पाल्ही भगवती, रामग्राम स्तुप, शिवपुरी गढी, दाउन्नेदेवी, कैलाश आश्रम, वदैगोरिया कुटी, गजग्राह, मदारथान, लक्ष्मीनारायण मन्दिर, शिवमन्दिर, जानकी मन्दिर, ठाकुरबाब मन्दिर, कुमारवर्ती मन्दिर, लक्ष्मीनृसिंह मन्दिर आदि प्रमुख रहेका छन् । भौगोलिक विकटता, सडक यातायातको असुविधा, भौतिक एवम् मानवीय स्रोत परिचालनको अभावका कारण यस जिल्लाको आर्थिक अवस्था कमजोर बनेको छ । यस जिल्लाका व्यापारिक महत्त्वका केन्द्रहरूमा गैंडाकोट, बेल्डिहा, रजहर, दुम्कौली, दलदले, प्रगतिनगर, कावासोती, डण्डा, चोरमारा, अरुणखोला, दुम्कीबास, दाउन्ने, बर्दघाट, भूमही, सुनवल, गोपीगञ्ज, बेलासपुर, महेशपुर, परासी, हुकइ रहेका छन् । यस जिल्लाको सदरमुकाम परासी बजार हो । यस जिल्लामा पहाडमा १७, भित्री मधेशमा २० र तराईमा ३६ गरी जम्मा ७३ गा.वि.स.हरू रहेका छन् भने एकमात्र नगरपालिका रामग्राम रहेको छ । यस जिल्लामा ६ ओटा निर्वाचनक्षेत्रहरू रहेका छन् ।

नेपाल शिक्षक युनियन, नवलपरासीद्वारा निकालिएको वार्षिक शैक्षिक क्यालेन्डर २०६४/०६५ का अनुसार यस जिल्लामा सामुदायिक तथा संस्थागत गरी दुवै तवरबाट प्राथमिक तहदेखि उच्च माध्यमिक तहसम्म विद्यालयहरू खोलिएका पाइन्छन् । यहाँ सामुदायिक र संस्थागत गरी प्राथमिक विद्यालयको सङ्ख्या ५४३, नि.मा.वि. १६५, मा.वि. १०७ र उ.मा.वि. २२ ओटा रहेका छन् । सामुदायिक विद्यालय जाने छात्रहरूको सङ्ख्या ८३,०५३ छ भने छात्राहरूको सङ्ख्या ९१,६८४ रहेको छ । उच्च शिक्षातर्फ कुमारवर्ती बहुमुखी क्याम्पस, लुम्बिनी आदर्श डिग्री कलेज, दिव्यज्योति क्याम्पस, पाल्ही क्याम्पस, महाकवि देवकोटा प्राविधिक शिक्षालय, कालिका संस्कृत विद्यापीठ, नेपाल कलेज फर कम्प्युटर स्टडिज अक्सफोर्ड कलेज, सूर्यभक्त पतनादेवी मेमोरियल कलेज, विश्वज्योति बहुमुखी क्याम्पस, देवचुली क्याम्पसद्वारा विभिन्न विषयमा विद्यार्थीहरूलाई अध्ययन गर्ने अवसर प्रदान गरिएकोले यस जिल्लाको शैक्षिक स्थितिमा निकै सुधार हुँदै आएको छ ।

## २.२ नवलपरासी जिल्लाको साहित्य सिर्जनपरम्पराको पृष्ठभूमि

साहित्य, सङ्गीत र कलाविना मानवजीवन शून्य र उराठिलो हुने भएकोले साहित्य, सङ्गीत र कलालाई मानवजीवनका अभिन्न अङ्ग मान्ने गरिएको छ । मानव समुदायमा जब

३ **चौमासिक बुलेटिन**, आ.व. २०६३/०६४, प्रकाशक : सूचना तथा सञ्चार अभिलेख केन्द्र, जिल्ला विकास समितिको कार्यालय, नवलपरासी, २०६५, पृ. १–२ ।

भाषाको उत्पत्ति भयो, त्यसैबेलादेखि नै मानिसले आफ्नो सुख, दु:ख, हर्ष, पीडा आदिका अभिव्यक्तिहरू गीत वा कविताका माध्यमबाट व्यक्त गर्न थालेका हुन् । त्यसैले साहित्यको सुरुवात भाषिक उत्पत्तिकै हाराहारीमा भएको अड्कल गर्ने गरिएको पाइन्छ ।

साहित्यको पूर्वरूप नै लोकसाहित्य हो । मौखिक परम्परामा बाँचेको लोकसाहित्यको परम्परा पनि मनुष्य जातिको भाषिक परम्पराजत्तिकै पुरानो रहेको छ । यो मानवले बोल्न जानेदेखि नै हृदयका अनुभूतिहरूलाई अभिव्यक्त गर्ने माध्यमका रूपमा विकसित हुँदैआएको मानव सभ्यताको पुरानो, मौलिक, मौखिक दस्तावेज हो, जसलाई लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट मीठो आकर्षणमय मौखिक साहित्यका रूपमा चिनिने लोकसाहित्यका विषयवस्तु भन्नु सरल र सहज मीठो लोकभाषामा रङ्गिएको सामान्य जनजीवनको सुख र दु:ख, समस्या र वेदना, शोषण र असन्तोष आदि हार्दिक अनुभूति नै रहेका छन् ।[४] यसले मानवजीवनका उकालीओरालीका, सुखदु:खका भावधारालाई जस्ताको तस्तै देखाउने भएकोले लोकसाहित्य समाजको शृङ्गार हो, सामाजिक प्राणीको मानसिक अभिव्यक्ति हो, त्यसैले लोकसाहित्यभित्र लोकको जीवन झल्किएको हुन्छ ।[५]

मानवीय भावनाहरूलाई सरल, सहज र निश्छल रूपमा अभिव्यक्त गर्ने माध्यमका रूपमा रहेको लोकसाहित्यले नै आधुनिक साहित्य वा लिखित साहित्यको जन्म गराउन सकेको हो । विश्वसाहित्यको इतिहासमा लोकसाहित्यको प्रभाव पर्याप्त मात्रामा परेको पाइन्छ । भावनामा एकाकार, मिठास र आकर्षणमा सहजताको विशेषताले गर्दा रसिलो बनेको लोकसाहित्यको जगमा वाल्मीकि र व्यासका **रामायण** र **महाभारत** अनि होमरका **इलियड** र **आडेसी** उभिन पुग्छन्, लोकगाथा, लोककथा नभएका भए उक्त कृतिहरू जन्मने थिएनन् न त जर्मनी वा अङ्ग्रेजीमा रोमान्टिक जागरण नै आउने थियो । वर्डस्वर्थको **लिरिकल ब्यालेड** लोकगीतकै छन्दमा घन्किएको छ, त्यसैले सम्पूर्ण क्लासिकल साहित्य लोकसाहित्यकै जगबाट उठेको हो ।[६]

नवलपरासी जिल्लाको लोकसाहित्यलाई केलाउनुपर्दा थारू जातिको इतिहासतर्फ ढल्कनुपर्ने हुन्छ । विशेषगरी थारू जातिको मूलथलो मानिने यस जिल्लाको लोकसाहित्यको पुरानो रूप थारू भाषामा नै रहेको पाइन्छ ।[७] विशेषगरी थारू समाजमा झमटा, वियाहके गीत, वियाहके द्वार पूजाके गीत, झमुरी, ठिकुना, बिरहानी, सोरेठी, पँराती आदि विविध लोकगीतहरू प्रचलनमा रहेका छन् ।

---

४ धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाडौं : त्रि.वि., पाठ्यक्रम विकासकेन्द्र, २०४१), पृ. क–३ ।

५ मोतीलाल पराजुली, **नेपाली लोककथा**, (कास्की : तारादेवी पराजुली, २०४९), पृ. १५ ।

६ वासुदेव त्रिपाठी, **सिंहावलोकन**, ललितपुर : साझा प्रकाशन, २०६२, पृ. ६–७ ।

७ श्यामसुन्दर थारू, **भइल भिनसहरा**, (नवलपरासी : थारू कल्याणकारी सभा), २०५१, पृ. ३ ।

वि.सं. २०१५ देखि तराईका विभिन्न जिल्लाहरूमा औलो उन्मूलन गर्ने कार्यक्रम सुरु भएपछि जङ्गल फँडानी गरी वितरण गरिएको नयाँ जग्गामा बसाइँ सर्ने परिवारहरूको जीवनशैली सरल बन्न पुगेको, तिनैताका रेडियो नेपालले *फर्क हे, फर्क नेपाली, तिमीलाई डाक्छ हिमाल* जस्ता गीत प्रसारण गरेर प्रवासी नेपालीहरूलाई स्वदेश भित्र्याउन प्रेरणा प्रदान गरेको, वि.सं. २०१९ मा नवलपरासी जिल्लाको गैंडाकोटमा पूर्व-पश्चिम राजमार्गको शिलान्यास गरेको र वि.सं. २०२० फागुन ११ गते तत्कालीन सरकारबाट नेपाल पुनर्वास कम्पनीको स्थापना गरी योजनाबद्ध पुनर्वास कार्यक्रमको प्रारम्भ भएपछि यस जिल्लामा विभिन्न क्षेत्रबाट मानिसहरूको बसाइँ आउने क्रम सुरु भएको हो ।[८]

यसरी बसाइँ आउने हरेक जातजातिले आफूसँगै आफ्नो लोकसंस्कृतिलाई यस जिल्लामा भित्र्याएका हुन् । त्यसैले गर्दा यो जिल्ला विविध धर्म, संस्कृति, भाषाभाषीहरूको सामूहिक जिल्ला बन्न पुगेको छ । यहाँका बासिन्दाहरूले आफ्नो आँसु-हाँसो, पीर-व्यथा, सुखदु:ख आदिलाई विभिन्न किसिमका लोकसुसेलीमा अभिव्यक्त गर्न थालेपछि श्रुतिपरम्परामा बाँच्दै आएको यस जिल्लाको लोकसाहित्यको पाटोमा लोकगीत बढी समृद्ध बन्न पुगेको पाइन्छ । यसै समयमा राजमार्ग खुल्ने प्रसङ्ग र पुनर्वासको सन्दर्भलाई समेटेर रचिएको एउटा लोकगीतको उदाहरण यसप्रकार रहेको छ :[९]

केटी : जाउँ नवलपुर हुँदै
कहिले रुँदै कहिले मन बुझाउँदै
सरर ... लौरी लरर ... ।

केटा : पूर्व-पश्चिम राजमार्ग बन्दैछ
तिमी-हामीलाई पुनर्वास खुल्दैछ
सरर .... लौरी लरर ... ।

साहित्य, सङ्गीत र कलाभन्दा भिन्न रहन नसक्ने मानवजातिले आफ्ना सुख-दुखात्मक अनुभूतिहरूलाई लोकसाहित्यका माध्यमबाट अभिव्यक्त गर्ने गरेका छन् । मानवजातिको प्राचीन साहित्यको रूपमा रहेको लोकसाहित्यको जगबाट नै आधुनिक वा लिखित साहित्यको विकास हुन पुगेको हो । यही लोकसाहित्यको जगमा टेकेर पूर्वीय र पाश्चात्य साहित्यमा ठूलाठूला कालजयी महाकाव्यहरूको रचना भएका छन् । नवलपरासी जिल्लामा थारू जातिको लोकसाहित्यका अतिरिक्त विभिन्न जिल्लाहरूबाट बसाइँ आउने जातजातिको लोकसाहित्यसमेतले गर्दा यहाँको लोकसाहित्य झनै समृद्धशाली बन्न पुगेको छ ।

---

८ गङ्गाराज राई, *नवलपरासी जिल्लामा पुनर्वास तथा आवास कार्यक्रम,* **पाल्ही नन्दन**, (नवलपरासी : अफिसर्स क्लब, २०५१), पृ. १२

९ पूर्ववत्, पृ. १२ ।

## २.३ नवलपरासी जिल्लामा नेपाली साहित्यको विकास

### २.३.१ पृष्ठभूमि र चरणविभाजन

नेपाली साहित्यको विकासयात्रामा आधुनिक काल सुरु भएपछि मात्र साहित्यका हरेक विधाले उन्नतिको मार्ग फेला पारेका हुन् । नवलपरासी जिल्लामा भने आधुनिक काल सुरु भएको झन्डै ५०–५२ वर्षसम्म पनि साहित्यिक कृतिको प्रकाशन शून्य अवस्थामा रहेको पाइन्छ । यहाँको भौगोलिक विकटता, औलो रोगको प्रकोप, यातायातको असुविधा, शिक्षा र चेतनाको कमीजस्ता विभिन्न कारणले गर्दा यहाँको साहित्यको विकास हुन नसके तापनि पूर्व-पश्चिम राजमार्गको निर्माण, तत्कालीन सरकारबाट पुनर्वास कार्यक्रमको थालनी, औलो उन्मूलन कार्यक्रम आदि लागू हुन थालेपछि भने यस जिल्लाका हरेक क्षेत्रमा विकास हुन थालेको हो ।

यसरी बसाइँ आउनेहरूमध्ये कतिपयले यहाँ आउनुपूर्व नै साहित्यिक वातावरण पाएका र साहित्यप्रेमी भएकोले उनीहरूबाट नै यस जिल्लामा पनि साहित्यिक वातावरणको सिर्जना हुन पुगेको हो । वि.सं. २०११ मा लुम्बिनी अञ्चलका सबै जिल्लाहरूमा साहित्यिक वातावरणको सिर्जना गर्ने उद्देश्यले ‘लुम्बिनी साहित्य परिषद्’ को स्थापना भएको हो ।[१०] यस परिषद्का केन्द्रीय समितिमा पं. माधवप्रसाद देवकोटा, गोपीकष्ण शर्मा, जगतबहादुर जोशी, चेतबहादुर कुँवर, मोदनाथ प्रश्रित, भोजराज शर्मा, ठाकुरप्रसाद काफ्ले र दलु विश्वकर्मा रहेका छन् । यस परिषद्द्वारा नवलपरासी जिल्लामा समेत सांस्कृतिक कार्यक्रम गरेर यहाँ साहित्यिक सङ्घसंस्था जन्माउन सहयोग पुगेको हो । वि.सं. २०२१ मा गोविन्दराज विनोदीको **चितवनको चिनो** नामक पत्रिकामा *रिस* शीर्षकको कविता प्रकाशित भएको छ ।[११] यस जिल्लाका सक्रिय युवाहरूबाट वि.सं. २०२९ मा ‘नवलपुरमा नयाँ कदम’ समूहको गठन भई नयाँ पत्रिकाको प्रकाशन भएको छ । नेपाल विद्यार्थी सङ्घ, जिल्ला शाखा नवलपरासीले समसामयिक सङ्कलन **मनोबल** (२०४२) प्रकाशन गरेको छ । यस पत्रिकामा तीर्थराज कोइराला, श्रीराम नेपाल, मीनप्रसाद चापागाईं, अर्जुन सिग्देल, नारायणप्रसाद नेपाल, कृष्णराज छहारी, जी.पी. गिरी, मुरारि कोइराला, रामहरि शर्मा ‘शराह’, लुकबहादुर रानामगर, इन्द्रराज ज्योति, तिलकप्रसाद सापकोटा आदि कविहरूका कविताहरू प्रकाशित भएका छन् ।[१२] नेपालकै मध्यबिन्दुमा अवस्थित कावासोतीबाट काठमाडौँ गई अध्ययन गर्ने भूपेन्द्र शर्मा, चेतनारायण भुसाल, बालचन्द्र आचार्य, कृष्ण कँडेल, अस्मिता पौडेल, बाबुराम लामिछाने आदि स्रष्टाहरूका लेख-रचनाहरू **गोरखापत्र**, **राष्ट्रपुकार**, **मिर्मिरे**, **सङ्गम**, **स्वदेश**, **नवरस**, **जुनेली**, **नियोजन**,

---

१० भगवती अर्याल, **नवलपरासीको साहित्यिक गतिविधि**, पूर्ववत्, पृ. १९१ ।

११ नारायणप्रसाद खनाल, *मेरो वर्तमानता : शुभकामनाका दृष्टिमा*, **मेरो वर्तमानता**, गोविन्दराज विनोदी, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४७), पृ. घ ।

१२ तीर्थराज कोइराला र अन्य (सम्पा.), **मनोबल**, (वर्ष १, अङ्क १, वैशाख, २०४२, नेपाल विद्यार्थी सङ्घ, जिल्ला शाखा, नवलपरासी) ।

**दृष्टि**, **देशान्तर** आदि पत्रिकाहरूमा २०४० को दशकदेखि प्रकाशित भएको पाइन्छ भने वि.सं. २०४४ मा स्व. बालकृष्ण समको ८६ औँ जन्मजयन्तीका अवसरमा नवलपरासी जिल्लाव्यापी कविगोष्ठी भूपेन्द्र शर्माको सक्रियतामा सम्पन्न भएको छ ।[१३]

वि.सं. २०४६ को ऐतिहासिक जनआन्दोलनले गर्दा नेपालीहरूले वाक्स्वतन्त्रता प्राप्त गरेका छन् । यही परिप्रेक्ष्यमा नवलपुर क्षेत्रका सिर्जनशील प्रतिभाहरू खासगरी नारायणप्रसाद खनाल र गोविन्दराज विनोदी तथा पुष्पराज कोइरालाको सक्रियतामा २०४७ मा 'त्रिवेणी साहित्य परिषद्' को स्थापना भएको हो । विशेषत: साहित्य, सङ्गीत र कलाको उत्थानमा योगदान गर्नुका साथै नवलपरासी जिल्लाका तराई र पहाडतिर छरिएर बसेका सिर्जनशील प्रतिभाहरूमध्ये स्थापितलाई सम्मान गर्ने र नव सिकारुहरूलाई प्रेरणा प्रदान गर्ने र तिनका कृतिहरूको प्रकाशनमा सहयोग पुऱ्याउने उद्देश्यले यस परिषद्को स्थापना भएको हो । यस परिषद्ले सर्वप्रथम गोविन्दराज विनोदीको छन्दोबद्ध कवितासङ्ग्रह **मेरो वर्तमानता** (२०४७) प्रकाशित गरेको छ । यस्तै गरेर परासी क्षेत्रमा वि.सं. २०४९ मा 'परासी साहित्य समाज' को गठन भएको छ । यस संस्थाद्वारा साहित्यिक समागम, मासिक कार्यक्रमहरू सम्पन्न भएका छन् । यसै समाजलाई वि.सं. २०५६ देखि नाम परिवर्तन गरी 'नवलपरासी साहित्य परिषद्' राखिएको छ । यस जिल्लाका पुराना प्रतिभाहरूको सम्मान र नयाँ प्रतिभाहरूलाई प्रेरणा तथा प्रोत्साहन दिने उद्देश्यले यसले मासिक घुम्ती कार्यक्रम सञ्चालन गर्दैआएको छ । वि.सं. २०५५/०५६ तिर पिठौलीका उत्साही युवाहरूको सक्रियतामा 'अमीट स्मृति साहित्यिक समूह', कावासोतीमा 'लक्ष्मी स्मृति साहित्य समाज' र लुम्बिनी आदर्श कलेजमा 'लुम्बिनी साहित्यिक मञ्च' नामक संस्था गठन भएपछि नवलपुर क्षेत्रका स्रष्टाहरूमा कृति प्रकाशनको लहर चलेको छ ।[१४]

नेपाली साहित्यको आधुनिक कालको प्रारम्भतिरै रामनाथ खनालको **भुइँचालो** (१९९१) प्रकाशित भए पनि यो समयमा उनी नवलपरासी जिल्लावासी नहुनु तथा यहाँको बासिन्दा भइसकेपछि **प्रजातन्त्रोदय** महाकाव्य (रचित २००८–०११) प्रकाशित रूपमा नआइसक्नुजस्ता कारणले वामदेव पण्डितको **ब्रह्माण्डभित्र** (२०३१) काव्य नै नवलपरासी जिल्लाको प्रथम प्रकाशित कृति बन्न पुगेको छ ।[१५] यसरी कृति प्रकाशनको अवस्थासम्म आइपुगेको नवलपरासी जिल्लाको साहित्य क्रमश: अगाडि बढ्दै गएको छ । प्रारम्भिक अवस्थादेखि हालसम्मको यस जिल्लाको साहित्यलाई मोटामोटी रूपमा निम्नानुसार चार चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

(क) प्रथम चरण – आरम्भदेखि २०३० सम्म

(ख) द्वितीय चरण – वि.सं. २०३१ – २०४५ सम्म

(ग) तृतीय चरण – वि.सं. २०४५ – २०५१ सम्म

(घ) चतुर्थ चरण – वि.सं. २०५२ – हालसम्म ।

---

१३ भूपेन्द्र शर्मा, **नवलपरासीका साहित्यिक व्यक्ति र कृति**, (नवलपरासी : श्यामप्रसाद श्रेष्ठ, २०६२), पृ. १ ।

१४ भूपेन्द्र शर्मा, **नवलपरासीका साहित्यिक व्यक्ति र कृति**, पूर्ववत्, पृ. १–२ ।

१५ भगवती अर्याल, पूर्ववत्, पृ. ९ ।

### २.३.२ प्रथम चरण – आरम्भदेखि २०३० सम्म

नवलपरासी जिल्लाको परिचयात्मक स्थिरता नै वि.सं. २०१९ बाट भएको हो । यसअघिका पुष्टि हुने प्रामाणिक साहित्यिक गतिविधिको अध्ययन दुर्लभ नै रहेको छ । वि.सं. २०१६ बाट चितवन जिल्लामा विशेष चहलपहल सुरु भए पनि नारायणी नदीमा पुल नभएको र डुङ्गा पार गरेर नवलपरासी आउनुपर्ने भएकोले पनि यो जिल्ला दुर्गम नै बन्न पुगेको देखिन्छ । वि.सं. २०१९ बाट राजनैतिक सीमा स्थिरता र वि.सं. २०२० मा तत्कालीन सरकारबाट यस जिल्लामा पुनर्वास कम्पनीको स्थापना गरी योजनाबद्ध रूपमा पुनर्वास कार्यक्रमको प्रारम्भ भएपछि खासगरी गण्डकी र धवलागिरी अञ्चलबाट यहाँ बसाइँ आउनेक्रम तीव्र हुनगएको हो । यसपछि मात्रै यहाँ विभिन्न क्षेत्रका मानिसहरूको बीचमा आवतजावत बढ्न गई मिश्रित सभ्यता र संस्कृतिको विकास हुनाका साथै साहित्यिक वातावरणको सिर्जना हुन पुगेको हो ।

देशभित्र भित्रिएको विकासको लहर, शिक्षा, पुनर्वास, महेन्द्र राजमार्गको शिलान्यासजस्ता विकासशील काम र आफ्ना मनका सुख-दुखात्मक अनुभूतिहरूलाई व्यक्त गर्दै जाँदा नेपाली साहित्यको जन्म हुन पुगेको हो । वि.सं. २०२१ मा गोविन्दराज विनोदीको *रिस* नामक कविता **चितवनको चिनो** पत्रिकामा प्रकाशित भएको छ । अप्रकाशित अवस्थामा रहेको नवलपरासी जिल्लाको साहित्यले यसै कविताद्वारा प्रकाशनको थालनी गरेको हो । वि.सं. २०२१ मा नै 'लुम्बिनी साहित्य परिषद्' को स्थापना भएको हो । अञ्चलस्तरीय यस संस्थाले नवलपरासी जिल्लामा पनि साहित्यिक वातावरणको सिर्जनामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । वि.सं. २०२९ मा नवलपुरमा 'नयाँ कदम' समूहको गठन भई यसले पत्रिका प्रकाशन गरेको पाइन्छ । नवलपरासीका बासिन्दा हुनुपूर्व नै कवि रामनाथ खनालले **शारदा**, **उद्योग**जस्ता पत्रिकाहरूमा १९९० को दशकबाट नै कविता, लेख, स्तम्भ आदि प्रकाशन गरेका छन् भने वि.सं. १९९० मा नेपालमा गएको महाभूकम्पलाई विषयवस्तु बनाएर **भुइँचालो** कृतिको रचना गरेका छन् । त्यस्तै २०१५/०१६ बाट **सिंहनाद** पत्रिकामार्फत् चर्चित बनेका कवि तीर्थराज कोइरालाले *इन्क्लाब बोल्न दे, मेरो बिहेको विज्ञापन*जस्ता कविताहरू छपाइसकेको पाइन्छ ।[१६]

यसरी कविता, गीत, दोहोरी आदि कार्यक्रमहरूबाट अगाडि बढेको यो चरणले कवितालेखनको लागि आवश्यक पृष्ठपोषण गर्ने काम गरेको छ । यही पृष्ठभूमिबाट अघि बढेर कवि वामदेव पण्डितले वि.सं. २०३१ मा **ब्रह्माण्डभित्र** कवितासङ्ग्रह प्रकाशन गरेका छन् । त्यसैले कृति प्रकाशनभन्दा पूर्वको यस चरणलाई प्रारम्भिक वा पृष्ठभूमिका रूपमा लिन सकिन्छ ।

---

१६ भूपेन्द्र शर्मा, *नवलपरासीको साहित्यिक व्यक्तित्व र कृतित्व : सङ्क्षिप्त रेखाङ्कन,* **पाल्ही नन्दन**, नवलपरासी : अफिसर्स क्लब, २०५१), पृ. ४९–५० ।

### २.३.३ द्वितीय चरण – वि.सं. २०३१–२०४५

वि.सं. २०३१ देखि २०४५ सम्मको समय नवलपरासी जिल्लाको साहित्यिक यात्राको दोस्रो चरण हो । यस जिल्लाको साहित्यिक यात्राको प्रारम्भ कविताविधाबाट भएको हो । वामदेव पण्डितको **ब्रह्माण्डभित्र** कवितासङ्ग्रह (२०३१) यस जिल्लाको प्रथम प्रकाशित कृति बन्न पुगेको छ । त्यसपछि वि.सं. २०३४ मा केशवानन्द सापकोटा 'कृष्णशरण' को **भक्ति भागीरथी** कवितासङ्ग्रह प्रकाशित भएको हो । यस चरणलाई कृति प्रकाशन एवम् चरणविभाजनका दृष्टिले अभ्यासकाल मानिएको छ । यस चरणमा फाटफुट मात्रामा मात्रै कृतिहरूको प्रकाशन भएको छ । यस चरणमा **त्रिवेणी** साप्ताहिक पत्रिका (२०३५) का केही अङ्कहरू प्रकाशित भएका छन् । **लालीगुराँस** साप्ताहिक पत्रिका (२०३७) पनि यसै चरणमा प्रकाशित भएको हो । **नयाँ आवाज** (२०३४) तथा **दैनिक लुम्बिनी** (२०४५) यी दुई पत्रिकाहरूका प्रकाशनले यस जिल्लाबाट निस्कने पत्रपत्रिकाहरूको सङ्ख्यामा वृद्धि हुनुका साथै साहित्यिक गतिविधिलाई अगाडि बढाउने काममा सहयोग पुगेको पाइन्छ । वि.सं. २०४० मा **हाम्रा पूर्वज** खण्डकाव्य लिएर पुनः वामदेव पण्डित देखापरेका छन् । कवि भूपेन्द्र शर्मा 'गण्डर्षि' **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रह लिएर २०४५ सालमा देखापरेका छन् ।

वि.सं. २०४४ मा स्वर्गीय बालकृष्ण समको ८६ औं जन्मजयन्तीका अवसरमा नवलपरासीमा पिजल्लाव्यापी कविगोष्ठी कार्यक्रमको आयोजना भएको छ । भूपेन्द्र शर्मा भट्टराईको सक्रियतामा सम्पन्न भएको यस गोष्ठीमा थुप्रै साहित्यकारहरूको जमघट भएको छ । यस गोष्ठीले नवलपरासी जिल्लामा साहित्यिक जागरण ल्याउनमा ठूलो मद्दत पुऱ्याएको छ । यसताका काशीराम शर्मा, प्रकाश खनाल, पुष्पराज कोइराला, डोलराज भट्टराई, अस्मिता पौड्याल, केशवराज शर्मा, देवेन्द्रराज खनियाँ, मोहन आचार्य, जलद, यज्ञ बास्तोला आदि साहित्यकारहरू देखिएका छन् ।

यस चरणमा देखापर्ने नवलपरासीका फुटकर रचनाकारहरूमा रामनाथ खनाल, गोविन्दराज विनोदी, हुमकान्त पाण्डे, इन्द्रबहादुर शाही, रामहरि अधिकारी, प्रचण्डबहादुर बूढाथोकी, तीर्थराज कोइराला, पुष्पराज कोइराला, कृष्ण कँडेल, खगेन्द्र बस्याल, घनश्याम परिश्रमी, चेतनारायण भुसाल प्रमुख रहेका छन् । यी साहित्यकारहरूले विभिन्नि पत्रपत्रिकाहरूमा आ-आफ्ना रचनाहरू प्रकाशन गराएर नवलपरासी जिल्लाको साहित्ययात्रालाई अगाडि बढाउने काम गरेका छन् । प्रवृत्तिगत आधारमा यस चरणलाई दुई भागमा यसरी विभाजन गरेर अध्ययन गर्नु उपयुक्त देखिएको छ :

(क) पूर्वार्ध – २०३१–२०३८ सम्म

(ख) उत्तरार्ध – २०३९–२०४५ सम्म

पूर्वार्ध कालका रचनामा भूतप्रेत, पाप-पुण्यमा विश्वास राख्ने प्रवृत्ति पाइन्छ । मानवकल्याणलाई धर्म ठान्ने, भौतिकविज्ञानप्रति वितृष्णा देखाउने, ईश्वरको पूजा-आराधनामा रमाउने आदि विशेषता नै पूर्वार्धका मुख्य प्रवृत्तिहरू रहेका छन् । उत्तरार्धका कृतिहरूमा भने

मानवताको ह्रासप्रति चिन्ता प्रकट गर्दै मानवताको पक्षमा वकालत गर्नु, समाजमा विद्यमान शोषण, दमन, अन्याय, अत्याचार र गरिबीका विरुद्ध आवाज उठाउनु, व्यङ्ग्यको सहारा लिएर सामाजिक विसङ्गतिको विरोध गर्नु, नेपाली भाषा र साहित्यको क्षेत्रमा समर्पित व्यक्तित्वहरूप्रति श्रद्धाभाव प्रकट गर्नुजस्ता प्रवृत्तिहरू मूलरूपमा देखापरेका छन् । संरचनाका दृष्टिले यस चरणका कविताको फुटकर रूपदेखि मझौला रूप खण्डकाव्यसम्मको रचना भएको पाइन्छ । यस चरणका कृतिहरूको भाषाशैली सरल र सहज रहेको छ । लयात्मकताका दृष्टिले भने यस चरणमा परम्परागत शास्त्रीय छन्दका साथै गद्यशैलीमा पनि कविताहरूको रचना भएको छ । वि.सं. २०४६ को ऐतिहासिक जनआन्दोलनले नवलपरासी जिल्लाको साहित्यिक वातावरणमा नयाँ मोड ल्याएकोले यस चरणको अन्त्य हुन गएको छ ।

## २.३.४ तृतीय चरण

वि.सं. २०४६ देखि २०५१ सम्मको समयलाई नवलपरासी जिल्लाको साहित्यिक यात्राको तृतीय चरण मानिएको छ । यस चरणमा वि.सं. २०४६ को ऐतिहासिक जनआन्दोलनबाट प्राप्त प्रजातन्त्रको उपयोग गर्दै साहित्यको रचनामा सक्रियताका साथ कविहरू अगाडि बढेका छन् । त्यसैले गर्दा यस चरणमा पत्रपत्रिका एवम् कृति प्रकाशन तीव्र गतिमा भएको छ । यस चरणमा वि.सं. २०४६ मा कवि तीर्थराज कोइरालाको **विजया आविर्भाव** खण्डकाव्य प्रकाशित भएको छ । वि.सं. २०४७ मा नवलपुर क्षेत्रमा स्थापित 'त्रिवेणी साहित्य परिषद्' ले यस जिल्लामा छरिएर रहेका विभिन्न प्रतिभाहरूलाई प्रेरणा दिएको छ । नारायणप्रसाद खनाल अध्यक्ष र गोविन्दराज विनोदी सचिव रहेको यस संस्थाले साहित्यिक क्षेत्रमा ठूलो योगदान पुऱ्याएको छ । यस परिषद्ले आफ्नो पहिलो पुष्पको रूपमा गोविन्दराज विनोदीको **मेरो वर्तमानता** छन्दोबद्ध कवितासङ्ग्रह (२०४७) प्रकाशित गरेको छ । यो चरण कविताविधामा मात्र सीमित नरही समालोचनाका क्षेत्रसम्म विस्तारित भएको छ । भूपेन्द्र शर्मा भट्टराईको समालोचनात्मक कृति **केही द्रष्टा केही दृष्टि** (२०४७) बाट यस जिल्लाको समालोचनात्मक कृतिको ढोका पनि उघ्रन पुगेको छ ।

यस चरणमा तीर्थराज कोइरालाको **विजया आविर्भाव** खण्डकाव्य (२०४६), हरिप्रसाद उपाध्यायको **नाति** खण्डकाव्य (२०४६), गोविन्दराज विनोदीको **मेरो वर्तमानता** कवितासङ्ग्रह (२०४७), हुमकान्त पाण्डेको **आँसुका अक्षर** कवितासङ्ग्रह (२०४७), केशवराज शर्मा डुम्रेको **नारी** लघुकाव्य (२०४८), हरिप्रसाद उाध्यायको **पञ्चगव्य** कवितासङ्ग्रह (२०४८) आदि यस चरणका महत्त्वपूर्ण रचनाहरू रहेका छन् । यसै चरणमा **देवचुली** (२०४८), **सौदामिनी** (२०४८) आदि पत्रिकाहरूको प्रकाशनले साहित्यिक प्रतिभाहरूलाई क्रियाशील बनाउनुका साथै रचनाहरूको प्रकाशन गर्नमा पनि उल्लेख्य भूमिका निर्वाह गरेका छन् ।

यस जिल्लाको नेपाली साहित्य कविताको फुटकर रूपदेखि सुरु भएर मझौला रूप खण्डकाव्य हुँदै महाकाव्यसम्म फैलिएको छ । रामनाथ खनालको **प्रजातन्त्रोदय** महाकाव्य (२०४८) नै यस जिल्लाको पहिलो प्रकाशित महाकाव्य बन्न पुगेको छ । कवि खनालको दोस्रो

महाकाव्य **पाण्डु** (२०४९) प्रकाशित हुन पुगेको छ । वि.सं. २०४९ मा सडक नाट्यसमूहको स्थापना, नारायणप्रसाद खनालको समालोचनात्मक कृति **केही रहर केही ठहर**को प्रकाशन, इन्द्र शाहीको गीतिसङ्ग्रह **नौलो परिचय**, खगेन्द्रप्रसाद बस्यालको गजलसङ्ग्रह **दैलातुङ फाँटबाट सुरु भएको यात्रा**जस्ता कृतिहरू प्रकाशित भएका छन् । यी कृतिहरूको प्रकाशनले गर्दा नवलपरासी जिल्लाको नेपाली साहित्यको तृतीय चरण सशक्त र मजबुत बन्न पुगेको छ । त्यसैले यस चरणलाई विकास कालका रूपमा पनि मानिएको छ । वि.सं. २०५० मा विष्णुहरि विरहीको **विरेचन** कवितासङ्ग्रह, प्रचण्डबहादुर बूढाथोकीको **हाम्रा गीत** गीतसङ्ग्रह प्रकाशित भएका छन् । यसै वर्ष अफिसर्स क्लब नवलपरासीद्वारा **पाल्ही नन्दन** पत्रिकाको प्रकाशन भएको छ ।

यसरी यस जिल्लामा साहित्यिक कृति प्रकाशन, साहित्यिक सङ्घसंस्थाको स्थापना, विभिन्न पत्रपत्रिका आदिको प्रकाशन यस चरणमा तीव्र गतिमा भएको छ । यस चरणमा पुस्तकाकार कृतिबाहेक विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रचना प्रकाशन गर्ने साहित्यकारहरू प्रशस्त रहेका छन् । वि.सं. २०४७ तिर परासी क्षेत्रमा रुचिला घिमिरे, उषा के.सी., बुद्धप्रकाश सिंह, माधव नेपाल, सिर्जना आचार्य, भरतराज गौतम, राजेन्द्र पाण्डे, पं. खेचरनाथ नेपाल, चित्रानन्द पन्त देखापरिका छन् ।[१७] यसैगरी गोपी सापकोटा, नारायण नेपाल, कृष्ण नेपाल, चेतनारायण भुसाल, नारायणप्रसाद खनाल, बालचन्द्र आचार्य, दीपक बराल, अस्मिता पौड्याल, चेतराज कँडेल, रुचिला घिमिरे, बुद्धप्रकाश सिंह, वत्सराज कोइराला, विष्णु लामिछाने 'आलोक', सीता गौतम, मनोहर पराजुली, रामहरि शर्मा 'शराह', मीनाकुमारी चौधरी, रमिता चौधरी, सत्यनारायण चौधरी, उत्तमध्वज के.सी., डोलराज पाण्डे, होमनाथ ज्ञवाली, गोपाल आले, वी.आर. सुवेदी, शङ्कर पन्थी, चन्द्रप्रसाद अधिकारी, पुष्पराज कोइराला, कृष्ण कँडेल आदि साहित्यकारहरूका पनि विभिन्न पत्रपत्रिकाहरूमा कविता प्रकाशन भएका देखिन्छन् ।

यस चरणमा देखापरेका कृतिहरूका मूल प्रवृत्ति देशमा व्याप्त विसङ्गतिहरूको चिरफार गर्नु प्रमुख रहेको छ । यस चरणका साहित्यकारहरूका कृतिमा हराउँदै गएको मानवीय मूल्य र मान्यताको खोजी तथा समाजमा विद्यमान शोषण, दमन, अन्याय-अत्याचार एवम् गरिबीका विरुद्ध आवाज उठाउँदै तत्कालीन राज्य व्यवस्थाप्रति आक्रामक रूपले विद्रोहको स्वर ओकलेका छन् । संरचनागत दृष्टिबाट हेर्दा यस चरणमा कविताको लघुरूप मुक्तकदेखि कविताको बृहत्रूप महाकाव्यसम्मको रचना भएको छ । त्यस्तै गद्यविधातर्फ कथा, समालोचना आदि कृतिहरूको रचना एवम् प्रकाशन भएको छ । लयात्मकताका दृष्टिले परम्परागत शास्त्रीय छन्दका साथै मुक्त छन्द एवम् गीतिलयमा समेत काव्यहरूको रचना भएको पाइन्छ ।

---

१७ भूपेन्द्र शर्मा भट्टराई, **नवलपरासीका साहित्यिक व्यक्ति र कृति**, पूर्ववत्, पृ. १३ ।

### २.३.५ चतुर्थ चरण – २०५२–हालसम्म

यस चरणका कृतिहरूमा प्रतीकात्मकताको प्रयोग ज्यादा भएको छ । देशमा प्राप्त प्रजातन्त्रको सही सदुपयोग हुन नसकेकोले साहित्यकारहरूमा निराशावादी भाव जागृत हुन पुगेको देखिन्छ । यही कारणले गर्दा नै तृतीय चरणका कृतिहरूभन्दा यस चरणका कृतिहरू फरक देखिएका छन् । यस चरणको केही समयले तेस्रो चरणको गतिशीलतालाई समात्न सकेको देखिँदैन । यस चरणमा प्रकाशित कृतिहरूको सङ्ख्या तेस्रो चरणका तुलनामा केही न्यून रहेको छ । साहित्यिक सङ्घसंस्थाहरूको स्थापनामा पनि कम मात्रामा उत्साह देखापरेको छ । यिनै कारणहरूले गर्दा नै यो चरण तेस्रो चरणका तुलनामा शिथिल बन्न पुगेको देखिन्छ । यस चरणलाई २०५२ देखि २०५५ सम्म पूर्वार्ध र २०५६ देखि हालसम्मलाई उत्तरार्ध गरी दुई चरणमा बाँडेर हेरिएको छ ।

**(क) पूर्वार्ध – २०५२–२०५५ सम्म**

यस चरणमा प्रकाशित कृतिहरूमा गोपी सापकोटाको **एक अन्त्य एक सुरुवात** कवितासङ्ग्रह (२०५२), इन्द्र शाहीको **परेलीमा सँगालेर** गीतिसँगालो (२०५२), दीपक प्रयास र गोपाल क्षितिजको **यो मान्छेहरूकै बस्ती हो** संयुक्त कवितासङ्ग्रह (२०५२), बाबुराम लामिछानेको **प्रतिद्वन्द्वीको खोजी** कवितासङ्ग्रह (२०५३), घनश्याम परिश्रमीको **घामको छहारीमा** गजलसङ्ग्रह (२०५३), कृष्ण कँडेलको **बुद्धको आँखामा देश** कवितासङ्ग्रह (२०५३), टीकाराम पाण्डेको **उपहार तिमीलाई** उपन्यास (२०५४) आदि कृतिका साथै अफिसर्स क्लब परासीको **पाल्ही नन्दन** पत्रिकाको दोस्रो अङ्क (२०५२), तेस्रो अङ्क (२०५४), कालिका मन्दिर, कालिका आश्रमको वार्षिक मुखपत्रको रूपमा **आत्मज्योति पत्रिका** (२०५५) को प्रकाशन भएको छ ।

वि.सं. २०५० तिरै देखिएका पुस्तकाकार कृति नभएका साहित्यकारहरूमा विश्वराज लम्साल, माधव गौतम, शोभाकान्त सुवेदी वर्षा, रामहरि शर्मा ‘शराह’, अस्मिता पौडेल, बालचन्द्र आचार्य, कृष्णनाथ उपाध्याय, मोहन आचार्य ‘जलद’, लोकनाथ खरेल आदि रहेका छन् । यस चरणमा देखिएका अन्य रचनाकारहरूमा नारायण नेपाल, डोलराज पाण्डे, माधव गौतम, नन्दलाल मिश्र, पुष्पराज कोइराला, वज्रमोहन सोती, वेदप्रसाद पाण्डे, वीर.आर. कल्याणी, खेमराज गिरी, लोकनाथ खरेल, जीवराज चालिसे, वत्सराज कोइराला, रामचन्द्र रिजाल, विष्णुप्रसाद चापागाईं, सीमा थापा, ओमप्रकाश डुम्रे, अन्जना चापागाईं, वसन्त कोइराला, शेषराज दाहाल, धनपति कोइराला, राधा कोइराला, माधवप्रसाद पराजुली, गोपाल पौडेल, बिन्दु पौडेल, भूपेन्द्र भुसाल, उषा के.सी., रुचिला घिमिरे, जालपा भूर्तेल, बलराम सुवेदी, उत्तमध्वज के.सी., नरहरि उपाध्याय, एकनारायण पौडेल, शङ्कर पन्थी आदि प्रमुख रहेका छन् ।

यस चरणमा देखापरेका कृतिहरू समसामयिक विषयवस्तुमा केन्द्रित रहेका छन् । मानवजीवनका जटिलता, सामाजिक विसङ्गति, मानवीय मूल्य र मान्यतामा आएको ह्रासोन्मुखता, महङ्गी, बरोजगारी समस्या आदि यस चरणका कृतिगत विषयवस्तु रहेका छन् । यस चरणका कृतिहरूका मूल प्रवृत्ति राष्ट्रप्रेम, अन्धविश्वास र रुढीगत मान्यताको विरोध, प्रजातन्त्रको पुनर्स्थापनापछि देखापरेका उच्छृङ्खलताप्रति तीव्र व्यङ्ग्य आदि रहेका छन् । यस चरणमा कविताविधाको मध्यमरूप खण्डकाव्य एवम् बहृत्‌रूप महाकाव्यको प्रकाशन भएको छैन । कवितासङ्ग्रहहरू पनि तृतीय चरणका तुलनामा कम मात्रामा प्रकाशित भएका छन् । अघिल्ला चरणहरूमा प्रकाशित नभएको उपन्यासविधाको भने यस चरणमा प्रकाशित भएको छ । उपन्यासको प्रकाशन यस चरणको महत्त्वपूर्ण उपलब्धि मानिएको छ ।

**(ख) उत्तरार्ध – २०५६-हालसम्म**

नवलपरासी जिल्लाको साहित्यिक यात्रामा आधुनिक कालको उत्तरार्ध चरण अत्यन्तै उर्वर रूपमा देखापरेको छ । यस चरणमा विभिन्न पत्रपत्रिकाहरूको प्रकाशनसँगै दुई महाकाव्य, थुप्रै शोककाव्य, खण्डकाव्य, कवितासङ्ग्रह, गीतिसँगालो, गजलसङ्ग्रह, कथासङ्ग्रह, उपन्यास, नाटक, निबन्धसङ्ग्रह, समालोचनाजस्ता हरेक विधामा पर्याप्त मात्रामा कृतिहरू प्रकाशित भएका छन् ।

यस चरणमा प्रकाशित कृतिहरूमा पुष्पराज कोइरालाको **बिहानी र आकाश** कवितासङ्ग्रह (२०५६), गोविन्दराज विनोदीको **निर्मम निर्मम घडीहरू** गजलसङ्ग्रह (२०५६), **आँखाका नानी** बालकवितासङ्ग्रह (२०५७), **छन्दविनोद** काव्य (२०५९), **अविश्रान्त** कवितासङ्ग्रह (२०५९), रमेश हरिलट्टकको **कुकुरलाई घ्यू** व्यङ्ग्यसङ्ग्रह (२०५६), **दबाइएका स्वरहरू** गजलसङ्ग्रह (२०५८), **जिन्दगीको कहानी** गजलसङ्ग्रह (२०६१), तीर्थराज कोइरालाको **वाल्मीकि स्मृति** काव्य (२०५७), **धरतीकी छोरी** कवितासङ्ग्रह (२०६२), सरोज उजाडको **लौ** गजलसङ्ग्रह (२०५७), सदानन्द अभागीको **आफ्नै व्यथा** कवितासङ्ग्रह (२०५७), **बूढो जवानी** कवितासङ्ग्रह (२०५८), **पश्चात्तापको आँसु** कथासङ्ग्रह (२०५८), **जीवनलीला** उपन्यास (२०६०), **काठमाडौं देहरादुन यात्रा विवरण** (२०६०), **म र मेराहरू** जीवनी (२०६०), **अग्निज्वाला** महाकाव्य (२०६१), **नियति** उपन्यास (२०६१), **तन्नेरी हजुरबा** उपन्यास (२०६१), **माटो र बिरुवाले भोक लाग्यो भन्छन्** कृषिकाव्य (२०६१), **मोहनीको मीठो म्वाइँ** कवितासङ्ग्रह (२०६२), कृष्णादेवी शर्मा श्रेष्ठको **सुनाखरी र लालीगुराँसको देश** कथासङ्ग्रह (२०५७), **घरभेटी भाउजू** कथासङ्ग्रह (२०५९), **स्मृतिको एक झिल्को** खण्डकाव्य (२०६२), **सृष्टिसौगात**

कवितासङ्ग्रह (२०६५), भूपेन्द्र शर्मा गण्डर्षिको **रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रह (२०५८), **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** (२०६२), खेचरनाथ नेपालको **नल-दमयन्ती** काव्य (२०५८), श्यामप्रसाद न्यौपानेको **बोली गजबको** गजलसङ्ग्रह (२०५९), **सोह्र दुनी आठ** मुक्तकसङ्ग्रह (२०६२), चेतनारायण भुसालको **खण्डहर** कवितासङ्ग्रह (२०६०), नारायणप्रसाद खनालको **समीक्षा : प्रहर-प्रहरका** निबन्धसङ्ग्रह (२०६१), **नारायणीका लहर-लहरमा** निबन्धसङ्ग्रह (२०६१), रामहरि शर्मा शराहको **शब्द सङ्गोष्ठी** कवितासङ्ग्रह (२०६२), युक्तिवल्लभ उपाध्यायको **ऋणान्तकी** काव्य (२०६५) आदि महत्त्वपूर्ण रहेका छन् ।

वि.सं. २०५६/०५७ तिर देखिएका फुटकर रचनाकारहरूमा माधवप्रसाद पराजुली, शेषराज दाहाल, करुण लम्साल, जीवन सापकोटा युगीन, धनपति कोइराला, कृतिप्रसाद शर्मा, ओम रिजाल, भूपेन्द्र शर्मा लामिछाने, रावलकृष्ण, पुर्गेश भट्टराई, त्रिभुवन तिवारी, कोपिला भण्डारी, शोभा डुम्रे, सुजन अधिकारी, सावित्री सापकोटा सन्ध्या, गौरी तमु, सरिता गिरी, चन्दा न्यौपाने आदि रहेका छन् । यस चरणमा देखापरेका अन्य फुटकर रचनाकारहरूमा लीला गौँडेल, विष्णुमाया गौँडेल, ऋषि तिवारी, जीवराज चालिसे, डिल्ली कँडेल, सूर्य शाही, रामु सापकोटा, दुजमान सिर्पाली, रश्मि देवकोटा, पूर्णगोपाल बराइली, कल्पना सिग्देल, दीपकनाथ घिमिरे, पद्मबहादुर बिष्ट, सुशीला भण्डारी, कृष्ण खरेल, अर्जुन अभागी, लोकनाथ पङ्गेनी, रवीन्द्र देउजा, नवीन श्री, अनिल शर्मा, मनमाया पाठक, भविश्वर खनाल, मीनबहादुर लामा, मोहन आचार्य, यमकुमारी कुमाल, हीरा न्यौपाने, गोविन्द नेपाली, राजन पाण्डे आदि रहेका छन् ।

यस चरणका कृतिहरूका विषयवस्तु समसामयिक रहेका छन् । मानवजीवनका जटिलता, बेरोजगारी समस्या, अन्याय र अत्याचार, सामाजिक विसङ्गति, मानवीयतामाथि आइपरेको सङ्कट आदिप्रति असहमति, प्रजातन्त्रप्रति गरिएको खेलवाडमा चिन्ता प्रकट गर्दै प्रकृतिप्रेम, देशप्रेम, संस्कृतिप्रेम, उच्च उदात्त राष्ट्रियचेतना आदि यस चरणका कृतिहरूका विषयगत परिधि रहेका छन् । यस चरणमा साहित्यका विविध विधाका कृतिहरूको रचना एवम् भएको छ । कविताको लघुरूप मुक्तकदेखि बृहत्रूप महाकाव्यसम्मका कृतिहरूका अतिरिक्त निबन्धसङ्ग्रह, संस्मरण तथा समीक्षासङ्ग्रह, नाटक, उपन्यास आदि कृतिहरूको पनि प्रकाशन भएको छ । शास्त्रीय छन्दमा रचित काव्यकृतिहरूको पनि प्रशस्त मात्रामा प्रकाशन भएको छ । यसरी नवलपरासी जिल्लामा रहेर शास्त्रीय छन्दमा काव्यकृति प्रकाशन गर्ने साहित्यकार र काव्यकृतिको अध्ययन-विश्लेषण अर्को अध्यायमा गरिएको छ ।

## २.४ निष्कर्ष

नवलपरासी जिल्लाको साहित्यलाई यस जिल्लाका छिमेकी चितवन, रूपन्देही, पाल्पा, तनहुँ आदिका साहित्यिक अवस्थासँग तुलना गर्दा यो जिल्ला पछाडि परेको देखिन्छ । यसरी साहित्यिक रूपमा पछाडि पर्नुका कारणहरूमा नेपाली मातृभाषी आदिवासी नहुनु, अन्य जिल्लाबाट बसाइँ सरी आउने क्रम ढिलो हुनु, शिक्षा र चेतनाको विस्तार नहुनु, सहर-बजारको विकास नहुनु, औद्योगिक विकास छिट्टै नहुनु, बेरोजगारीको सङ्ख्या अत्यधिक हुनु, पत्रपत्रिकाको प्रकाशन नहुनु आदि नै प्रमुख रूपमा रहेका छन् । यी विविध समस्याका बावजुद पनि यस जिल्लाले साहित्यिक क्षेत्रमा क्रमिक रूपमा विकास गर्दै निरन्तर रूपमा अगाडि बढिरहेको छ । अन्य जिल्लाबाट बसाइँ आउनेहरूको क्रमसँगै यस जिल्लामा साहित्यिक गतिविधिको सुरुवात हुन्छ । प्रारम्भदेखि वि.सं. २०३० सालको समयलाई यस जिल्लाको साहित्यिक यात्राको प्रथम चरण मानिएको छ । यस चरणमा यहाँ आउनुपूर्व नै कवि रामनाथ खनाल र तीर्थराज कोइरालाले विभिन्न रचनाहरू प्रकाशन गरेका छन् भने यहींकै बासिन्दा कवि गोविन्दराज विनोदीको *रिस* शीर्षकात्मक कविता (२०२१) नै यस जिल्लाको र यस चरणको प्रकाशित कविता बनेको छ । त्यसैले यो चरणलाई पृष्ठभूमिका रूपमा लिइएको छ । वि.सं. २०३१ सालमा कवि वामदेव पण्डितको **ब्रह्माण्डभित्र** कवितासङ्ग्रह प्रकाशित भएपछि सुरु भएको दोस्रो चरणको वि.सं. २०४५ सालसम्म विस्तारित रहेको छ । यस चरणमा पुस्तकाकार कृतिहरू कम मात्रामा र फुटकर रचनाहरू प्रशस्त मात्रामा प्रकाशित भएका छन् । सामाजिक अन्याय र अत्याचारका विरुद्धमा कविताहरूको रचना भएको यस चरणलाई आभ्यासिक चरणका रूपमा लिइएको छ । वि.सं. २०४६ को ऐतिहासिक जनआन्दोलनपछि प्रजातान्त्रिक वातावरणको सिर्जना भएदेखि वि.सं. २०५१ सम्मको समयलाई तेस्रो चरण मानिएको छ । यस जिल्लाको साहित्यिक गतिविधिका दृष्टिले तृतीय चरण अत्यन्त उर्वर रहेको छ । यस चरणमा साहित्यका विविध विधाले जन्मने सुअवसर प्राप्त गरेका छन् भने कविताको लघुरूप मुक्तकदेखि मझौला रूप खण्डकाव्य र बृहत्रूप महाकाव्यसम्मका शास्त्रीय छन्दमा रचिएका कृतिहरू प्रकाशित भएका छन् । यस उपलब्धिले गर्दा यस चरणलाई विकास काल भनिएको छ । वि.सं. २०५२ देखि हालसम्मको समयलाई चतुर्थ चरणमा राखिएको छ । तृतीय चरणको तुलनामा यो चरणको पूर्वार्ध काल उर्वर बन्न नसके तापनि उत्तरार्ध कालमा देखिएको कृति प्रकाशनको तीव्र लहरले गर्दा यो चरण पनि मजबुत बन्न पुगेको छ । यस चरणमा साहित्यका हरेक विधाका कृतिहरूको रचना र प्रकाशन गर्ने काम निरन्तर रूपमा चलिरहेको छ ।

यसरी धिमे गतिमा पाइला अगाडि बढाउँदैआएको यस जिल्लाको साहित्यिक यात्राले राम्रै उपलब्धि हासिल गरेको छ । साहित्यका विविध पाटाका तुलनामा यस जिल्लामा कविताविधा अझ समृद्ध रहेको छ । शास्त्रीय कविताका फाँटमा कविताको लघुरूप मुक्तकदेखि मध्यमरूप खण्डकाव्य र बृहत्रूप महाकाव्यसम्मको रचना प्रकाशित भइसकेका छन् र छन्दोबद्ध काव्यकृतिहरूको प्रकाशन गर्ने क्रम निरन्तर रूपमा चलिरहेको छ । यसै जिल्लाका कविहरूद्वारा शास्त्रीय छन्दमा रचिएका काव्यकृतिहरूको अध्ययन-विश्लेषण अर्को अध्यायमा गरिएको छ ।

# तेस्रो परिच्छेद
# नवलपरासी जिल्लाका शास्त्रीय कविहरूको परिचय

## ३.१ पृष्ठभूमि

नेपाली साहित्यको सिर्जना नवलपरासी जिल्लामा यसका छिमेकी जिल्लाहरूका तुलनामा निकै नै पछिबाट मात्र सुरु भएको हो । फुटकर कविताको प्रकाशन वि.सं. २०२१ बाट प्रारम्भ भए पनि कृति प्रकाशनले भने वि.सं. २०३१ बाट प्रकाशित हुने सुअवसर प्राप्त गरेको पाइन्छ । वि.सं. २०३१ सालमा प्रकाशित कवि वामदेव पण्डितको **ब्रह्माण्ड**भित्र कवितासङ्ग्रह नवलपरासी जिल्लाको प्रथम प्रकाशित कृति बन्न पुगेको पाइन्छ ।[१] यो छन्दोबद्ध कवितासङ्ग्रह हो । वि.सं. २०२९ सालमा प्रकाशित **नयाँ कदम** पत्रिका नवलपरासी जिल्लाकै प्रथम पत्रिका हुन पुगेको छ । यसरी निकै नै पछिबाट सुरु भएको नवलपरासी जिल्लाको साहित्यिक यात्राको प्रारम्भ नै छन्दोबद्ध कृतिको माध्यमबाट हुनुलाई भने गौरवकै विषय मान्नुपर्ने देखिएको छ । हालसम्म आइपुग्दा कविताको लघुरूप मुक्तकदेखि बृहत्‌रूप महाकाव्यसम्म छन्दोबद्ध काव्यकृतिहरूको रचना भएको छ । शास्त्रीय छन्दमा रचित काव्यकृतिहरूलाई अगाडि बढाउन यसै जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिका, यहाँका साहित्यिक सङ्घसंस्था एवम् यसै जिल्लाका सिर्जनशील प्रतिभाहरूको भूमिका उल्लेख्य रहेको छ ।

यस जिल्लाको साहित्यिक फाँटमा देखापरेका शास्त्रीय कविहरूमध्ये केही अन्य जिल्लाबाट जागिरका क्रममा वा अन्य कुनै कार्यका सिलसिलामा यहाँ आएर छोटो समय बसोबास गरी छन्दोबद्ध काव्यकृति प्रकाशन गर्ने कविहरू रहेका छन् । केही यहीँ जन्मिएर साहित्यको साधनामा जुटेका शास्त्रीय कविहरू छन् भने अधिकांश त अन्य जिल्लाबाट बसाइँ सरी यहीँकै स्थायी बासिन्दा बनेका शास्त्रीय कविहरू रहेका छन् । यहीँ जन्मिएका कविहरूको सङ्ख्या अत्यन्त न्यून छ भने अन्यत्रबाट बसाइँ आएका शास्त्रीय कविहरूकै सङ्ख्या अधिक रहेको छ । उनीहरूद्वारा रचित काव्यकृतिहरूले नवलपरासी जिल्लाको साहित्यलाई अग्रगति प्रदान गरेका छन् । यसरी नवलपरासी जिल्लामा स्थायी वा अस्थायी रूपमा बसोबास गरे पनि छन्दोबद्ध काव्यकृति प्रकाशन गर्ने कविहरू यस जिल्लाका साहित्यिक रत्न बन्न पुगेका छन् ।

---

१ भगवती अर्याल, **नवलपरासीको साहित्यिक गतिविधि,** पूर्ववत्, पृ. ९ ।

जसले साहित्यिक रूपमा यस जिल्लालाई प्रतिष्ठित बनाउन योगदान पुऱ्याएका छन्, तिनै कविहरूद्वारा रचित छन्दोबद्ध काव्यकृतिको अध्ययन तथा विश्लेषण यस शोधको विषय रहेको छ । प्रस्तुत शोध विश्लेषणका लागि शास्त्रीय मान्यता प्राप्त विषयवस्तु, रस, अलङ्कार र छन्दलाई प्रमुख आधार मानिएको छ । यहाँ यिनै प्रमुख विषयको सङ्क्षिप्त चर्चा गर्नु उपयुक्त ठानिएको छ ।

**(क) विषयवस्तु**

कविता रचनाका लागि तयार गरिएको भावभूमिलाई नै विषयवस्तु मान्ने गरिएको पाइन्छ । कवितासिर्जनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भन्ने गरिएको छ । विषयवस्तुको चयनमा कवि पूरै स्वतन्त्र रहेको हुन्छ । ऊ निर्बाध रूपमा काल्पनिक संसारमा विचरण गर्दै स्वेच्छापूर्वक अनेक विषयवस्तुको चयन गरी त्यसमा आफ्नो विचार मिसाएर काव्यको सिर्जना गरेको हुन्छ । काव्यसिर्जनाका लागि जीवनजगत्का यावत् विषयवस्तु प्रकृति, संस्कृति, प्रेम, इतिहास, राजनीति, भूगोल, यथार्थ विषयवस्तु, धर्म, मानवीय स्वभाव, आफ्नो जीवनका भोगाइका सुख-दुःख, हर्ष-विस्मात्, उज्याला-अँध्यारा, तीता-मीठा आदि अनेक प्रसङ्गहरूलाई लिने गरिएको पाइन्छ । कविताको विषयवस्तु नैतिक, औपदेशिक, भावात्मक, रागात्मक, सौन्दर्यमूलक आदिलाई मानिएको छ ।[२] विषयवस्तुको चयनमा जति सचेतता अपनाउन सकिन्छ, त्यति नै कविता सुन्दर बन्न पुगेको हुन्छ । कविताको विषयवस्तु सूक्ष्म वा स्थूल पनि हुने गरेको छ । खण्डकाव्य र महाकाव्यमा आख्यानात्मक विषयवस्तुको प्रयोग गरिएको हुन्छ । विषयवस्तुका आधारमा काव्यलाई ऐतिहासिक, सामाजिक, पौराणिक, वैचारिक र प्रकृतिमूलक गरी विभाजन गरिएको पाइन्छ । विषयवस्तु पनि आदि, मध्य र अन्त्यको शृङ्खलामा रहेमा रैखिक ढाँचामा आबद्ध कथानक भनिन्छ भने सुरुवात नै अन्त्यबाट गरिएको कथानकलाई वृत्तकारीय कथानक भन्ने गरिएको छ । कुनै पनि विषयवस्तुविना नै काव्यको रचना हुन नसक्ने भएकोले विषयवस्तुलाई रचनाको मेरुदण्ड भन्ने गरिएको छ ।

**(ख) रस**

रस वा भावले काव्यलाई आह्लादकारी बनाएको हुन्छ । मानिसले विभिन्न कुरा देख्छ, सुन्छ, भोग्छ र अनुभूत गर्छ, त्यसैबाट उसको मनमा रिस, डाहा,

---

२ खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, २०६०), पृ. ७७ ।

ईर्ष्या, माया, दया, सद्भाव, करुणा, घृणा, चिन्ता, हर्ष, शोक आदि भाव उत्पन्न भएका हुन्छन् । ती भावनाहरू जब परिपक्व बन्दछन्, तब सुख वा दु:खका विशिष्ट भाव बन्ने गरेका हुन्छन् । तिनै परिपक्व भावलाई नै रस भनिएको हो । काव्यका सन्दर्भमा रसको यस्तो रमणीय र आह्लादकारी अनुभूतिसँग छ, जसले मानवहृदयमा कुनै न कुनै तरल भावसंवेदनालाई जगाएको हुन्छ ।[३] रसलाई विशिष्ट साहित्यिक आनन्द मानिएको छ । संस्कृतसाहित्यमा काव्यको प्रत्येक विधाको मुख्य कसी रसलाई प्रमुख साहित्यको सिद्धान्त मानेको छ । नाटककार भरतले विभाव, अनुभाव र सञ्चारीभावको संयोगबाट निष्पन्न वस्तुको रूपमा रसलाई परिभाषित गरेका छन् । कैयौँ आचार्यहरूका विचारमा रसमय वाक्यलाई काव्य मानिएको छ । विश्वनाथको विचारअनुसार रस मानवमनको त्यस्तो आनन्दमयी चेतना हो, जसले मानिसलाई लौकिक भावभूमिबाट माथि उठाएर आनन्दमय अलौकिक सुखानुभूतिको स्थितिमा पुऱ्याएको हुन्छ ।[४] ध्वनिवादी आचार्य अभिनव गुप्तका अनुसार पाठकको मनमा रति, क्रोध, उत्साहजस्ता भावहरू संस्कारका रूपमा पहिलेदेखि नै रहिरहेका हुन्छन् र विभावादिद्वारा स्थायीभावको साधारणीकरणपछि तिनै सुषुप्त भावहरू जाग्रत भई रसमा परिणत हुन्छन् भन्ने रहेको छ । पूर्वीय काव्यशास्त्रले रसलाई नै सर्वश्रेष्ठ मानेको हुनाले नै रसलाई काव्यको आत्मा भनेर व्याख्या गरेको पाइन्छ । रसका विभिन्न घटकहरूलाई नै रसका अवयवहरू मानिएको छ । आलम्बन र उद्दीपन विभाव, अनुभाव र व्यभिचारीभाव नै रसका अवयवहरू हुन् । पूर्वीय साहित्यचिन्तकहरूले काव्यशास्त्रमा आठदेखि एक्काइस उल्लेख गरे तापनि उद्भटले औँल्याएको नौ रसलाई नै सर्वमान्य ठानिएको छ । ती नौ प्रकारका रस र तिनका स्थायीभावहरू पनि नौ प्रकारका नै रहेका छन् । ती यसप्रकार छन् :

| **रस** | **स्थायीभाव** |
|---|---|
| शृङ्गार | रति/प्रीति |
| वीर | उत्साह |
| करुण | शोक |
| अद्भुत | विष्मय/आश्चर्य |

---

३ केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्यसिद्धान्त**, पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. १८ ।

४ ईश्वर बराल र अन्य (सम्पा.), **नेपाली साहित्यकोश**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, २०५५), पृ. ६९३ ।

| | |
|---|---|
| रौद्र | क्रोध |
| हास्य | हाँसो |
| बीभत्स | घृणा/जुगुप्सा |
| भयानक | भय |
| शान्त | शम/निर्वेद |

रस शब्दले तरल पदार्थ, औषधि, स्वाद आदि विविध अर्थ प्रकट गरे पनि साहित्यमा यसले आनन्द भन्ने अर्थ प्रदान गरेको हुन्छ । मानवमनमा रहेका हर्ष, शोक, घृणा आदि मनोभावनाहरू जब वातावरणका कारण जागृत हुन्छन् तब मानिसले रसको अनुभव गरेको हुन्छ । रसलाई मुख्यत: नौ प्रकारका मानिएको छ ।

### (ग) अलङ्कार

अलङ्कार शब्दको शाब्दिक अर्थ गहना वा आभूषण हो भने साहित्यमा भावलाई गहन र प्रभावकारी तुल्याउने वा कविताको सौन्दर्य बढाउने तत्त्वलाई नै अलङ्कार भनिएको पाइन्छ । कवितामा अलङ्कारको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । यसले मात्रै साहित्य सुन्दर हुने होइन, यसले त साहित्यमा भएको सुन्दरतालाई अझ बढी सुन्दर, आकर्षक र मनोरम पार्न सघाउने गर्दछ । अलङ्कार शब्दको प्रयोग वैदिक कालदेखि पाइए पनि शब्द र अर्थसम्बन्धी आलङ्कारिक चर्चाको सुरुवात भरतमुनिको **नाट्यसूत्र**बाट भएको पाइन्छ । काव्यलाई सिँगारी त्यसलाई मनोहर एवम् रुचिकर तुल्याउने सुन्दर उपादानलाई नै अलङ्कार मानिएको छ ।[५] संस्कृतसाहित्यमा अलङ्कारप्रेमी आचार्यहरू प्रशस्त रहेका छन् । तीमध्ये कसैले अलङ्कारलाई काव्यको आत्मा मानेको पाइन्छ भने कसैले काव्यको बाह्य शोभा बढाउने तत्त्व मात्रै मानेको पाइन्छ । पूर्वीय काव्यसिद्धान्तका विभिन्न सम्प्रदायमा कुनै न कुनै रूपले अलङ्कारलाई काव्यको अभिन्न अङ्गका रूपमा स्वीकारेको पाइन्छ । अलङ्कारका प्रमुख दुई भेद शब्दालङ्कार र अर्थालङ्कारलाई मानिएको छ ।

शब्दको प्रयोगमा आधारित अलङ्कारलाई शब्दालङ्कार मानिएको छ । यसमा शब्द तथा ध्वनिको चमत्कारपूर्ण प्रयोगबाट सौन्दर्य उत्पन्न भएको हुन्छ । यो साहित्यको बाह्यशोभा बढाउने अलङ्कार भएकोले यसमा समान वर्ण वा शब्दको प्रयोगबाट आलङ्कारिक शोभा सिर्जिएको हुन्छ । शब्दालङ्कार सिर्जना

---

५ केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. २३८ ।

गर्ने शब्दका स्थानमा अर्थ नबिग्रने गरी अर्को शब्द साट्दा यसको शोभा नासिने गर्दछ । अनुप्रास, यमक, श्लेष आदि यस अलङ्कारका भेदहरू हुन् । शब्दको अर्थमा आधारित अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । यसमा कुनै विशिष्ट उक्तिद्वारा भावलाई सिँगार्ने प्रयत्न हुने, यसमा शब्द परिवर्तित भए पनि अलङ्कारत्व रहने हुनाले यस्तो अलङ्कारलाई अर्थालङ्कार भनिएको हो । यसमा अर्थ वा उक्तिवैचित्र्य हुने भएकोले यसले काव्यको आन्तरिक शोभा बढाएको हुन्छ । यसमा उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त, समासोक्ति, अतिशयोक्ति, लोकोक्ति आदि भेदहरू रहेका छन् ।

**(घ) छन्द**

गति, यति र लय मिलेको वर्ण, मात्रा आदिको गणनाअनुसार पद्यात्मक रचना गरिने कुनै निश्चित मान वा रूप नै छन्द हो ।[६] छन्दलाई नियमित वर्ण, मात्रा, गण, सूत्रकै आधारमा विश्राम हुने एक सङ्गीतमय विधा मानिएको छ । यसले कविताको भाव र लयलाई नियमबद्ध गराएको हुन्छ । वेदका छ अङ्ग शिक्षा, व्याकरण, कल्प, निरुक्त, ज्योतिष र छन्दमध्ये एउटा अङ्ग मानिने छन्दको प्रथम प्रयोग ऋग्वेदमा पाइएको छ । पिङ्गलाचार्यले **छन्दशास्त्र** नामक सूत्रग्रन्थमा छन्दसम्बन्धी गहन विचार प्रस्तुत गरेका छन् ।[७] छन्द वार्णिक, मात्रिक र गीति गरी तीन प्रकारका हुने भए तापनि प्रस्तुत शोधपत्रमा वार्णिक छन्दमा रचिएका काव्यकृतिहरूको मात्र विश्लेषण गरिएको छ । यसमा अनुष्टुप्, वसन्ततिलका, शार्दूलविक्रीडित, शिखरिणी, स्रग्धरा आदि छान्दिक भेदहरू रहेका छन् ।

यसरी उपर्युक्त विषयवस्तु, रस, अलङ्कार र छन्दका सैद्धान्तिक आधारमा रहेर शास्त्रीय वर्णमात्रिक छन्दमा रचित नवलपरासी जिल्लाका काव्यकृतिहरूलाई कविहरूका नामको वर्णानुक्रमको आधारमा विश्लेषण गरिएको छ ।

## ३.२ नवलपरासी जिल्लाका शास्त्रीय कविहरूको परिचय

कृति प्रकाशनको प्रारम्भदेखि वि.सं. २०६५ सालसम्म छन्दोबद्ध काव्यकृति प्रकाशन गर्ने शास्त्रीय कविहरूको परिचय यस अध्यायमा समावेश गरिएको छ । यस जिल्लामा रहेर छन्दोबद्ध काव्यकृति प्रकाशन गरेका शास्त्रीय कविहरू निम्नानुसार रहेका छन् । कविहरूका नामलाई वर्णानुक्रमका आधारमा राखिएको छ :

---

६ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, पाँचौं संस्क., (काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, २०५८), पृ. ४१८ ।

७ खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, पूर्ववत्, पृ. १३९ ।

क. कृष्णादेवी शर्मा श्रेष्ठ

ख. केशवराज शर्मा डुम्रे

ग. केशवानन्द सापकोटा

घ. खेचरनाथ नेपाल

ङ. गोविन्दराज विनोदी

च. चेतराज कँडेल

छ. तीर्थराज कोइराला

ज. देवेन्द्रराज खनियाँ

झ. पुष्पराज कोइराला

ञ. भरतराज पीडित

ट. युक्तिवल्लभ उपाध्याय

ठ. रामनाथ खनाल

ड. रामहरि शर्मा शराह

ढ. रामहरि शर्मा गैरे

ण. वामदेव पण्डित

त. विष्णुहरि विरही

थ. श्यामप्रसाद न्यौपाने

द. हरिप्रसाद उपाध्याय

प्रस्तुत कविहरूको सङ्क्षिप्त परिचय यसप्रकार रहेको छ :

## ३.२.१ कृष्णादेवी शर्मा श्रेष्ठ

पिता नारायणदत्त गौँडेल र माता तुलसादेवी गौँडेलकी सुपुत्री कवयित्री कृष्णादेवी शर्माको जन्म वि.सं. २००९ सालमा पर्वत जिल्लाको मुडिकुवामा भएको हो । नेपाली विषयमा स्नातकोत्तरसम्मको शैक्षिक योग्यता हासिल गरेकी र २६ वर्षको विद्यालयस्तरीय अध्यापन अनुभव सँगालेकी नारीस्रष्टा कृष्णादेवीले सानै उमेरदेखि नै साहित्यप्रति अभिरुचि राखेको पाइन्छ । सानैदेखि आफ्ना मनका सुख-दु:खात्मक अनुभूतिहरूलाई गीतिलयमा अभिव्यक्त गर्दै साहित्ययात्रामा लम्किएकी कवयित्री शर्माका **सुनाखरी र लालीगुराँसको देश** कवितासङ्ग्रह (२०५७), **घरबेटी भाउजू** कथासङ्ग्रह (२०५९), **स्मृतिको एक झिल्को** खण्डकाव्य (२०६२), **निर्झरिणी** गजलसङ्ग्रह (२०६३), **सृष्टिसौगात** कवितासङ्ग्रह (२०६५) कृतिहरू प्रकाशित भएका छन् । जीवनको झन्डै

उत्तरार्धतिर पर्वतबाट नवलपरासीको प्रगतिनगर-३ मा आई स्थायी बसोबास गरेकी शर्मा हालसम्म पनि कृतिहरूको रचना र प्रकाशन गर्नमा तल्लीन रहेकी छिन् । शिक्षण पेसाबाट अवकाश प्राप्त जीवनलाई साहित्यसिर्जनामा लगाउने शर्मा गीत, गजल, गद्यकविता र शास्त्रीय कवितामा समान रूपले कलम चलाउने क्रियाशील नारीस्रष्टाका रूपमा नवलपरासी जिल्लामा चर्चित रहेकी छिन् । विभिन्न पत्रपत्रिकामा छन्दोबद्ध कविता प्रकाशन गर्ने र साहित्यगोष्ठीहरूमा वाचन गर्ने शर्माका कविताको स्तरीयता क्रमश: अभिवृद्धि हुँदै आएको पाइन्छ । समय-समयमा विभिन्न पुरस्कारहरूद्वारा पुरस्कृत शर्मा विभिन्न साहित्यिक सङ्घसंस्थाहरूमा आबद्ध भए सक्रिय जीवन बिताइरहेकी छिन् । साहित्यका अतिरिक्त उनी सामाजिक सेवामा पनि संलग्न रहेर आफ्नो परिचयलाई अझ विस्तारित पारेकी छिन् ।

## ३.२.२ **केशवराज शर्मा डुम्रे**

स्याङ्जा जिल्लाको सिरवानी गाउँमा वि.सं. २०२० सालमा केशवराज शर्मा डुम्रेको जन्म भएको हो । स्याङ्जाबाट उनी नवलपरासी जिल्लाको शिवमन्दिर-८, कोइरालापानीमा बसाइँ सरी आएका हुन् । स्नातक तहसम्मको शैक्षिक योग्यता हासिल गरेका डुम्रेले आनन्दका लागि मात्र नभएर मानवहितका लागि साहित्य रचिनुपर्छ भन्ने मान्यता राखेका छन् । त्यसैले उनी आफ्नो काव्यमा समाजमा व्याप्त अन्याय, अत्याचार, असमानताका विरुद्धमा उभिएर समाजलाई सुधारको बाटोतर्फ लाग्न समस्या समाधानको बाटोसमेत देखाएको पाइन्छ । शिक्षक पेसामा संलग्न कवि डुम्रेका अप्रकाशित कृतिहरू उपन्यास, नाटक, खण्डकाव्यका साथै अङ्ग्रेजी भाषामा रचित साहित्यहरू पनि रहेका छन् । विभिन्न साहित्यिक कार्यक्रमहरूमा भाग लिएर पटकपटक पुरस्कृतसमेत बनेका कविको एकमात्र प्रकाशित कृति **नारी** लघुकाव्य हो । उनको वि.सं. २०५२ मा असामयिक दु:खद निधन भएको हो ।

## ३.२.३ **केशवानन्द सापकोटा**

केशवानन्द सापकोटा कृष्णशरण बागलुङ जिल्लामा जन्मिएर पछि बसाइँ सरी नवलपरासी जिल्लाको गैंडाकोट-२ मा स्थायी बसोबास गरेका कवि व्यक्तित्व हुन् । बाल्यावस्थादेखि नै पद्यतर्फ रुचि राख्ने कविले वि.सं. २०१६ मा तत्कालीन राजा श्री ५ महेन्द्र पश्चिमाञ्चल भ्रमणमा जाँदा बागलुङको बिहूमा विश्राम लिएका थिए । त्यही मौकामा कवि सापकोटाले *केशवानन्दको आर्तनाद* भन्ने कविता सुनाउँदा रु. ५००।- पुरस्कार पाएको कुरा स्वयम् कविले *आफ्नो कुरा* नामक लेखमा उल्लेख गरेका छन् । यस्तै वि.सं. २०२९ मा *खियाऊ हातका नङ्ग्रा* भन्ने शीर्षकमा प्रज्ञाप्रतिष्ठानद्वारा आयोजित कविता प्रतियोगितामा कविता लेखेर पठाएको कुरा पनि यसै पुस्तकको भूमिकामा उल्लेख गरेका छन् । यसरी पटकपटक फुटकर कविताको रचना गर्दैआएका कवि केशवानन्दको **भक्ति भागीरथी** एकमात्र प्रकाशित पुस्तकाकार कृति हो ।

### ३.२.४ खेचरनाथ नेपाल

पिता दामोदर उपाध्याय नेपाल र माता तुलसादेवी नेपालका ज्येष्ठ सुपुत्र कवि खेचरनाथ नेपालको जन्म वि.सं. १९७७ फागुन २४ पाल्पा जिल्लाको चिदीपानीमा भएको हो । उनी त्यहाँबाट बसाइँ सरी नवलपरासी जिल्लाको रामग्राम नगरपालिका-६, पोखरापालीमा आई स्थायी बसोबास गरेका हुन् । वनारसबाट संस्कृतमा मध्यमासम्मको अध्ययन गरेका कवि नेपालको प्रमुख पेसा कृषि, पुराणवाचन र समाजसेवा नै प्रमुख रहेको छ । शिक्षाप्रेमी कवि नेपाल आफ्नो पुर्ख्यौली गाउँमा विद्यालय खोल्न समर्पित एक शिक्षाप्रेमी व्यक्तित्व हुन् । उनी आफ्नै घर-आँगन र पिँढीमा विद्यार्थीहरू राखेर पढाउन कम्मर कसेर लागिपर्दथे । विद्यार्थीहरूलाई पढाउने क्रमसँगै उनी शास्त्रीय छन्दमा कविता लेख्ने गरेका थिए ।[८] फुटकर कविता रचनाको क्रममा अगाडि बढेका कविले वयोबृद्ध अवस्थामा उक्त कृतिको प्रकाशन गरेका छन् ।

### ३.२.५ गोविन्दराज विनोदी

पिता कृष्णदत्त सापकोटा तथा माता गौरादेवीका ज्येष्ठ सुपुत्र कवि गोविन्दराज गिरीको जन्म वि.सं. २०१०, श्रावण २८ गते कास्की जिल्लाको रूपाकोटमा भएको हो । विनोदी, गोरावि, भृगुजस्ता उपनामले चिनिएका कविको हालको स्थायी बसोबास नवलपरासी जिल्लाको गैँडाकोट-८ मा रहेको छ । नेपाली विषयमा स्नातकोत्तर र डिप.इन.एड्.सम्मको शैक्षिक योग्यता हासिल गरेका कवि वि.सं. २०३७ देखि शिक्षण पेसामा आबद्ध रहेका छन् । लामो समयसम्म विद्यालयमा शिक्षकको भूमिका निर्वाह गरेर उनी अहिले शिक्षासेवा निवृत्त भए पनि हाल उनी साहित्यको सिर्जना, समाजसेवा र प्राध्यापन पेसामा संलग्न रहेका छन् । एघार वर्षको कलिलो उमेरदेखि कविता रच्न थालेका कवि विनोदीले चितवन मा.वि.को वार्षिक मुखपत्र **चितवनको चिनो** (२०२१) मा *रिस* शीर्षकको कविता प्रकाशन गरेर कवितालेखन आरम्भ गरेका हुन् । एघार वर्षकै उमेरदेखि औपचारिक कवितायात्रामा जुटेका कवि विनोदी विशेषगरी लेखनाथ पौड्याल, भानुभक्त आचार्य, माधवप्रसाद घिमिरे, लक्ष्मीप्रसाद देवकोटाबाट प्रभावित रहेका छन् । बहुमुखी प्रतिभाशाली विनोदी कवि, कलाकार, सम्पादक, प्राध्यापक, समाजसेवी, मानवअधिकारवादी आदि विभिन्न व्यक्तित्वका धनी भए पनि कविका रूपमा उनी बढी वजनदार रहेका छन् । साहित्यका विविध विधामा कलम चलाउन सक्ने सामर्थ्य उनमा रहेको छ ।

उनका फुटकर रचनाहरू **गरिमा**, **वागीश्वरी**, **मुकुट**, **प्रवाह**, **मधुपर्क**, **कान्तिपुर**, **गोरखापत्र**, **सम्प्रेषण** आदि राष्ट्रिय एवम् स्थानीयस्तरका पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । हालसम्म पनि विभिन्न पत्रपत्रिकाहरूमा उनका रचनाहरू निरन्तर प्रकाशित भइरहेका

---

८ होमनाथ शर्मा, *नलदमयन्तीका कवि र काव्य*, **नलदमयन्ती**, खेचरनाथ नेपाल, नवलपरासी : श्रीमती माधवी नेपाल, २०५८ ।

छन् । कवि विनोदीका प्रकाशित पुस्तकाकार कृतिहरू **मेरो वर्तमानता** कवितासङ्ग्रह (२०४७) र दोस्रो संस्करण (२०६३), **निर्मम निर्मल घडीहरू** गजलसङ्ग्रह (२०५६), **आँखाका नानी** बाल-कवितासङ्ग्रह (२०५७), **छन्द-विनोद** काव्य (२०५९), **अविश्रान्त** कवितासङ्ग्रह (२०५९) रहेका छन् । त्रिवेणी साहित्य परिषद्, नवलपरासी साहित्य परिषद्, चितवन साहित्य परिषद् आदि विभिन्न साहित्यिक सङ्घसंस्थाहरूमा आबद्ध रहेका कवि विनोदी संयुक्त युवा क्लब, नवलपरासीबाट वि.सं. २०५२ मा 'आधुनिक युगका शास्त्रीय कवि', चितवन साहित्य परिषद्बाट वि.सं. २०५३ मा 'प्रतिभा पुरस्कार', नेपाल प्रेस युनियन चितवनद्वारा वि.सं. २०५५ मा अभिनन्दन र नेपाल प्रेस युनियनद्वारा वि.सं. २०५५ मा उत्कृष्ट पत्रकारिता पुरस्कारबाट सम्मानित एवम् पुरस्कृत भएका छन् । कवि विनोदीद्वारा रचिएका छन्दोबद्ध काव्यकृतिहरू (१) **मेरो वर्तमानता**, (२) **छन्द-विनोद** काव्य र (३) **अविश्रान्त** कवितासङ्ग्रहको अध्ययन परिच्छेद चारमा क्रमैसँग गरिएको छ ।

## ३.२.६ चेतराज कँडेल

कवि चेतराज कँडेलको जन्म वि.सं. २०२७ मा गण्डकी अञ्चलको बागलुङ जिल्लाको बिहूमा भएको हो । विद्यार्थी कालदेखि नै साहित्यप्रति रुचि राख्ने कँडेलका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविता प्रकाशित भएका छन् । अध्यात्मवादी युवाकवि कँडेलले धार्मिक चिन्तनद्वारा चित्त शुद्धि गर्दै जीवनलाई उत्कर्षमा पुऱ्याउनुपर्छ भन्ने मान्यता राखेका छन् । गद्यमा समेत कलम चलेका कवि कँडेलको **हिजोआज** कवितासङ्ग्रह प्रथम पुस्तकाकार कृति हो ।

## ३.२.७ तीर्थराज कोइराला

पिता हेमनाथ कोइराला र माता तुलसीदेवी कोइरालाका ज्येष्ठ सुपुत्र कवि तीर्थराज कोइरालाको जन्म वि.सं. १९९५ मा लमजुङ जिल्लाको कुञ्छा, खमारीबोटमा भएको हो । लमजुङबाट बसाइँ सरी नवलपरासी जिल्लाको मुकुन्दपुर-७ मा स्थायी बसोबास गरेका कवि कोइराला यस जिल्लाका चर्चित साहित्यकारका रूपमा प्रख्यात रहेका छन् । बी.ए., बी.एड्.सम्मको अध्ययन गरेका कवि लामो समयसम्म शिक्षण पेसामा संलग्न रहेका छन् । बाल्यकालदेखि नै साहित्यप्रति रुचि भएका कवि कोइरालाको वनारसबाट प्रकाशित **छात्रप्रवाह** पत्रिकामा *छात्रप्रवाह* शीर्षकको कविता नै उनको प्रथम प्रकाशित कविता हो ।[९] उनका कविता, निबन्ध, संस्मरण आदि लेख-रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । बहुमुखी प्रतिभाशाली कवि कोइरालाका अप्रकाशित कृतिहरू प्रशस्तै रहेका छन् । उनका **विजया आविर्भाव** खण्डकाव्य (२०४६), **वाल्मीकि** स्मृति काव्य (२०५७) र **धरतीकी छोरी**

---

९ रामबाबु घिमिरे (सम्पा.), *आत्मविना जगत् सञ्चार भएको छैन,* **सम्प्रेषण**, (समसामयिक साहित्य सङ्कलन, अङ्क १५, २०६२), पृ. ४ ।

कवितासङ्ग्रह (२०६२) प्रकाशित भएका छन् । विभिन्न साहित्यिक सङ्घसंस्थाद्वारा विभिन्न सम्मान तथा पुरस्कार प्राप्त गरेका कवि त्रिवेणी साहित्य परिषद्का मानार्थ सदस्य रहेका छन् । कवि कोइराला एक सफल गद्यकार, कुशल शिक्षक, योग्य भाषाविज्ञ, अद्वैत वेदान्त दर्शनका पण्डित एवम् पूर्वीय र पश्चिमी साहित्यका गहन अध्येता छन् ।[१०] नवलपरासी जिल्लाका साहित्यकारहरूका अभिभावकको भूमिका निर्वाह गरेका एक कर्मठ, होनहार, मृदुभाषी कवि कोइरालाको निधन वि.सं. २०६१ चैत्र २४ गते स्वनिवासमा भएको हो ।

## ३.२.८ देवेन्द्रराज खनियाँ

लमजुङ जिल्लाको दूराडाँडामा जन्मिएका कवि देवेन्द्रराज खनियाँ हाल प्रगतिनगर-२, नवलपरासीका स्थायी बासिन्दा बनेका छन् । शिक्षक पेसामा संलग्न कवि खनियाँ सानै उमेरदेखि कविता प्रतियोगितामा भाग लिएर मीठो सुमधुर आवाजमा कविता वाचन गर्ने गरेका छन् । नेपाली भाषा र साहित्यका विज्ञ कवि खनियाँ लमजुङ जिल्लामा रहुन्जेल जिल्लास्तरीय प्रतियोगितामा आठपटक प्रथम र राष्ट्रियस्तरमा तृतीय पुरस्कार वि.सं. २०२२ मा प्राप्त गरेका छन् ।[११] समयसमयमा फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भए पनि उनको लामो समयसम्म नचलेको कलम छोराको अकालमा भएको निधनले चल्न पुगेको छ । पुत्रशोकले आहत पिताको कलमद्वारा **आँसुको धारा** शोककाव्यको रचना शास्त्रीय छन्दमा हुन पुगेको छ । यो कृति नै उनको प्रकाशित एकमात्र कृति रहेको छ ।

## ३.२.९ पुष्पराज कोइराला

पिता हेमनाथ कोइराला र माता तुलसीदेवी कोइरालाका सुपुत्र कवि पुष्पराज कोइरालाको जन्म वि.सं. २००६ मा लमजुङ जिल्लाको कुञ्छामा भएको हो । उनी हाल नवलपरासी जिल्लाको मुकुन्दपुर-८ मा स्थायी बसोबास गरी बसेका छन् । बी.ए. र डी.इन्.एड्.सम्मको शैक्षिक योग्यता प्राप्त कवि लामो समयसम्म शिक्षण पेसामा संलग्न रहेका छन् । हाल उनी सेवानिवृत्त जीवन बिताइरहेका छन् । नवलपरासी जिल्लाको साहित्यिक गतिविधिमा संलग्न कवि कोइरालाका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भए पनि **बिहानी र आकाश** कवितासङ्ग्रह उनको एकमात्र प्रकाशित पुस्तकाकार कृति रहेका छ । त्रिवेणी साहित्य परिषद्, व्यास पुस्तकालय र विभिन्न धार्मिक तथा सामाजिक क्रियाकलापमा संलग्न कवि शुभराज्याभिषेक पदक थान १ द्वारा विभूषित रहेका छन् ।

---

१० नारायणप्रसाद खनाल, *प्रकाशकीय,* **धरतीकी छोरी**, तीर्थराज कोइराला, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६२), पृ. क ।

११ भूपेन्द्र निराजन, *के लेखौं के लेखौं,* **आँसुका धारा**, देवेन्द्रराज खनियाँ, (नवलपरासी राजेन्द्र, भूपेन्द्र र दीपेन्द्र खनियाँ, २०६५), पृ. २२ ।

## ३.२.१० भरतराज पीडित

पिता लक्ष्मीदत्त पौडेल र माता हरिकला पौडेलका सुपुत्र कवि भरतराज पौडेल पीडितको जन्म वि.सं. २०२२ मा गुल्मी जिल्लाको हर्मीचौर-६ मा भएको हो । कक्षा ८ मा पढ्दादेखि नै दैनिकी लेख्ने, बेलाबेलामा छन्दोबद्ध कविताको रचना गर्ने कविमा लोकलयमा घन्टौँसम्म गाइरहन सक्ने क्षमता रहेको छ ।[१२] नेपाली विषयमा स्नातकोत्तरसम्मको योग्यता हासिल गरेका कविले प्राथमिक तहदेखि क्याम्पस तहसम्मको अध्यापन अनुभव सँगालेका छन् । पत्रकार, राजनीति र साहित्य तीनओटै प्रमुख कार्यक्षेत्रसँग कवि संलग्न रहेका छन् । गुल्मेली परिवार कास्की, **सोपान** नामक समालोचनात्मक कृतिको सम्पादन गरेका उनी पत्रकारिताको क्षेत्रमा समेत प्रतिष्ठित बनेका छन् । विभिन्न पत्रपत्रिकाहरूमा उनका फुटकर रचनाहरू प्रकाशित भएका छन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरू **आफ्नै देश बिरानो भयो** कवितासङ्ग्रह (२०५९) र **आँखा छिटो खोल्नु छ** कवितासङ्ग्रह (२०५९) गरी दुईओटा छन्दोबद्ध कृतिहरू रहेका छन् ।

## ३.२.११ युक्तिवल्लभ उपाध्याय

धवलागिरी अञ्चलको बागलुङ जिल्लाअन्तर्गत सुर्कुवा एकराते गाउँ निवासी ज्योतिर्विद महानन्द उपाध्याय तथा जयश्री उपाध्यायका सुपुत्र कवि युक्तिवल्लभ उपाध्यायको जन्म वि.सं. १९५९ मा भएको हो । उनले बागलुङको विकट सुकुर्वाजस्तो ठाउँमा शिक्षाको ज्योति फैलाउन आफ्नै धनसारमा विद्यार्थीहरूलाई बसोबास गराई ज्योतिष, गणित, फलग्रन्थ, व्याकरण, वेद, कर्मकाण्ड आदि निःशुल्क रूपमा अध्ययन गराउने व्यवस्था मिलाएको देखिन्छ ।[१३] ज्योतिष तथा सारस्वत व्याकरणका अध्येता कविका फुटकर रचनाहरू यदाकदा प्रकाशित भए पनि उनको प्रथम पुस्तकाकार कृति उनको निधनपछि मात्रै प्रकाशित भएको हो । उनको निधन वि.सं. २०४२ माघ २७ गते स्वनिवास गैँडाकोटमा भएको हो ।[१४]

## ३.२.१२ रामनाथ खनाल

पिता हरिचरण खनाल र माता हरिबधू खनालका ज्येष्ठ सुपुत्र कवि रामनाथ खनालको जन्म वि.सं. १९६६ कार्तिक २६ गते कास्की जिल्लाको फल्याङकोट, स्यास्त्रीमा भएको हो ।

---

१२ कुमारबहादुर जोशी, *आफ्नै देश बिरनो भयो कवितासङ्ग्रह र यसका कवि भरतराज पीडित*, **आफ्नै देश बिरानो भयो**, भरतराज पीडित, (काठमाडौँ : भरतराज पीडित, २०५९), पृ. ज ।

१३ नवीनसागर उपाध्याय, *हार्दिक कृतज्ञता*, **ऋणान्तकी**, युक्तिवल्लभ उपाध्याय, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५) ।

१४ गोविन्दराज विनोदी, *प्रकाशकीय*, **ऋणन्तकी**, युक्तिवल्लभ उपाध्याय, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५) ।

कविले जीवनको उत्तरार्धमा फल्याङकोटबाट बसाइँ सरी नवलपरासी जिल्लाको मुकुन्दपुर-७ मा स्थायी बसोबास गरेका हुन् । वनारसबाट व्याकरणमा मध्यमासम्मको शैक्षिक योग्यता प्राप्त गरेका कवि ३८ वर्षसम्म शिक्षण पेसामा संलग्न भएका छन् । सानै उमेरदेखि नै विशिष्ट विद्वान्, कवि, साहित्यकारहरूसँगको सानिध्यले गर्दा कवि खनालमा विद्यार्थी कालदेखि नै कवित्वशक्तिको विकास हुन पुगेको हो ।[१५] शिक्षक भएर लमजुङको गाउँसहरमा रहँदा कवि माधवप्रसाद घिमिरे, कवि टीकाराम घिमिरेसँगको सङ्गतले गर्दा रामनाथ खनालमा पनि साहित्यप्रति झन् रुचि बढ्न पुगेको हो । उनका फुटकर कविताहरू **शारदा**, **गोरखापत्र**, **उद्योग**, **वाङ्मय** आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । उनले वि.सं. १९९६ मा वर्षभरि नै **गोरखापत्र**मा हास्यव्यङ्ग्य स्तम्भलेख 'दाइ' उपनामबाट प्रकाशन गरेका छन् । यस्ता बहुमुखी प्रतिभाका धनी कवि खनालले थुप्रै बहुमूल्य कृतिहरूको रचना गरे तापनि ती सबै कृतिहरू प्रकाशित हुन सकेका छैनन् । उनका प्रकाशित कृतिहरू **भुइँचालो** काव्य (१९९१), **प्रजातन्त्रोदय** महाकाव्य (२०४८), **पाण्डु** महाकाव्य (२०४९) रहेका छन् । लगभग चारदशक लामो साहित्य साधनामा संलग्न कवि खनालको निधन वि.सं. २०५२ मा भएको हो ।

### (क) 'भुइँचालो' काव्य

कविताको लघुरूप मुक्तकदेखि बृहत्रूप महाकाव्यसम्म कलम चलाउने कवि खनालका **शोकतरङ्ग** शोककाव्य, **ब्राह्मणोपाख्यान** काव्य, **उपदेशसङ्ग्रह**, **नेपाली रघुवंशको छायानुवाद**, **दन्त्यकथा सङ्कलन** आदि अप्रकाशित पाण्डुलिपिहरू रहेका छन् । प्रकाशनका दृष्टिले उनको पहिलो पुस्तकाकार कृति **भुइँचालो** काव्य (१९९१) हो । वि.सं. १९९० माघ ३ गते गएको महाभूकम्पलाई विषयवस्तु बनाएर रचित कृति सुलभ नभएकोले यसको विश्लेषण गर्न सकिएको छैन ।

### (ख) 'प्रजातन्त्रोदय' महाकाव्य

त्रिवेणी साहित्य परिषद्द्वारा वि.सं. २०४८ मा प्रकाशित **प्रजातन्त्रोदय** महाकाव्य कवि रामनाथ खनालको दोस्रो पुस्तकाकार कृति हो । यस कृतिमा कविले प्रमुख पात्र शाहवंशीय राजा त्रिभुवनलाई बनाएका छन् । सत्र सर्गमा विभक्त १३७ पृष्ठको यस महाकाव्यको रचना २००३–२०११ मा भएको हो । राणा शासकहरूका विरुद्ध नेपाली जनता र राजा त्रिभुवन मिलेर गरेको सङ्घर्षले गर्दा नै नेपालमा निरङ्कुश राणाहरूको पराजय भएको कुरालाई विषयवस्तु बनाएर रचिएको यस महाकाव्य झ्याउरे गीतिलयमा रचिएको हुनाले र यस शोधकार्यको लागि शास्त्रीयताको सीमामा रहनुपर्ने भएकोले यो कृति विवेच्य ग्रन्थभित्र परेको छैन ।

---

१५ नारायणप्रसाद खनाल, *कवि रामनाथ खनालको साहित्यिक यात्रा र पाण्डु महाकाव्य : सङ्क्षिप्त चर्चा*, **पाण्डु**, रामनाथ खनाल, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४९), पृ. क ।

## ३.२.१३ रामहरि शर्मा 'शराह'

पिता रामेश्वरप्रसाद अधिकारी तथा माता तिलकुमारी अधिकारीका सुपुत्र कवि रामहरि शर्मा शराहको गोरखा जिल्लाको छिपिटोलमा वि.सं. २०१२ असोज २७ गते जन्म भएको हो । आफ्नो पुर्ख्यौली थलो लमजुङबाट मधेस झर्ने क्रममा कवि नवलपरासी जिल्लाको मुकुन्दपुर-७ मा स्थायी बसोबास गर्दैआएका छन् । सानै उमेरबाट सिलोक हाल्ने, गीत, कविताको रचना गर्ने, साहित्यप्रति रुचि राख्ने कवि शराहले व्यवस्थापनमा स्नातकोत्तर गरेका छन् । लामो समयसम्म प्राध्यापन पेसामा संलग्न रहेका कविले शास्त्रीय छन्दमा कविता रचना गरेका छन् । मानवअधिकार तथा शान्ति समाज नवलपरासी, त्रिवेणी साहित्य परिषद्, प्राज्ञिक सभा नवलपरासी, नेपाल प्राध्यापक सङ्घजस्ता विविध क्षेत्रमा संलग्न कविका विभिन्न पत्रपत्रिकाहरूमा गीत, गजल, कविता, निबन्ध, लेख आदि प्रकाशित भएका छन् । उनको **शब्द-सङ्गोष्ठी** कवितासङ्ग्रह शास्त्रीय छन्दमा रचिएको एकमात्र पुस्तकाकार कृति हो ।

## ३.२.१४ रामहरि शर्मा गैरे

पिता नगेन्द्रराज गैरे र माता बाटुलादेवी गैरेका सुपुत्र कवि रामहरि शर्मा गैरेको जन्म वि.सं. २००६, असोज १३ गते तनहुँ जिल्लाको बूढाकोट-१ मा भएको हो । कविको हालको बासस्थान नवलपरासी जिल्लाको तम्सरिया-२ मा रहेको छ । पूर्वमध्यमासम्मको शैक्षिक योग्यता हासिल गरेका कवि हाल कृषि पेसामा संलग्न रहेका छन् । काव्यप्रति सानै उमेरदेखि रुचि राख्ने कवि गैरेको प्रथम प्रकाशित पुस्तकाकार कृति **राज्यवती** काव्य नै हो । राजदरबारमा भएको हत्याकाण्डलाई विषयवस्तु बनाएर लेखिएको उनको यो शोककाव्यको रूपमा रहेको छ ।

## ३.२.१५ वामदेव पण्डित

पिता झलप्रसाद पण्डित र माता काशीकुमारी पण्डितका सुपुत्र कवि वामदेव पण्डितको जन्म वि.सं. १९७३ मा तनहुँ जिल्लाको स्याम्घामा भएको हो । सानैदेखि निडर र हक्की स्वभावका कविले वि.सं. १९८९ मा श्रेस्ता, हिसाब लेख र औँठा पाँच महल ऐनसमेत उस बखतको स्नातक तह उत्तीर्ण गरेका छन् ।[१६] न्यायक्षेत्रका विभिन्न तहमा रहेर काम गरेका कवि पण्डितले वि.सं. १९९४ सालदेखि नै कवितालेखनमा लागेको कुरा *उद्गार* नामक भूमिकामा उनले उल्लेख गरेका छन् । आफ्नो प्रेरणाको स्रोत लेखनाथ पौड्याललाई मान्ने कवि वामदेवले विभिन्न पत्रपत्रिकाहरूमा लगातार कविता प्रकाशित गर्दै आएका छन् । कविका प्रकाशित कृतिहरूमा **ब्रह्माण्डभित्र** कवितासङ्ग्रह (२०३१) र **कविताको कुम्लो** कवितासङ्ग्रह (२०६०) रहेका छन् । हाल ९३ वर्षको उमेरमा पुगे पनि उनी अझै साहित्यको रचनामा निरन्तर साधनारत रहेका छन् ।

---

१६ दिनेश पौडेल, *वामदेव पण्डितका सङ्क्षिप्त जीवनी,* **द टाइम्स अफ नेपाल**, (२०४८, असार २९), **कविताको कुम्लो,** वामदेव गौतम, (नवलपरासी : देवकुमारी पण्डित, २०६०) ।

## ३.२.१६ विष्णुहरि विरही

पिता ठाकुरप्रसाद पौडेल र माता गौरादेवी पौडेलका सुपुत्र कवि विष्णुहरि पौडेल विरहीको जन्म वि.सं. २०१४, जेठ १ गते तनहुँ जिल्लाको रूपाकोट-४ मा भएको हो । उनी हाल नवलपरासी जिल्लाको माकर गा.वि.स.-१ मा स्थायी रूपमा बसोबास गर्दैआएका छन् । करिब १२-१३ वर्षको उमेरदेखि कविता कोर्न थालेका कवि विरहीले आफ्नो लेखनको प्रेरणास्रोत मेदिनीनाथ सुवेदी, रामभक्त आचार्यलाई मानेका छन् । नेपाली विषयमा एम्.ए. र जनप्रशासन विषयमा एम्.पी.ए.सम्मको योग्यता हासिल गरेका कविले सरकारी क्षेत्रमा काम गरेका छन् । स्वाध्ययन र लेखनमा रुचि राख्ने कवि विरही **हुम्ला सङ्गम**, **अरुणोदय**, **वागेश्वरी** पत्रिकाका सम्पादक पनि रहेका छन् । समसामयिक पत्रिकाहरूमा लेख-रचना प्रकाशित गर्दैआएका कविको **विरेचन** कवितासङ्ग्रह प्रथम प्रकाशित पुस्तकाकार कृतिको रूपमा रहेको छ ।

## ३.२.१७ श्यामप्रसाद न्यौपाने

पिता खेमराज न्यौपाने र माता कलावती न्यौपानेका सुपुत्र कवि श्यामप्रसाद न्यौपानको जन्म वि.सं. २०२६ मा गण्डकी अञ्चलको स्याङ्जा जिल्लाअन्तर्गत निबुवाखर्क-७ मा भएको हो । नेपाली विषयमा एम्.ए. र शिक्षातर्फ बी.एड्.सम्मको शैक्षिक योग्यता प्राप्त गरेका कवि हाल प्राध्यापन पेसामा संलग्न रहेका छन् । उनी हाल रामनगर-१, भूमही, नवलपरासीका स्थायी बासिन्दा बनेर रहेका छन् । सानै उमेरदेखि कवितासाहित्यप्रति रुचि राख्ने कवि न्यौपानेका विभिन्न पत्रपत्रिकाहरूमा रचनाहरू प्रकाशित भएका छन् । उनका प्रकाशित रचनाहरू **बोली गजबको** गजलसङ्ग्रह (२०५९), **सोह्र दुनी आठ** मुक्तकसङ्ग्रह (२०६२), **फाँसीकी रानी** खण्डकाव्य (२०६३), **फेरि पनि अचम्मको बात** गजलसङ्ग्रह (२०६३), **भक्ति थापा** खण्डकाव्य (२०६४), **जोन अफ आर्क** खण्डकाव्य (२०६४) गरी जम्मा ६ ओटा पुस्तकाकार कृति रहेका छन् । नवलपरासी साहित्य परिषद्, त्रिवेणी साहित्य परिषद्, बर्दगोरिया साहित्य समाज, मञ्जरी साहित्य सङ्गम, पश्चिमाञ्चल गजल प्रतिष्ठानजस्ता साहित्यिक सङ्घसंस्थामा संलग्न रहेका कवि न्यौपाने विभिन्न पुरस्कार एवम् सम्मानबाट पनि पुरस्कृत एवम् सम्मानित भएका छन् ।

## ३.२.१८ हरिप्रसाद उपाध्याय

पिता होतृराज खनाल र माता यमकान्तिदेवीका सुपुत्र कवि हरिप्रसाद खनाल उपाध्यायको जन्म वि.सं. १९९७ मा लुम्बिनी अञ्चलको पाल्पा जिल्लाको चिर्तुङधारा गा.वि.स.मा भएको हो । शिक्षण पेसामा संलग्न कवि उपाध्याय नवलपरासी जिल्लाका लुसलहरीका स्थायी बासिन्दा बनेका छन् । कवि उपाध्यायको पहिलो रचना **अद्‌भुत तपसी**

(२०३८-०३९ अप्रकाशित) रहेको छ ।[१७] उनका प्रकाशित रचनाहरूमा **नाति** खण्डकाव्य (२०४६) र **पञ्चगव्य** कवितासङ्ग्रह (२०४८) रहेका छन् । फुटकर कविता प्रकाशित गर्दैआएका कवि उपाध्यायले पहिलो पुस्तकाकार कृतिमा खण्डकाव्य लिएर देखापरेका छन् ।

## ३.३ निष्कर्ष

नेपाली साहित्यको सिर्जना नवलपरासी जिल्लामा यसका छिमेकी जिल्लाहरूका तुलनामा निकै पछिबाट सुरु भएको पाइन्छ । यस जिल्लामा फुटकर कविताको प्रकाशन वि.सं. २०२१ बाट पत्रिकाको प्रकाशन वि.सं. २०२९ बाट र साहित्यिक कृतिको प्रकाशन वि.सं. २०३१ बाट प्रारम्भ भएको हो । ढिलै सुरु भए पनि प्रथम प्रकाशित कृति नै छन्दोबद्ध हुनुले यस जिल्लाको गौरवलाई भने बढाउन पुगेको पाइन्छ । यसरी प्रकाशनको प्रारम्भदेखि आजसम्म आइपुग्दा यस जिल्लाको साहित्यले कविताको लघुरूप मुक्तकदेखि बृहत्‌रूप महाकाव्यसम्मको यात्रा तय गरिसकेको छ । यहाँ शास्त्रीय छन्दमा फुटकर कवितादेखि महाकाव्यसम्म रचिएका छन् । यसरी यस जिल्लाको शास्त्रीय साहित्यलाई उजागर गर्न मद्दत पुऱ्याउने कविहरूमा कृष्णदेवी शर्मा श्रेष्ठ, केशवराज शर्मा डुम्रे, केशवानन्द सापकोटा, खेचरनाथ नेपाल, गोविन्दराज विनोदी, चेतराज कँडेल, तीर्थराज कोइराला, देवेन्द्रराज खनियाँ, पुष्पराज कोइराला, भरतराज पीडित, युक्तिवल्लभ उपाध्याय, रामनाथ खनाल, रामहरि शर्मा शराह, रामहरि शर्मा गैरे, वामदेव पण्डित, विष्णुहरि विरही, श्यामप्रसाद न्यौपाने र हरिप्रसाद उपाध्याय गरी जम्मा १८ जना रहेका छन् । यिनै शास्त्रीय कविहरूको सङ्क्षिप्त परिचय यस परिच्छेदमा गरिएको छ ।

---

१७ नारायणप्रसाद खनाल, *पञ्चगव्यमाथि एक दृष्टि,* **पञ्चगव्य**, हरिप्रसाद उपाध्याय, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४८) ।

# चौथो परिच्छेद
# नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन

## ४.१ नवलपरासी जिल्लाका छन्दोबद्ध कविताकृतिहरू

कृति प्रकाशनको प्रारम्भदेखि वि.सं. २०६५ सम्म रचिएका छन्दोबद्ध काव्यकृतिहरूको अध्ययन-विश्लेषण यस परिच्छेदमा गरिएको छ । यस जिल्लाका छन्दोबद्ध काव्यकृति र काव्यकारहरूको नामावली यसप्रकार रहेको छ । काव्यकृतिहरूलाई कविहरूको नामको वर्णानुक्रमको आधारमा राखिएको छ ।

| | | |
|---|---|---|
| क. | कृष्णादेवी शर्मा श्रेष्ठ | **स्मृतिको एक झिल्को** खण्डकाव्य |
| | | **सृष्टि सौगात** कवितासङ्ग्रह |
| ख. | केशवराज शर्मा डुम्रे | **नारी** लघुकाव्य |
| ग. | केशवानन्द सापकोटा | **भक्ति भागीरथी** कवितासङ्ग्रह |
| घ. | खेचरनाथ नेपाल | **नलदमयन्ती** खण्डकाव्य |
| ङ. | गोविन्दराज विनोदी | **मेरो वर्तमानता** कवितासङ्ग्रह |
| | | **छन्द-विनोद** प्रबोधक काव्य |
| | | **अविश्रान्त** कवितासङ्ग्रह |
| च. | चेतराज कँडेल | हिजोआज कवितासङ्ग्रह |
| छ. | तीर्थराज कोइराला | **विजया आविर्भाव** खण्डकाव्य |
| | | **वाल्मीकिस्मृति** काव्य |
| | | **धरतीकी छोरी** कवितासङ्ग्रह |
| ज. | देवेन्द्रराज खनियाँ | **आँसुको धारा** काव्य |
| झ. | पुष्पराज कोइराला | **बिहानी र आकाश** कवितासङ्ग्रह |

| | | |
|---|---|---|
| ञ. | भरतराज पीडित | **आफ्नै देश बिरानो भयो** कवितासङ्ग्रह |
| | | **आँखा छिटो खोल्नु छ** कवितासङ्ग्रह |
| ट. | युक्तिवल्लभ उपाध्याय | **ऋणान्तकी** काव्य |
| ठ. | रामनाथ खनाल | **पाण्डु** महाकाव्य |
| ड. | रामहरि शर्मा शराह | **शब्द सङ्गोष्ठी** कवितासङ्ग्रह |
| ढ. | रामहरि शर्मा गैरे | **राज्यवती** खण्डकाव्य |
| ण. | वामदेव पण्डित | **ब्रह्माण्डभित्र** कवितासङ्ग्रह |
| | | **कविताको कुम्लो** कवितासङ्ग्रह |
| त. | विष्णुहरि विरही | **विरेचन** कवितासङ्ग्रह |
| थ. | श्यामप्रसाद न्यौपाने | **झाँसीकी रानी** खण्डकाव्य |
| द. | हरिप्रसाद उपाध्याय | **नाति** खण्डकाव्य |
| | | **पञ्चगव्य** कवितासङ्ग्रह |

यस जिल्लाका शास्त्रीय कविहरूद्वारा रचित छन्दोबद्ध काव्यकृतिहरूको अध्ययन-विश्लेषण यसप्रकार गरिएको छ :

## ४.१.१ कृष्णादेवी शर्माका काव्य

### ४.१.१.१ 'स्मृतिको एक झिल्को' खण्डकाव्य

**स्मृतिको एक झिल्को** खण्डकाव्य 'त्रिवेणी साहित्य परिषद्' द्वारा वि.सं. २०६२ सालमा प्रकाशित कवयित्री कृष्णादेवी शर्मा श्रेष्ठको प्रथम खण्डकाव्य हो । १०५ पृष्ठमा संरचित यस काव्यमा पन्ध्र (१५) सर्ग रहेका छन् । नारायणप्रसाद खनालद्वारा *प्रकाशकीय*को भूमिका लेखिएको यस काव्यमा सरुभक्तले *शुभकामना* शीर्षकमा कवयित्री शर्माको साहित्यिक यात्राको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गरेका छन् । गोविन्दराज विनोदीले *स्मृतिको एक झिल्कोमाथि विहङ्गम दृष्टि* शीर्षकमा काव्यको सङ्क्षिप्त चर्चा गरेका छन् । कवयित्रीले यस काव्यमा एउटी नारीले आफ्नो जीवनमा भोग्नुपरेका दु:ख, दर्द, पीडा आदि दु:खद घटनाहरूको यथार्थ चित्र उतारेकी छिन् ।

#### ४.१.१.१.१ विषयवस्तु

**स्मृतिको एक झिल्को** खण्डकाव्यमा पुरुषप्रधान नेपाली समाजका नारीका तमाम छट्पटीहरू बहुविवाह, अनमेल विवाह, बालविवाहले दिएका पीडाको प्रस्तुतीकरण गरेकी छिन् । कवयित्रीले आफैँले जीवनमा देखेका, सुनेका र भोगेका यथार्थ विषयवस्तुलाई काव्यमा समेटेकी

छिन् । नारीसमस्यामा आफ्नो कलमको सशक्तता देखाएकी शर्माले वि.सं. १९७६ सालतिर पर्वत जिल्लामा घटेको अनमेल विवाहको सत्यघटनालाई साहित्यिक वैशिष्ट्य भरेर यथार्थ रूपमा प्रस्तुत गरेकी छिन् ।[1] आरम्भमा श्री गणेशाय नम: रहे पनि घटनाको आरम्भ प्रथम सर्गबाट भएको छ । पन्ध्र सर्गमा विभक्त यस खण्डकाव्यको प्रत्येक सर्गमा रहेको कथावस्तुलाई यसप्रकार देखाइएको छ :

प्रथम सर्गमा यस काव्यकी प्रमुख नायिका भागीरथीको जन्म, बाल्य र किशोरावस्थाको वर्णन गरिएको छ ।

दोस्रो सर्गमा चपाईं फाँटका कुलपति जिम्वावालको पारिवारिक स्थितिको वर्णन र दुई छोराको मृत्युपछि ज्योतिषीका सल्लाहअनुसार ६० वर्षको उमेरमा अनिष्ट टार्न विवाह गर्ने निश्चय गरिएको छ ।

तेस्रो सर्गमा कुलपतिको विवाहको लागि भागीरथीलाई माग्न जाने सोच बनाइएको छ ।

चौथो सर्गमा ६० वर्षे जिम्मावालले १५ वर्षीया भागीरथी माग्दा बाबु रामचन्द्रले वृद्धलाई छोरी दिन अस्वीकार गर्नु, जिम्मावाल धम्की दिँदै घर फर्किनु, रामचन्द्रको घरमुनिको खेतमा हल्केको मकैबाली सोत्तर पार्नु, सामन्तीले उठिबास लाउने भयले छोरी दिन मञ्जुर गर्नु, असार १५ गते लग्न जुराउनेजस्ता कार्यहरूको वर्णन गरिएको छ ।

पाँचौं सर्गमा ६० वर्षे सामन्ती वर र १५ वर्षीया किशोरी वधूका बीचमा भएको अनमेल विवाहको वर्णन गरिएको छ ।

छैटौं सर्गमा सामन्ती पात्र जिम्मावाल कुलपतिको सामन्तीय पारिवारिक अवस्थाको वर्णन, गृह अत्याचारबाट भागीरथीको पीडा, वृद्ध पतिको सेवासम्बन्धी सामन्ती प्रचलन, भागीरथीको उर्लंदो यौवन र अतृप्त राग, ज्ञादीका शर्मा परिवारको सामाजिक सेवाभावको वर्णन, भागीरथीका सौताका छोराहरूका प्रसङ्गको बयान गरिएको छ ।

सातौं सर्गमा भागीरथीको सात महिनाको गर्भबाट मृत सन्तानको जन्म, मातृत्व कामना अपूर्णताका कारण चिन्ता, अपूर्ण कामवासना र वृद्ध पतिका कारण उत्पन्न मानसिक पीडाको उद्घाटन गरिएको छ ।

आठौं सर्गमा वृद्ध पतिको अवसान, सौतेनी छोराहरूप्रति अगाध ममता, भागीरथीमा ईश्वरभक्ति भावनाको प्रवलताका साथै परोपकारतर्फ उन्मुखता देखिएको छ ।

नवौं सर्गमा भागीरथीकी बहिनी तुलसीको देहवसान र छ महिनाकी छोरी कृष्णालाई पुत्रीका रूपमा पाल्ने निर्णय गरिएको छ ।

दसौं सर्गमा शाखा-सन्तान वृद्धिका प्रसङ्ग उल्लेख गरिएको छ ।

---

१ गोविन्दराज विनोदी, *स्मृतिको एक झिल्कोमाथि विहङ्गम दृष्टि,* **स्मृतिको एक झिल्को,** कृष्णादेवी शर्मा, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६२), पृ. ग ।

एघारौँ सर्गमा कृष्णाको शिक्षादीक्षा, साहित्यमा अभिरुचि, भागीरथीको गृहपरिवारमा अनिष्टको सङ्केत देखाइएको छ ।

बाह्रौँ सर्गमा सौतेनी छोराबाट तिरस्कारको भाव प्रदर्शन, सम्पत्तिका लागि कलह, भागीरथीका घरबाट अन्नपात, भाँडाबर्तन लुटपाट, भागीरथीद्वारा गृहत्याग, अन्यत्रै आश्रयको याचना गरिएको प्रसङ्गको चर्चा गरिएको छ ।

तेह्रौँ सर्गमा मुद्दामामिलामा ठूलो क्षति बेहोरेपछि भागीरथीसँग मिलापत्रको प्रस्ताव राखिएको र कवयित्रीबाट पारिवारिक विघटनको दुर्दान्त कथाको मूल कारण अनमेल विवाह भएको ठहर गरिएको छ ।

चौधौँ सर्गमा पारिवारिक मुद्दामा मिलापत्र, भागीरथीको माइतीघरतिरको घटना वर्णन र उनको देहावसान भएको प्रसङ्गको वर्णन गरिएको छ ।

पन्ध्रौँ सर्गमा आमासमान ठूलीआमाको देहावसानले दु:खित कृष्णाको बिलौना र नयनजल चढाई श्रद्धाञ्जलि अर्पण गरिएको प्रसङ्गको चर्चा गरिएको छ ।

यसरी मूलत: यस काव्यमा अनमेल विवाहको दुष्परिणाम देखाइएको छ । सामन्ती, क्रूर एवम् बर्बरताको ऐतिहासिक यथार्थ, सामन्तीहरूको विलासवृत्ति, वृद्ध पतिकी पत्नी हुनुको पीडा, रतिरागको दमन, मातृत्वको चाहना, आत्मअस्तित्वको लागि सङ्घर्ष, आफन्तबाट प्राप्त धोका, मुद्दामामिलाका बाध्यता र कठिनाइ आदिको मार्मिक चित्रण यस काव्यमा गरिएको छ ।

४.१.१.१.२ **रस**

एउटी नारीका जीवनमा आइपरेका दु:ख, कष्ट, बुहार्तन, सौतेनी मामलो, बृद्ध पति पर्नुको पीडा आदि कठिनाइहरूलाई यस काव्यमा समेटिएको हुँदा यसमा अङ्गीरसको रूपमा करुण र अङ्गरसका रूपमा शान्त, शृङ्गार आएका छन् ।

**तालिका सङ्ख्या १ क**

| क्रम | रस | सर्ग | पद्य |
|---|---|---|---|
| १. | करुण | चौथो | २३, ४१ |
| | – | चौधौँ | २५, ३१, ३५ |
| २. | शान्त | सातौँ | १६, ६० |
| ३. | शृङ्गार | छैटौँ | – |

**(क) करुणरस**

शोक स्थायी भाव, नष्ट भएको वस्तु वा व्यक्ति आलम्वन विभाव, उक्त व्यक्तिको सम्झना उद्दीपन विभाव, रुनु, कराउनु अनुभाव र चिन्ता, स्मृति आदि व्यभिचारीभाव भएको रसलाई करुणरस भनिन्छ ।[२]

यस काव्यमा करुणरसको थुप्रै अभिव्यक्तिहरू छन् । तीमध्ये एउटा नमुना यस्तो छ :

हुर्काइन् बिचरा ती भागीरथीले आमाविहीन त्यो थियो
बस्थ्यो काखमहाँ लुटुपुटु भइ हा ! दैवले हर्दियो
खाना खाइसकी ऊ साँझपखमा निस्केर लाग्यो कता
सग्लो रात बित्यो बिढङ्ग कुन भो फर्केन फेरि उ ता ।

– चौधौँ सर्ग, ३५ पद्य

यसमा भागीरथीको एक्लो टुहुरो भतिजोको मृत्युको शोक स्थायीभाव, उक्त मृत भतिजो आलम्बन विभाव, भतिजोको सम्झना उद्दीपन विभाव, भागीरथी रुनु, कराउनु अनुभाव र भागीरथीले भतिजोलाई याद, सम्झना गर्दै चिन्ता प्रकट गर्दा व्यभिचारीभाव पाइने हुनाले यस कवितांशमा करुणरस अभिव्यञ्जित भएको छ ।

### ४.१.१.१.३ अलङ्कार

कवयित्री शर्मा काव्यलाई रस, अलङ्कारद्वारा सिँगार्नमा भन्दा विषयवस्तुको प्रस्तुतिमा ज्यादा तल्लीन रहेकी देखिन्छिन् । यस काव्यमा नारीके कथा-व्यथाको चित्रण गर्दैजाँदा विभिन्न अलङ्कारको पनि स्वत: प्रयोग हुन पुगेको पाइन्छ । काव्यमा प्रयुक्त ती अलङ्कारहरूलाई यसप्रकार तालिकामा देखाइएको छ ।

**तालिका सङ्ख्या १ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | सर्ग | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | यमक | – | तेस्रो | १८ | १७ |
| २. | – | उपमा | प्रथम | ५, ७, ३१ | २, ३, ७ |
| ३. | – | उत्प्रेक्षा | प्रथम | ३२ | ७ |

२ ईश्वर बराल र अन्य (सम्पा.), **नेपाली साहित्यकोश**, पूर्ववत्, पृ. ६९३ ।

**(क) उपमा अलङ्कार**

समान गुण वा धर्मका आधारमा उपमान र उपमेयका बीच सादृश्य सम्बन्ध हुँदा र उपमान अनि उपमेयका बीचमा तुलना गर्दा तुल्यतावाची शब्द झैँ, जस्तै, सरी, तुल्य आदिको प्रयोग गरिँदा उपमा अलङ्कारको आयोजना हुन्छ ।[३]

यस काव्यमा उपमा अलङ्कारको उत्कृष्ट प्रयोग धेरै ठाउँमा पाइन्छ । तीमध्ये एउटा नमुना यहाँ प्रस्तुत गरिएको छ ।

साँच्चै धेर जनको उपस्थिति रह्यो न्वारन भयो हर्षमा
नाम भागीरथी भो नछेत्र मिलँदा गंगा बनिन् अर्थमा
पाकल्-पुक्कल हातका हतकिला अंगै छ प्याउली सरी
घस्थिन् तेल घरीघरी हरिकला हेरेर मख्खै परी ।

– प्रथम सर्ग, ५ पद्य

यहाँ उपमेय – बालिकाका अङ्ग, उपमान – प्याउली फूल, वाचक शब्द – सरी र धर्म – मख्ख परेर हेर्नुको प्रयोग भएकाले यस कवितांशमा उपमा अलङ्कारको आयोजना पाइन्छ ।

४.१.१.१.४ **छन्द**

कवयित्री शर्मा गीति, गद्य र शास्त्रीय छन्दमा कलम चलेकी एक वरिष्ठ नारीस्रष्टाका रूपमा चिनिएकी छिन् । **स्मृतिको एक झिल्को** खण्डकाव्य उनको पहिलो छन्दोबद्ध कृति हो । शास्त्रीय छन्दको प्रथम कृति नै खण्डकाव्य भएकोले उनीभित्र कवित्वशक्तिको उर्वरता छ भन्ने कुरालाई पुष्टि गरेको छ । शास्त्रीय छन्दको लयानुकरण गरिएको यस काव्यमा प्रयुक्त छन्दहरूलाई यसप्रकार तालिमा देखाइएको छ :

**तालिका सङ्ख्या १ ग**

| क्रम | वार्णिक | मात्रिक | गीति | सर्ग |
|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | १, ६, १०, ११ |
| २. | मन्दाक्रान्ता | – | – | १५ |
| ३. | शार्दूलविक्रीडित | – | – | १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, १२, १४ |
| ४. | – | – | गीति | १, २, ३, ६, ७, ८ |

३ ईश्वर बराल र अन्य (सम्पा.), पूर्ववत्, पृ. ५३ ।

**(क) अनुष्टुप् छन्द**

वार्णिक भेदअन्तर्गत पर्ने यस छन्दका प्रत्येक पाउको पाँचौँ अक्षर ह्रस्व र छैटौँ अक्षर दीर्घ हुन्छ । पहिलो र तेस्रो पाउको सातौँ अक्षर दीर्घ र र दोस्रो र चौथो पाउको सातौँ अक्षर ह्रस्व हुने यस छन्दका प्रत्येक पाउमा आठ (८) अक्षर हुन्छन् ।

अन्याय लोकमा देख्दा मन रुन्छ धुरुधुरु
सय जुकी नदी बग्छ एक थुकी म के गरुँ ?
प्रयास मनको तै' नि जारी राख्छु निरन्तर
गरे यहाँ मानवले नहुने काम के छ र ?

– सर्ग १, पद्य २

प्रस्तुत कवितांशमा ८, ८ अक्षरमा विश्राम हुने अनुष्टुप् छन्दको प्रयोग गरिएको छ ।

**(ख) शार्दूलविक्रीडित छन्द**

बस्दो रै'छ छिपेर नारीहरूमा मातृत्वको भावना
पैलो दौलत हुन्छ रे मनमहाँ सन्तानको कामना ।

– सर्ग ७, पद्य ३४

उपर्युक्त कवितांशमा १२ र ८ मा विश्राम हुने १९ अक्षर भएको (म, स, ज, स, त, त, गु) शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ ।

कवयित्री शर्माको कलम कविताको लघुरूपदेखि मझौलारूप खण्डकाव्यसम्म चलेको छ । सकेसम्म उनले शास्त्रसम्मत नियमको पालना गर्न खोजेकी छिन्, तर भावको तीव्रतालाई छन्दले थेग्न सकेको भने पाइँदैन । गीतिलयबाट अगाडि बढेर शास्त्रीय कवयित्रीको रूपमा उनी यसै कृतिमार्फत् चिनिएकी हुन् । प्रथम छन्दोबद्ध कृति नै खण्डकाव्य र उनी अभ्यासिक अवस्थामा भएकोले यसमा केही त्रुटिहरू देखिन पुगेको पाइन्छ । समग्रमा नारीस्रष्टाद्वारा शास्त्रीय छन्दमा रचित प्रस्तुत कृतिको महत्त्व नवलपरासी जिल्लाको शास्त्रीय कृतिहरूको स्थानमा उच्च रहेको छ ।

### ४.१.१.२ '**सृष्टिसौगात**' **कवितासङ्ग्रह**

'त्रिवेणी साहित्य परिषद्' द्वारा वि.सं. २०६५ सालमा प्रकाशित **सृष्टिसौगात** कृष्णादेवी शर्मा श्रेष्ठको छन्दोबद्ध कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा ५४ ओटा छन्दोबद्ध कविताहरू १२२ पृष्ठमा सङ्गृहीत छन् । स्वर्गीय भागीरथी पौडेलप्रति समर्पण गरिएको यस कृतिमा नारायणप्रसाद खनालले *निरन्तर यात्राको शुभकामना* नामक भूमिकामा कवयित्री

शर्माको साहित्यिक यात्राका लागि मङ्गलमय शुभकामना व्यक्त गरेका छन् । त्यस्तै *शुभकामनाका शब्द* शीर्षकात्मक भूमिकामा लक्ष्मणप्रसाद गौतमले लघुतम र लघुआयामका उनका यी कविताहरू विषयविविधता र भावविविधताका अभिव्यञ्जना हुन् भनेका छन् । *शुभ सम्मति* शीर्षकात्मक भूमिकामा केशवराज आमोदीले कवयित्रीको साहित्यिक जीवनको उर्वरताको उत्तरोत्तर प्रगति र यशोवृद्धिको कामना व्यक्त गरेका छन् । *सृष्टिसौगातको अवलोकन गर्न खोज्दा* नामक भूमिकालेखमा गोविन्दराज विनोदीले यस काव्यको सङ्क्षिप्त अवलोकन गरेका छन् । विषयगत र छन्दगत विविधता रहेको यस काव्यको प्रकाशकीयको भूमिकामा प्रेमविनोद नन्दन रहेका छन् ।

### ४.१.१.२.१ **विषयवस्तु**

नारीसमस्यामा सशक्त रूपमा कलम दौडाएकी कृष्णादेवी शर्मा श्रेष्ठ **सृष्टिसौगात** कवितासङ्ग्रहमा फरक रूपमा प्रस्तुत भएकी छिन् । लघुतम र लघुआयाममा संरचित उनका कविताहरूमा पिवषयगत र भावगत विविधता पाइन्छ । प्रकृति, जीवन, जगत्, संस्कृति, स्रष्टाबिम्ब, लोकतान्त्रिक चेतना, प्रविधिचेतना, सहिदभाव, ईश्वरीय आस्था, कला-साहित्यिक चेतना, गरिबी, अभाव, राजनीतिक विकृति र विसङ्गति, गणतान्त्रिक चेतना, प्रणयपरक अभिव्यक्ति, मानवजीवनका विविधता, स्वकीय मनोरचना आदि विषयवस्तुका कविताहरू यस सङ्ग्रहमा सङ्गृहीत रहेका छन् ।[४] राष्ट्रिय धर्तीप्रति अनुराग, श्रमप्रति आस्था, बाल्यजीवनको स्मृति, कर्तव्यबोध, गरिबीबाट मुक्तिको चाह, अग्रज साहित्यकारहरूप्रति सम्मानभाव, नारी जागृत हुनेपर्ने भावना, बालअधिकारको पक्षमा वकालत, शान्तिको चाहना, प्रकृतिको वणन, नेपालीहरूमा एकताको भाव हुनुपर्ने कुरामा जोड, विकृति-विसङ्गतिप्रति विरोध आदि भावहरू कवयित्रीले यस सङ्ग्रहमा व्यक्त गरेकी छिन् । कवयित्रीले यस कृतिका माध्यमबाट नेपाली भाषा, नेपाली साहित्य, नेपाली संस्कृति, नेपाली कला, नेपाली सभ्यता, नेपाली पन र नेपाली मनको मनोहर चित्रण गरेकी छिन् ।

### ३.१.१.२.२ **रस**

भावको गाम्भीर्यतालाई भाषिक सरलता र सहजताका साथ कवयित्री शर्माले यस काव्यमा उतार्न सकेकी छिन् । कोमलकान्त पदावलीको प्रयोग पाइने यस काव्यमा शर्माले विविध रसको स्वाभाविक रूपमा प्रयोग गरेकी छिन् । काव्यमा प्रयुक्त रसहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

---

४ लक्ष्मणप्रसाद गौतम, *शुभकामनाका शब्द*, **सृष्टि सौगात**, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५), पृ. छ ।

**तालिका सङ्ख्या २ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | गरिब | २ | ४८ |
| | – | शिशिर | ७ | १०१ |
| | – | निधन | ४ | १०७ |
| २. | विप्रलम्भ शृङ्गार | कनकमञ्जरी | ५ | ५७ |
| ३. | वीर | द्वन्द्वको दर्द | ८ | ३४ |
| ४. | शान्त | द्वन्द्वको दर्द | १ | ३३ |
| ५. | शृङ्गार | कति सौम्य छ | ८ | २७ |
| ६. | रौद्र | नारायणी | ६ | ९३ |

**(क) करुणरस**

प्रस्तुत काव्यमा करुणरसको प्रयोग प्रशस्तै पाइएको छ । तीमध्ये एकलाई उदाहरणार्थ यहाँ प्रस्तुत गरिएको छ :

जस्ले जीवन सार्थकै गरिदियो उस्को मरणको घडी
हेर्नै जान थिएँ हतार म हरे ! बिर्सेर ढुक्कै परी
कस्तो यो दुनिया रहेछ भगवान् बिर्सी सबै ती गुण
सक्दो रै'छ हरे कठोर बनदै आगो लगाइदिन ।

– *निधन,* पद्य ४

आफन्तको मृत्युबाट उब्जेको शोक स्थायीभाव, उक्त लास आलम्बन विभाव, मृत आत्माको सम्झना उद्दीपन विभाव, आमाको निधनले मर्माहत सन्तानको रुवाइ अनुभाव र आमाको निधनको चिन्ता व्यभिचारीभाव पाइने उपर्युक्त कवितांशमा करुणरसको प्रयोग पाइएको छ ।

**(ख) रौद्ररस**

क्रोध स्थायीभाव, शत्रु आलम्बन विभाव, युद्ध, हातहतियार आदि उद्दीपन विभाव, क्रोधले काम्नु अनुभाव र गर्व, आवेग आदि व्यभिचारी भाव भएको रस नै रौद्ररस हो ।[५]

---

५ ईश्वर बराल र अन्य (सम्पा.), पूर्ववत्, पृ. ६९४ ।

रिसाउँदै कराउँदै फलाकँदै अनेक के
उडाउँदै खियाउँदै किनारको जमिन हे ।

– *नारायणी,* पद्य ६, पृ. ९३

नारायणी नदीले रौद्ररूप धारण गरी छेउछाउका जमिन, रूख, घर, कटेरा धक्याउँदै, हुत्याउँदै, ठूलो स्वर मच्चाउँदै आएको अभिव्यक्तिलाई यहाँ प्रस्तुत गरिएको छ । यहाँ नारायणीको क्रोध स्थायीभाव, नारायणी नदी आलम्बन विभाव, क्रोधले उन्मत्त हुँदै वरपरको जमिन भत्काउँदै बगाउनु व्यभिचारी भाव यस कवितांशमा पाइनाले रौद्ररस अभिव्यञ्जित भएको छ ।

### ४.१.१.२.३ अलङ्कार

कवयित्री शर्मा कृति प्रकाशनमा निरन्तर जुटिरहेकी छिन् । अभ्यास नै सफलताको चिह्न हो भनेझैँ निरन्तरको अभ्यासले शर्मालाई एक सफल साहित्यकार बनाएको छ । क्रमशः परिष्कृत र स्तरीय कृतिको रचना गर्दै साहित्ययात्रामा लम्किएकी शर्माको प्रस्तुत सङ्ग्रहका कवितामा अन्त्यानुप्रासको आयोजना रहेको पाइन्छ । कृतिमा स्वाभाविक प्रयोग गरिएका विभिन्न अलङ्कारहरूलाई तालिकामा यसप्रकार देखाइएको छ :

**तालिका सङ्ख्या २ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | मनमाली | ३ | ३ |
| | – | – | राह | १ | ५ |
| | – | – | भानुको स्मृतिमा | ९ | ९ |
| | – | – | मेरो मझेरी | ३ | ५१ |
| २. | – | उत्प्रेक्षा | शहीदको श्राप | १५ | २२ |
| ३. | – | दृष्टान्त | उठौँ युवा | ९ | ११ |
| ४. | – | रूपक | स्रष्टा | ३ | ४५ |

### (क) उपमा अलङ्कार

यस काव्यमा कविताहरूमा उपमा अलङ्कारको प्रयोग धेरै ठाउँमा गरिएको छ । तीमध्ये एकलाई उदाहरणार्थ यहाँ प्रस्तुत गरिएको छ ।

मेरो मन मोड्यौ
ऐले मन तोड्यौ
ढुङ्गासरि बन्दै
अन्तै दिल जोड्यौ ।

– *मनमाली*, पद्य ३, पृ. ३

यहाँ उपमेय – प्रेमिकाको मन, उपमान – ढुङ्गा, वाचक शब्द – सरी र धर्म – कठोर बन्नु को प्रयोग पाइएकाले उपमा अलङ्कारको आयोजना हुन पुगेको छ ।

**(ख) दृष्टान्त अलङ्कार**

एउटै किसिमका दुई कुरालाई भिन्न रूपमा वर्णन गर्दा दृष्टान्त अलङ्कार हुन्छ । यसमा एउटा भनाइलाई अर्को भनाइ वा उदाहरणबाट पुष्टि गरिँदा दृष्टान्त अलङ्कार बन्न पुग्छ ।[६]

बखान गर्न को सक्छ, तिम्रो जोश र जाँगर
बडामा शक्तिको पूजा नभएको कहाँ छ र ?

– *उठौँ युवा*, पद्य ९, पृ. ११

युवाहरूमा जोश र जाँगर प्रशस्त भएकोले उनीहरूको प्रशंसा गरिन्छ भन्ने पहिलो हरफको भनाइलाई प्रस्ट पार्न उदाहरणको रूपमा शक्तिको पूजा जहाँसुकै गरिन्छ भन्ने दोस्रो हरफले ल्याएको हुनाले यहाँ दृष्टान्त अलङ्कारको आयोजना पाइन्छ ।

४.१.१.२.४ **छन्द**

**सृष्टि सौगात** कवयित्री शर्माको छन्दोबद्ध कवितासङ्ग्रह हो । छन्दको सुगन्धलाई वर्तमान पिँढीले बेवास्ता गरेको समयमा छन्दोबद्ध नेपाली कविताका पाठक र छन्द सिक्न चाहने कवितानुरागीका लागि यस कृतिले महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ । कवयित्री शर्माले यस कृतिमा प्रत्येक नयाँ छन्दको प्रयोगमा छन्दको सूत्र, गण, गणसङ्केतका बारेमा परिचय दिएकी छिन् । २९ ओटा शास्त्रीय वर्णमात्रिक छन्दका ५४ ओटा कविताहरू सङ्गृहीत यस काव्यलाई छन्दप्रयोगको एउटा सानो प्रयोगशाला नै मान्न सकिन्छ । न्यूनतम ६ ओटा अक्षर भएको दमनक, शशिवदनाजस साना र २१ अक्षर भएको स्रग्धराजस्ता लामा छन्दहरूको प्रयोग यस काव्यमा गरिएको छ । यस काव्यमा प्रयुक्त विविध छन्दहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

---

६ ईश्वर बराल र अन्य (सम्पा.), पूर्ववत्, पृ. ५७ ।

**तालिका सङ्ख्या २ ग**

| क्रम | वार्णिक | मात्रिक | गीति | कवितासङ्ख्या | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | १४ | ७-३० |
| २. | इन्द्रवज्रा | – | – | ५ | ३६-४७ |
| ३. | इन्द्रवंशा | – | – | १ | ६९ |
| ४. | इन्दिरा | – | – | १ | ६० |
| ५. | उपेन्द्रवज्रा | – | – | २ | ४८-५२ |
| ६. | उपजाति | – | – | १ | ५३ |
| ७. | कनकमञ्जरी | – | – | १ | ५६ |
| ८. | तनुमध्या | – | – | १ | ३ |
| ९. | दमनक | – | – | १ | ४ |
| १०. | द्रुतविलम्बित | – | – | १ | ७६ |
| ११. | पञ्चचामर | – | – | १ | ९२ |
| १२. | भुजङ्गप्रयात | – | – | १ | ७३ |
| १३. | मत्तमयूर | – | – | १ | ७८ |
| १४. | मन्दाक्रान्ता | – | – | २ | ९५-९९ |
| १५. | मालिनी | – | – | १ | ८९ |
| १६. | रथोद्धता | – | – | १ | ५५ |
| १७. | वंशस्थ | – | – | १ | ७१ |
| १८. | वसन्ततिलका | – | – | ५ | ७९-८८ |
| १९. | विद्युन्माला | – | – | १ | ३१ |
| २०. | वियोगिनी | – | – | १ | ५८ |
| २१. | शशिवदना | – | – | १ | १ |
| २२. | शिखरिणी | – | – | १ | १०० |
| २३. | शालिनी | – | – | १ | ३३ |
| २४. | शार्दूलविक्रीडित | – | – | २ | १०२-११० |
| २५. | समानिका | – | – | १ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६. | स्रग्धरा | – | – | १ | १११ |
| २७. | स्रग्विणी | – | – | २ | ६३-६५ |
| २८. | स्वागता | – | – | १ | ६२ |
| २९. | तोटक | – | – | १ | ६६ |

यस काव्यमा विविध छन्दहरूको प्रयोग सरल र स्वाभाविक रूपमा गरिएको छ । तीमध्ये यहाँ विद्युन्माला छन्दको कविता यसप्रकार छ :

**(क) विद्युन्माला छन्द**

आठ अक्षरको एक पाउ हुने यस छन्दमा सबै अक्षरहरू दीर्घ हुन्छन् । यसमा ४ अक्षरमा विश्राम हुन्छ ।

आफू हिँड्ने बाटो घाटो
कालो-सेतो, रातो माटो
बिर्सूं भन्दा गाह्रो हुन्छ
सम्झी मन्मा झड्का दिन्छ ।

– *सोलोडोलो,* पद्य ३

प्रस्तुत कवितांशमा ८ अक्षरको एक पाउ (म, म, गु, गु) पाइएकोले यहाँ विद्युन्माला छन्दको प्रयोग गरिएको पाइन्छ ।

**(ख) शिखरिणी छन्द**

सत्र अक्षरको एक पाउ हुने, ६ र ११ मा विश्राम हुने यो छन्द वार्णिक भेदअन्तर्गत पर्दछ । कवयित्रीले शिशिर ऋतुले देखाएको ताण्डवनृत्यको प्रसङ्गलाई शिखरिणी छन्दमा यसरी अभिव्यक्त गरेकी छिन् ।

हिलो मैलो ज्यादै तपतप छ वर्षा दिनभरि
तराईमा बढ्दो अनि सकस यो शीतलहरी
कठै भोका नाङ्गा सडकतिर छन् दीन विचरा
उराठै लाग्दो यो शिशिर ऋतुको ताण्डव कला ।

– *शिशिर,* पद्य ७

प्रस्तुत कवितांशमा १७ अक्षर भएको (य, म, न, स, भ, ल, गु) शिखरिणी छन्दको प्रयोग गरिएको छ ।

नेपाली विषयमा स्नातकोत्तर गरेकी र लामो शिक्षण पेसाको अनुभव सँगालेकी कवयित्री शर्मा सेवानिवृत्त जीवनमा साहित्यिक कृतिको प्रकाशनमा जुटेकी छिन् । कविताको लघुरूपदेखि मझौलारूपसम्मको यात्रा गरेकी शर्माभित्र अजस्र कविता रचना गर्ने शक्ति छ भन्ने कुरा **सृष्टि सौगात** कवितासङ्ग्रहले प्रमाणित गरिसकेको छ । **स्मृतिको एक झिल्को** कवितासङ्ग्रहबाट छन्दोबद्ध साहित्यिक कृति लेखनको अभ्यासमा जुटेकी उनी सृष्टि सौगातसम्म आइपुग्दा उनले आभ्यासिक चरण पार गरिसकेकी छिन् । यसरी क्रमिक रूपमा स्तरीय छन्दोबद्ध काव्यकृतिको रचना उनीबाट हुनपुगेको पाइन्छ । **सृष्टि सौगात** कवितासङ्ग्रहका कवितामा कतै छन्दविचलन र मात्रा गिरावटको अवस्था पाइँदैन । छन्दको मनोरम वाटिकाका रूपमा रहेको यो काव्य नवलपरासी जिल्लाको शास्त्रीय कृतिको स्थानमा दरिलो स्तम्भ बन्न पुगेको छ । कवयित्री शर्मा पनि यस जिल्लाकी एक सशक्त शास्त्रीय कवयित्रीको स्थान प्राप्त गर्न सफल बन्न पुगेकी छिन् ।

## ४.१.२ **केशवराज शर्मा डुम्रेको काव्य**

### ४.१.२.१ **'नारी'** लघुकाव्य

**नारी** लघुकाव्य त्रिवेणी साहित्य परिषद्द्वारा दोस्रो काव्यपुष्पका रूपमा वि.सं. २०४८ सालमा प्रकाशित कवि केशवराज शर्मा डुम्रेको एकमात्र पुस्तकाकार कृति हो । १४० श्लोकसङ्ख्या रहेको यो काव्य २४ पृष्ठमा संरचित छ । आकारका दृष्टिले लघु भएर पनि कृतिको महत्त्व र भावपक्ष भने ठूलो नै रहेको छ । कविले काव्य आफ्नी कर्तव्यनिष्ठ एवम् ममतामयी आमाप्रति समर्पण गरेका छन् । नारी र पुरुषका बीचमा शरीरका सबै अङ्गहरू समान छन् त्यसैले यिनीहरूमा विभेद गरिनु हुँदैन भन्ने भावको एक श्लोक कविता लेखेका छन् । त्रिवेणी साहित्य परिषद्का अध्यक्षद्वारा *प्रकाशकीय*को भूमिका लेखिएको छ । नारायणप्रसाद खनालले *स्वतन्त्रताको अभिव्यक्ति 'नारी' लघुकाव्य* शीर्षक लेखमा कवि डुम्रेको अदम्य साहसको प्रशंसा गर्दै उनको साहित्यिक यात्राको प्रगतिको कामना गरेका छन् । नारीसमस्यामा आधारित यस काव्यको शीर्षक **नारी** नै राखिएको छ ।

#### ४.१.२.१.१ **विषयवस्तु**

**नारी** लघुकाव्यको रचना २०४२ मा भएर पनि यसको प्रकाशन ६ वर्षपछि वि.सं. २०४८ मा भएको कुरा स्वयम् कविले *दुई शब्द* नामक भूमिकामा उल्लेख गरेका छन् । नारीसमस्यामा आधारित भएर लेखिएको यस काव्यमा पृथ्वी र आकाशको सृष्टि, मानव जातिको सृष्टिलाई समेत सङ्क्षेपमा प्रस्तुत गरेका छन् । उनका विचारमा आजको पृथ्वी पहिले पूरै पानीले ढाकिएको थियो र जमिनको भाग कत्ति पनि थिएन । बिस्तारै सूर्यको तापले पानी सुक्दैजाँदा पहाड, पर्वत, पाखा-पखेराहरू देखिन थाले भन्ने उनको मान्यता रहेको छ । पानी सुक्दैजाँदा देखिएका जमिनमा रूख, बिरुवा उम्रन थाले अनि घना वनजङ्गल बन्न पुगेपछि

मात्रै मानवको सृष्टि हुन पुगेको हो भन्ने उनको ठहर रहेको छ । पहिला मानवहरू जङ्गली अवस्थामा रहेका र तिनै असभ्य मानिसहरू बिस्तारै सभ्य बन्दै गएपछि धर्मको सुरुवात हुनपुग्दा हिन्दू धर्मावलम्बीहरूले वेद पढ्न थालेको कुरा चर्चा गरेका छन् । वेद पढ्न थालेपछि नारीहरूलाई हेला गर्न थालिएको र वेद पढ्ने, गायत्री मन्त्र जप्नेजस्ता कुराहरू पुरुषका मात्र पेवा बन्न पुगेकाले महिलाहरूलाई यी कुराहरूबाट बञ्चित गरिएको हो भन्ने उनको तर्क छ । यसैबाट नारी र पुरुषका बीचमा बढ्न गएको असमानताको खाडल अद्यावधिसम्म रहिरहेको र जबसम्म नारी र पुरुषका बीचमा एकता र समानताको भावनाको विकास हुँदैन तबसम्म समाज अनि राष्ट्रको विकास हुन सक्दैन भन्ने उनको मान्यता रहेको छ । त्यसैले मानवभित्रको यस्तो असमानताको र अज्ञानताको नाश गरी सभ्य समाजको निर्माण गरिनुपर्छ भन्ने विचार नै यस काव्यको मूल विषयवस्तु रहेको छ ।

४.१.२.१.२ **रस**

समाजमा व्याप्त नारीशोषण र दमनको उन्मुक्तिको चाह राख्ने कवि डुम्रेले रुढीवादी विचारबाट महिलाहरू मुक्त भई अगाडि बढ्नुपर्छ भन्ने धारणा राखेका छन् । पृथ्वी, आकाश, मानवको सृष्टिजस्ता दार्शनिक विचारहरू समेटिएको यस काव्यमा विभिन्न रसहरूको प्रयोग स्वाभाविक रूपमा गरिएको छ । यस काव्यमा प्रयुक्त रसहरूलाई यसप्रकार तालिकामा देखाइएको छ ।

**तालिका सङ्ख्या ३ क**

| क्रम | रस | सर्ग | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | – | ४७ | ८ |
| २. | वीर | – | ६२ | ११ |
| ३. | शान्त | – | २ | १ |

(क) **वीररस**

उत्साह स्थायीभाव, शत्रु, विरोधी आलम्बन विभाव, बल, शक्ति उद्दीपन विभाव, सहायताको खोजी गर्वपूर्ण बोली अनुभाव र आवेग, गर्व आदि व्यभिचारी भाव भएको रसलाई नै वीररस भनिन्छ ।

वीरङ्गना युद्ध गरी लडेका
बैरीहरूका मुटु नै चिरेका
छियाछिया शत्रुहरू बनाइ
बैरीहरूलाई उता भगाइ ।

– पद्य ६२, पृ. ११

नारीहरूले लडाइँमा देखाएको उत्साह स्थायीभाव, बैरी वा शत्रुहरू आलम्बन विभाव, युद्धभूमि उद्दीपन विभाव र क्रोधित हुँदै शत्रुहरूमाथि आक्रमण गर्नु अनुभाव र शत्रुसँग विजय प्राप्त गर्दा गरेको गर्व व्यभिचारी भाव भएको उक्त कवितांशमा वीररस अभिव्यञ्जित भएको छ । युद्धमैदानमा नारीहरूले देखाएको वीरतालाई कविले वीररसमा यसरी अभिव्यक्त गरेका छन् ।

(ख) **शान्तरस**

यस रसको स्थायीभाव सम हुन्छ । अनित्य संसार र ईश्वर आलम्वन विभाग, भजनकीर्तन, प्रार्थना, साधुसन्त उद्दीपन विभाग, उमङ्ग सन्तोष अनुभाव र स्मृति, मति आदि व्यभिचारी भाव भएको रस नै शान्तरस हो । सम स्थायीभाव भएको यस रसको प्रयोग कविले संसारको सुरम्य वातावरणको चित्रण यसरी गरेका छन् :

संसार नै दिव्यपुरी सुनौला
जस्तो भयो दिव्य प्रभात नौला
पंछी गरे खल्बल चल्बलादि
रमाइलो भो जगतै मिठासी ।

– पद्य २, पृ. १

शान्त प्रकृतिको वातावरणबाट उत्पन्न स्थायीभाव, यो संसार आलम्बन विभाग, शान्त प्रकृतिबाट प्राप्त उमाङ्ग वा सन्तोष अनुभाव र त्यही शान्त प्रकृतिको सम्झना वा स्मृतिको भाव पाइने उक्त कवितांशमा शान्तरस अभिव्यञ्जित भएको छ ।

### ४.१.२.१.३ अलङ्कार

शिल्प पक्षलाई भन्दा भाव पक्षलाई जोड दिइएको यस काव्यमा विभिन्न अलङ्कारहरूको प्रयोग स्वाभाविक रूपमा गरिएको छ । यस लघुकाव्यमा कविले अन्त्यानुप्रासयुक्त कविताहरूमा विभिन्न शब्दालङ्कार र अर्थालङ्कारहरूको प्रयोग गरेका छन् । तिनलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ३ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | सर्ग | पद्य | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | – | उपमा | – | ८, ८४, १२७, १३२ | २, १५, २२, २३ |
| २. | – | रूपक | – | ६८, ७० | १२ |
| ३. | यमक | – | – | १३३ | २३ |

**(क) उपमा अलङ्कार**

प्रस्तुत काव्यमा उत्कृष्ट उपमा अलङ्कारका प्रयोगहरू प्रशस्त पाइए पनि यहाँ उदाहरणका लागि एउटा प्रस्तुत गरिएको छ :

विकास वा उन्नतिले भराइ
जहाँतहीँ रम्झम गान गाइ
संसार नै स्वर्गसरी बनाऊन्
धर्ती यिनी ता पनि लौ रमाउन् ।

– पद्य १२७, पृ. २२

यहाँ उपमेय – संसार, उपमान – स्वर्ग, वाचक शब्द – सरी र धर्म – बनाउनु को प्रयोग गरिएकोले उपमा अलङ्कारको आयोजना पाइएको छ ।

**(ख) रूपक अलङ्कार**

उपमेयमा उपमानको अभेद आरोप गरी फलानु फलानु नै हो भन्नुलाई रूपक अलङ्कार भनिन्छ । उपमेय र उपमानमा अभेद वा अभिन्नता देखाइने हुँदा यसमा वाचक शब्दको प्रयोग गरिएको हुँदैन ।[७] यस काव्यमा प्रयुक्त एक रूपक अलङ्कारलाई यहाँ प्रस्तुत गरिएको छ :

माता यिनी हुन् पृथिवी भवानी
नारी भनी भन्दछ जीव ज्ञानी
पाल्छिन् यिनी जीवन लाखलाख
उब्जाउँदै अन्न र सागपात ।

– पद्य ७०, पृ. १२

यहाँ आमा, माता वा जननीलाई नै पृथ्वी मानिएको छ । तुल्यतावाची शब्दको प्रयोग नगरी अभेद आरोप गरिएको हुनाले यस कवितांशमा रूपक अलङ्कारको आयोजना पाइएको छ ।

**४.१.२.१.४ छन्द**

भावुक कवि केशवराज डुम्रेले आफ्नो मनका विभिन्न अनुभूतिहरूलाई यस काव्यमा शास्त्रीय वर्णमात्रिक छन्दमा अभिव्यक्त गरेका छन् । समाजमा नारी र पुरुषका बीचमा गरिएको विभेदलाई देख्दा दु:खी र चिन्तित बन्न पुगेका कविका मनभित्र उब्जिएका विभिन्न भावहरू प्रस्तुत गर्ने क्रममा कहीँकहीँ मात्राको गिरावट र कतैकतै छन्दविचलन हुन पुगेको पाइन्छ ।

---

७ ईश्वर बराल र अन्य (सम्पा.), पूर्ववत्, पृ. ५४-५५ ।

कवि डुम्रेको यो प्रथम शास्त्रीय कृति भएको र उनी आभ्यासिक अवस्थामा रहेकोले गर्दा कृतिमा सामान्य परिमार्जन गर्नु आवश्यक देखिएको छ । यस कृतिमा कविले शास्त्रीय वर्णमात्रिक विविध छन्दको प्रयोग गरेका छन् । तिनलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ३ ग**

| क्रम | वार्णिक | मात्रिक | गीति | सर्ग | पद्य | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १. | उपजाति | – | – | – | ९५ | १-२३ |
| २. | उपेन्द्रवज्रा | – | – | – | १८ | १-२२ |
| ३. | इन्द्रवज्रा | – | – | – | २२ | १-२३ |
| ४. | वसन्ततिलका | – | – | – | ५ | २४ |

**(क) उपेन्द्रवज्रा छन्द**

एघार अक्षरको एक पाउ हुने उपेन्द्रवज्रा छन्द वार्णिक भेदअन्तर्गत पर्दछ । यस काव्यमा उपेन्द्रवज्रा छन्दको प्रयोग गरेर कवि डुम्रेले उत्कृष्ट श्लोकहरूको रचना गरेका छन् । तीमध्ये एकलाई यहाँ उदाहरणको रूपमा प्रस्तुत गरिएको छ :

कहाँ अनेकौं छन विघ्नबाधा
हटाउँदै जीवनदान आधा
दिन्छिन् उनीले शिशुलाई न्यानो
प्रकाशको जीवन रम्य छानो ।

– पद्य ७६, पृ. १३

५ र ६ मा विश्राम हुने यस ११ अक्षरको एक पाउ हुने (ज, त, ज, गु, गु) उपेन्द्रवज्रा छन्दमा कविले सन्तानको स्याहारमा जुटेकी ममतामयी आमाको जिम्मेवारीको वर्णन गर्दै पिताका तुलनामा माताकै दायित्व बढी रहेको कुरालाई उपेन्द्रवज्रा छन्दमा उक्त कवितांशमा प्रस्तुत गरेका छन् ।

**(ख) उपजाति छन्द**

वार्णिक भेदअन्तर्गत पर्ने उपजाति छन्दमा इन्द्रवज्रा र उपेन्द्रवज्रा दुवै छन्दको प्रयोग गरिएको हुन्छ । यस काव्यमा उपजाति छन्दका थुप्रै उत्कृष्ट श्लोकहरू रहेका छन् । तीमध्ये एकलाई उदारणार्थ प्रस्तुत गरिएको छ :

शरीरका अङ्गहरू समान
मस्तिष्कका ज्ञान पनि समान
यी रक्तका शीतल बूँद-बूँद
समान नै छन् सब यी सबूत ।

– पद्य १०८, पृ. १९

कविले नारी र पुरुषका बीचमा कुनै भिन्नता छैन, सबै अङ्गप्रत्यङ्गहरूले दुवैका बीचमा समानता देखाइरहेका छन् भन्ने भावलाई उपजाति छन्दमा व्यक्त गरेका छन् । यस कवितांशमा उपेन्द्रवज्रा (ज, त, ज, गु, गु) र इन्द्रवज्रा (त, त, ज, गु, गु) दुवै छन्दको मिश्रित प्रयोग पाइएकोले यो उपजाति छन्दको श्लोक हुन पुगेको हो ।

नेपाली गद्य, पद्य र नाटकका साथै अङ्ग्रेजीमा समेत कलम चलाउने कवि केशवराज शर्मा डुम्रेले नारी समानताका पक्षमा वकालत गरेका छन् । नारीप्रेमी कवि डुम्रे समाजमा देखिएको लिङ्गभेदबाट अत्यन्त चिन्तित हुँदै तिनै आफ्ना मनमा उब्जिएका उकुसमुकुस भएका भावलाई यस काव्यमा समेटेका छन् । तिनै भावाभिव्यक्तिको सँगालो यस काव्यमा भावपक्ष शिल्पपक्षभन्दा सबल बन्न पुगेको छ । वर्णविन्यास र भाषिक पक्ष केही दुर्बल अवस्थामा यस काव्यमा रहे पनि समग्रमा भने काव्य उच्चकोटिको बन्न पुगेको छ । नवलपरासी जिल्लामा शास्त्रीय छन्दका कृतिहरूको अल्पतालाई यसले पूर्णता दिने काम गरेको छ । कविको प्रथम शास्त्रीय छन्दको कृति भएकोले केही त्रुटिहरू देखिनु स्वाभाविकै मानिएको छ । उनले शास्त्रीय छन्दमा प्रथम कृति लघुकाव्य लिएर देखिनु र नारीकै पक्षमा समेत वकालत गर्नु उनका सबल पक्षहरू देखिएका छन् । नवलपरासी जिल्लाका शास्त्रीय कृतिहरूको उचाइमा यस कृतिले एक ईटा थप्ने काम गरेको छ र अल्पायुमा नै असामयिक निधन हुन पुगेकोले गर्दा कविबाट थप कृतिहरू पाठकसामु आउन नपाए पनि यसै कृतिमार्फत् उनी नवलपरासी जिल्लाका एक शास्त्रीय कविका रूपमा चिरपरिचित बन्न पुगेका छन् ।

## ४.१.३ केशवानन्द सापकोटाको काव्य

### ४.१.३.१ 'भक्ति भागीरथी' कवितासङ्ग्रह

**भक्ति भागीरथी** कवितासङ्ग्रह कवि केशवानन्द सापकोटाको वि.सं. २०३४ मा प्रकाशित एकमात्र कृति हो । ३२ पृष्ठसङ्ख्या रहेको यस लघुआकारको कृतिमा कवि सापकोटाका १० ओटा कविता र अन्य ७ जना कविहरूका एकएकओटा गरी जम्मा १७ ओटा कविताहरू सङ्कलित छन् । जय भारत प्रेस वाराणसीमा छापिएको यस कृतिको अग्रभागमा श्रीकृष्ण भगवान्को चित्र अङ्कित छ । दोस्रो पृष्ठमा कविले भगवान्सँग गरेको प्रार्थना र उनकै ध्यानमुद्राको तस्वीर राखिएको छ । *आफ्नो कुरा* नामक भूमिकामा कविले भगवान्, राजा, सहयोगी मित्रहरू सबैको सहयोगको प्रशंसा गरेका छन् । *सम्मतिहरू* शीर्षकमा डिल्लीप्रसाद आचार्य, *श्री निम्बभास्करमहागुरवे नमः* शीर्षकमा गोपालशरण शास्त्री, *भागीरथीप्रति* शीर्षकमा जगन्नाथ शर्मा कँडेल र श्री रङ्गलक्ष्मी संस्कृत महाविद्यालय वृन्दावनका व्याकरण वेदान्ताचार्य मधुसूदनाचार्य वेदान्तीले शुभकामना दिएका छन् ।

४.१.३.१.१ **विषयवस्तु**

**भक्ति भागीरथी** कवितासङ्ग्रहमा कवि सापकोटाका साथै अन्य कविहरूका कविताहरू पनि रहेका छन् । तिनमा *मौका छ छोपौँ* कविता जगन्नाथ शर्मा कँडेल, *हास्यास्पद कुरो* कविता गोविन्दराज विनोदी, *दुई श्लोक* कविता मुक्तिनाथ शास्त्री, *हरिभक्त* कविता देवराज शास्त्री, *मङ्गलाचरण* कविता पं. लक्ष्मीशरण पौडेलका कविता भूमिकाका रूपमा छन् भने *ढकालज्यूको भावना* कविता, शिवप्रसाद ढकालको *नराणाञ्च नराधिप* पं. नन्दलाल पौडेलको कविताचाहिँ कविका भनाइहरू हुन् । आध्यात्मिक चिन्तनबाट अभिप्रेरित कवि केशवानन्दले यसै कृतिका माध्यमबाट समाजमा व्याप्त अशान्ति हटाई सबैलाई आध्यात्मिक मार्गमा लाग्न आह्वान गरेका छन् । उनले धर्म, ईश्वर, देशप्रेम आदि विषयवस्तुमा आधारित रहेर कविताको रचना गरेका छन् । श्रीकृष्ण भगवान्, पाञ्चायन (गणेश, सूर्य, देवी, विष्णु, शिव) देवता, पवित्र गङ्गाहरूको साथै ईश्वरभक्ति र देशभक्ति आदि विषयवस्तुको कविता रचना गरेका छन् ।

४.१.३.१.२ **रस**

भक्ति भावनाबाट अभिप्रेरित भएर रचिएको यस सङ्ग्रहका कवितामा कविले विविध रसको प्रयोग गरेका छन् । ईश्वर वन्दनामा शान्तरस र ईश्वरप्रति भक्ति वा आस्था नभएका मानिसहरूको दीनहीन अवस्थाको चित्रणमा करुणरसको प्रयोग स्वाभाविक रूपमा भएको पाइन्छ । यसलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ४ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | प्रात:स्मरणीय तीर्थ-प्रार्थना | ३, १४ | १३-१४ |
| २. | शान्त | दोस्रो प्रार्थना | ५, ८ | ११ |
| | | पहिलो प्रार्थना | १–३ | १० |

**(क) करुणरस**

प्रस्तुत काव्यमा करुणरससिक्त श्लोकहरूमध्ये एकलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

रोयो अनाथ प्रिय बालक घुँक्कघुँक्क
आमा हजूर विनु हुन्न नि बाल ढुक्क
वर्षा हुँदा जसरी पानी बहीरहन्छ
उस्तैगरीकन त रोइ पुकार गर्छ ।

– *प्रात:स्मरणीय तीर्थ-प्रार्थना,* पद्य ३

यहाँ आमा वा जगज्जननी माताको अनुपस्थितिले गर्दा उत्पन्न शोक स्थायीभाव, उनै माता आलम्बन विभाव, आमाको सम्झना उद्दीपन विभाव, बालकको रुवाइ, पुकारा अनुभाव र आमाको सम्झना गर्दै चिन्ता प्रकट गर्दा व्यभिचारी भाव उत्पन्न भएकोले उक्त कवितांशमा करुणरस अभिव्यञ्जित भएको छ ।

#### ४.१.३.१.३ अलङ्कार

केशवानन्द सापकोटाद्वारा रचित प्रस्तुत कवितासङ्ग्रहमा ईश्वरको स्तुति गरिएको छ । त्यसैले गर्दा यस सङ्ग्रहलाई भजनसङ्ग्रह पनि भन्न सकिन्छ । यस सङ्ग्रहमा प्रयुक्त अलङ्कारहरूलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ४ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविता | पद्य | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | – | उपमा | प्रात:स्मरणीय | १२ | १३ |
| | – | – | पहिलो प्रार्थना | ३ | १० |
| २. | – | रूपक | प्रात:स्मरणीय | ८, १० | १३ |
| ३. | – | दृष्टान्त | प्रात:स्मरणीय | ३ | १२ |

**(क) उपमा अलङ्कार**

कविले आफूलाई एक टुहुरोसँग तुलना गर्दै उपमा अलङ्कारको आयोजना गरी कविताको रचना गरेका छन् । उनको अभिव्यक्ति उपमा अलङ्कारमा यस्तो रहेको छ :

तिम्रो म बालक भएर अधम रहेछू
दुष्पुत्र नै भइ मुमा म पतीत नै छू
आमा छँदा पनि हरे टुहुरो सरीको
पारी मलाई तिमीले किन चुप रहेको ।

– *प्रात:स्मरणीय तीर्थ-प्रार्थना,* पद्य १२

यहाँ उपमेय – म, उपमान – टुहुरो, वाचक शब्द – सरी र धर्म – पार्नु को प्रयोग पाइएकोले उक्त कवितांशमा उपमा अलङ्कारको आयोजना हुन पुगेको छ ।

#### ४.१.३.१.४ छन्द

प्रस्तुत कवितासङ्ग्रह देवी, देवता, तीर्थस्थल आदिको प्रार्थना गरिएको एक भजनसङ्ग्रहको रूपमा रहेको छ । यस सङ्ग्रहमा रहेका कविका १० ओटा कविताहरूमा

वर्णमात्रिक शास्त्रीय छन्दको प्रयोग गर्ने प्रयास गरिएको छ । कविताहरू छान्दिक नियमभित्र समेटिएका नभई छन्दको लयानुकरणमा रचिएका छन् । यस सङ्ग्रहमा प्रयुक्त छन्दहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ४ ग**

| क्रम | वार्णिक | मात्रिक | गीति | कवितासङ्ख्या | पद्यसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | भुजङ्गप्रयात | – | – | २ | ९, १४ |
| २. | मालिनी | – | – | १ | ३ |
| ३. | शार्दूलविक्रीडित | – | – | १ | ३५ |
| ४. | – | – | लोकलय | ६ | १६, ९, १२, ७, ९, ३ |

**(क) शार्दूलविक्रीडित छन्द**

*जीवनोपयोगी कुराहरू* शीर्षकको कवितामा कविले शार्दूलविक्रीडित छन्दको प्रयोग गरेका छन् । यस छन्दका ३५ श्लोक कविताहरूमध्ये एक श्लोक यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

देख्छु रूप अनेक यस्भवमहाँ साक्षात् भनी ठान्दछु
देखी जानी बुझीकनै पनि अहो ! चुप्झैँ म ता मान्दछु
निष्ठा ध्यान विचार भक्ति गुण औ ज्ञान्ले रहित्झैँ म छु
राधा श्री जननी भनी भनि सदा तिम्रै शरण पर्दछु ।

– *जीवनोपयोगी कुराहरू*, पद्य ३

यस कवितांशमा कविले १९ अक्षरको एक पाउ हुने शार्दूलविक्रीडित छन्दको प्रयोग गरेर राधा माताको वन्दना गरेका छन् ।

ईश्वर भक्तिसँग सम्बन्धित **भक्ति भागीरथी** कवितासङ्ग्रह साहित्यिक दृष्टिले भन्दा पनि आध्यात्मिक दृष्टिले महत्त्वपूर्ण रहेको छ । यसमा शास्त्रीय वर्णमात्रिक छन्दका अतिरिक्त लोकलयको पनि प्रयोग गरिएको छ । छन्दगत, वर्णगत त्रुटिहरू प्रशस्त रहेको यस सङ्ग्रहका कवितामा कवित्व पक्ष दुर्बल रहेको पाइन्छ । कृति प्रकाशन प्राय: शून्य अवस्थामा रहेको समयमा यस कृतिको प्रकाशन हुनुले गौरव नै मान्ने अवस्था रहेको देखिन्छ । जेहोस् उनले शास्त्रीय छन्दमा कविताको रचना गरेर कृति प्रकाशन गर्ने जुन काम गरे त्यसको प्रशंसा गर्नु उपयुक्त नै ठानिएको छ । यसरी शास्त्रीय कृतिको रचना गरेर नवलपरासी जिल्लाको साहित्यिक भण्डार भर्ने उनको योगदान उच्च रहेको छ र उनी यस जिल्लाका एक अविस्मरणीय शास्त्रीय कवि व्यक्तित्व हुन् ।

## ४.१.४ खेचरनाथ नेपालको काव्य

### ४.१.४.१ '**नलदमयन्ती**' काव्य

**नलदमयन्ती** काव्य श्रीमती माधवी नेपालद्वारा वि.सं. २०५८ मा प्रकाशित कवि खेचरनाथ नेपालको प्रथम पुस्तकाकार कृति हो । १२८ पृष्ठसङ्ख्या रहेको यस काव्यमा २९ उठान रहेका छन् । भगवान्का विभिन्न अवस्थाका चित्रहरू यस काव्यको मुखपृष्ठमा छापिएको छ । स्वर्गीय पिता दामोदर उपाध्यायप्रति समर्पित उक्त काव्यमा गोपीकृष्ण शर्माले *नलदमयन्ती काव्यबारे* भूमिकालेख लेखेका छन् । यस शीर्षक लेखमा प्राध्यापक शर्माले अलङ्कार संयोजन र छन्दविधान दुवैतर्फ कविको दृष्टि सचेत रहेकोले गर्दा प्रथम कृति भएर पनि उच्चकोटिको छ भन्दै कवि नेपालको कवित्वपूर्ण प्रयासको प्रशंसा गरेका छन् । *नलदमयन्तीका कवि र काव्य* शीर्षकात्मक भूमिकालेखमा होमनाथ शर्माले कविको सराहना गरेका छन् । *लेखकीय* भूमिकामा कवि स्वयम्ले वयोबृद्ध अवस्थामा पत्नी माधवीको वातावरणीय कुशल संयोजनद्वारा उक्त कृतिको प्रकाशन सम्भव हुन पुगेको कुरा व्यक्त गरेका छन् । महाभारतको वनपर्वको प्रसङ्गमा आधारित रहेर उक्त कृतिको रचना गरिएको छ ।

#### ३.१.४.१.१ **विषयवस्तु**

**नलदमयन्ती** काव्य महाभारतको वनपर्वलाईलाई उपजीव्य बनाएर रचना गरिएको छ । वनबासको सजायँ भोगी वनमा रहेका अर्जुन दाजुभाइको सल्लाह लिई इन्द्रनील पर्वतमा पुगेर सुरेश्वर इन्द्रको दर्शन र किराँतरूप शङ्कर भगवान्सँग भेट हुँदा युद्धबाट खुसी भएका भगवान्ले पाशुपतास्त्र र वरदान दिए पनि तपस्यारत हुँदै स्वर्गमा पुगेका, यता काम्यक वनमा बसेका पाण्डवहरू अर्जुन आइनपुग्दा चिन्ताग्रस्त भएका युधिष्ठिरले दुःख प्रकट गरेका समयमा वृहदश्व ऋषि आई युधिष्ठिर र उनका भाइहरूलाई सुनाएको नलदमयन्तीको कथाको प्रसङ्गलाई कविले यस काव्यमा विषयवस्तु बनाएका छन् ।[८] नल र दमयन्तीको प्रेमकथा नै प्रमुख विषयवस्तु रहेको यस काव्यका २९ उठानमा वर्णन गरिएको कथावस्तु यसप्रकार रहेको छ :

| | | |
|---|---|---|
| प्रथम उठान | : | अर्जुन अस्त्रका लागि इन्द्रलोक गएपछि काम्यक वनमा रहेका पाण्डवहरूले चिन्ता गर्दा वृहदश्व ऋषिले नल र दमयन्तीको कथा सुनाई चिन्ता नलिन आग्रह गरेको कुरा उल्लेख गरिएको छ । |
| द्वितीय उठान | : | वीरसेनका पुत्र नलको वर्णन, दयमन्तीको जन्म, यौवनकालको वर्णन, नलले समातेको सुवर्ण प्वाँखे हाँसले दमयन्तीसँग गएर नलको वर्णन गरेको प्रसङ्ग उल्लेख गरिएको छ । |

८ लक्ष्मी पाण्डे, **कवि खेचरनाथ नेपालको नलदमयन्ती खण्डकाव्यको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६३, पृ. ६९ ।

| | | |
|---|---|---|
| तृतीय उठान | : | हाँसबाट सुनेको नलको कथाबाट प्रभावित दमयन्तीमा नलप्रति प्रेमभाव उत्पन्न, दमयन्तीको स्वयम्बरको वर्णन, सबै देवताहरू, राजाहरूको उपस्थिति भएको प्रसङ्ग उल्लेख गरिएको छ । |
| चौथो उठान | : | इन्द्रको दूत बनेर नल राजा दमयन्तीलाई भेट्न पुग्नु, इन्द्रको खबर दमयन्तीसामु पुऱ्याउने जस्ता प्रसङ्गको वर्णन गरिएको छ । |
| पाँचौं उठान | : | दमयन्तीले नललाई आफूलाई स्वीकार गर्न आग्रह गर्नु र नलले देवतालाई नै वरण गर्न सल्लाह दिँदा दमयन्तीले उक्त कुरा अस्वीकार गरेको कुराको वर्णन गरिएको छ । |
| छैटौं उठान | : | स्वयम्बरस्थल सबै अतिथिहरूले भरिभराउ, नललाई माला पहिऱ्याएपछि उनीहरूको धुमधामसँग बिहे सम्पन्न, नलदमयन्ती नैषध राज्यमा प्रवेश गर्दा नैषधीय जनताबाट भव्य स्वागत गरिएको प्रसङ्ग उल्लेख गरिएको छ । |
| सातौं उठान | : | कलि इन्द्र संवाद, देवतालाई छाडेर नललाई वरण गरेकोमा कलि क्रोधित, नलको मनमा बसेर कलिले जुवा खेलाई उनीहरूको खुसी खोसिदिने कुरा व्यक्त गरिएको छ । |
| आठौं उठान | : | १२ वर्षको पर्खाइपछि नलको मनमा कलिको प्रवेश, पुष्करलाई दाजु नलसँग जुवा खेल्न कलिद्वारा उक्साहट, जुवामा नलको हार भएको प्रसङ्ग उल्लेख गरिएको छ । |
| नवौं उठान | : | दमयन्तीले सारथि वार्ष्णेयसँग छोराछोरी विदर्भ राज्यमा पठाइएको प्रसङ्ग व्यक्त गरिएको छ । |
| दसौं उठान | : | सारा सम्पत्ति जुवामा हारेपछि नलदमयन्ती खालि हात वन प्रस्थान, दमयन्तीले विदर्भ जाने कि ? भनी प्रस्ताव राखेको प्रसङ्गको वर्णन गरिएको छ । |
| एघारौं उठान | : | जङ्गलमा दमयन्तीलाई एक्लै छाडेर नल भागेको प्रसङ्ग उल्लेख गरिएको छ । |
| बाह्रौं उठान | : | जङ्गलमा एक्लै भएकी दमयन्तीको विलाप र उनीप्रति कुदृष्टि राख्ने सिकारी भष्म भएको उल्लेख गरिएको छ । |
| तेह्रौं उठान | : | जङ्गलमा भौंतारिँदै नलको खोजी गर्दैजाँदा ऋषि आश्रममा प्रवेश र ऋषिहरूले नलसँग भेट हुने आश्वासन दिएको कुरा वर्णन गरिएको छ । |

चौधौँ उठान : नललाई खोज्दै चेदी राज्यमा पुग्दा राजमाता वरेण्याको आग्रहमा राजकुमारी सुनन्दाकी सहेली भएर बसेको प्रसङ्ग उल्लेख गरिएको छ ।

पन्ध्रौँ उठान : राजा नलबाट कर्कोटक नागको उद्धार, कर्कोटकबाट नललाई कलिले दु:ख दिएको जानकारी, नागबाट नलको स्वरूप परिवर्तन, नागले नललाई अयोध्यामा गएर बस्न आग्रह, रानी र सन्तानसँग छिट्टै भेट हुने आश्वासन दिइएको प्रसङ्ग उल्लेख गरिएको छ ।

सोह्रौँ उठान : अयोध्याका राजा ऋतुपर्णले नललाई बाहुक नामक अश्वचालकमा नियुक्त, नलद्वारा दमयन्तीको सम्झना गरिएको प्रसङ्गको वर्णन गरिएको छ ।

सत्रौँ उठान : राजा भीमबाट छोरी-ज्वाइँलाई खोजेर ल्याउनेलाई पुरस्कार दिने घोषणा र सुदेवको दमयन्तीसँग भेट भएको प्रसङ्गको वर्णन गरिएको छ ।

अठारौँ उठान : सुदेवले राजमाता वरेण्यालाई दमयन्तीको जानकारी दिनु, दमयन्ती विदर्भ प्रस्थान, नललाई खोज्न सबैसँग आग्रह गरिएको कुरा उल्लेख गरिएको छ ।

उन्नाईसौँ उठान : दमयन्तीको भोलि स्वयम्बर हुँदैछ भन्ने झूटो खबर अयोध्यामा पठाएको प्रसङ्गको वर्णन गरिएको छ ।

बीसौँ उठान : बाहुकरूपी नल र ऋतुपर्ण राजा विदर्भ प्रस्थानको प्रसङ्ग उल्लेख गरिएको छ ।

एक्काईसौँ उठान : नलले ऋतुपर्णबाट द्यूतविद्या प्राप्त गर्नासाथ नलको देहबाट कलि निस्कनु, डराएको कलिलाई नलले माफी दिनु, उनीहरू विदर्भ पुग्नुजस्ता घटनाको वर्णन गरिएको छ ।

बाईसौँ उठान : ऋतुपर्णलाई राजा भीमद्वारा स्वागत, दमयन्तीद्वारा तबेलामा बसेका व्यक्तिलाई बुझ्न कौशिकीलाई पठाएको प्रसङ्ग आएको छ ।

तेईसौँ उठान : बाहुकरूपी नलसँग कौशिकीले गरेको प्रश्न र नलले दिएको उत्तरको प्रसङ्गको वर्णन गरिएको छ ।

चौबीसौँ उठान : कौशिकीद्वारा नलको चियो, नलका छोराछोरी लिएर कौशिकी नलका छेउमा गएको प्रसङ्गको वर्णन गरिएको छ ।

पच्चीसौँ उठान : आमाबाबुबाट आज्ञा लिएर दमयन्तीको बहुकरूपी नलसँग भेट, बाहुकले आफू नल भएको कुरा स्वीकार, नललाई पूर्वरूप प्राप्त, नल र दमयन्तीको पुनर्मिलन भएको अवस्थाको चित्रणजस्ता घटनावलीको वर्णन गरिएको छ ।

छब्बीसौँ उठान : भीम, ऋतुपर्णसँग नल, दमयन्तीको भेट, नलबाट ऋतुपर्णलाई अश्वविद्या प्राप्त भएको कुरा उल्लेख गरिएको छ ।

सत्ताईसौँ उठान : नल र दमयन्ती नैषध राज्यमा प्रवेश, नलद्वारा पुष्करलाई जुवा खेल्ने कि युद्ध गर्ने भनी प्रस्ताव राख्नु, जुवामा नलले हारेको सम्पूर्ण राज्य प्राप्त र नलबाट पुष्करलाई माफी प्रदान हुनुजस्ता प्रसङ्गको वर्णन गरिएको छ ।

अठ्ठाईसौँ उठान : नलद्वारा गरिएको दान, धर्मको वर्णन, वृहदश्व ऋषिबाट पाण्डवहरूलाई चिन्ता नगर्न आग्रह गरिएको छ ।

उनन्तीसौँ उठान : नलदमयन्तीको कथा पाण्डवहरूलाई सुनाएर वृहदश्व ऋषि प्रस्थान र वैशम्पायनले जन्मेजयलाई जुवा कहिल्यै खेल्न नहुने कुरा व्यक्त गरिएको छ ।

४.१.४.१.२ **रस**

कवि खेचरनाथ नेपाल पूर्वीय काव्यमान्यतालाई पूरै परिपालना गर्ने खालका देखिएका छन् । उनका कविताका प्रत्येक शब्दशब्द रससिक्त छन् । लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल र माधवप्रसाद घिमिरेका हाराहारीमा नै कवि नेपाल पनि पुगेका छन् । उनको यस सुखान्त काव्यले पाषाणहृदयीलाई समेत पगाल्न सक्ने कारुणिक पक्षको चित्रण भएकोले **नलदमयन्ती**लाई करुणरसप्रधान कृति मान्न सकिने खालको रहेको छ ।[९] यस काव्यमा करुणरसका अतिरिक्त अन्य विविध रसहरूको पनि प्रयोग गरिएको छ । नल र दमयन्तीको विषयवासनामा शृङ्गाररस, नल र दमयन्तीले भोग्नुपरेको दुःखद स्थितिमा करुणरस, दमयन्ती सिकारीसँग रिसाउँदा रौद्ररस, सिकारी र कर्कोटक नागको मृत्यु हुँदा बीभत्सरस, जङ्गलमा एक्लै हिँड्की दमयन्ती जङ्गली जनावरसँग भयभीत हुँदा भयानकरस, दमयन्तीले सिकारीलाई नष्ट गर्दा वीररस, नल-दमयन्तीको स्वयम्बर, राज्य सञ्चालन, पुनर्मिलनमा शान्तरस प्रकट भएको छ । रसैरसको भण्डार मान्न सकिने यस काव्यमा प्रयुक्त विविध रसहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

---

९ गोपीकृष्ण शर्मा, *नलदमयन्ती काव्यबारे*, **नलदमयन्ती**, खेचरनाथ नेपाल, (नवलपरासी : श्रीमती माधवी नेपाल, २०५८) ।

**तालिका सङ्ख्या ५ क**

| क्रस | रस | सर्ग | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | चौधौँ<br>तेइसौँ | ६१<br>२७-२९ | ६६<br>१०४ |
| २. | बीभत्स | चौधौँ | १६-१८ | ६२ |
| ३. | भयानक | चौधौँ | २४ | ६३ |
| ४. | रौद्र | बाह्रौँ | ४०-४१ | ४७ |
| ५. | वीर | चौधौँ | ४२-४६ | ४७ |
| ६. | शान्त | तेह्रौँ<br>अठ्ठाईसौँ | ४-८<br>६-८ | ४८<br>१२४ |
| ७. | शृङ्गार | छैटौँ | १४-१६ | २१ |

**(क) शृङ्गाररस**

रति वा प्रीति स्थायीभाव, नायक-नायिका आलम्बन विभाव, एकान्तस्थल, बगैँचा उद्दीपन विभाव, परस्परको हेराइ अनुभाव र हर्ष, उन्माद आदि व्यभिचारी भाव भएको रस नै शृङ्गाररस हो ।[१०] यस काव्यमा उत्कृष्ट शृङ्गाररसका प्रशस्त अभिव्यक्तिहरू पाइए पनि एक श्लोक कविता यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

पऱ्यो जसै नेत्र विदर्भजामा
ती अङ्ग-प्रत्यङ्गहरू सबैमा
जहाँ पुगे दृष्टि त्यहीँ अडिए
बढे अगाडि न पछि हटे ए ।

– छैटौँ उठान, पद्य १६

यहाँ विदर्भजा वा दमयन्तीलाई देख्दा उत्पन्न भएको रति वा प्रीति स्थायीभाव, दमयन्ती आलम्बन विभाव, शान्त स्वयम्बरस्थल उद्दीपन विभाग, नायक र नायिकाको परस्परको हेराइ अनुभाव  र दमयन्तीलाई देख्दा मनमा उत्पन्न भएको हर्ष वा उन्माद व्यभिचारी भाव भएकोले शृङ्गाररस अभिव्यञ्जित भएको छ । दमयन्तीको स्वयम्बरस्थलमा उपस्थित राजा, देवताहरू दमयन्तीको सुन्दरताप्रति आकर्षित भएको प्रसङ्गमा कविले शृङ्गारिक अभिव्यक्ति यसरी प्रस्तुत गरेका छन् :

---

१० ईश्वर बराल र अन्य (सम्पा.), पूर्ववत्, पृ. ६९२ ।

(ख)    **करुणरस**

यस काव्यमा करुणरस अङ्गीरसको रूपमा आएको छ । यहाँ करुणरससिक्त कविताका श्लोकहरू प्रशस्त रहेका छन् । तिनैमध्ये एकलाई यहाँ उदाहरणका निम्ति प्रस्तुत गरिएको छ :

आधा सारी स्तनवर दुई ढाकिएको शरीर
झ्याङ्ली भ्याङ्ली मलिन रूपकी केश जिङ्ग्रीङ्ग धेर
यौटा नारी गलित बदना हो कि विक्षिप्तजस्ती
उन्मत्ता भै पथबिच कठै हिँड्दथिन् बस्तीबस्ती ।

– चौधौँ उठान, पद्य ६१

पतिवियोगले चिन्तित बन्दै पतिको खोजीमा भौँतारिएर हिँडेकी दमयन्तीको मनमा उत्पन्न शोक स्थायीभाव, नल राजा आलम्बन विभाव, नलको सम्झना उद्दीपन विभाव, झ्याङ्ली भ्याङ्ली हुँदै चारैतिर हिँडेकी दमयन्तीको अवस्था अनुभाव र दमयन्तीले पतिवियोगमा मानेको चिन्ता वा पतिको स्मृति अनुभाव यस कवितांशमा पाइने हुनाले यहाँ करुणरस प्रकट हुन पुगेको छ ।

### ४.१.४.१.३ अलङ्कार

अलङ्कार संयोजनका दृष्टिले पनि प्रस्तुत काव्य उच्चकोटिको बन्न पुगेको छ । कविकौशलद्वारा सिँगारिएको यस काव्यका कविताका कुनै पनि हरफ अलङ्कारविनाका पाइएका छैनन् । अलङ्कारप्रयोगका दृष्टिले उनी सोमनाथड सिग्द्यालका समकक्षी देखिएका छन् । श्री हर्षले नैषध काव्यमा 'चेतोनलङ्कामयते मदोयम्' भन्ने एउटै पाउलाई दोहोऱ्याएर विभिन्न चार अर्थ लगाएजस्तै कवि नेपालले पनि यहाँ आधार श्लोक दोहोऱ्याएर दोहोरो अर्थ दिने चमत्कार प्रस्तुत गरेका छन् ।[११] कविले यस काव्यमा विभिन्न शब्दालङ्कारका साथै अर्थालङ्कारको समेत प्रयोग गरेका छन् । काव्यमा प्रयुक्त विविध अलङ्कारहरूलाई तालिकामा यसप्रकार देखाइएको छ :

**तालिका सङ्ख्या ५ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | सर्ग | पद्य | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | – | उपमा | २ | १४ | ७ |
| | | | १२ | ४६ | ४७ |
| | | | १८ | १७ | ८२ |
| | | | २२ | १७ | ९९ |
| | | | २५ | ६८ | ११५ |

११ गोपीकृष्ण शर्मा, *नलदमयन्ती काव्यबारे*, **नलदमयन्ती**, पूर्ववत्, पृ. X ।

| | | | | | |
|---|---|---|---|---|---|
| २. | – | उत्प्रेक्षा | २२<br>४<br>२० | ४२<br>२८, ३०<br>३४ | १०१<br>१४<br>९२ |
| ३. | यमक | | ३ | ७-८ | ९ |
| ४. | – | रूपक | ४ | २० | १३ |
| ५. | लाटानुप्रास | – | १७<br>२ | ३२<br>१७ | ७८<br>७ |

प्रस्तुत वस्तुमा अप्रस्तुत वस्तुको आरोप गरिँदा र 'हो कि', 'कि' इत्यादि वाचक शब्दको प्रयोग भएको अलङ्कारलाई उत्प्रेक्षा अलङ्कार भनिन्छ ।[१२]

**(क) उत्प्रेक्षा अलङ्कार**

प्रस्तुत काव्यमा उत्प्रेक्षा अलङ्कारयुक्त प्रशस्त उत्कृष्ट कवितांशको प्रयोग गरिएको छ । तिनैमध्ये एकलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

अतीव राम्रा दिनरातजस्ता
देखी अगाडि नलभूप त्यस्ता
सम्भ्रान्त कन्याहरू फेरि झट्ट
उठे सबै हो कि परेर लट्ट ।

– चौथो उठान, पद्य २८

यहाँ नल राजा प्रस्तुत व्यक्तिलाई अप्रस्तुत दिन र रातसँग आरोप गरिएको र उत्प्रेक्षा अलङ्कारको वाचक शब्द 'हो कि' को प्रयोग गरिएको हुनाले उत्प्रेक्षा अलङ्कारको आयोजना हुन पुगेको छ ।

**(ख) यमक अलङ्कार**

व्यवहारमा तीन अक्षरको समूह सार्थक वा निरर्थक दुवै रूपमा दोहोरिएर यमक अलङ्कार बन्दछ ।[१३] कविले यस काव्यमा यमक अलङ्कारको प्रयोग प्रशस्त ठाउँमा र सहज ढङ्गमा प्रयोग गरेका छन् । तिनैमध्ये एउटा उदाहरण यस्तो छ :

---

१२ ईश्वर बराल र अन्य (सम्पा.), पूर्ववत्, पृ. ५६ ।
१३ ऐजन, पृ. ५१ ।

विचरीका चरीका सरी पाउ छन्
सुनयना नयनाकृति भिन्न छन्
कमलिनी मलिनी अझ ती हुँदा
विरुपकी रुपकी पनि देखिइन् ।

– तेस्रो उठान, पद्य ७

प्रस्तुत कवितांशका प्रत्येक पाउमा सुरुको एक अक्षर छोड्नासाथ तीनतीन अक्षरका समूह सार्थक वा निरर्थक रूपमा दोहोरिएका छन् । विचरीका-चरीका, सुनयना-नयना, कमलिनी-मलिनी, विरूपकी-रूपकी शब्दहरू दोहोरिएर आएका हुनाले यहाँ यमक अलङ्कारको आयोजना गरिएको पाइन्छ ।

**(ग) लाटानुप्रास अलङ्कार**

शाब्दिक अर्थ एउटै भएका तर वाक्यात्मक तात्पर्य भिन्नै प्रकट गर्ने समान शब्दहरूको पुनरावृत्ति भएमा लाटानुप्रास अलङ्कार हुन्छ ।[१४]

प्रशंसा नलको गर्थे अगाडि दमयन्तीको
प्रशंसा नलको गर्थे अगाडि दमयन्तीको

– दोस्रो उठान, पद्य १७

यहाँ कविले दुई पाउमा उस्तैउस्तै शब्दको प्रयोग गरेर पनि फरक अर्थ दिएका छन् । नलको अगाडि दमयन्तीको प्रशंसा र दमयन्तीको अगाडि नलको प्रशंसा गर्थे भन्ने अलग-अलग अर्थ उनै शब्दबाट प्रकट भएकोले लाटानुप्रास अलङ्कारको आयोजना हुन पुगेको छ ।

**४.१.४.१.४ छन्द**

छन्दप्रयोगका दृष्टिले पनि यो काव्य उच्चस्तरको बन्न पुगेको छ । छन्द भङ्ग हुने अवस्थाबाट कवि सचेत रहेकोले गर्दा काव्यमा छन्द भङ्गको अवस्था देखिएको छैन । छन्दयोजनामा सचेत देखिएका कवि विषयवस्तुको वर्णनक्रममा स्वाभाविकता र रोचकता थप्न सक्षम देखिएका छन् । अर्थपूर्ण शैली, भाववहन गर्ने शब्द, अर्थबोध गराउने वाक्य, योजना र सङ्गीत मधुर झङ्कार दिने शास्त्रीय लयसंयोजनले गर्दा यो काव्य निकै आस्वाद्य बन्न पुगेको छ ।[१५] यस काव्यमा शास्त्रीय वर्णमात्रिक विविध छन्दको प्रयोग गरिएको छ । रस र अलङ्कारको प्रयोगमा जस्तै छन्दप्रयोगमा पनि विविधता पाइने यो काव्य शास्त्रीयप्रयोगको एक उत्कृष्ट नमुना बन्न पुगेको छ । कविले यस काव्यमा प्रयोग गरेका विभिन्न छन्दहरूलाई तालिकामा यसप्रकार देखाइएको छ :

---

१४ ऐजन ।

१५ गोपीकृष्ण शर्मा, *नलदमयन्ती काव्यबारे,* **नलदमयन्ती**, पूर्ववत्, पृ. X ।

**तालिका सङ्ख्या ५ ग**

| क्रम | वार्णिक | मात्रिक | गीति | सर्ग |
|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | १, ३, ६, ७, ८, ९, १०, ११, १३, १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७, २९ |
| २. | इन्द्रवंशा | – | – | २८ |
| ३. | इन्द्रवज्रा | – | – | २, १० |
| ४. | उपजाति | – | – | ४, ५, ६, ९, ११, १२, १३, १५, १६, १७, १८, १९, २०, २२, २३, २४, २५, २६, २७ |
| ५. | द्रुतविलम्बित | – | – | ६ |
| ६. | पृथ्वी | – | – | १२, १४ |
| ७. | मन्दाक्रान्ता | – | – | १२ |
| ८. | वंशस्थ | – | – | ८, १४, १५, २५, २८ |
| ९. | शार्दूलविक्रीडित | – | – | १४, २३, २४, २८, २९ |
| १०. | शिखरिणी | – | – | १३ |

**(क) मन्दाक्रान्ता छन्द**

वार्णिक भेदअन्तर्गत पर्ने यस छन्दमा १७ अक्षरको एक पाउ हुने र ४, ६, ७ मा विश्राम हुन्छ । कविले मन्दाक्रान्ता छन्दको प्रयोग गरी द्यूतक्रीडाका कारण पाण्डवहरू वन पस्नुपरेको कटु यथार्थताकै पृष्ठभूमिमा राजा नलले पनि जुवाकै कारणले राज्यच्युत भएर दु:ख पाएको अवस्थाको चित्रण यसरी गरेका छन् :

राजन् खेले नल पनि जूवा थे बडा वीर राजा
हारे आफ्नो सकल धन औ राज्य भै बेसहारा
रानी आफ्नी सँग लिई उनी घुम्दथे वन्य बीच
पर्थे नानाविध दु:खहरू भोग्दथे कष्ट भूप ।

– अठ्ठाईसौँ उठान, पद्य ११

कविले यहाँ मन्दाक्रान्ता (म, भ, न, त, त, गु, गु) छन्दको प्रयोग गर्दै द्यूतक्रीडा कहिल्यै गर्न नहुने कुराको सन्देशसमेत दिएका छन् ।

**(ख) द्रुतविलम्बित छन्द**

१२ अक्षरको संरचना हुने यो छन्द वर्णमात्रिक छन्दअन्तर्गत पर्दछ । यस छन्दको प्रयोग गर्दै कवि नेपालले स्वयम्बरस्थलमा हातमा माला लिएर उभिएकी दमयन्ती नललाई नचिनेर अलमल्ल परेको स्थिति चित्रण यसरी गरेका छन् :

अनल वा नल वा कुन यी परे
यम हुनन् कि हुनन् कि नलै हरे
सुरपति र पति नल भूपति
बरुण वा बरु वा नल कुन् पति

– छैटौँ उठान, पद्य २१

यहाँ १२ अक्षरको एक पाउ हुने, ७ र ५ मा विश्राम हुने द्रुतविलम्बित (न, भ, भ, र) छन्दको प्रयोग गरिएको छ ।

धार्मिक, पौराणिक, साहित्यिक र संस्कृत काव्यको राम्रो अनुशीलन भएका कवि खेचरनाथ नेपाल एक राष्ट्रियस्तरका कवि एवम् प्रख्यात पण्डितका रूपमा चिनिएका छन् । संस्कृतमा मध्यमासम्मको अध्ययन गरेका र साहित्यप्रति अभिरुचि भएका कवि नेपालले महाकवि श्रीहर्षको पाण्डित्यपूर्ण **नैषधीय चरितम्** महाकाव्यलाई आधार बनाएर यस कृतिको रचना गरेका छन् । सामान्य व्यक्तिबाट त्यस्तो पाण्डित्यपूर्ण कृतिको नक्कल हुन सक्दैन । उनी छन्द, रस र अलङ्कार सबै पाटोबाट कृतिलाई उच्च बनाउन सक्ने व्यक्तित्वका रूपमा चिनिएका छन् । उनको प्रथम कृति नै महाकाव्यको स्तरको रहेको छ । यस्तो कृति शास्त्रीय छन्दमा रच्नसक्नु पक्कै पनि उनी प्रातिभ गुणले युक्त भएको हुनुपर्छ । यसरी यस्तो ओजस्वी कृतिको रचना गरेर कवि नेपालले आफ्नो नाम त अमर बनाउन सफल भए नै सँगसँगै नवलपरासी जिल्लाको शास्त्रीय साहित्यिक इतिहासलाई दरिलो र समृद्धशाली बनाउनसमेत सफल बन्न पुगेका छन् ।

## ४.१.५ गोविन्दराज विनोदीका काव्य

### ४.१.५.१ 'मेरो वर्तमानता' कवितासङ्ग्रह

**मेरो वर्तमानता** कवितासङ्ग्रह त्रिवेणी साहित्य परिषद्द्वारा पहिलो काव्यपुष्पका रूपमा वि.सं. २०४७ मा प्रकाशित कवि गोविन्दराज विनोदीको प्रथम पुस्तकाकार कृति हो । यस सङ्ग्रहमा विभिन्न शीर्षकका ४५ ओटा कविताहरू ५६ पृष्ठमा सङ्गृहीत रहेका छन् । नेपाली भाषा र साहित्यको उत्थानमा निरन्तर लागिपर्ने योद्धाहरूलाई समर्पण गरिएको यस काव्यमा कवि मोहन कोइरालाले *परिचयका केही शब्द* नामक भूमिकामा कवि विनोदीको साहित्ययात्राको निरन्तरताको कामना गरेका छन् । यस काव्यमा प्रकाशकीयको भूमिका पुष्पराज कोइरालाले निर्वाह गरेका छन् भने नारायणप्रसाद खनालले *मेरो वर्तमानता:*

*शुभकामनाका दृष्टिमा* नामक भूमिकामा काव्यको सङ्क्षिप्त विश्लेषण गरेका छन् । यस कृतिको दोस्रो संस्करण 'विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेड', गैँडाकोट, नवलपरासीद्वारा वि.सं. २०६३ मा प्रकाशन भएको छ । यस संस्करणमा कविका ४६ ओटा कविताहरू ६८ पृष्ठमा सङ्गृहीत छन् । आफूले वर्तमान जीवनमा देखेका, भोगेका जीवनका जटिलता, सामाजिक रूपमा रहेका खराब संस्कृति, कमी-कमजोरी आदि विविध विषयवस्तुलाई कविले यस सङ्ग्रहका कवितामा समेटेका छन् ।

### ४.१.५.१.१ विषयवस्तु

**मेरो वर्तमानता** कवि गोविन्दराज विनोदीको छन्दोबद्ध कवितासङ्ग्रह हो । प्रगीतात्मक कविता संरचनामा निर्मित यस सङ्ग्रहमा कविले विविध विषयवस्तुको प्रयोग गरेका छन् । यस सङ्ग्रहका कवितालाई विशेषगरी राष्ट्रियचेतनाका कविता, उन्मुक्तिका स्वरका कविता, पेसागत अनुभूतिसँग सम्बन्धित कविता, सामाजिक व्यङ्ग्यका कविता र आदर्श-उपदेशात्मक कविता गरी पाँच भागमा विभाजन गरिएको छ ।[१६] समग्रमा कविताहरूले वैचारिक, सांस्कृतिक, सामाजिक भोगाइका अनुभवहरू, सामाजिक विकृति र विसङ्गतिहरू, मानवीय आदर्शका विषयहरू, मानवीय स्वतन्त्रताका चाहनाहरू, नवीन मूल्यबोध, विद्रोह चेतना, देशप्रेम, मानवतावादी अभिरुचि, सामाजिक विकृतिबाट उत्पन्न पीडाबोध, प्रकृतिप्रेम, प्रजातन्त्रप्राप्तिपछिको समाजमा व्याप्त असङ्गतिहरूप्रति असन्तुष्टि र व्यङ्ग्य प्रहार आदिलाई विषयवस्तु बनाएका छन् । कवि समाजप्रति संवेदनशील, दायित्वपूर्ण, राष्टिरूय चेत एवम् देशभक्तिको भावनाले भरिएका हुनाले सामाजिक विकृति, विसङ्गतिप्रति कविको क्षोभ छ, समाजमा छाएको राष्ट्रिय मूल्यहीनताप्रति कविमा वेदना छ, त्यसैले उनले आफ्ना कविताहरूमा व्यङ्ग्यबाण पनि उत्तिकै प्रहार गरेका छन् ।[१७] वर्तमान समाजमा देखिएका, भेटिएका र भोगेका विविध समस्याहरू महङ्गी, अभाव, शोषण, दमन, अन्याय, अत्याचार आदिका साथै देशप्रेम, प्रकृतिप्रेम, संस्कृतिप्रेम आदि विविध विषयवस्तुसँग सम्बन्धित कविताहरू यस सङ्ग्रहमा समेटिएका छन् ।

### ५.१.५.१.२ रस

गोविन्दराज विनोदी एक सहज कवि हुन् । पूर्वीय काव्यमान्यतालाई आधार बनाएर शास्त्रीयताको परिपालना गर्दै लेखिएको यस सङ्ग्रहका कविताहरूमा प्रसाद, माधुर्य आदि गुण र विविध रसहरूको प्रयोग गरिएको छ । आस्वादका दृष्टिमा यी कविताहरूले अन्यायीहरूलाई

---

१६ नारायणप्रसाद खनाल, *मेरो वर्तमानता : शुभकामनाका दृष्टिमा,* **मेरो वर्तमानता**, गोविन्दराज विनोदी, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४७), पृ. X ।

१७ डी.आर्. पोखरेल, *मेरो वर्तमानतालाई नियाल्दा,* **मेरो वर्तमानता**, गोविन्दराज विनोदी, दोस्रो संस्क., (नवलपरासी : विजय विकास सूचना तथा सहकारी संस्था लिमिटेड, २०६३), पृ. ६३ ।

सिस्नोले झैँ पोल्छ भने न्यायकामीहरूलाई आनन्दले हर्षविभोर बनाएको पाइन्छ । ज्यादै रोचक, आकर्षक र प्रभावकारी यस सङ्ग्रहका कविताहरूमा प्रयोग गरिएका विविध रसहरूलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ६ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | तलब | ५ | १ |
| २. | वीर | आमा<br>मुक्तिको चाह | ५<br>९ | ३१<br>४० |
| ३. | शान्त | माटाको ममता<br>सूर्यसित | ८<br>१-३ | ३६<br>५४ |
| ४. | हास्य | भोज खान तम्सिँदा | ६ | २७ |

**(क) वीररस**

प्रस्तुत कवितासङ्ग्रहका कविताहरूमा वीररसका उत्कृष्ट नमुनाहरू प्रशस्त रहेका छन् । तीमध्ये एकलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

सकेन रोक्न अस्त्रले विशाल मुक्ति चाह त्यो
सकेन छेक्न हातले विचारको प्रवाह त्यो
असत्य आखिरी ढल्यो नगाधिराज हल्लियो
र लोकतन्त्र प्राप्त भो स्वराष्ट्र जाति मुक्त भो ।

– *मुक्तिको चाह,* पद्य ९

मुक्तिको चाहना राख्दै नेपाली जनताले देखाएको उत्साह स्थायीभाव, जनआस्थालाई कुल्चन खोज्ने तत्कालीन सरकार आलम्बन विभाव, विशाल जनताको चाहनालाई रोक्न प्रयोग गरिएका शस्त्रअस्त्र आदि उद्दीपन विभाव, नेपाली जनताले तत्कालीन राज्यव्यवस्थासँग क्रोधित हुँदै गरेको सङ्घर्ष अनुभाव र असत्यमाथि विजय प्राप्त गर्दा गरेको गर्वको अनुभूति व्यभिचारी भाव उक्त कवितांशमा पाइनाले यहाँ वीररस अभिव्यञ्जित भएको छ ।

**(ख) हास्यरस**

हास वा हाँसो स्थायीभाव हुने हास्यरसमा विकृत वा हाँसो उठ्दो अनुहार, क्रियाकलाप, वचन भएको पात्र आलम्बन विभाव, विकृत आकारप्रकार, रूपरङ्ग आदि उद्दीपन विभाव,

अनौठो पोसाक, पात्रको हाउभाउ आदि अनुभाव र निद्रा, आलस्य, हर्ष, चञ्चलता आदि व्यभिचारी भाव भएको रस नै हास्यरस हो ।[१८]

बाँच्छौँ भन्नेहरू जगतमा खूब खाएर बाँचौँ
खाँदाखाँदै फनफन यहाँ जिन्दगी नाच नाचौँ
कस्ले जान्यो समय र यहाँ ? आज खाएर हाँसौँ
हाम्रा खाने विषय कहिल्यै भोलिलाई नसाँचौँ ।

– *भोज खान तम्सिँदा,* पद्य ६

यहाँ भोज खान पाउँदा रमाएका मानिसहरूमा आएको हाँसो वा स्थायीभाव, जिन्दगी नै खानका लागि हो भन्ने सोचाइ भएका ती विकृत मानिसहरूको बोली, सोच आलम्बन विभाव, खाँदाखाँदै नाच्न पुगेका ती मानिसहरूको क्रियाकलाप, हाउभाउ आदि अनुभाव र खानेकुरालाई नै सर्वस्व ठान्ने र भोज खान पाउँदा उत्साहित हुने ती मानिसहरूमा जागेको हर्ष व्यभिचारी भाव भएकोले उक्त कवितांशमा हास्यरस अभिव्यञ्जित भएको छ ।

### ४.१.५.१.३ अलङ्कार

आफूले देखेका, सुनेका र अनुभव गरेका विभिन्न विषयहरूलाई कवितामा सहज ढङ्गले उतार्न सक्ने कवि विनोदीका कविताहरू प्रवाहमय रहेका छन् । अन्त्यानुप्रासको सुन्दर संयोजन पाइने यस सङ्ग्रहका कविताहरूमा विभिन्न अलङ्कार, बिम्ब, प्रतीक आदिको प्रयोग सहज र स्वाभाविक रूपमा गरिएको छ । यस सङ्ग्रहमा प्रयुक्त विभिन्न अलङ्कारहरूलाई तालिकामा निम्नानुसार देखाइएको छ :

**तालिका सङ्ख्या ६ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | – | उत्प्रेक्षा | महँगी | ४ | ४६ |
| | | | विवाह | ६ | १९ |
| २. | – | उपमा | हामी युवक | १ | ६ |
| | | | होली | ३ | १५ |
| ३. | – | रूपक | तलब | १ | १ |
| | | | हामी युवक | ३ | ६ |
| | | | गुरु र गोरु | १ | ५६ |

१८ ईश्वर बराल र अन्य (सम्पा.), पूर्ववत्, पृ. ६९३ ।

### (क) उत्प्रेक्षा अलङ्कार

प्रस्तुत कवितासङ्ग्रहमा उत्प्रेक्षा अलङ्कारका उत्कृष्ट नमुनाहरू रहेका छन् । तिनैमध्ये एकलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

विवाह यो केवल 'वाह !' हो कि
यो भित्रकै शाश्वत चाह हो कि
या आँसुको मूल प्रवाह हो यो
या साँच्चिकै आत्मिक आह हो यो ?

– *विवाह*, पद्य ६

विवाह उन्मुख नारीको अन्तर्मनका लहरहरूलाई व्यक्त गर्ने क्रममा कविले उत्प्रेक्षा अलङ्कारको प्रयोग गरेका छन् । यहाँ विवाहलाई वाह वा भित्री चाह, आँसुको मूल प्रवाह र आत्मिक आहसँग आरोप गरिएको र वाचक शब्द 'हो कि' को प्रयोग गरिएकोले उक्त कवितांशमा उत्प्रेक्षा अलङ्कारको आयोजना पाइएको छ ।

### (ख) उपमा अलङ्कार

प्रस्तुत काव्यमा उपमा अलङ्कारको प्रयोग अत्यधिक ठाउँमा गरिएको छ । उपमा अलङ्कारका उत्कृष्ट पङ्क्तिहरू प्रशस्त पाइएका छन् । तिनैमध्ये एक उदाहरणका लागि यहाँ प्रस्तुत गरिएको छ :

दल्दादल्दा अबिर मुख होस् भोरको सूर्यजस्तो
कालो केशै पनि अब बनोस् साँझको मेघजस्तो
रङ्गीचङ्गी सकल कपडा इन्द्रिनीझैँ सुहाऊन्
देख्दा हाम्रो अभिनय सबै दङ्ग भै मुस्कुराऊन् ।

– *होली*, पद्य ३

यस कवितांशमा उपमेय – मुख, केश, कपडा, उपमान – भोरको सूर्य, साँझको मेघ, इन्द्रिनी, वाचक शब्द – जस्तो, जस्तो, झैँ र धर्म – हुनु, बन्नु, सुहाउनु को प्रयोग पाइएकाले यहाँ उपमा अलङ्कारको सुन्दर आयोजना पाइन्छ ।

### ४.१.५.१.४ छन्द

कवितामा विशिष्ट भाषाको प्रयोग गरिएको हुन्छ । भाषिक विन्यासको राम्रो ज्ञान आर्जन गरेका कवि विनोदी शास्त्रीय छन्दका एक सफल प्रयोक्ता मानिएका छन् । लेखनाथ पौड्यालको परिष्कारवादी शैलीशिल्पलाई अलम्बन गर्दै अगाडि बढेका कवि विनोदीका

कवितामा परम्परित शास्त्रीय छन्दहरूको प्रयोग गरिएको छ । आफ्ना निजी भावहरूलाई शास्त्रीय नियमको परिधिभित्र रहेर प्रकट गर्न सक्ने विनोदीले बडो स्वाभाविक ढङ्गमा शास्त्रीय विविध छन्दको सफल प्रयोग गरेका छन् ।

यस सङ्ग्रहमा प्रयुक्त विभिन्न छन्दहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ६ ग**

| क्रम | वार्णिक | मात्रिक | गीति | कवितासङ्ख्या | पद्यसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | १२ | ५, ४, ५, ५, ६, ९, ५, ६, ४, १७, ४, ५ |
| २. | उपजाति | – | – | ५ | ८, ५, ४, १२, ८ |
| ३. | भुजङ्गप्रयात | – | – | १ | ५ |
| ४. | मन्दाक्रान्ता | – | – | ८ | ५, ७, ८, ४, ६, ६, ५, ४ |
| ५. | वंशस्थ | – | – | १ | ५ |
| ६. | वसन्ततिलका | – | – | १ | ५ |
| ७. | शार्दूलविक्रीडित | – | – | १० | ४, ५, ८, ५, ६, ५, ८, ११, ४, ५ |
| ८. | शिखरिणी | – | – | २ | ५, ५ |

**(क) मन्दाक्रान्ता छन्द**

कवि विनोदीले यस काव्यमा मन्दाक्रान्ता छन्दका प्रशस्त कविताहरू रचना गरेका छन् । उनका मन्दाक्रान्ता छन्दमा रचित कविता हेर्दा वा पढ्दा माधवप्रसाद घिमिरेको स्मृति ताजा भएर आउने खालको छ । यिनै कविद्वारा मन्दाक्रान्ता छन्दमा रचित कविताको एक श्लोक उदाहरणका लागि यहाँ प्रस्तुत गरिएको छ :

आधै आधै मसित कति छन् तिर्सना ती टुटेका
आलै घाउ मसित कति छन् वेदनाले थिचेका
पर्खीपर्खी सुख कति यहाँ रात जागै बसेँ म
आशा गर्दा कति कति यहाँ छाक भोकै बसेँ म

– *मेरो वर्तमानता,* पद्य ५

प्रस्तुत कवितांशमा कवि विनोदीले ४, ६ र ७ मा विश्राम हुने मन्दाक्रान्ता छन्दको प्रयोग गरेका छन् । साहित्यप्रेमीहरूले वाक् स्वतन्त्रतालाई सबैभन्दा ठूलो कुरा ठानेका हुन्छन् । त्यही स्वतन्त्रताको प्रतीक्षा गरिरहेका कविको चाहना उक्त कवितांशमा प्रकटित भएको छ ।

(ख) **शार्दूलविक्रीडित छन्द**

कवि विनोदीले यस काव्यमा शार्दूलविक्रीडित छन्दमा थुप्रै कविताहरू रचेका छन् । तिनै कवितामध्ये एउटा कविताको एक श्लोक यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

मैले चुम्न सकूँ पलैपल सधैँ नेपालको मृत्तिका
मैले रम्न सकूँ लिएर जगमा यै राष्ट्रको मृत्तिका
माटो निम्ति स्वयम् समर्पित बनूँ मेरो छ यै भावना
यो माटो अब मुस्कुराउन सकोस् मेरो छ यै कामना ।

– *माटोको ममता,* पद्य ८

प्रस्तुत कवितांशमा १२ र ७ मा विश्राम हुने शार्दूलविक्रीडित छन्दको प्रयोग गर्दै राष्ट्रप्रतिको ममताको भाव व्यक्त गरिएको छ । राष्ट्रनिर्माणको भाव प्रत्येक नागरिकमा भएमा मात्र राष्ट्रको विकास सम्भव हुन्छ । त्यसैले यस कवितांशमार्फत् कवि विनोदीले राष्ट्रप्रेमको सन्देश दिएका छन् ।

नेपाली विषयका प्राध्यापक कवि गोविन्दराज विनोदीप्रति प्रतिभाशाली कवि व्यक्तित्वका रूपमा चिनिएका छन् । सानै उमेरदेखि साहित्यप्रति आकर्षित उनले एघार वर्षकै उमेरमा कविता लेखेर प्रकाशित गरेका छन् । स्वच्छन्दतावादी भावधारामा रहेर परिष्कृत कृतिको सिर्जना गर्न सक्ने खूबी उनमा रहेको छ । त्यसैले त उनले प्रथम कृति नै शास्त्रीय वर्णमात्रिक छन्दमा रचना गरेका छन् । आभ्यासिक चरण भएर पनि उनको यो कृति स्तरीय रहेको छ । शास्त्रीय छन्दलाई सहज किसिमले कवितामा उतार्न सक्ने र गुणात्मक रूपमा पनि उत्कृष्ट कृति सिर्जना गर्न सक्ने कविप्रतिभा पाएर नवलपरासी जिल्ला सौभाग्यशाली बनेको छ । कवि गोविन्दराज विनोदी यस जिल्लाका मात्रै नभएर राष्ट्रिय रूपमा नै एक शास्त्रीय कविका रूपमा ख्यातिप्राप्त रहेका छन् ।

### ४.१.५.२ '**छन्द-विनोद**' **प्रबोधक काव्य**

**छन्द-विनोद** प्रबोधक काव्य चितवन साहित्य परिषद्द्वारा वि.सं. २०५९ मा प्रकाशित कवि गोविन्दराज विनोदीको दोस्रो शास्त्रीय छन्दमा रचिएको कृति हो । आयामका दृष्टिले लघु मानिएको यस काव्यका ५० पृष्ठमा २८ ओटा कविताहरू सङ्गृहीत रहेका छन् । कला, साहित्य र सङ्गीतका क्षेत्रमा लागेकाहरूप्रति समर्पित यस काव्यमा *छन्द-विनोदको कवित्व र कवि विनोदी* शीर्षकात्मक भूमिकालेखमा नारायणप्रसाद खनालले वैदिक छन्दशास्त्र, लौकिक छन्दशास्त्र र नेपाली छन्दशास्त्रको सङ्क्षेपमा चर्चा गरेका छन् र विनोदीद्वारा रचिएको यस शिक्षापरक ग्रन्थको खुले प्रशंसा गरेका छन् । *प्रकाशकीय*मा चितवन साहित्य परिषद्का अध्यक्ष केदारनाथ खनाल रहेका छन्, उनले कवि विनोदीको काव्ययात्राको निरन्तरताको शुभकामना दिएका छन् ।

### ४.१.५.२.१ **विषयवस्तु**

प्रस्तुत **छन्द-विनोद** काव्यमा विविध छन्दहरूको प्रयोग गरेर कविता लेखिएको छ । छन्दको नामलाई नै कविताको शीर्षक बनाइएको छ । आकारप्रकारमा लघु देखिए पनि गुणवत्ताको दृष्टिकोणले निकै वजनदार मानिएको यस काव्यमा गण, सङ्केतचिह्न, सूत्र, स्पष्टीकरण र प्रत्येकका तीनतीनओटा उदाहरणसहित सम्बन्धित छन्दलाई अर्थ्याउने गरी प्रस्तुत गरिएकोले छन्दको बारेमा जिज्ञासा राख्ने पाठक र सर्जकहरूलाई निश्चित रूपले सघाउने उद्देश्यले यस कृतिको सिर्जना भएको छ ।[१९] यस काव्यका कविताभित्र कतै मानवताको पक्षमा चर्को राग, कतै वर्तमानले निम्त्याएको विभीषिका, कोलाहल, पीडा, रक्तपात, कतै विसङ्गति, स्वार्थ, लोलुपता र छद्म, कतै अवज्ञ, आशीर्वाद, प्रार्थना, स्तुति र उपदेश, कतै प्रकृतिको सुन्दर चित्रण गरिएका विविध विषयवस्तुहरू समेटिएका छन् ।[२०] यसरी कविले विभिन्न २७ ओटा छन्दहरूलाई नै विषयवस्तु बनाई त्यसमा नै वर्तमान मानवसमाजमा देखिएका विविध समस्याहरूलाई समेटेका छन् ।

### ४.१.५.२.२ **रस**

काव्यजगत्मा सिद्धहस्तता प्राप्त गरेका कवि विनोदीका कविता सरल, सरस, आकर्षक, प्रवाहमय, अत्यन्त रसिला र सुस्वादु रहेका छन् । पाठकको मनलाई पगाल्न सक्ने, रुवाउन सक्ने, हँसाउन सक्ने सामर्थ्य उनमा रहेको छ । यस्ता उच्च काव्यप्रतिभा कवि विनोदीको प्रस्तुत काव्यमा विविध रसहरूको स्वाभाविक प्रयोग गरिएको छ । यस काव्यमा प्रयुक्त विविध रसहरू यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ७ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | रथोद्धता | २ | ३२ |
| २. | रौद्र | इन्द्रवज्रा | ३ | २७ |
| ३. | वीर | विद्युन्माला | २ | २५ |
| | | शार्दूलविक्रीडिता | २ | ४८ |
| ४. | शृङ्गार | चम्पकमाला | १ | २६ |
| | | वसन्ततिलका | १ | ४२ |
| | | मालिनी | १ | ४३ |

---

१९ केदारनाथ खनाल, *प्रकाशकीय,* **छन्द-विनोद**, गोविन्दराज विनोदी, (चितवन : चितवन साहित्य परिषद्, २०५९), पृ. त ।

२० नारायणप्रसाद खनाल, *छन्द-विनोदको कवित्व र कवि विनोदी,* **छन्द-विनोद**, गोविन्दराज विनोदी, (चितवन : चितवन साहित्य परिषद्, २०५९), पृ. छ ।

### (क) शृङ्गाररस

कवि विनोदीद्वारा रचित काव्यमा शृङ्गाररससिक्त उदाहरणहरू प्रशस्त रहेका छन् । तिनैमध्ये एकलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

बोल्नु छ साँच्चै निर्भय मैले
खोल्नु छ आफ्नै हिर्दय मैले
यो पिरतीको रङ्ग छ गाढा
आज नजाऊ है प्रिय टाढा ।

– *चम्पकमाला,* पद्य १

रति वा प्रीति स्थायीभाव भएको यस कवितांशमा प्रेमी-प्रेमिका आलम्बन विभाव, उनीहरूको प्रेमका लागि उपयुक्त वातावरण उद्दीपन विभाव, उनीहरूको परस्परको हेराई अनुभाव र प्रेमिकाप्रतिको मोह व्यभिचारी भाव भएको र प्रेमिकालाई प्रेमभाव व्यक्त गर्दै टाढा नजान आग्रह गरेकोले संयोग शृङ्गाररसको आयोजना भएको पाइन्छ ।

### (ख) रौद्ररस

विविध विषयवस्तुलाई विविध रसमा ढालेर कविताको रचना गर्न सक्ने कवि विनोदीले यस काव्यमा रौद्ररसको प्रयोग यसरी गरेका छन् :

यो दुष्टताको अपवित्र भाव
तोडी नयाँ ल्याउन सत्प्रभाव
आँधी तँ आ ! बादल बर्सिदे तँ
भै इन्द्रवज्रा युग ! पड्किदे तँ ।

– *इन्द्रवज्रा,* पद्य ३

समाजमा रहेर समाजलाई कुबाटोमा लैजाने दुष्टहरू देख्दा उत्पन्न भएको क्रोध स्थायीभाव, त्यही समाज विरोधी व्यक्ति शत्रु आलम्बन विभाव, शत्रुले गरेको घात उद्दीपन विभाव, शत्रुका विरुद्ध आँधी ल्याएर, बादल बर्सिएर र इन्द्रवज्र पड्किएर शत्रुलाई हाँक दिनु अनुभाव र प्रकृतिको रौद्ररूपको आमन्त्रण वा स्मृति व्यभिचारी भाव भएकोले प्रस्तुत कवितांशमा रौद्ररस अभिव्यञ्जित भएको छ ।

### ४.१.५.२.३ अलङ्कार

कवि विनोदीका कविता साँच्चै विनोदप्रिय रहेका छन् । सुन्दै रसिला र श्रुतिमधुर उनका कविताहरूमा विभिन्न अलङ्कारहरूको प्रयोग स्वाभाविक रूपमा भएको छ । उनका सरल कविताभित्र महान् भाव लुकेको हुन्छ । त्यसैले थोरैमा धेरै व्यक्त गर्न सक्नु उनको

विशेषता रहेको छ । अन्त्यानुप्रासको सुन्दर आयोजना पाइने उनका कविताहरूमा विभिन्न बिम्ब, प्रतीक एवम् अलङ्कारहरूको प्रयोग गरिएको छ । यस काव्यका प्रत्येक शीर्षकका कविता - नायिकाको वर्णन प्रस्तुत गर्दा-गर्दै अन्वर्थ नामका रूपमा सूचित छन्दबोध हुने भएकाले प्रत्येक तृतीय पद्यमा अलङ्कारसमेत परेको छ ।[२१] यस काव्यमा प्रयुक्त विविध अलङ्कारहरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ७ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उत्प्रेक्षा | उपसंहृति | २, ४ | ५० |
| २. | – | उपमा | रथोद्धता | १ | ३२ |
| | | | स्रग्विणी | १ | ३६ |
| | | | स्रग्धरा | १ | ४९ |
| ३. | यमक | – | द्रुतविलम्बवती | २ | ३४ |
| ४. | – | रूपक | उपजाति | १ | २९ |
| | | | स्वागता | ३ | ३० |
| | | | स्रग्विणी | २ | ३६ |
| | | | पञ्चचामरी | १ | ४४ |

**(क) उत्प्रेक्षा अलङ्कार**

कवि विनोदीको प्रस्तुत काव्यमा उत्प्रेक्षा अलङ्कारका उत्कृष्ट उदाहरणहरू रहेका छन् । तिनैमध्ये एकलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

छन्द हो कि त प्रभात सुसेली
रात हो कि अभिराम जुनेली

– *उपसंहृति*, पद्य ४

यहाँ छन्दलाई प्रभातको सुसेलीसँग र रातलाई जुनेलीसँग आरोप गरिएको र वाचक शब्द 'हो कि' को प्रयोग पाइएकोले उत्प्रेक्षा अलङ्कारको आयोजना पाइएको छ ।

**(ख) रूपक अलङ्कार**

प्रस्तुत काव्यमा रूपक अलङ्कारको प्रयोग अत्यधिक मात्रामा गरिएको छ । तिनैमध्ये एउटा रूपक अलङ्कार यस्तो रहेको छ :

---

२१ नारायणप्रसाद खनाल, पूर्ववत्, पृ. ज ।

वसन्त बेहुली बन्यो, गुराँस बेहुली भइन्
पछेउरी बन्यो हरा, मुहार छोप्न त्यो लिइन्
खुले सबै दिशाहरू गरेर भव्य उत्सव
सिँगार्न बेहुली त्यहाँ उषा झरिन् सगौरव ।

– *पञ्चचामरी,* पद्य १

यहाँ वसन्तलाई बेहुलो र गुराँसलाई बेहुलीका रूपमा अभेद आरोप गरिएको छ । त्यसैले प्रस्तुत कवितांशमा रूपक अलङ्कारको आयोजना गरिएको पाइन्छ ।

### ४.१.५.२.४ **छन्द**

कवि विनोदीको प्रस्तुत काव्यमा २७ ओटा वर्णमात्रिक छन्दहरूको प्रयोग गरिएको छ । यसमा ६ अक्षरको एक पाउ हुने शशिवदनादेखि २१ अक्षरको एक पाउ हुने स्रग्धरा छन्दसम्मका २७ ओटा छन्दकै शीर्षकमा कविता रचिएका छन् । छन्दहरूको सँगालो मानिएको यस काव्यमा छन्दसम्बन्धी ज्ञानसमेत प्रस्तुत गरिएको छ, जसले गर्दा नवप्रवेशीहरूलाई सहयोग पुग्ने आशा राखिएको छ । यस काव्यमा प्रयोग गरिएका विविध छन्दहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ७ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | कवितासङ्ख्या | पद्यसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | १ | ३ |
| २. | इन्द्रवज्रा | – | – | १ | ३ |
| ३. | इन्दिरा | – | – | १ | ३ |
| ४. | इन्द्रवंशा | – | – | १ | ३ |
| ५. | उपजाति | – | – | १ | ३ |
| ६. | उपेन्द्रवज्रा | – | – | १ | ३ |
| ७. | चम्पकमाला | – | – | १ | ३ |
| ८. | तोटक | – | – | १ | ३ |
| ९. | द्रुतविलम्बित | – | – | १ | ३ |
| १०. | पञ्चचामर | – | – | १ | ३ |
| ११. | पृथ्वी | – | – | १ | ३ |
| १२. | भुजङ्गप्रयात | – | – | १ | ३ |
| १३. | प्रहर्षिणी | – | – | १ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४. | मत्तमयूर | – | – | १ | ३ |
| १५. | मन्दाक्रान्ता | – | – | १ | ३ |
| १६. | मालिनी | – | – | १ | ३ |
| १७. | रथोद्धता | – | – | १ | ३ |
| १८. | वंशस्थ | – | – | १ | ३ |
| १९. | वसन्ततिलका | – | – | १ | ३ |
| २०. | विद्युन्माला | – | – | १ | ३ |
| २१. | शशिवदना | – | – | १ | ३ |
| २२. | शालिनी | – | – | १ | ३ |
| २३. | शार्दूलविक्रीडित | – | – | १ | ३ |
| २४. | शिखरिणी | – | – | १ | ३ |
| २५. | स्रग्धरा | – | – | १ | ३ |
| २६. | स्रग्विणी | – | – | १ | ३ |
| २७. | स्वागता | – | – | २ | ३, ४ |

**(क) विद्युन्माला छन्द**

यस काव्यमा कविले विद्युन्माला छन्दको प्रयोग गरेर एउटा कविता रचना गरेका छन् । त्यही कविताबाट एक श्लोक यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

बेलामा नै जागून् मान्छे
सत्को बाटो लागून् मान्छे
भन्दै आफै क्रान्तिज्वाला
बन्दै आइन् विद्युन्माला

– *विद्युन्माला,* पद्य १

प्रस्तुत कवितांशमा ८ अक्षरीय संरचना भएको सबै दीर्घ अक्षरहरूको प्रयोग गरिने विद्युन्माला छन्दको प्रयोग गरिएको छ । यो छन्द वार्णिक भेदअन्तर्गत पर्दछ ।

**(ख) प्रहर्षिणी छन्द**

यस काव्यमा प्रहर्षिणी छन्दको प्रयोग गरेर एउटा कविताको रचना गरिएको छ । यसैबाट यहाँ उदाहरणार्थ एक श्लोक प्रस्तुत गरिएको छ :

यो सानो हृदयलता भरी फुलेकी
आँखामा मधुर प्रकाश भै खुलेकी
यी मेरी जनमधरा अनूप रम्या
छिन् सारा भुवनभरी सदा प्रणम्या

– *प्रहर्षिणी,* पद्य १

प्रस्तुत कवितांशमा ३, ६ र ४ मा विश्राम हुने प्रहर्षिणी (म, न, ज, र, गु) छन्दको प्रयोग गरेका छन् ।

शास्त्रीय छन्दको ह्रास हुँदै गएको यस अवस्थामा कवि विनोदीको प्रस्तुत कृतिले नेपाली साहित्यमा शास्त्रीय छन्दको जिर्णोद्धार गर्न मद्दत पुऱ्याएको छ । वर्तमान साहित्यिक फाँटमा पद्यमा सुललित कविता दिएर पाठकलाई मनोविनोद गराउने कवि विनोदी शास्त्रीय छन्दका एक कुशल कालिगढका रूपमा परिचित रहेका छन् । उनको प्रस्तुत **छन्द–विनोद** प्रबोधक काव्य छन्दीय जगत्को एक उच्च प्राप्ति बन्न पुगेको छ ।

### ४.१.५.३ 'अविश्रान्त' कवितासङ्ग्रह

**अविश्रान्त** कवितासङ्ग्रह विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेड गैंडाकोट, नवलपरासीद्वारा वि.सं. २०५९ मा प्रकाशित कवि गोविन्दराज विनोदीको छन्दोबद्ध कृति हो । यस सङ्ग्रहमा ५९ ओटा शास्त्रीय वर्णमात्रिक छन्दमा रचिएका कविताहरू ६८ पृष्ठमा सङ्गृहीत गरिएको छ । यो कृति आफूलाई साहित्ययात्रामा लाग्न प्रेरणा दिनेहरूप्रति समर्पण गरिएको छ । *अविश्रान्तभित्रका अविश्रान्तिहरू : सूत्रात्मक समीक्षण* शीर्षकात्मक भूमिकामा समीक्षक लक्ष्मणप्रसाद गौतमले कृतिको सूत्रात्मक वा बूँदागत रूपमा समीक्षा गरेका छन् । प्रकाशकीयको भूमिकामा विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्थाका अध्यक्ष खेमराज सापकोटा रहेका छन् । उनले संस्थाको तर्फबाट कृति प्रकाशन गर्न पाएकोमा खुसी प्रकट गरेका छन् । विविध विषयवस्तुसँग सम्बन्धित केही नयाँ र अधिकांश विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका कविताहरू यस काव्यमा समेटिएको छ ।

#### ४.१.५.३.१ **विषयवस्तु**

**अविश्रान्त** कवितासङ्ग्रह शास्त्रीय वर्णमात्रिक छन्दमा रचिएको कवि गोविन्दराज विनोदीको एक उत्कृष्ट कृतिको रूपमा रहेको छ । प्रयोगात्मक शैलीमा रचिएको यस सङ्ग्रहका कविताहरूमा प्रेमप्रणय, पीडाबोध, सौन्दर्यचेतना, आध्यात्मिक चेतना, विसङ्गतिबोध, अस्तित्वबोध, मानवतावाद, काव्यिक मूल्यबोध, युगबोध, व्यङ्ग्यात्मकता, प्रकृतिचित्रण, जीवनबोध, मृत्युबोध, राष्ट्रप्रेम, शृङ्गारिकता, रहस्यवादी चेतना, शून्यवादी चेतना, आदर्शबोध, यथार्थबोध, वीरताबोध, पश्चात्तापबोध, समानता, स्वतन्त्रता, समसामयिकताबोध, समयबोध,

नारी जागरण आदि विविध विषयवस्तुको प्रयोग पाइन्छ ।[22] यसरी कवि विनोदीले वर्तमान समसामयिक अवस्थासँग सम्बन्धित आफ्ना वैयक्तिक विचारहरूलाई यस सङ्ग्रहका कविताहरूमा उतारेका छन् ।

### ४.१.५.३.२ रस

भावसौन्दर्य र शिल्पसौन्दर्यको शिल्प मानिने यस कवितासङ्ग्रहमा कविले विविध विषयवस्तुमा विविध रसको प्रयोग गरेका छन् । साहित्य आफैमा रसिलो विधा हो, त्यसमाथि पनि पद्यसाहित्य त झनै रसिलो रहेको हुन्छ । बौद्धिक मस्तिष्क र खारिएका परिष्कृत हातबाट सिर्जिएको यस कृतिमा विविध रसहरूको प्रयोग भएको पाइन्छ । माधुर्य, प्रसाद आदि गुणहरू भएको यस काव्यमा प्रयोग गरिएका विविध रसहरूलाई तालिकामा यसप्रकार देखाइएको छ :

**तालिका सङ्ख्या ८ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | विसर्जनको पीडा | ३ | ४ |
| | | स्वागत | १–४ | १६ |
| २. | बीभत्स | रक्तपर्व | २–३ | ३६ |
| | | उषा आमन्त्रण | २ | ५ |
| ३. | भयानक | ऋतुस्नाता धर्ती | १ | २१ |
| | | रक्तपर्व | ४ | ३७ |
| ४. | शृङ्गार (विप्र.) | विप्रलब्ध | ५ | ४२ |
| ५. | शृङ्गार (संयोग) | रजत कलशमा मधुमास | ३ | १ |
| ६. | शान्त | कोकिल प्रश्न | १–४ | ६२–६३ |

**(क) बीभत्सरस**

घृणा वा जुगुप्सा स्थायीभाव हुने यस रसमा दुर्गन्धित प्राणी वा वस्तु आलम्बन विभाव, दुर्गन्ध उद्दीपन विभाव, नाक थुन्नु, मुख फर्काउनु, थुक्नु आदि अनुभाव र आवेग, ग्लानि, चिन्ता आदि व्यभिचारी भाव रहेको हुन्छ ।[23] बीभत्सरसका प्रशस्त उत्कृष्ट कवितामध्ये एकलाई यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

---

२२ गोविन्द सुवेदी, **कवि गोविन्दराज विनोदीको काव्यिकचेतनाका आधारमा अविश्रान्तको अध्ययन**, अप्रकाशित शास्त्री तहको शोधपत्र, (देवघाट : महेश संस्कृत गुरुकुल विद्यापीठ, २०६३), पृ. ७० ।

२३ ईश्वर बराल र अन्य (सम्पा.), पूर्ववत्, पृ. ६९४ ।

रक्तका छाप छन् वृक्षका पत्रमा
आउँछन् रक्तकै अश्रु यी नेत्रमा
रक्तकै शब्द छन् आज सञ्चारमा
रक्त पर्खाल भो बन्धुका प्यारमा

– *रक्तपर्व,* पद्य ३

प्रस्तुत कवितांशमा चारैतिर रगत नै रगत भएको फोहरी वातावरण आलम्बन विभाव, चारैतिर फैलिएको दुर्गन्ध, विकृति उद्दीपन विभाव, रगतकै आँसु, रगतकै छिटा पातमा परेको, रगतकै नदी बगेको देख्दा हेरिनसक्नु भई आँखा चिम्लनु अनुभाव र यस्तो वातावरणप्रति चिन्ता गर्दा व्यभिचारी भाव र केन्द्रमा घृणा वा जुगुप्सा रहेकोले बीभत्सरसको आयोजना हुन पुगेको छ ।

**(ख) विप्रलम्भ शृङ्गार**

संयोग शृङ्गाररसकै स्थायीभाव, आलम्बन, उद्दीपन विभाव र व्यभिचारी भएको यस रसमा वियोगको प्रीतिजन्य अभिव्यक्ति व्यक्त भएको हुन्छ । यहाँ विप्रलम्भ शृङ्गाररसको एक श्लोक कविता उदाहरणका लागि प्रस्तुत गरिएको छ :

कहाँ होलिन् मेरी सरल पिरती सौरभ तिनी
म प्यासी टाढाको मधुकर उनी स्निग्ध नलिनी
छु तड्पेको एक्लै, बगरसरि यो जीवन-पथ
अहो जुर्ला कैले मधु-मिलनको साइत-रथ ।

– *विप्रलब्ध,* पद्य ५

आफ्नी प्रेमिकासँग विछोड हुनुपर्दाको क्षणमा उनलाई सम्झँदा मनमा उत्पन्न भएको रति वा प्रीति स्थायीभाव, उक्त प्रेमिका आलम्बन विभाव, प्रेमानुकूल वातावरण उद्दीपन विभाव, उनीसँग बिताएका प्रीतिजन्य क्रियाकलाप अनुभाव र उनीलाई सम्झना गर्दै चिन्ता व्यक्त गर्दा व्यभिचारी भाव उत्पन्न भएको र प्रेमी-प्रेमिका मिलनका लागि तड्पिरहेको भाव यस कवितांशमा व्यक्त भएकोले यहाँ विप्रलम्भ शृङ्गाररस अभिव्यञ्जित भएको छ ।

### ४.१.५.३.३ अलङ्कार

कवि विनोदीको प्रस्तुत कृति उनको खारिएको मस्तिष्कको प्रौढ अभिव्यक्ति हो । त्यसैले यस सङ्ग्रहका कविताहरूमा रस, अलङ्कार, ध्वनि, गुण, रीति, बिम्ब, प्रतीक र मिथकहरूको समन्वय रहेको पाइन्छ । मृदु-मधुर पदावली र शब्दसंयोजनाको कलात्मक उच्च प्राप्तिको रूपमा यस कृतिलाई लिइएको छ । कविको भाषिक सरलता एवम् सहजतामा तयार पारिएको

एक उच्च भावाभिव्यक्ति समेटिएको यो उच्चकोटिको कवितासङ्ग्रह भएको छ ।[२४] यस सङ्ग्रहका कविताहरूमा विभिन्न अलङ्कारहरूको प्रयोग भएको छ । ती अलङ्कारहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ८ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्यसङ्ख्या | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | रजतकलशमा | १ | १ |
| | | | मधु-मालिनी | १, ४ | ४३, ४४ |
| | | | म र मेरा कविताहरू | १, ५ | ५२ |
| २. | – | उत्प्रेक्षा | पानीको सङ्गीत | १, ५ | ३ |
| | | | ऋतुस्नाता धर्ती | २, ४ | २१ |
| | | | तोरी फुलेको दृश्य | २-५ | ३९ |
| ३. | यमक | – | पक्षप्रश्न | ६ | २९ |
| | | | आग्रह | २ | ३८ |
| ४. | – | रूपक | तिमी र म अभिन्न | १-७ | ९-१० |
| | | | विश्वरूप मान्छे | १-५ | ४८ |
| ६. | श्लेष | – | आवाहन | ४ | ३२ |

**(क) उपमा अलङ्कार**

कवि विनोदी **अविश्रान्त** कवितासङ्ग्रहमा एक उच्च कलात्मक साहित्यिक व्यक्तित्व बनेर आएका छन् । उनका गहन अध्ययन, निरन्तरको साधना र कविहृदयको संयुक्त तालमेलले गर्दा उनका कवितामा हरेक हरफ अलङ्कारले सजिएका छन् । उपमा अलङ्कारको प्रयोग सम्पूर्ण कविताभरि गरिएको छ । तिनैमध्ये एक श्लोक कविता यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

म हाँसेझैं हास्तै अलिकति मिठो जीवन हुँदा
म नाचेझैं नाच्दै अलिकति मिठो स्नेह चुहुँदा
कुरेका वासन्ती दिन शिशिर खप्दै विधिवश
म जस्तै छन् मेरा व्यथित कविता ज्यून विवश

– *म र मेरा कविताहरू*, पद्य ५

---

२४ लक्ष्मणप्रसाद गौतम, *अविश्रान्तभित्रका अविश्रान्तिहरू : सूत्रात्मक समीक्षण*, **अविश्रान्त**, गोविन्दराज विनोदी, (नवलपरासी : विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेड, २०५९), पृ. झ ।

यहाँ उपमेय – कविता, उपमान – म, वाचक शब्द – जस्तै, र धर्म – व्यथित बनेर बाँच्नु को प्रयोग गरिएकोले प्रस्तुत कवितांशमा उपमा अलङ्कारको आयोजना पाइन्छ ।

**(ख) रूपक अलङ्कार**

कवि विनोदीले यस सङ्ग्रहका कवितामा रूपक अलङ्कारको प्रयोग अत्यधिक गरेका छन् । सिङ्गो कविताभरि रूपक अलङ्कारको प्रयोग गरिएको छ । उनीद्वारा प्रस्तुत काव्यमा प्रयोग भएको उत्कृष्ट रूपक अलङ्कारमध्ये एकलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

म हूँ शब्द, हौ अर्थ मेरी तिमी नै
म हूँ वाक्य, हौ भाव मेरी तिमी नै
म हूँ वीथिका, हौ तिमी छन्द मेरी
तिमी नै त हौ कल्पनानन्द मेरी ।

– *तिमी र म : अभिन्न सत्य,* पद्य २

यहाँ कविले आफू र आफ्नी प्रेमिकालाई विभिन्न वस्तुहरू आरोप गरेका छन् । कविले आफूलाई शब्द, वाक्य, वीथिका र प्रेमिकालाई अर्थ, भाव, छन्द, कल्पनानन्दसँग अभेद आरोप गरेका र तुल्यतावाची शब्दको प्रयोग नगरेका हुनाले यहाँ रूपक अलङ्कारको प्रयोग गरिएको छ ।

**(ग) उत्प्रेक्षा अलङ्कार**

साहित्यमा राम्रो दखल प्राप्त गरेका कवि विनोदीले यस काव्यलाई विभिन्न अलङ्कारद्वारा ज्यादै शोभायमान बनाएका छन् । उनले उत्प्रेक्षा अलङ्कारको प्रयोग प्रशस्त कवितामा गरेका छन् । उनको कुनै सिङ्गो कविताभरि नै उत्प्रेक्षा अलङ्कार प्रयोग पाइएको छ । यस्ता प्रतिभाद्वारा प्रयोग गरिएको उत्प्रेक्षा अलङ्कारको एक श्लोक कविता यहाँ प्रस्तुत गरिएको छ :

यस्तो लाग्छ कि केशरी रङ सबै ती इन्द्रिनीले छरिन्
टाढा सूर्य हुँदा धरा कि पिरले यस्ती पहेँली भइन् ?
या पीताम्बर नै झरे पृथिविमा ऐश्वर्य ओछ्याउन
खै, हेमन्त सुता बसिन् कि सुखले यो देश रङ्गाउन ।

– *तोरी फुलेको दृश्य,* पद्य २

यहाँ तोरी फुलेर धरती पूरै पहेँलो भएको दृश्यलाई कविले इन्द्रिनीले केशरी छरेर पहेँली भएकी हुन् कि, सूर्य टाढा भए भनेर पीरले पहेँली भएकी हुन् कि, पीताम्बरले पृथ्वीलाई ऐश्वर्यादिले पहेँली बनाइदिएका हुन् कि भन्दै विभिन्न वस्तुसँग आरोप गरेका र उत्प्रेक्षा अलङ्कारको वाचक शब्द 'हो कि' को प्रयोग गरेकाले यस कवितांशमा उत्प्रेक्षा अलङ्कारको आयोजना पाइएको छ ।

#### ४.१.५.३.४ छन्द

कवि विनोदी कवितामा रस र अलङ्कारको प्रयोगमा मात्र नभई छन्दको प्रयोगमा समेत उत्तिकै सिद्धहस्त देखिएका छन् । उनको प्रस्तुत सङ्ग्रह छन्दको मनोरम प्रयोगशाला बन्न पुगेको छ । विविध विषयमा विविध छन्दको प्रयोग गर्न सक्ने क्षमता उनीसँग निहित रहेको छ । त्यसैले उनी शास्त्रीय छन्दका कालिगढ बन्न पुगेका छन् । आफूभित्रको अजस्र भावस्रोतलाई छन्दका नियमभित्र बाँधेर शब्द-शब्दलाई आफूअनुकूल नचाउँदै प्रयोग गर्न सक्नु उनको विशेषता बनेको छ । यस्तो चामत्कारिक खूबी प्रयोग गर्दै रचिएको यस सङ्ग्रहका कविताहरूमा प्रयोग गरिएका विविध छन्दहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ८ ग**

| क्रम | वार्णिक | मात्रिक | गीति | कवितासङ्ख्या | पद्यसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | १५ | ६, १०, ८, १०, १२, ८, १२, १०, ६, ८, ८, १०, ६, १०, १२ |
| २. | उपजाति | – | – | ५ | ७, ७, ६, ५, ४ |
| ३. | तोटक | – | – | २ | ६, ५ |
| ४. | पञ्चचामर | – | – | १ | ५ |
| ५. | प्रमाणिका | – | – | १ | ५ |
| ६. | पृथ्वी | – | – | १ | ५ |
| ७. | भुजङ्गप्रयात | – | – | ५ | ७, ६, ५, ५, ७ |
| ८. | मन्दाक्रान्ता | – | – | २ | ६, ६ |
| ९. | मालिनी | – | – | १ | ७ |
| १०. | वंशस्थ | – | – | १ | ५ |
| ११. | वसन्ततिलका | – | – | २ | ५, ९ |
| १२. | शार्दूलविक्रीडित | – | – | १७ | ९, ५, ५, ५, ७, ५, ५, ६, ५, ४, ४, ६, ४, ५, ६, ५, ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | शिखरिणी | – | – | ४ | ६, ६, ५, ५ |
| १४. | स्रग्विणी | – | – | १ | ८ |
| १५. | स्वागता | – | – | १ | ५ |

**(क) भुजङ्गप्रयात छन्द**

वर्णमात्रिक छन्दअन्तर्गत पर्ने यस छन्दमा १२ अक्षरीय संरचना रहेको हुन्छ । कवि विनोदीले भुजङ्गप्रयात छन्दको प्रयोग गरेर यस सङ्ग्रहमा पाँचओटा कविताहरूको रचना गरेका छन् । तिनैमध्येबाट एक श्लोक यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

विनोदी ! अझै दु:खमा बाँचिदे तँ
पिई नित्य पीडाहरू हाँसिदे तँ
यहाँ मञ्चमा धेर बाधाहरू छन्
त्यसैमाथि टेकी सधैँ नाचिदे तँ ।

– *स्वगत,* पद्य १

यहाँ कविले ६, ६ मा विश्राम हुने भुजङ्गप्रयात (य, य, य, य) छन्दको प्रयोग गर्दै आत्मालापका माध्यमबाट जीवनका असङ्गतिहरू अभिव्यक्त गरेका छन् ।

**(ख) शार्दूलविक्रीडित छन्द**

शार्दूलविक्रीडित छन्दको प्रयोग गरी कविले यस सङ्ग्रहमा १७ ओटा कविताहरू रचेका छन् । उनका कलम यस छन्दमा प्रवाहपूर्ण शैलीमा दौडिएको छ । यही छन्दमा रचिएको एक श्लोक कवितालाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

हे नारी ! किन चिन्दिनौ अझ तिमी आफ्नै महत्ता पनि
तिम्रै नाच्दछ हातमा पुरुषको त्यो दीर्घ सत्ता पनि
झिक्दै साहस, शौर्य, सीप र नयाँ निर्माणको जाँगर
उठ्छ्यौ यो धरती सिँगार्न कहिले नारी ! तिमी आखिर ?

– *सम्बोधन,* पद्य ६

यहाँ शिखरिणी छन्दको प्रयोग गर्दै कविले नारीहरूले चूल्होचौका र बेल्नालाई मात्र आफ्नो जिम्मेवारी नठानी सारा राष्ट्रलाई नेतृत्व गर्न उठ्नुपर्छ भन्ने सन्देश दिएका छन् । महिला स्वतन्त्रताका पक्षधर कविले महिलाले नेतृत्व गरेर अगाडि बढे देश सिँगारिने आशा राखेका छन् ।

### (ग) शिखरिणी छन्द

कवि विनोदीले शिखरिणी छन्दको प्रयोग यस सङ्ग्रहका कविताहरूमा बडो सहजताका साथ गरेका छन् । तिनै कविताहरूमध्येबाट एक श्लोक उदाहरणका लागि यहाँ प्रस्तुत गरिएको छ :

बजाएका हुन् वा डमरु शिवले डिंडिम गरी
न वा गौरी नाचिन् हिमशिखरमा छंछम गरी
कि स्रष्टाले आफ्नै सृजनसुरमा गुन्गुन गऱ्यो
अहा ! कस्ले आई भुवनतलमा यो लय भऱ्यो ?

– *पानीको सङ्गीत,* पद्य १

कविले यहाँ पानी पर्दाको क्षणमा आएको आवाजलाई वा सङ्गीतलाई विभिन्न वस्तुहरूसँग दाँज्न पुगेका छन् । उक्त सङ्गीतलाई शिवले बजाएको डमरु वा गौरी छंछम गरी नाचेको वा सृष्टिकर्ताले खुसी हुँदै गुन्गुनाएको आवाज हो भनेका छन् । यसरी पानीको सङ्गीतलाई आधार बनाएर कविले शिखरिणी छन्दमा यसरी मीठो अभिव्यक्ति प्रकट गरेका छन् ।

स्वच्छन्द भावलाई शास्त्रीय छन्दमा प्रस्तुत गर्ने विनोदी नेपाली कविताको समसामयिक युगका स्वच्छन्दतावादी कविमा चिनिएका छन् ।[२५] लेखाइमा परिष्कारवादी, अभिव्यक्तिमा स्वच्छन्दतावादी, जीवनदृष्टिमा झन्डै यथार्थवादी कवि विनोदी कविशिरोमणि लेखनाथ, महाकवि देवकोटा र कवि भूपी शेरचन यी तीन कविहरूका बेग्लाबेग्लै प्रवृत्तिहरूको संयुक्त प्रतिरूप बनेका छन् ।[२६] यसरी विभिन्न विद्वान्-समीक्षकहरूले प्रशंसा गरेका कवि विनोदीले राष्ट्रिय रूपमा नै ख्यातिप्राप्त गरेका छन् । बाल्यकालदेखि नै साहित्यानुरागी कवि नेपाली विषयको प्राध्यापक हुनुले पनि उनलाई यस क्षेत्रमा अगाडि बढ्न सजिलो बनेको हो । सबैलाई समेटेर अगाडि बढ्न चाहने कवि विनोदीमा समानता, मानवता, विश्वबन्धुत्वको भावना रहेको छ । स्वच्छन्दतावादी भावधारा र परिष्कृत भाषाशैलीले गर्दा उनका कृतिहरू गुणात्मक रूपमा समेत उत्कृष्ट बनेका छन् । नेपाली साहित्यको ढुकुटीमा उनका कृतिहरूको स्थान उच्च रहेको छ । राष्ट्रिय रूपमा नै ख्यातिप्राप्त यस्ता व्यक्तित्व पाउनु नवलपरासी जिल्लावासीका लागि गौरवको विषय बनेको छ । यस जिल्लामा साहित्यिक लहर ल्याउन, शास्त्रीय कविता रचनामा सबैलाई प्रोत्साहन गर्न योगदान पुऱ्याउने कवि विनोदी नवलपरासी जिल्लाका एक वरिष्ठ अग्रज शास्त्रीय कविका रूपमा परिचित रहेका छन् ।

---

२५ खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, पूर्ववत्, पृ. २०७ ।
२६ डी.आर. पोखरेल, पूर्ववत्, पृ. ५८ ।

## ४.१.६ चेतराज कँडेलको काव्य

### ४.१.६.१ 'हिजोआज' कवितासङ्ग्रह

**हिजोआज** कवितासङ्ग्रह स्वयम् कवि चेतराज कँडेलद्वारा वि.सं. २०४७ मा प्रकाशित छन्दोबद्ध कृति हो । यस सङ्ग्रहमा १२ ओटा कविताहरू ३२ पृष्ठमा सङ्गृहीत रहेका छन् । यस सङ्ग्रहमा आबाल ब्रह्मचारी परमानन्दले *शुभकामना* शीर्षकात्मक लेखबाट अधर्मरूपी कालो बादललाई यस कृतिले छिन्नभिन्न पार्न सकोस् भनी शुभकामना दिएका छन् । सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसीका नेपाली विभागका अध्यक्ष जगन्नाथ शर्मा कँडेलले पनि *शुभकामना* शीर्षकको भूमिकालेखबाट कविको कवित्व उत्तरोत्तर गहकिलो बन्दै जाओस् भनी शुभकामना दिएका छन् । धर्मको रक्षा र परिपालनासँग कृति सम्बन्धित रहेको छ ।

#### ४.१.६.१.१ **विषयवस्तु**

**हिजोआज** कवितासङ्ग्रहमा हिन्दू धर्मको वास्तविक ज्ञान र कर्तव्यबाट पथभ्रष्ट भएका युवाहरूलाई सत्यको बाटोमा हिँड्न आग्रह गरिएको छ । समाजमा बढ्दै गएको छाडापन, जाँडरक्सीको सेवन, आफ्नो भेषभूषा, संस्कृति, रीतिरिवाजप्रतिको अनास्था, युवापिँढीको गैरजिम्मेवारीपन, हिन्दू धर्मको बेवास्ता, समाजमा बढ्दै गएको अन्याय, अत्याचार, हत्या, हिंसा, सन्तानको आमाबाबुप्रति बढ्दै गएको बेवास्ता, नारीहरूको अपहेलनाजस्ता विषयवस्तुलाई यस सङ्ग्रहमा समेटिएको छ । देशवासीहरूमा नैतिकता, सदाचार, राष्ट्रप्रेमको भाव जागृत नभएसम्म देशमा शान्ति, सुरक्षा एवम् राष्ट्रको प्रगति हुन सक्दैन भन्ने कविको मान्यता रहेको छ । त्यसैले यस सङ्ग्रहका कवितामार्फत् सबै नेपालीहरू सदाचारी, संयमी र राष्ट्रप्रेमी बन्न सकून् भन्ने इच्छा कविले व्यक्त गरेका छन् ।

#### ४.१.६.१.२ **रस**

आध्यात्मिक भावधारालाई अँगालेर लेखिएको यस कृतिका कविताहरूमा कविले विभिन्न रसहरूको प्रयोग स्वाभाविक रूपमा गरेका छन् । कृतिमा प्रयुक्त रसहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ९ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | नयाँ धारणा | ३, ७ | १, २ |
| | | आमाको विलाप | ९ | १७ |
| २. | बीभत्स | दुर्व्यसनको परिणाम | ५ | १९ |
| ३. | वीर | नारीका विशेषता | २ | २५ |
| ४. | शान्त | हाम्रो राष्ट्रिय गौरव | ४, ५ | ६ |

**(क) बीभत्सरस**

समाजमा बढ्दै गएको विकृतिप्रति चिन्तित कवि वर्तमान युवापिँढीमा देखिएको आचरणहीनताबाट पीडित बनेका छन् । युवाहरू रक्सी पिएर फोहरी बनेका छन् । रक्सी पिएर फोहरी दलदलमा फसेका युवाहरूको यथार्थ चित्रणमा कविले बीभत्सरसको प्रयोग यसरी गरेका छन् :

देख्छौँ आज सबै यही धरणिमा रक्सी पिएका जन
नालीका दहमा पसेर मुखले गर्दै छ बान्ता किन
कुत्ताले मुखमा पिसाब उनका गर्दिन्छ ऊठी कन
यस्ता मानवले गएर घरमा पत्नी कुटेका किन ।

– *दुर्व्यसनको परिणाम,* पद्य ५

रक्सी पिएर फोहरी बनेका युवाहरूलाई देख्दा मनमा उत्पन्न भएको घृणा स्थायीभाव, फोहर सडेगलेका वस्तु, नाली आदि आलम्बन विभाव, भिङ्गा भन्कनु, कुकुरले मुखमा पिसाब गर्नु आदि उद्दीपन विभाव, त्यस्तो दृश्य देख्दा घिन लाग्नु, वाकवाक आउनु, नाक थुन्नु आदि अनुभाव र वर्तमान युवापिँढीको यस्तो दयनीय अवस्था देख्दा उत्पन्न भएको चिन्ता, ग्लानि आदि व्यभिचारी भाव यस कवितांशमा पाइएको हुनाले यहाँ बीभत्सरस अभिव्यञ्जित भएको छ ।

**४.१.६.१.३ अलङ्कार**

कवि चेतराज कँडेलको सबै नेपालीहरू नैतिकवान् बनी आफ्नो धर्म, संस्कृति, रीतिरिवाजको पालना गर्दै राष्ट्रियताको संरक्षणमा लाग्नुपर्छ भन्ने सन्देश दिने उद्देश्यले रचिएको यस सङ्ग्रहका कविताहरूमा उनले अलङ्कारको प्रयोगतर्फ ध्यान दिएका छैनन् । कविले काव्यलाई अलङ्कारले सिँगार्ने चेष्टा नगरे पनि काव्यमा स्वाभाविक रूपमा प्रयोग भएका अलङ्कारलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ९ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | नयाँ धारणा | १, १२ | १, ४ |
| | | | आचरणको दुरुपयोग | ९, १८ | ९, ११ |
| | | | नारीको विशेषता | १ | २५ |
| | | | नारीको अपहेलना | ५ | २४ |
| | | | हिंसा | ५ | २८ |

**(क) उपमा अलङ्कार**

कवि चेतराज कँडेलले उपमा अलङ्कारको प्रयोग यस सङ्ग्रहका कविताहरूमा प्रशस्त ठाउँमा गरेका छन् । वर्तमान जगत्का युवा र युवतीहरूलाई ठम्याउन कठिन भएको परिस्थितिलाई कविले यसरी उपमा अलङ्कारको प्रयोगद्वारा प्रकट गरेका छन् :

टुप्पी काटिसके सबै युवकले मुश्लीमजस्ता बने
नारी फेरि कटाइ केश अहिले लोग्नेसरीका भए
कस्तो फेशन आज निस्किन गयो केटा बने केटिझैँ
केटी सूट र बूट धारण गरी केटासरी छन् सबै ।

– *नयाँ धारणा,* पद्य १२

यहाँ उपमेय – केटा, उपमान – केटी, वाचक शब्द – झैँ र धर्म – बन्नु को प्रयोग गरेका छन् । त्यसैले यहाँ उपमा अलङ्कारको आयोजना हुन पुगेको छ ।

४.१.६.१.४ **छन्द**

पूर्वीय काव्यमान्यतालाई अनुसरण गरेर रचिएको यस कृतिमा शास्त्रीय वर्णमात्रिक शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । शार्दूलविक्रीडित छन्दको प्रयोग गरेर १२ ओटा शीर्षकका कविताहरूमा जम्मा ११० श्लोकसङ्ख्या रहेका छन् । आभ्यासिक चरणको यस कृतिमा कविले एउटै छन्दमा आधारित रहेर विविध विषयवस्तुको प्रयोग गर्दा कतैकतै वर्णविन्यास र मात्रा गिरावटको अवस्था देखिएको छ । यस काव्यमा गरिएको छन्दप्रयोगलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ९ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | कवितासङ्ख्या | पद्यसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | शार्दूलविक्रीडित | – | – | १२ | १५, ६, २०, ६, १०, १०, ६, ५, ५, ७, ११, ११ |

**(क) शार्दूलविक्रीडित छन्द**

कविले सम्पूर्ण सङ्ग्रह नै शार्दूलविक्रीडित छन्दको प्रयोग गरेर रचना गरेका छन् । तिनैमध्येको एक श्लोक कविता यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

मेरो पुत्र पढेर बन्छ कि पछि भन्दै पढाए पिता
शङ्का मात्र भयो कता अब जरा चाँडै दिने हो बिदा
छोरीलाई उसै गरेर दिनहूँ सेवा निकै गर्दथे
छोरी आज कुमार्गकी हुन गई आचार भिन्नै छ रे ।

– *आचरणको दुरुपयोग,* पद्य २०

कवि कँडेलले यहाँ शार्दूलविक्रीडित छन्दको प्रयोग गर्दै वर्तमान युवापुस्ताको अचारहीनताको स्थितिको चित्रण गरेका छन् । बाबुआमा छोराछोरीलाई पढाउन भनेर मरिमेटेका छन् तर उनीहरू पढ्नुको सट्टा कुसङ्गतमा लागेर कुमार्गतिर डोरिन पुगेको यथार्थतालाई यहाँ प्रस्तुत गरेका छन् ।

आध्यात्मिक भावनाले ओतप्रोत कवि चेतराज कँडेलले प्रस्तुत सङ्ग्रह विद्यार्थी कालमा लेखेका छन् । आभ्यासिक चरणको भएर पनि कृति शास्त्रीय छन्दमा रचिएको छ । एउटै मात्र छन्दको प्रयोग गरेर सिङ्गो कृति तयार पार्न सक्नु उनको खूबी हो । आभ्यासिक चरणको कृति भएर होला यस कृतिमा परिमार्जनको अभाव देखिएको छ । सकेसम्म छन्द भङ्ग नगर्न कविले ह्रस्व मात्रालाई दीर्घ र दीर्घ वर्णलाई ह्रस्व बनाएका छन् । यिनै सामान्य कमजोरीबाहेक कृति योग्य नै रहेको छ । यसरी शास्त्रीय छन्दमा कृतिको प्रकाशन गरेर कवि चेतराज कँडेलले नवलपरासी जिल्लाको साहित्यिक इतिहासमा आफूलाई एक शास्त्रीय कविका रूपमा स्थापित गरेका छन् ।

## ४.१.७ तीर्थराज कोइरालाका काव्य

### ४.१.७.१ 'विजया आविर्भाव' खण्डकाव्य

**विजयाअविर्भाव** खण्डकाव्य वि.सं. २०४६ मा पुष्पराज कोइरालाद्वारा प्रकाशित कवि तीर्थराज कोइरालाको प्रथम पुस्तकाकार कृति हो । जम्मा ८ अध्यायमा ११७ श्लोकसङ्ख्या रहेको यस काव्यमा ४४ पृष्ठ रहेका छन् । काव्यको मुखपृष्ठमा सिंहमा आरुढ दुर्गा भगवतीको चित्र रहेको छ । धर्म-प्राण नेपाली दाजुभाइ, दिदी-बहिनीहरूमा समर्पण गरिएको यो काव्य विजयादशमीको अवसर पारेर प्रकाशित गरिएको हो । गोविन्दराज विनोदीद्वारा *सम्मति* शीर्षकात्मक भूमिकालेखमा धर्मप्रति रुचि राख्ने तमाम नेपालीहरूका बीचमा यस कृतिले चण्डीको पूरकका रूपमा काम गर्नेछ भन्ने कुरा व्यक्त गर्दै कृतिको सफलताको कामना गरिएको छ । नवरात्रिकी अधिष्ठात्री देवी दुर्गा भवानीको कथावस्तुलाई काव्यमा समेटिएको छ ।

#### ४.१.७.१.१ विषयवस्तु

**विजया आविर्भाव** खण्डकाव्य कवि तीर्थराज कोइरालाद्वारा शास्त्रीय छन्दमा रचिएको काव्य हो । पौराणिक विषयवस्तुलाई उपजीव्य बनाएर लेखिएको भए तापनि कविले यस

कृतिलाई आफ्नै मौलिकतामा ढाल्न सफलता प्राप्त गरेका छन् । आसुरी वृत्तिमाथि दैवी वा मानवीय भावनाको विजय देखाउन र नारीको महिमामय व्यक्तित्वप्रति सम्मान व्यक्त गर्न यो काव्य रचिएको हो ।[२७] आठ अध्यायमा विभक्त यस खण्डकाव्यको प्रत्येक अध्यायको कथावस्तु यसप्रकार रहेको छ :

प्रथम अध्याय : शक्तिस्वरूपा भगवतीको उत्पत्ति, ऋषिमुनि, देवताहरूद्वारा उनको स्तुतिको प्रसङ्ग उल्लेख गरिएको छ ।

दोस्रो अध्याय : दानवका राजा महिषासुरको दुर्गा भगवतीद्वारा बध गरिएको प्रसङ्ग उल्लेख गरिएको छ ।

तेस्रो अध्याय : असुरहरूको विनाशले गर्दा ऋषिमुनिहरू ध्यानमा बस्ने शान्त वातावरणको सिर्जना भएको प्रसङ्गको चर्चा गरिएको छ ।

चौथो अध्याय : शुम्भराजको दूतद्वारा देवी भगवतीलाई शुम्भराजलाई पति ग्रहण गर्न आग्रह गर्दा मलाई लाने भए लडेर जितेर लानुपर्छ भन्ने सन्देश दिँदाको प्रसङ्ग उल्लेख गरिएको छ ।

पाँचौं अध्याय : शुम्भ-निशुम्भका सेना र चण्ड-मुण्डको भगवतीद्वारा बध गर्दाको अवस्थाको वर्णन गरिएको छ ।

छैटौं अध्याय : भगवतीद्वारा रक्तबीजको बध गर्दाको अवस्थाको चित्रण गरिएको छ ।

सातौं अध्याय : असुरका राजा शुम्भका भाइ निशुम्भ र भगवतीका बीचमा युद्ध र निशुम्भको हत्याको प्रसङ्ग उल्लेख गरिएको छ ।

आठौं अध्याय : भाइको मृत्युले तड्पिएको असुरराज शुम्भ र भगवतीका बीचमा युद्ध र शुम्भको बधको प्रसङ्गको वर्णन गरिएको छ ।

यसरी देवी दुर्गामाताले असत्का पक्षधर चण्ड-मुण्ड, शण्ड-मुशण्ड, रक्तबीज, शुम्भ-निशुम्भजस्ता दानवलाई मारेर सज्जनको हित गरेको प्रसङ्ग काव्यमा समेटिएको छ । नारीलाई शक्ति र प्रेरणाकी स्रोत मान्ने कविले नारीलाई नै प्रमुख पात्र बनाएर यस काव्यको रचना गरेका छन् ।

#### ४.१.७.१.२ **रस**

प्रस्तुत **विजया आविर्भाव** खण्डकाव्यमा देवी भगवतीको चर्चा गरिएको छ । भगवतीले दानवका राजा महिषासुरलाई छातीमा त्रिशूल रोपी, चक्रले शिर छेदन गरी मारेको विषयवस्तु समेटिएको यस काव्यमा वीररस अङ्गी बनेर आएको छ । ऋषिहरूले तप गरेर बसेको शान्त

---

२७ गोविन्दराज विनोदी, *धरतीकी छोरी कवितासङ्ग्रहबारे*, **धरतीकी छोरी**, तीर्थराज कोइराला, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्,, २०६२), पृ. ञ ।

वातावरणमा शान्तरस, असुरहरूले ऋषिमुनिहरूलाई सताउँदाको अवस्थामा करुणरस, देवीले क्रोधित हुँदै असुरलाई मार्न तम्सँदा रौद्ररस, राक्षसहरूको राज्यको वर्णनमा बीभत्सरस आदिको प्रयोग भएको छ । ओज र प्रसादगुणले युक्त यस काव्यमा प्रयुक्त रसहरूलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या १० क**

| क्रम | रस | सर्ग | पद्य | |
|---|---|---|---|---|
| १. | करुण | एक, चार | ४, ४ | १, १७ |
| २. | बीभत्स | चार | १-३ | १८ |
| ३. | रौद्र | एक<br>तीन<br>सात | १, ६<br>१४<br>१२ | १, २<br>१५<br>३६ |
| ४. | वीर | दुई<br>पाँच<br>छ | १२, १९<br>२-४, १२, १५, १६<br>१६ | ९, ११<br>२४, २६<br>२७<br>३३ |
| ५. | शान्त | तीन<br>आठ | २<br>२१ | १२<br>४४ |

**(क) बीभत्सरस**

कवि तीर्थराज कोइरालाले यस खण्डकाव्यमा बीभत्सरसको प्रयोग ज्यादै सशक्त रूपमा गरेका छन् । राक्षसहरूको राज्यको चर्चा गर्ने सन्दर्भमा प्रयोग गरिएको बीभत्सरसको एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

कतै रक्त जामी बनेको छ गद्दर<br>
कतै पीप हिलो कतै हाड सोत्तर<br>
बलेको छ भट्टी कतै दन्दनाई<br>
गलेको छ पानी कतै बाफ ल्याई ।

– अध्याय चार, पद्य ६

राक्षसहरू शुम्भको देशमा भेला भई रङ्गरमाइलो गर्दै रहेका छन् । शुम्भ देशको राजधानीको चर्चा गर्दै कविले त्यहाँ जमेको फोहरमैलाको चित्रण गरेका छन् । त्यहाँको

दुर्गन्धित वातावरण देख्दा उत्पन्न भएको घृणा स्थायीभाव, घिनलाग्दो दुर्गन्धित वस्तु, जस्तै: पीपको हिलो, हाडहरूको सोत्तर, रगतको गद्दर आदि आलम्बन विभाव, दुर्गन्धित वातावरण उद्दीपन विभाव, त्यस्तो देख्दा हेरिनसक्नु भएर आँखा थुन्नु, थुक्नु, नाक थुन्नु आदि अनुभाव र त्यस्तो वातावरणले गर्दा मनमा उत्पन्न भएको आवेग, चिन्ता आदि व्यभिचारी भाव उक्त कवितांशमा पाइएको हुनाले यहाँ बीभत्सरसको प्रयोग गरिएको छ ।

(ख) **वीररस**

कवि कोइरालाले जसरी बीभत्सरसको प्रयोग सफलताका साथ गरेका छन्, त्यत्तिकै सफलताकासाथ यस काव्यमा वीररसको पनि प्रयोग गरेका छन् । उनका कविता पढ्दा पाठकका मनमा समेत वीरताको भाव जागृत भएर आएको हुन्छ । यस्ता कविले यस काव्यमा थुप्रै उत्कृष्ट वीररसका श्लोकहरूको प्रयोग गरेका छन् । तिनैमध्येबाट एउटा श्लोक कविता यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

फिँजारेर पाउ उठाई गरुड
रिँगाएर जोडै गरी दिव्यचक्र
प्रहार गर्न लागिन् खुनी दैत्यलाई
अहो ! वैष्णवीले खुसी भो मलाई ।

– अध्याय पाँच, पद्य १५

शुम्भ देशका सेना चण्ड-मुण्डसँग दुर्गा भवानीले लडाइँ गर्ने क्रममा कविले वीररसको कविताको रचना गरेका छन् । उक्त शत्रुहरूसँग लड्दा देवीका मनमा उत्पन्न भएको साहस स्थायीभाव, शत्रु चण्ड-मुण्ड आलम्बन विभाव, युद्धमैदानमा भगवतीले दिव्यचक्र, गरुड आदि जोडसँग रिँगाएर प्रहार गर्नु उद्दीपन विभाव, वैष्णवीले दैत्यलाई प्रहार गर्दा निस्केको गर्वपूर्ण बोली अनुभाव र उक्त लडाइँबाट उत्पन्न गर्व, आवेग, स्मृति आदि व्यभिचारी भाव यस कवितांशमा पाइने हुनाले यहाँ वीररसको प्रयोग गरिएको पाइन्छ ।

४.१.७.१.३ **अलङ्कार**

कवि कोइरालाले देवी दुर्गामाताको वीरताको वर्णनका क्रममा विभिन्न अलङ्कारहरूको समेत प्रयोग गरेका छन् । प्रसाद र ओज गुणले युक्त यस काव्यका कविताहरूमा अन्त्यानुप्रासको सुन्दर संयोजन गरिएको छ । बिम्ब, प्रतीक, मिथक आदिको प्रयोग गरेर लेखिएको यस काव्यमा प्रयोग गरिएका अलङ्कारहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १० ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | सर्ग | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | चार<br>पाँच | २३, २५<br>१९ | २२<br>२८ |
| २. | – | रूपक | तीन<br>छ | ९, १३<br>१३ | १४, १५<br>३३ |

**(क) उपमा अलङ्कार**

कवि कोइरालाले यस काव्यमा उत्कृष्ट उपमा अलङ्कारको प्रयोग गरेका छन् । तिनैमध्येबाट एउटा यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

उठाइ मुठी त्यो कठिन् वज्रतुल्य
मुटूनै फुटाली दिने राखी लक्ष्य
अगाडि डटेकी गरी मुण्डघात
ती चण्डी मुमाको सधैँ मिल्छ साथ ।

– अध्याय पाँच, पद्य १९

यहाँ उपमेय – मुठी, उपमान – वज्र, वाचक शब्द – तुल्य र धर्म – उठाउनु को प्रयोग पाइएकाले उपमा अलङ्कारको आयोजना भएको पाइन्छ ।

**(ख) रूपक अलङ्कार**

कवि तीर्थराज कोइराला माता दुर्गा भवानीको प्रशंसा गर्दै रचना गरेको यस काव्यमा रूपक अलङ्कारको प्रयोग सहजताका साथ गरेका छन् । तिनै कविताहरूबाट यहाँ एक श्लोक उदाहरणका लागि प्रस्तुत गरिएको छ :

भन्दछिन् चण्डिके दुष्ट त्यो निच हो
सृष्टिका फूलमा पंकको फीँज हो
विश्वको हित नै देवको स्वार्थ हो
शोषी दिएपछि रक्त नै मर्छ त्यो ।

– अध्याय छ, पद्य १३

यहाँ कविले राक्षसलाई नीच र पंकको फिँजसँग अभेद आरोप गरेका हुनाले रूपक अलङ्कारको प्रयोग गरिएको छ ।

४.१.७.१.४ **छन्द**

कवि तीर्थराज कोइरालाको प्रस्तुत **विजया आविर्भाव** शास्त्रीय छन्दमा रचिएको प्रथम कृति हो । कविले यस काव्यमा विविध छन्दको प्रयोग गरेका छन् । छन्दप्रयोगका दृष्टिले यस काव्यलाई छन्दको मनोरम वाटिका मान्न सकिन्छ । यस काव्यमा कविले प्रयोग गरेका छन्दहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १० ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | सर्ग |
|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | १, २, ३, ४, ५, ६, ८ |
| २. | इन्दिरा | – | – | ४ |
| ३. | उपजाति | – | – | ४, ५ |
| ४. | तोटक | – | – | १ |
| ५. | पञ्चचामर | – | – | २, ५, ८ |
| ६. | – | पज्भटिका | – | १ |
| ७. | पृथ्वी | – | – | १, ४, ७, ८ |
| ८. | भुजङ्गप्रयात | – | – | ४, ५, ७, ८ |
| ९. | मालिनी | – | – | १, २, ३, ४, ७, ८ |
| १०. | वसन्ततिलका | – | – | १, ३, ४ |
| ११. | वियोगिनी | – | – | ३ |
| १२. | शशिवदना | – | – | १ |
| १३. | शार्दूलविक्रीडित | – | – | १, २, ३, ४, ५, ६, ८ |
| १४. | शालिनी | – | – | २, ५, ८ |
| १५. | शिखरिणी | – | – | १, २, ६, ७, ८ |
| १६. | स्रग्विणी | – | – | ३, ४, ६, ८ |

**(क) स्रग्विणी छन्द**

कवि तीर्थराज कोइरालाले यस काव्यमा स्रग्विणी छन्दको प्रयोग गरेर प्रशस्त श्लोकहरूको रचना गरेका छन् । तिनैमध्येबाट एक श्लोक कविता यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

रक्त नै बीज भो फेरि त्यो जन्मियो
जन्मियो जन्मियो एकले धेर भो
दौडियो घेरदै मेरुको टाकुरो
लाख सङ्ख्या पुग्यो रङ्गमा भङ्ग भो ।

– अध्याय छ, पद्य ११

यहाँ कविले १२ अक्षरीय संरचना हुने स्रग्विणी (र, र, र, र) छन्दको प्रयोग गर्दै रक्तबीजको चर्चा गरेका छन् । रक्तबीजलाई मार्दा उसको शरीरबाट बहेको रगत जमिनमा पर्नासाथ थुप्रैको जन्म हुने चमत्कारिक वर्णनलाई कविले सहज रूपमा स्रग्विणी छन्दमा व्यक्त गरेका छन् ।

**(ग) पृथ्वी छन्द**

कवि कोइरालाले पृथ्वी छन्दलाई पनि यस काव्यमा प्रयोग गरेका छन् । त्यही छन्दमा रचिएको एक श्लोक कविता यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

गएर मन दैत्यको समिप यो विचारीकन
खुरुक्क अब सुम्पी रे सकल यज्ञका साधन
स्वभाव गरी आसुरी दखल गर्न यो हुन्न रे
अलि बरष बाँचने मन भए चली जाउ रे ।

– अध्याय सात, पद्य ३

प्रस्तुत कवितांशमा कविले १७ अक्षरीय संरचना भएको पृथ्वी (ज, स, ज, स, य, ल, गु) छन्दको प्रयोग गर्दै राक्षसहरूलाई अलिक वर्ष बाँच्ने इच्छा भए देवता, ऋषिमुनिहरूका यज्ञका सामग्री बुझाएर पातलमा गएर बस भनी आदेश दिएको प्रसङ्गलाई प्रकट गरेका छन् ।

स्वच्छन्दतावादी कवि तीर्थराज कोइरालाको कविता लेखनशैलीले महाकवि देवकोटाको स्मरण दिलाएको छ । विविध छन्द, अलङ्कार, रस, बिम्ब, प्रतीक, मिथकको प्रयोग गरी लेखिएको यस काव्यमा भावको चरम उत्कर्षता रहेको छ । स्वच्छन्दतावादी भावधाराका धनी कवि कोइराला आफूभित्रको अथाह भावचेतनालाई बेरोकटोक यस काव्यमा उतारेका छन् । शब्द शिल्पताले भन्दा ज्यादा भावको गहनताले गर्दा यो काव्य उत्कृष्ट बन्न पुगेको छ ।

## ४.१.७.२ वाल्मीकि स्मृति काव्य

वाल्मीकि स्मृति काव्य कवि तीर्थराज कोइरालाको दोस्रो प्रकाशित पुस्तकाकार कृति हो । शास्त्रीय वर्णमात्रिक छन्दमा रचिएको यस कृतिको प्रकाशन त्रिवेणी साहित्य परिषद्द्वारा

बाह्रौँ काव्यपुष्पका रूपमा वि.सं. २०५७ सालमा प्रकाशित भएको हो । लघुआकारको यस काव्यमा १६ पृष्ठसङ्ख्यामा ६० ओटा श्लोकहरू रहेका छन् । क्रौञ्चपक्षीको हत्या भएको देखेर मर्माहत बनेका आदिकवि वाल्मीकिको कारुणिक मुद्राको चित्र यस काव्यको मुखपृष्ठमा छापिएको छ । कवि कोइरालाले आफ्ना स्वर्गीय श्रद्धेय पिता हेमनाथ कोइरालाप्रति यो काव्य समर्पण गरेका छन् । यस काव्यका अभिप्रेरक व्यक्तित्व विष्णुप्रसाद धितालले यस कृतिको प्रकाशनमा आर्थिक सहयोग गरेका कुरा स्वयम् कविले *कृतज्ञता* शीर्षकात्मक भूमिकामा उल्लेख गरेका छन् । *वाल्मीकि स्मृतिको पूर्वरागमा रँगिदा* शीर्षकात्मक लेखमा कवि गोविन्दराज विनोदीले आकारका दृष्टिले यो काव्य सानो भए पनि गुणका दृष्टिले बृहत् छ भनेका छन् । संस्कृतसाहित्यका आदिकवि वाल्मीकिको स्मरण गर्दै कवि कोइरालाले यस कृतिको रचना गरेका छन् ।

#### ४.१.७.२.१ **विषयवस्तु**

**वाल्मीकि** स्मृति काव्य कवि तीर्थराज कोइरालाको शास्त्रीय वर्णमात्रिक छन्दमा रचिएको कृति हो । यस काव्यमा कविले चितवन जिल्लाको गर्दी गा.वि.स.मा रहेको वाल्मीकि आश्रम देखेपछि उब्जेका आफ्ना भावनाहरूलाई पौराणिक रामायणको कथावस्तुको आधारमा प्रस्तुत गरेका छन् । व्याधावेधित बाणद्वारा मृत्युलोकमा प्राप्त भएको क्रौञ्चपन्छीको कारुण्य दृश्यले वाल्मीकिमा कविभावना जागृत भएर रामायणको रचना गरेको प्रसङ्ग र वाल्मीकि रत्नाकरबाट कसरी ऋषि बन्न पुगे भन्ने कुरा पनि काव्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।[२८] धोबीका वचन सुनेका रामबाट परित्यक्ता सीताले वाल्मीकिको आश्रममा आश्रय पाएको, लवकुशको जन्म भएको, रामको अश्वमेध यज्ञमा छोडिएको अश्वलाई साहसपूर्वक लवकुशले बाँधेका र रामको सेनालाई भयभीत बनाएका प्रसङ्गलाई यस काव्यमा विषयवस्तु बनाइएको छ ।

#### ४.१.७.२.२ **रस**

**वाल्मीकि** स्मृति काव्य लघुआकारको र एउटै सर्गमा लेखिएको भएर पनि कविको चिन्तनको आयाम भने सुदीर्घ रहेको छ । कविको ऋषिभाव, काव्यानुराग, 'सत्यं शिवम् सुन्दरम्' प्रतिको मोह, हिन्दू आर्य गौरवप्रतिको आस्था, नारीप्रतिको सम्मानभाव र स्वच्छन्दतावादी चिन्तन बोकेको यस काव्यमा करुण अङ्गीरसका रूपमा रहेको छ । यसमा प्रयुक्त विभिन्न रसहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

---

२८ गोविन्दराज विनोदी, *वाल्मीकिस्मृतिको पूर्वरागमा रँगिदा,* **वाल्मीकिस्मृति** काव्य, तीर्थराज कोइराला, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०५७), पृ. झ ।

**तालिका सङ्ख्या ११ क**

| क्रम | रस | सर्ग | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | – | १३, १४, १५, १६, १८, ४६, ४९, ५०, ५८ | ४, ५, १२, १३, १५ |
| २. | वीर | – | ७, ८ | २ |
| ३. | शान्त | – | ३ | १ |

**(क) करुणरस**

करुणरस अङ्गी रहेको यस काव्यमा कविले करुणरससिक्त मीठा श्लोकहरूको रचना प्रशस्त गरेका छन् । पति रामद्वारा दोजिया अवस्थामा परित्यक्ता बनेकी सीताका सन्दर्भमा कविको कारुणिक अभिव्यक्ति यस्तो रहेको छ :

मेरा वृन्दावनसम कुनै एकलो वासभित्र
नारी उस्मा पनि विरहिणी दोजिया दीन चित्र
झल्काएरै यस विजनमा हेर, आइरहेकी
भोगी लामो सुख पुरुषले हेर त्यक्ता भएकी ।

– पद्य ४६

राजसी सुखभोगमा बसेकी रानी सीतालाई गर्भवती अवस्थामा राजा रामद्वारा त्यजिन पुग्दा उत्पन्न भएको शोक स्थायीभाव, रामद्वारा परित्यक्त सीता आलम्बन विभाव, गर्भवती भएको कठिन समयमा देखिएको सीताको दीनहीन अवस्था उद्दीपन विभाव, सीताको दयनीय स्थिति, हिँडाइ, शोकाकुल अवस्था अनुभाव र सीतालाई देख्दा मनमा उत्पन्न भएको चिन्ता, विषाद्, ग्लानि आदि व्यभिचारी भाव उक्त कवितांशमा पाइने हुनाले यहाँ करुणरस अभिव्यञ्जित भएको छ ।

**(ख) वीररस**

कविले माता सीताका दुई पुत्र लव र कुशको प्रशंसा गर्दा काव्यमा वीररसको प्रयोग गरेका छन् । त्यही प्रसङ्गको एक श्लोक कविता यहाँ प्रस्तुत गरिएको छ :

देख्दा त्यस्तो ऋषितनय ती बस्दथे के र चूप ?
यद्वा देवी प्रणित दुइटै वीर छन् शूर खूप
खेल्थे एक्लै लव त्यहिँ कुना बीच त्यो अश्व आयो
खेलैले नै झटपट कठै ! बाँधियो सक्पकायो ।

– पद्य ७

रामद्वारा अश्वमेध यज्ञका लागि छोडिएको अश्वलाई समाउने लवकुशमा उत्पन्न उत्साह स्थायीभाव, उक्त अश्व आलम्बन विभाव, अश्वले त्यहाँबाट छुट्न वा नबाँधिन गरेको प्रयास उद्दीपन विभाव, लवकुशले उक्त कार्य गर्दाको गर्वपूर्ण बोली अनुभाव र उक्त अश्वलाई बाँध्न सफल भएकोमा गरिएको गर्व, आवेग आदि व्यभिचारी भाव व्यक्त भएको हुनाले यहाँ वीररसको प्रयोग भएको छ ।

### ४.१.७.२.३ अलङ्कार

कवि कोइरालाले यस काव्यमा विभिन्न बिम्ब, प्रतीक, अलङ्कार, मिथक आदिको प्रयोग स्वाभाविक रूपमा गरेका छन् । अन्त्यानुप्रासको सुन्दर आयोजना पाइने यस काव्यका कवितामा कविले प्रयोग गरेका विभिन्न अलङ्कारहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या ११ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | सर्ग | पद्य | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | – | उपमा | – | २, ११, २३, २६, ५९ | १, ९, ६, ७, १५ |
| २. | – | उत्प्रेक्षा | – | ४९ | १३ |
| ३. | यमक | – | – | ५५, ५६ | १४ |

**(क) उपमा अलङ्कार**

कवि कोइरालाले यस काव्यमा थुप्रै उपमा अलङ्कारयुक्त श्लोकहरूको रचना गरेका छन् । तिनैमध्येबाट एक श्लोक कविता यहाँ प्रस्तुत गरिएको छ :

टाढा धाईकन पनि यसै धर्म ता हुन्न होला
'साह्रै जाडो' नभन अलसी भाव आएर रोला
जाऊ आफै ऋषिमुनि सरी छोड माया पिशाच
होला सच्चा मन र मुखको भाव यौटै विराट ।

– पद्य २६

यहाँ उपमेय – मानव, उपमान – ऋषिमुनी, वाचक शब्द – सरी र धर्म – मायाबाट विरत रहनु को प्रयोग भएकाले उपमा अलङ्कारको आयोजना हुन पुगेको छ ।

**(ख) उत्प्रेक्षा अलङ्कार**

कवि कोइरालाले यस काव्यमा प्रयोग गरेका उत्प्रेक्षा अलङ्कारलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

भन्छिन् सीता मनमन तिमी निष्ठुरी हौ कि राम ?
पोली आगो बिच अघि कठै ! जो गऱ्यौ उग्र काम
त्यस्ले तिम्रो किन नबुझने चित्त साह्रो अतीव
राज्यै कालो प्रिय स्वजनको प्रेरणाका निमित्त ।

– पद्य ४९

कविले रामद्वारा त्यक्ता बनेकी सीताले रामप्रति मनमनै सम्झिएको प्रसङ्गमा उत्प्रेक्षा अलङ्कारको प्रयोग गरेका छन् । यहाँ रामलाई निष्ठुरीसँग आरोप गरेका छन् र वाचक शब्द 'हो कि' को प्रयोग भएको छ । त्यसैले उपयुक्त कवितांशमा उत्प्रेक्षा अलङ्कारको आयोजना गरिएको छ ।

४.१.७.१.४ **छन्द**

प्रस्तुत **वाल्मीकि** स्मृति काव्यमा एकमात्र मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ । यसरी एउटै शास्त्रीय छन्दको प्रयोग गरी सिङ्गो काव्यको रचना गर्नुले कवि कोइरालाको कवित्वक्षमताको परिचय दिएको छ । कविता बन्नको लागि शब्द र अर्थका बीच सुन्दर तारतम्य मिलेको हुनुपर्छ । कवि तीर्थराज कोइराला मानवीय कर्तव्य, युगबोध, राष्ट्रप्रति अगाध प्रीति र जीवनका संवेदनाहरूलाई समेट्दै गहन र सूक्तिमय अभिव्यक्ति दिन सिद्धहस्त देखिएका छन् । मन्दाक्रान्ता छन्दको प्रयोगमा राष्ट्रकवि माधव घिमिरेकै समकक्षी देखिएका कवि कोइरालाले पूर्वीय वाङ्मयका मात्र नभएर विश्वकै आदिकवि वाल्मीकिको महिमा यस काव्यमा गाएका छन् । यस काव्यमा कविले मन्दाक्रान्ता छन्दको मात्र प्रयोग गरेका छन् । यसलाई तालिकामा यसरी देखाइएको छ :

**तालिका सङ्ख्या ११ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | सर्ग |
|---|---|---|---|---|
| १. | मन्दाक्रान्ता | – | – | १ |

**(क) मन्दाक्रान्ता छन्द**

कवि कोइरालाले मन्दाक्रान्ता छन्दमा सिङ्गो काव्यको नै रचना गरेका छन् । यसै काव्यबाट एक श्लोक कविता यहाँ प्रस्तुत गरिएको छ :

लामा दाह्री धवल पनि छन् हात लामा र सग्ला
अग्लाअग्ला सरल मनले सोचने व्यक्ति जल्ला
सीताजीको स्वरूप मनले ध्यान गर्दै रहन्छन्
नारीलाई किन दुःख दियौ राम हा ! राम ! भन्छन् ।

– पद्य ४१

कविले १७ अक्षरीय संरचना भएको मन्दाक्रान्ता छन्दको प्रयोग गर्दै रामायणको रचना, सीताको संरक्षण, लवकुशको सुशिक्षाका लागि समर्पित वाल्मीकिको चित्रण गरेका छन् ।

कवि तीर्थराज कोइराला स्वर्णभद्रा, पञ्चनदी र तमसा (नारायणी) को सङ्गम त्रिवेणीधाममा अवस्थित वाल्मीकि आश्रम घुम्दा प्रभावित भएर उक्त कृतिको सिर्जना गरेका हुन् । यसरी एउटा ठाउँमा एकपटक पुग्नासाथ तुरुन्तै कविले लगातार एउटै छन्दको प्रयोग गरेर आफ्नो कवित्व शक्तिको प्रयोग गरी सिङ्गो काव्यको निर्माण गरेका छन् । कवि कोइरालाका कविता प्राकृत स्वरूपका सहज र आकर्षक किसिमका छन् । आफ्नो भावनाको प्रवाहलाई नबिगारीकन कविता लेख्नु उनको स्वभावगत विशेषता रहेको छ ।

### ४.१.७.३ 'धरतीकी छोरी' कवितासङ्ग्रह

**धरतीकी छोरी** कवितासङ्ग्रह वि.सं. २०६२ मा त्रिवेणी साहित्य परिषद्, नवलपरासीद्वारा प्रकाशित कवि तीर्थराज कोइरालाको तेस्रो पुस्तकाकार कृति हो । यो कृति कविको मृत्युपश्चात् प्रकाशित गरिएको हो । यस सङ्ग्रहमा कविका वि.सं. २०१५ देखि २०६१ सम्मका झन्डै ४६ वर्षावधिका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित एवम् अप्रकाशित कविताहरू सङ्कलित गरिएका छन् । ८७ पृष्ठसङ्ख्या रहेको यस कृतिमा कविका ५८ ओटा कविताहरू सङ्गृहीत रहेका छन् । कवि कोइरालाको हँसिलो चेहरायुक्त फोटो काव्यको मुखपृष्ठमा छापिएको छ । यस काव्यमा प्रकाशकीयको भूमिका त्रिवेणी साहित्य परिषद्का अध्यक्ष नारायणप्रसाद खनालले निर्वाह गरेका छन् । *दुई शब्द* नामक भूमिकामा कविका भाइ गोविन्दराज कोइराला छन् भने कविको निधनपछि कृति प्रकाशनको अभिभारा बोक्ने संस्था र सहयोगीहरू सबैप्रति कविपत्नी शकुन्तला कोइरालाले आभार व्यक्त गरेकी छिन् । *मन्तव्य* नामक भूमिकामा रामहरि शर्मा शराहले यो कृतिसँगै कविको स्मृति पनि जीवन्त बन्न सकोस् भनी सदीक्षा प्रकट गरेका छन् । *धरतीकी छोरी कवितासङ्ग्रहबारे* शीर्षकको भूमिकामा कवि गोविन्दराज विनोदीले कवि कोइरालाको यस कृतिको प्रकाशन जीवनकालमै गर्ने धोकोलाई मृत्युपश्चात् भए पनि पूर्ण पारेको कुरा व्यक्त गर्दै समग्रमा कृतिको सूक्ष्म विश्लेषण गरेका छन् ।

#### ४.१.७.३.१ विषयवस्तु

कवि तीर्थराज कोइरालाको फुटकर कविताहरूको प्रतिनिधिमूलक सङ्ग्रहका रूपमा प्रस्तुत **धरतीकी छोरी** कवितासङ्ग्रह रहेको छ । समाजमा युगौंदेखि जरा गाडेका रीतिरिवाज, चालचलन एवम् जीर्ण परम्पराको विरोध, मानवीय सौन्दर्य र प्राकृतिक सौन्दर्यको अभिराम वर्णन, सांसारिक सृष्टि रहस्यबोधको उद्घाटन, सामाजिक रूपान्तरणको चाहना, समाजमा व्याप्त कुरीति, अन्धविश्वास, विकृति एवम् विसङ्गतिका विरुद्ध विद्रोह, स्वतन्त्रताको चाहना, भातृत्वको चाहना, अग्रज कवि साहित्यकारहरूप्रति सद्भाव, नारीका पक्षमा वकालत, चरम

भौतिकताप्रतिको व्यङ्ग्य, मानवतावादी भावना, वर्तमान युद्ध विभीषिका, प्राज्ञहरूको कुर्सीप्रतिको मोह, साहित्य र समाजमा व्याप्त स्वार्थी प्रवृत्तिप्रतिको व्यङ्ग्य, निम्नवर्गीय जनताप्रति सहानुभूति र देशप्रेमको भावनाहरू आदि विषयवस्तुलाई कविले यस काव्यमा प्रस्तुत गरेका छन् ।

### ४.१.७.३.२ रस

कवि तीर्थराज कोइरालाका कविताले पाठक वा श्रोतागणको हृदयलाई हँसाउने, रुवाउने, उक्साउने, हौस्याउने गराउन सक्ने खालका रहेका छन् । वाचनकलाका धनी कवि कोइरालाका कविताका आस्वादनले पाठकहरू द्रवीभूत हुन्छन् । कवि कोइरालाभैँ उनका कविता पनि रसिला रहेका छन् । यस्ता कविव्यक्तित्वले यस सङ्ग्रहका कवितामा प्रयोग गरेका विविध रसहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १२ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | शोक काव्य : मर्स्याङ्दीका | ५, ६ | ४१ |
| | | महती देवता ह्येषा | १२ | ७३ |
| | | पिताजीप्रति : चौरासी | १, ३, ४, ५ | ८२ |
| | | | ७, ८, ९, १०, ११, १२ | ८३ |
| | | | १ | ८६ |
| २. | रौद्र | शून्य गगनमा उड्जा | १–५ | १ |
| ३. | वीर | इन्क्लाब बोल्न दे | १–८ | २ |
| | | एक्लै मलाई हिँड्न दे | १–७ | ३–४ |
| | | मेरी कविता | १–२ | ४५ |

**(क) करुणरस**

कवि कोइरालाले यस काव्यमा करुणरसको प्रयोग सशक्त रूपमा गरेका छन् । उनका तिनै करुणरसहरूमध्येबाट एक श्लोक यहाँ प्रस्तुत गरिएको छ :

मर्स्याङ्दीका तरलजलमा जिन्दगीको कहानी
भन्दै जान्छे जलधि-जलमा एउटी ग्राम-रानी
त्यस्को आत्मा विचलित नहोस् अँजुली एक दिन्छु
साक्षी राखी तिमीकन सधैँ सम्भनाभित्र लिन्छु ।

– *शोककाव्य : मर्स्याङ्दीका केही पङ्क्तिहरू,* पद्य ५

आफ्नी प्रथम पत्नीको वियोगमा कविमा उत्पन्न शोक स्थायीभाव, कविकी मृत पत्नी आलम्बन विभाव, मृत पत्नीको सम्झना उद्दीपन विभाव, एउटी ग्राम-रानी मर्स्याङ्दीका जलमा डुबेर मर्दा कविले गरेको चिन्ता वा मानेको दु:ख अनुभाव र कविले पत्नीलाई सम्झना गर्दै अञ्जुलि दिनु, याद वा स्मृति गर्नु आदि व्यभिचारी भाव पाइने हुनाले यहाँ करुणरस अभिव्यञ्जित भएको छ ।

**(ख) वीररस**

कवि कोइरालाले वीररसका निकै उत्कृष्ट कविताहरूको रचना गरेका छन् । उनका कविताले पाठकका मनलाई जुरुक्क उठाएर शत्रुको सेखी झार्न क्रान्तिको बाटोमा अगाडि बढ्न प्रेरणा र हौसला दिने गरेका छन् । यहाँ यस्तै वीररसयुक्त एक श्लोक कविता प्रस्तुत गरिएको छ :

कुर्लन्छे जब उठ्छ स्वच्छ नभमा अन्यायको बादल
हेर्छे माथि उठेर दीन जनका पीडा कठै आकुल
गर्छे नित्य प्रयत्न शान्ति सुखको क्रान्ती विना बस्दिन
मेरी यो कविता बृथा बगरमा सन्त्रासले खस्दिन ।

– *मेरी कविता,* पद्य १

कविकी कविताले अन्यायप्रति लड्नका लागि देखाउको उत्साह स्थायीभाव, शत्रु वा बैरी जसले दीनदु:खीलाई पीडा दिएको छ, त्यो आलम्बन विभाव, क्रान्ति गर्ने क्रान्तिभूमि उद्दीपन विभाव, शान्ति ल्याउनका लागि क्रोधित हुँदै शान्तिका विरोधीहरूसँग लड्नु अनुभाव र कविताको शत्रुसँग गरिएको गर्वपूर्ण बोली आदि व्यक्त भएको यस कवितांशमा वीररस प्रकट भएको छ ।

**४.१.७.३.३ अलङ्कार**

संस्कृत, अङ्ग्रेजी र नेपाली भाषाका ज्ञाता विद्वान् कवि कोइरालाका कवितामा अन्त्यानुप्रासको सुन्दर संयोजन रहेको छ । शब्दशब्दमा भावको उच्च प्रवाहले उनका कविता श्रुतिमधुर, गेयात्मक र सुललित बन्न पुगेका छन् । बिम्ब, प्रतीक, मिथक आदिको स्वाभाविक प्रयोग पाइने यस काव्यमा प्रयुक्त अलङ्कारहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १२ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | आह्वान : कविप्रति | ४ | ४६ |
| | | | हराएकी कविताको पुनराह्वान | १ | ६७ |
| | | | हे मेरी हिमशैल | १, २ | ७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | – | उत्प्रेक्षा | शोक काव्य : मर्स्याङ्दी<br>प्रतिप्रश्न : काकाकुलसँग | ३<br>३ | ४१<br>७७ |
| ३. | – | रूपक | आह्वान : कविप्रति<br>लेखनाथको सम्झनामा<br>मेरी चितौन नगरी<br>नव-आह्वान विद्यार्थीलाई | ३<br>१<br>६<br>१ | ४६<br>४७<br>५८<br>८७ |
| ४. | यमक | – | व्रतबन्धको अवसरमा<br>अध्यात्मवाद के भन्छ | ३<br>७ | ७१<br>६६ |

**(क) रूपक अलङ्कार**

कवि तीर्थराज कोइरालाले यस सङ्ग्रहमा रूपक अलङ्कारहरूको प्रशस्त प्रयोग गरेका छन् । यहाँ एक श्लोक कविता रूपक अलङ्कारको नमुनाका लागि प्रस्तुत गरिएको छ :

प्रख्यात विश्वभर नै वन-सम्पदा छ
वैचित्र्य चित्रवनको सरि खै कहाँ छ ?
वाणिज्य वैभव बढेर समृद्ध हुन्छ
दारिद्र्य-दु:ख सबलाई बढारिदिन्छ ।

– *मेरी चितौन नागरी बनिद्यौ सपाट,* पद्य ६

यहाँ वन नै सम्पदा हो, वाणिज्य नै वैभव हो, दारिद्र्य नै दु:ख हो भनी उपमेयलाई उपमानसँग अभेद आरोप गरिएकोले प्रस्तुत कवितांशमा रूपक अलङ्कारको आयोजना रहेको पाइन्छ ।

**(ख) उपमा अलङ्कार**

यस काव्यमा कविले उत्कृष्ट उपमाको प्रयोग प्रशस्त ठाउँमा गरेका छन् । तिनैमध्ये एकलाई यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

कहाँ गै होली त्यो चपल कविता जीवनमुखी ?
भयो मेरो खाली हृदय सहसा भो मन दु:खी
म रित्तिएँ ज्योतिर्विहीन घरजस्तो हुन गएँ,
सुकेको खोलाको बगरसरिको आज म भएँ ।

– *हराएकी कविताको पुनराह्वान,* पद्य १

यहाँ उपमेय – म, उपमान – ज्योतिविहीन घर, सुकेको खोला, वाचक शब्द – जस्तो, सरी र धर्म – रित्तिनु, सुक्नु को प्रयोग भएको छ । त्यसैले यहाँ उपमा अलङ्कारको आयोजना रहेको पाइन्छ ।

४.१.७.३.४ **छन्द**

धरतीकी छोरी कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरू मूलत: स्वच्छन्दतावादी, प्रकृतिकेन्द्री, प्रगतिवादी, अध्यात्मवादी, राष्ट्रप्रेमी, मानवतावादी तथा शान्तिवादी भावधारामा प्रवाहित रहेका छन् । सरल, सहज, स्वस्फूर्त रूपमा मनोभावना तथा अनुभूतिहरूको निश्छल प्रकटीकरण कवि कोइरालाका कविताहरूमा देखिएका छन् । कृत्रिमतादेखि टाढा रहेका उनका कविताहरूमा कतै पहाडी सरिताको सङ्लो मूल कतै छहराको द्रुत वेग देख्न सकिएको छ ।[२९] यस सङ्ग्रहमा वार्णिक, मात्रिक, गीति तथा गद्यलयका कविताहरू पनि समाविष्ट रहेका छन् । गद्यलयका कवितावाहेक शास्त्रीय लयमा रचिएका कविताहरूमा रहेका छन्दहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १२ ग**

| क्रम | वार्णिक | मात्रिक | गीति | कवितासङ्ख्या |
|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | ४ |
| २. | उपजाति | – | – | ३ |
| ३. | – | – | गीति | १३ |
| ४. | पञ्चचामर | – | – | १ |
| ५. | पृथ्वी | – | – | ४ |
| ६. | – | पज्झटिका | – | १ |
| ७. | मन्दाक्रान्ता | – | – | ४ |
| ८. | मालिनी | – | – | १ |
| ९. | वसन्ततिलका | – | – | ३ |
| १०. | शार्दूलविक्रीडित | – | – | ८ |
| ११. | शिखरिणी | – | – | ४ |
| १२. | समानिका | – | – | १ |
| १३. | स्रग्धरा | – | – | २ |
| १४. | स्वागता | – | – | १ |

२९ गोविन्दराज विनोदी, *धरतीकी छोरी कवितासङ्ग्रहबारे*, **धरतीकी छोरी**, पूर्ववत्, पृ. ठ ।

**(क) पृथ्वी छन्द**

कवि तीर्थराज कोइरालाले यस सङ्ग्रहमा पृथ्वी छन्दको प्रयोग गरेर चारओटा कविता रचना गरेका छन् । तिनै कविताहरूमध्येबाट एक श्लोक यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

मरे पनि म मर्दछु अब स्वदेशकै काखमा
निमीलन म गर्दछु नयनयुग्म वैशाखमा
अनन्त जुनि फेर्दछु तर म देश यो फेर्दिन
विदेश गइ औषधी अब मरे पनि गर्दिन ।

– *लेखनाथको सम्झनामा,* पद्य १०

कवि तीर्थराज कोइरालाको प्रिय मानिने पृथ्वी छन्दको प्रयोग गर्दै उनले आफ्नो देशप्रतिको ममताभाव उपर्युक्त कवितांशमा प्रस्तुत गरेका छन् । कविको देशभक्तिको अपार भावना उक्त कवितांशमा मुखरित भएको छ ।

**(ख) समानिका**

कवि कोइरालाले ७ अक्षरीय संरचना भएको समानिका छन्दको प्रयोग गरेर कविताको रचना गरेका छन् । सामानिका छन्दको एक श्लोक कविता यहाँ प्रस्तुत गरिएको छ :

विश्व एक सत्य हो
सत्यमै छ निर्भर
बम् र तोप के छ र
त्यागमै छ नीडर ।

– *इन्क्लाब बोल्न दे,* पद्य ६

कविले सबैभन्दा सानो मानिने समानिका (र, ज, गु) छन्दको प्रयोग गर्दै सत्यका लागि क्रान्ति गर्ने बृहत् विचारलाई प्रस्तुत गरेका छन् ।

कवि तीर्थराज कोइराला नेपाली विषयका विज्ञ र लामो अध्यापन अनुभव सँगालेका एक व्यक्तित्वका रूपमा परिचित रहेका छन् । उनले आफ्नो स्वच्छन्द विचारलाई विना डर, त्रास निर्भयताका साथ कविताका माध्यमबाट प्रस्तुत गरेका छन् । स्वच्छन्दतावादी र क्रान्तिकारी विचारधारा प्रखर रूपमा अभिव्यक्ति गर्ने कवि कोइराला शास्त्रीय छन्दमा कविता लेख्ने एक उत्कृष्ट व्यक्तित्व हुन् ।[३०] उनका शास्त्रीय छन्दका तीनओटा कृतिहरू प्रकाशित भएका छन् भने अझै अप्रकाशित कृतिहरू पनि रहेका छन् । उनीसँग शास्त्रीय छन्दमा आशुकविले झैं लगातार कविता लेख्न सक्ने क्षमता रहेको छ । त्यसैले त उनी एउटै छन्दमा सिङ्गो कृतिको रचना गर्न सक्षम बनेका छन् । यस्ता कविव्यक्तित्व तीर्थराज कोइराला

३० नमुना शर्मा, **कवि तीर्थराज कोइरालाको जीवन, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित शोधपत्र, (चितवन : त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, २०६३), पृ. ९१ ।

नवलपरासी जिल्लाका साथै राष्ट्रिय रूपमा समेत चर्चित रहेका छन् । अग्रज साहित्यकार कोइराला र उनका कृति यस जिल्लाका अमूल्य साहित्यिक रत्न बनेका छन् ।

## ४.१.८ देवेन्द्रराज खनियाँको काव्य

### ४.१.८.१ 'आँसुका धारा' शोककाव्य

**आँसुको धारा** शोककाव्य वि.सं. २०६५ मा रवीन्द्रका दाजुहरू राजेन्द्र, भूपेन्द्र र भाइ दीपेन्द्र खनियाँको प्रकाशनमा प्रकाशित कवि देवेन्द्रराज खनियाँको शास्त्रीय छन्दमा रचिएको कृति हो । विभिन्न सातओटा शीर्षकमा विभक्त १४३ श्लोकसङ्ख्या रहेको यस कृतिमा ७८ पृष्ठ रहेका छन् । यस काव्यको दोस्रो पृष्ठमा भगवान् श्रीकृष्णको बालअवस्थाको सुन्दर चित्र अङ्कित रहेको छ । रवीन्द्र खनियाँको स्मृतिमा रचिएको यस काव्यका बीचबीच भागमा स्वर्गीय रवीन्द्रका तस्विरहरू राखिएका छन् । यस काव्यमा *अमर विकललाई सम्झँदै* शीर्षकको भूमिकामा वाल्मीकि विद्यापीठ, नेपाल संस्कृत विश्वविद्यालयका उप-प्राध्यापक जीवन अधिकारी रहेका छन् । अधिकारीले नश्वर शरीर लिएर आएको एउटा जीवनलाई नामरूपधारी संसारबाट अलगिगएका अवस्थामा पनि कविले चिरञ्जीवी बनाएका छन् भनेका छन् । *मेरो दुखेसो* शीर्षकको भूमिकामा स्वयम् कविले पुत्रको शोकमा रचिएको यस काव्यद्वरा रवीन्द्र सबैको साझा बन्न सकोस् भनेका छन् । *के लेखौँ के लेखौँ* शीर्षकको भूमिकामा भूपेन्द्र निराजनले भाइ रवीन्द्रको सम्झना गर्दै आफ्नो बोझ सबैका माझ बाँड्न, यो कृतिको प्रकाशन गरेको हो भनेका छन् । रवीन्द्रको दु:खद निधनलाई यस काव्यमा समेटिएको छ ।

#### ४.१.८.१.१ **विषयवस्तु**

कवि देवेन्द्रराज खनियाँको साहिँलो छोरो रवीन्द्र विकल खनियाँको वि.सं. २०६४ फागनु २० गते हेलिकप्टर दुर्घटनामा परी निधन भएको हो । त्यही घटनालाई नै कविले यस काव्यको विषयवस्तु बनाएका छन् । कवि खनियाँको ३२ वर्षे छोरा रवीन्द्रले अनमिनमा काम गर्दा कामकै सिलसिलामा सिन्धुलीबाट काठमाडौँ आउनेक्रममा रामेछापको झ्वाँसा भन्ने ठाउँमा हेलिकप्टरमा चट्याङ परी रवीन्द्रको दु:खद निधन भएको हो । यही शोकले आहत कविद्वारा रचिएको यस काव्य विभिन्न सातओटा शीर्षकमा विभक्त रहेको छ । प्रत्येक शीर्षकमा वर्णन गरिएको कथावस्तु यसप्रकार रहेको छ :

यस्तै भयो फागुन : छोराको दुर्घटनाको स्पष्ट समाचार नपाउँदाको छटपटी र मृत्यु निश्चित भएको प्रसङ्ग उल्लेख गरिएको छ ।

मेरो रवीन्द्र छोरो : कामकै सिलसिलामा हिँड्दा हेलिकप्टर दुर्घटनामा परी आकाशमा नै प्राण गएको छोराको स्मृति गरिएको छ ।

पुत्रै भए तापनि
पितृ भैगो : रवीन्द्रको जन्म, मृत्यु आदि सम्झँदै उनका हरेक वस्तुले उनको याद आइरहेको प्रसङ्गको वर्णन गरिएको छ ।

उद्धार गर है राम : छोरो रवीन्द्रलाई उद्धार गरिदिन भगवान् रामसँग प्रार्थना गर्दै उसलाई फेरि जन्ममरणको चक्रमा पर्न नपरोस् भन्दै बिन्ती गरिएको छ ।

बिर्सने कसरी मैले : पुत्रवियोगको पीडामा जलेका बाबुआमाको दु:खद अवस्थाको चित्रण गरिएको छ ।

तन्नेरी पुत्रको शोक : अनेकौँ इच्छा-आकाङ्क्षा बोकेको छोरालाई सुटुक्क लैजाने कालप्रति असन्तुष्ट हुँदै अब उसलाई तारा बनेर आकाशमा उदाउन देऊ भन्दै उनलाई आकाशमा हेरेर चित्त बुझाउने आशा व्यक्त गरिएको छ ।

नसम्झाए हुन्थ्यो : पुत्रको अकालमा भएको दु:खद निधनले एउटा पिताको मनमा कहिल्यै निको नहुने घाउ लागेको भाव व्यक्त गरिएको छ ।

४.१.८.१.२ **रस**

पुत्रवियोगको पीडालाई मूल विषयवस्तु बनाएर लेखिएको यस शोककाव्यमा करुणरस अङ्गी रहेको छ । माधवप्रसाद घिमिरेको **गौरी** शोककाव्यले जसरी सबै पाठकलाई रुवाउन सक्यो त्यसरी नै देवेन्द्रराज खनियाँको **आँसुको धारा** शोककाव्यले पनि पाठकहरूका आँखाबाट बलिन्द्र धारा आँसु बहाउन सफल भएको छ । यस काव्यमा रहेका विभिन्न रसहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या १३ क**

| क्रम | रस | सर्ग | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १ | करुण | १ | ८, ९, १०,<br>११, १३ | २७<br>२८, २९ |

**(क) करुणरस**

कवि खनियाँको सिङ्गो कृति नै करुणरसले भरिएको छ । त्यहाँबाट एक श्लोक कविता यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

छाँगाबाट खसेजस्तै भएँ एक्कासी लौ म त
निको नै नहुने घाउ विपतैमा परेँ स्वत
कोलाहल् शब्दले रोइन् जननी ती कठै बर
कसरी मन यो थामूँ प्राणको नै छ सङ्कट ।

– *यस्तै भयो फागुन,* पद्य ३

कविको पुत्र रवीन्द्रको निधनले मनमा उब्जेको शोक स्थायीभाव, उक्त पुत्र रवीन्द्र आलम्बन विभाव, कोलाहलपूर्ण वातावरण उद्दीपन विभाव, आमाको रुवाइ, बाबुको शोक आदि अनुभाव र छोराको निधनले गर्दा अधैर्य बन्न पुगेका बाबु, आमा घरपरिवारमा छाएको चिन्ता, विषाद्, ग्लानि आदि व्यभिचारी भाव उक्त कवितांशमा पाइएको हुनाले यहाँ करुणरस अभिव्यञ्जित हुन पुगेको छ ।

### ४.१.८.१.३ अलङ्कार

प्रस्तुत शोककाव्यमा कवि खनियाँले आफ्नो शोकभावलाई व्यक्त गर्ने क्रममा विभिन्न बिम्ब, प्रतीक, मिथक र अलङ्कारको समेत साहारा लिएका छन् । यस काव्यमा प्रयुक्त अलङ्कारहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या १३ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | सर्ग | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | १ | ३ | २५ |
| | | | २ | १ | ३० |
| २. | – | उत्प्रेक्षा | ५ | २ | ४९ |
| ३. | – | रूपक | ६ | १ | ६० |

#### (क) उत्प्रेक्षा अलङ्कार

कवि खनियाँले यस काव्यमा प्रयोग गरेको उत्प्रेक्षा अलङ्कारलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

बोली मीठो थियो त्यस्तै वंशी सुस्त बजाएको
सुतेको खाटमा हेर्दा कृष्णै हो कि निदाएको
हेर्थें दृष्टि थमाएर परेली पनि झिम्कन
बिर्सने कसरी मैले प्यारो पुत्र रविकन ।

– *बिर्सने कसरी मैले,* पद्य १

कविले यहाँ आफ्नो पुत्र रवीन्द्रको बोलीलाई कृष्ण भगवान्को वंशीको धुनसँग तुलना गरेका छन् र 'हो कि' भन्ने उत्प्रेक्षा अलङ्कारको वाचक शब्दको प्रयोग भएको हुनाले उत्प्रेक्षा अलङ्कारको आयोजना हुन पुगेको छ ।

### ४.१.८.१.४ छन्द

यस काव्यको रचना शास्त्रीय वर्णमात्रिक छन्दको प्रयोग गरी रचिएको छ । पुत्रवियोगमा छट्पटाएका पिताको शोकको अभिव्यक्तिलाई कविले छन्दको नियमभित्र रहेर

प्रस्तुत गरेका छन् । यस काव्यमा विभिन्न छन्दहरूको प्रयोग गरिएको छ । यहाँ प्रयोग गरिएका छन्दहरूलाई यसप्रकार तालिका देखाइएको छ :

**तालिका सङ्ख्या १३ ग**

| क्रम | वार्णिक | मात्रिक | गीति | सर्ग | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | १, ४, ५ ६ | – | २५-२९ ३८-६९ |
| २. | उपजाति | – | – | ३ | – | ३५-३७ |
| ३. | मन्दाक्रान्ता | – | – | २ | – | ३०-३४ |
| ४. | शिखरिणी | – | – | ७ | – | ७०-७२ |

**(क) मन्दाक्रान्ता छन्द**

कवि खनियाँले मन्दाक्रान्ता छन्दको प्रयोग गरेर एउटा सिङ्गो सर्गको रचना गरेका छन् । त्यहींबाट एक श्लोक कविता यहाँ प्रस्तुत गरिएको छ :

जन्मेथ्यो यै धरती तलमा सास उहाँ फेरेछौ
उड्दाउड्दै गगन बिचमा स्वर्ग लोकै हेरेछौ
आमा भन्नै कति सकस भो वाक्य फुट्यो फुटेन
एकै घुड्का जल सरसिलो प्यूनलाई जुटेन ।

– *मेरो रवीन्द्र छोरो,* पद्य ५

कविले यहाँ मन्दाक्रान्ता छन्दको प्रयोग गर्दै एउटा जिम्मेवारीका साथ कामका सिलसिलामा हिँड्दाहिँड्दै अचानक मृत्युको मुखमा पुगेको छोरालाई सम्झँदै एक घुड्को पानीसमेत पिलाउन नपाएकोमा चिन्ता व्यक्त गरेका छन् ।

**(ख) शिखरिणी छन्द**

कवि खनियाँले यस काव्यमा शिखरिणी छन्दको समेत प्रयोग गरेका छन् । उनले प्रयोग गरेको शिखरिणी छन्दको एक श्लोक कविता यहाँ नमुनाका रूपमा प्रस्तुत गरिएको छ :

नफुल्दे बारीमा ढकमक्क अनेकौं फूलहरू
नफल्दे बोटैमा सरस रसिला यी फलहरू
नसम्झाए हुन्थ्यो अब फजुल चिन्ता भइसक्यो
नबोलाए हुन्थ्यो सहज रवि स्वर्गै गइसक्यो ।

– *नसम्झाए हुन्थ्यो,* पद्य ६

छोराको मृत्युले गर्दा ओइलिन पुगेका कविका मनमा अब कुनै वस्तुमा पनि सार्थकता देखेका छैनन् । त्यसैले बगैँचाका फूलहरू र बोटमा फलहरू पनि नफल्न भन्दै स्वर्गीय रविलाई कसैले पनि नसम्भिदिए हुन्थ्यो भन्ने भावलाई शिखरिणी छन्दमा यसरी व्यक्त गरेका छन् ।

पुत्रवियोगमा रचिएको यो काव्यमा कवि खनियाँले आँसुको धारासँगै छोरो रवीन्द्रलाई भावनाको धारामा पक्रन खोजेका छन् । आफ्नो प्राणप्रिय सन्तानको दु:खद निधनले सिर्जिएको पीडालाई व्यक्त गर्दा कतैकतै छन्द र वर्णविन्यासमा सतर्कता पुग्न नसके पनि समग्रमा काव्य उत्कृष्ट नै बन्न पुगेको छ । यस कृतिको रचना गरेर कविले आफू स्वयम् र पुत्र रवीन्द्रलाई अमर बनाएका छन् । यसरी शास्त्रीय छन्दमा काव्यको रचना गर्ने कवि देवेन्द्रराज खनियाँ नवलपरासी जिल्लाका एक शास्त्रीय कवि बन्न पुगेका छन् र उनीद्वारा रचित **आँसुको धारा** शोककाव्य पनि यस जिल्लाको शास्त्रीय पद्यसाहित्यको एक दरिलो स्तम्भ बन्न पुगेको छ ।

## ४.१.९ पुष्पराज कोइरालाको काव्य

### ४.१.९.१ 'बिहानी र आकाश' कवितासङ्ग्रह

**बिहानी र आकाश** कवितासङ्ग्रह त्रिवेणी साहित्य परिषद्द्वारा वि.सं. २०५६ सालमा प्रकाशित कवि पुष्पराज कोइरालाको एकमात्र पुस्तकाकार कृति हो । गद्य, गीति र पद्य गरी तीन खण्डमा विभाजित कविताहरू गरी जम्मा ३७ ओटा कविताहरू ३४ पृष्ठभित्र सङ्गृहीत रहेका छन् । स्वर्गीय पिता हेमनाथ कोइरालाको स्मृतिमा रचित यस काव्यको प्रकाशकीयको भूमिका त्रिवेणी साहित्य परिषद्का अध्यक्ष नारायणप्रसाद खनालले कविको कलम अझै सशक्त बन्दै जाओस् भनी शुभेच्छा प्रकट गरेका छन् । यस काव्यलाई समाजसेवी सूर्यभक्त अधिकारीले *शुभकामना* शीर्षकको भूमिकाबाट शुभकामना प्रकट गरेका छन् । *समय कुर्लन्छ* नामक भूमिकामा कवि माधवप्रसाद घिमिरेले कवि कोइरालाको प्रतिभाको पुष्प झन्झन् फुल्दै गएर देशैभरि सुवास छर्न सकोस् भनेका छन् । कविले यस काव्यमा वर्तमान समाजमा देखिएका विविध परिस्थितिलाई काव्यमा उतारेका छन् ।

#### ४.१.९.१.१ विषयवस्तु

**बिहानी र आकाश** कवितासङ्ग्रहमा कवि पुष्पराज कोइरालाले जीवनका तीता-मीठा भोगाइका अनुभूतिहरूलाई अभिव्यक्त गरेका छन् । आफ्नी कान्छी छोरी अञ्जलीको मृत्युको दु:खद पीडालाई पनि कविले काव्यमा समेटेका छन् । लामो समयसम्म शिक्षण पेसा अँगालेका कवि सरस्वतीमातालाई पुकार्दै कतै बालकहरूलाई सद्बुद्धि देऊ भनी पुकार्न पुगेका छन् भने कतै देशमा देखिएका विकृतिहरूप्रति असहमति जनाउँदै व्यङ्ग्यको वाण प्रहार गर्न पुगेका छन् । प्रकृतिप्रेम, देशप्रेम, अग्रज साहित्यकारहरूप्रति सम्मान आदि विविध विषयवस्तुहरूलाई कविले यस काव्यमा समेटेका छन् ।

### ४.१.९.१.२ रस

कला र गलाका धनी कवि कोइरालाका कविता गेयात्मक अनि श्रुतिमधुर रहेका छन् । उनका पद्यकविता पनि लोकलयका जस्तै गेय बनेका छन् भन्दै नेपाली काव्यवाटिकामा फेरि नयाँ कोकिल आयो र फेरि नयाँ भाकामा गायो भनी कवि घिमिरेले कवि कोइरालालाई कोकिलको संज्ञा दिएका छन् ।[३१] कविले यस काव्यमा प्रयोग गरेका रसहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १४ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | दु:खदायी मृत्युलाई सम्झेर | २, ३, ४ | २५ |
| २. | शान्त | शरद्को आगमनलाई पर्खेर | १, २, ३ | २६ |
| ३. | शृङ्गार | जिन्दगी फुल्नुपर्छ | १ | २९ |

**(क) शृङ्गाररस**

कवि कोइरालाले यस सङ्ग्रहमा प्रस्तुत गरेको शृङ्गाररसको कवितांशलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

मेरो सानो हृदय भरिने फूलमाला लिएर
शोभा छर्ने वन-पवनले गीत-भाका बनेर
गोड्दै मेरो मन सरसले भावना सल्ल बग्छे
आँखा छोपी प्रकृति-वनिता प्रीतले जिल्ल पर्छे ।

– *जिन्दगी फुल्नुपर्छ,* पद्य १

प्रकृति वनितासँग प्रीत लगाएका कविको मनमा जागेको रति स्थायीभाव, कवि र प्रकृति प्रेमिका आलम्बन विभाव, एकान्त वन-पवन उद्दीपन विभाव, कविको मनमा प्रेमभावना सग्बगाउनु अनुभाव र प्रकृतिले लाजले आँखा छोपेर हर्ष, चिन्ता, उन्माद, चपलता प्रकट गर्दा व्यभिचारी पाइने यस कवितांशमा शृङ्गाररसको प्रयोग पाइएको छ ।

### ४.१.९.१.३ अलङ्कार

प्रस्तुत **बिहानी र आकाश** कवितासङ्ग्रहका कविताहरूमा अन्त्यानुप्रासको आयोजना भएको छ । यस काव्यमा प्रयुक्त अलङ्कारहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

३१ माधवप्रसाद घिमिरे, *समय कुर्लन्छ,* **बिहानी र आकाश**, पुष्पराज कोइराला, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०५६), पृ. ग ।

**तालिका सङ्ख्या १४ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | वर्षा | ५ | १७ |
| | | | परेला ढाकेर | ४ | २० |
| २. | – | रूपक | सानन्दले हर्षित | १ | २३ |
| | | | मुर्ख-स्तुति | ४ | २८ |
| ३. | श्लेष | | शरद्को आगमनलाई पर्खेर | १ | २६ |

**(क) श्लेष अलङ्कार**

एउटै शब्दले दुईटा अर्थलाई अँगालेमा श्लेष अलङ्कार हुन्छ ।[३२] कविले यहाँ प्रस्तुत गरेका श्लेष अलङ्कार यस्तो छ :

वर्षा रोकिन गै अहो ! घन-घटा थालिन् यहाँ पन्छिन
को-हिरो अब वन्य फाँटहरूमा थाल्ला यहाँ बाक्लिन
आँखा चट्ट उघारी पूर्व रूपले आनन्दकी चाँदनी
हाम्रा यी घरबार खेतहरूमा पीयूष वर्षाउली ।

– *शरद्को आगमनलाई पर्खेर,* पद्य १

यस कवितांशमा प्रकृतिको बारेमा चर्चा गरिएको छ । यसमा दोस्रो पाउमा को-हिरो शब्दले एउटा जाडोयाममा लाग्ने कुहिरो वा हुस्सु र अर्को प्रमुख व्यक्ति वा नायक भन्ने दुईओटा अर्थ प्रदान गरेको हुनाले यहाँ श्लेष अलङ्कारको प्रयोग गरिएको पाइन्छ ।

**(ख) रूपक अलङ्कार**

कविले यस सङ्ग्रहमा रूपक अलङ्कारको प्रयोग गरेर कविताको रचना गरेका छन् । त्यसैबाट यहाँ एउटा रूपक अलङ्कारको नमुना प्रस्तुत गरिएको छ :

म हूँ बडा मूर्ख म गाली गर्छु
यो मूर्खको राज्य म राज गर्छु
हो राजनीति निज ध्यान गर्नु
मूर्ख स्तुति यो तिमी नित्य गर्नू

– *मूर्ख-स्तुति,* पद्य ४

---

३२ ईश्वर बराल र अन्य (सम्पा.), पूर्ववत्, पृ. ५२ ।

यहाँ कविले आफूलाई मूर्खसँग, नेपाललाई मूर्खको राज्यसँग, राजनीतिलाई व्यक्तिगत ध्यानसँग अभेद आरोप गरेका छन् । त्यसैले यहाँ रूपक अलङ्कारको आयोजना हुन पुगेको छ ।

### ४.१.९.१.४ छन्द

कविले यस सङ्ग्रहमा पद्य, गीति र गद्य गरी तीन किसिमका कविताहरूको रचना गरेका छन् । गद्यखण्डलाई छोडेर गीति र शास्त्रीय लयका कविताहरूमा प्रयोग गरिएका छन्दहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १४ ग**

| क्रम | वार्णिक | मात्रिक | गीति | कवितासङ्ख्या | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | इन्द्रवज्रा | – | – | १ | २८ |
| २. | – | – | झ्याउरे | १४ | ९-२२ |
| ३. | मन्दाक्रान्ता | – | – | ७ | २३-३३ |
| ४. | वसन्ततिलका | – | – | १ | २७ |
| ५. | शार्दूलविक्रीडित | – | – | ३ | २३-२७ |
| ६. | शिखरिणी | – | – | २ | २४-३४ |

**(क) शार्दूलविक्रीडित छन्द**

कवि कोइराला शार्दूलविक्रीडित छन्दको प्रयोग गरेर यस सङ्ग्रहमा तीनओटा कविता रचना गरेका छन् । तिनैबाट एक श्लोक कवितांश यहाँ प्रस्तुत गरिएको छ :

खुट्टा चुम्छ हिमालले गगनको धर्ती यहाँ खुल्दछे
बुट्टा बादलका परी छिरबिरे आकाश ब्यूझाउँछे
पाइलो जब सर्दछे प्रकृति यो नौलो कथा बन्दछ
सृष्टि चक्र घुमी यहाँ फनफनी जादू पुरा गर्दछ ।

– *शरद्को आगमनलाई पर्खेर,* पद्य २

कविले यहाँ शार्दूलविक्रीडित छन्दको प्रयोग गर्दै जब शरद्ऋतु आउँछ तब हिमालदेखि तराईसम्म र आकाशदेखि धर्तीसम्म सबैतिर सुन्दरता छाउँछ भनी शरद्ऋतुकालीन प्रकृतिको चित्रण गरेका छन् ।

कवि पुष्पराज कोइरालाको प्रस्तुत कवितासङ्ग्रहमा गीति, गद्य र पद्य लयका कविताहरू रहेका छन् । कविको प्रथम कृति र आभ्यासिक चरण भएकोले यस सङ्ग्रहका कवितामा कवि खारिन अझै बाँकी रहेका देखिन्छन् । समग्रमा कविको

प्रयास सराहनीय रहेको छ । कविको यस कृतिले नवलपरासी जिल्लाको साहित्यिक फाँटमा अमूल्य योगदान पुऱ्याएको छ ।

## ४.१.१० भरतराज पीडितका काव्य

### ४.१.१०.१ 'आफ्नै देश बिरानो भयो' कवितासङ्ग्रह

**आफ्नै देश बिरानो भयो** कवितासङ्ग्रह वि.सं. २०५९ मा कवि भरतराज पीडितद्वारा रचित एवम् प्रकाशित छन्दोबद्ध कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा ३५ ओटा कविता ५२ पृष्ठमा सङ्गृहीत रहेका छन् । यस सङ्ग्रहमा *हृदय हल्लाउने कविताका कवि* शीर्षकमा कविवर माधवप्रसाद घिमिरेले कवि पीडित सरलताभित्र प्रभावशाली कविता सिर्जना गर्नसक्ने प्रतिभा हुन् भनेका छन् । *'आफ्नै देश बिरानो भयो' कवितासङ्ग्रह र यसका कवि भरतराज पीडित* शीर्षकमा प्रा.डा. कुमारबहादुर जोशीले कृतिका बारेमा सङ्क्षिप्त चर्चा गर्दै कविको साहित्यिक यात्राको सफलताको कामना गरेका छन् । *नजान्दै लेखिएको भूमिका* शीर्षकमा साहित्यकार प्रदीप नेपालले पीडितका प्रकृतिलाई सुम्सुम्याउँदै, राष्ट्रलाई छाम्दै र राजनीतिलाई चाल्दै लेखेका उनका कवितामा वर्तमान मुलुक बोल्छ भनेका छन् । *कवि पीडितका कविताको पीडाबोध* शीर्षकको भूमिकामा डा. विष्णुराज आत्रेयले कवि पीडितको प्राथमिक चरणको कवितासङ्ग्रह नै प्रशंसनीय छ, कविमा अझ निखार बढ्दै जाओस् भनी कामना व्यक्त गरेका छन् । यस सङ्ग्रहका कवितामा कविले वर्तमान नेपालमा देखिएका विविध समस्याहरूलाई समेटेका छन् ।

#### ४.१.१०.१.१ **विषयवस्तु**

राजनैतिक वातावरणबाट नेपालमा देखिएका विविध प्रकारका समस्याहरूलाई आधार बनाएर लेखिएको यस कृतिमा कविले नेपालमा वि.सं. २०४६ चैत्र २६ गतेबाट संवैधानिक राजतन्त्रात्मक बहुदलीय प्रजातन्त्रको सुरुवात भएको प्रसङ्गलाई जोडेका छन् । यसको ठीक ६ वर्षपछि वि.सं. २०५२, चैत्र २६ मा माओवादी विद्रोहीहरूको सत्ता सङ्घर्ष सुरु भएको हो । त्यसपछि मुलुकमा विभिन्न समस्याहरू उत्पन्न भएका छन् भन्ने कविको मान्यता रहेको छ । समस्यालाई वार्ताबाट समाधान गर्नुपर्ने हो, तर वार्ता बीचमै टुटेपछि विद्रोहीहरूका हत्या, हिंसा, आतङ्क बढ्दै गएर चारैतिर अशान्ति, असुरक्षा र सन्त्रासको वातावरण बढ्न गएको हो भन्ने कविको सोचाइ रहेको छ । यसरी वि.सं. २०५८ सम्म आइपुग्दा कहिले, कहाँ, के हुने हो ? केही ठेगान हुन सकेको पाइँदैन । सरकारले सङ्कटकाल घोषणा गरेको, विभिन्न ठाउँमा निषेधाज्ञा लगाएको र माओवादीलाई आतङ्ककारी घोषित गरेकोले देशका राष्ट्रिय सुरक्षा निकायका साथै सेनासमेत राज्यले परिचालन गर्न पुगेको छ । दिनहुँझैं दुई पक्षका बीचमा युद्ध हुँदा नेपालीहरू नै मर्न पुगेका छन् । माओवादीद्वारा भौतिक विकास र निर्माणका पूर्वाधारहरू ध्वस्त पार्न पुगेका छन् । यसरी नै बढ्दै गएको तत्कालीन पीडालाई कविले आफ्नो कविताका विषयवस्तु बनाएका छन् ।

### ४.१.१०.१.२ रस

प्रस्तुत कवितासङ्ग्रहमा कवि पीडितले नेपाली भूभागमा बढ्दै गएको हत्या, हिंसा, काटाकाट, मारामार, अशान्ति, कोलाहल आदिलाई समेटेका छन् । शान्तिक्षेत्र नेपालमा बढ्दै गएको त्यस्तो अराजक परिस्थितिबाट मर्माहत कविका पीडाहरू समेटिएका यस सङ्ग्रहका कविताहरूमा करुणरसको प्रयोग सिङ्गो कृतिभरि गरिएको छ । यस काव्यमा प्रयोग भएका रसहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १५ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | आफ्नै देश बिरानो भयो | ५ | ४५ |
| | | कस्तो छ यो कामना | १ | ९ |
| | | नेपाली धरती रक्ताम्य किन ? | १-६ | १ |
| २. | भयानक | सौभाग्यशाली हुन उठौँ | ३ | ४८ |

**(क) करुणरस**

कवि भरतराज पीडितले यस सङ्ग्रहमा करुणरसको प्रयोग अत्यधिक मात्रामा गरेका छन् । उनको यो सङ्ग्रह करुणरसको काव्य भन्न सकिने खालको छ । यहाँ तिनैमध्येबाट एक श्लोक कविता उदाहरणका लागि प्रस्तुत गरिएको छ :

आमा घायल छिन् बडा सकसमै चिन्ता बटुल्छिन् कति
बाबा पीर सहेर हिँड्न नसकी, ढल्नै पुगे ती कति ?
आफ्नै भाइ फुटे जुटेर कसरी ? हिँड्लान् र भन्ने भयो
आफ्नो देश भयो बिरानु अहिले सौभाग्य सारा गयो ।

– *आफ्नै देश बिरानो भयो,* पद्य ५

यहाँ देशमा बढ्दै गएको दयनीय अवस्थाबाट उत्पन्न शोक स्थायीभाव, सन्तानको मृत्यु देशको दयनीय अवस्था आलम्बन विभाव, नासिएका मासिएका सन्तान वा भाइभाइमा लडिरहेका नेपाली सन्तान उद्दीपन विभाव, त्यस्तो अवस्थाबाट आँसु झार्दै आमाले गरेको विलाप वा बाबाले सहनै नसक्ने भएर लड्नु अनुभाव र देशलाई सम्झँदै वा आफ्ना सन्तानलाई सम्झेर बाबुआमाले गरेको चिन्ता, विषाद् वा स्मृति व्यभिचारी भाव यस कवितांशमा पाइने हुनाले यहाँ करुणरसको प्रयोग गरिएको पाइन्छ ।

**(ख) भयानकरस**

भय स्थायी भाव हुने यस रसमा डरलाग्दा जनावर वा प्राणी आलम्बन विभाव, डर, शङ्का आदि उद्दीपन विभाव, काम छुट्नु, रौँ ठाडा हुनु, पसिना आउनु, रुनु आदि अनुभाव र आवेग, चिन्ता, शङ्का आदि व्यभिचारी भाव भएको रसलाई नै भयानकरस भनिन्छ ।[३३] कविले प्रयोग गरेका भयानकरसलाई नमुनाका रूपमा प्रस्तुत गरिएको छ :

मान्छे छट्पट गर्दछन् घरघरै त्रासै बन्यो जीवन
खाँटी मानव खै छ दूर अहिले छन् वीर एकासन
रातरात बढे हिँडे दनुज ती मान्छे भए थर्थर
काट्छन् निर्मम ढङ्गले मनुजको गोता दिई गाथ र ।

– *सौभाग्यशाली हुन उठौँ,* पद्य ४

घरघरै बसेका मानिसहरूका मनमा मान्छेले गरेका बीभत्स कार्य देख्दा उत्पन्न भय स्थायीभाव, हिंस्रक मान्छे जसले निर्ममतापूर्वक मान्छेलाई हत्या गरिरहेका छन् ती आलम्बन विभाव, त्यस्तो स्थितिबाट सज्जन मानिसमा उत्पन्न डर, शङ्का आदि उद्दीपन विभाव, मानिसले दु:ख पाईपाई मर्नु परेको देख्दा, रातरात मानिसलाई थर्काउँदै, तर्साउँदै गरेर हिँडेका मानिसहरू देख्दा थर्थर काम्नु, रौँ डरले ठाडा हुनु, आत्तिएर पसिना आउनु अनुभाव र त्यस्तो परिस्थितिबाट उत्पन्न चिन्ता, आवेग आदि व्यभिचारी भाव यस कवितांशमा पाइने हुँदा यहाँ भयानकरस अभिव्यञ्जित भएको छ ।

### ४.१.१०.१.३ अलङ्कार

प्रस्तुत सङ्ग्रहका कवितामा अन्त्यानुप्रास मिलाउने प्रयास ठाउँठाउँमा गरिए पनि अन्त्यानुप्रास, आदिमध्यानुप्रासजस्ता अनुप्रासहरू मिलाउनतिर भन्दा छन्द मिलाउनतिर कवि ज्यादा तरखरिएका छन् ।[३४] अन्त्यानुप्रासको खासै उचित आयोजना नभए पनि कवितामा बिम्ब, प्रतीक र अलङ्कारको आयोजना भएको पाइन्छ । यस सङ्ग्रहमा प्रयुक्त अलङ्कारहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १५ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | राजारानी कता ? | १, ५ | २ |
| | | | देशको मार्मिक कथा | ५ | २८ |
| | | | गरुड विष्णुभन्दा ठूला भए | ६ | ५१ |
| २. | – | रूपक | आफ्नै देश बिरानो भयो | ६ | ४५ |

३३ ईश्वर बराल र अन्य (सम्पा.), पूर्ववत्, पृ. ६९४ ।
३४ कुमारबहादुर जोशी, पूर्ववत्, पृ. ३ ।

**(क) उपमा अलङ्कार**

कवि पीडितले यस सङ्ग्रहमा उपमा अलङ्कारको प्रयोग प्रशस्त ठाउँमा गरेका छन् । यहाँ तिनैमध्येको एक श्लोक उदाहरणका लागि प्रस्तुत गरिएको छ :

पानी प्यास समान जान ममता, मान्छे हुने हो भने
धर्ती राख सफेद प्रेमरसले, सद्भाव छर्ने भए
नेपाली मुटुमा नरोप विषझैँ घोचा फिँजारीकन
नेपाली दिलमा ल रोप फूलझैँ माया र सद्भावना ।

– *देशको मार्मिक कथा,* पद्य ५

यहाँ उपमेय – पानीको प्यास, विष, फूल, उपमान – ममता, घोचा, माया, वाचक शब्द – समान, झैँ, झैँ र धर्म – जान्नु, फिँजार्नु, रोप्नु को प्रयोग भएकाले उपमा अलङ्कारको आयोजना पाइएको छ ।

४.१.१०.१.४ **छन्द**

कवि पीडितले यस काव्यमा दुई किसिमका वर्णमात्रिक छन्दको प्रयोग गरेका छन् । कवि पीडितद्वारा शास्त्रीय छन्दमा रचिएको यस कृतिमा उनले खासगरी शार्दूलविक्रीडित छन्दको नियमित सङ्गीतको प्रवाहमयतामा उतार्न सकेका छन् । यस काव्यमा प्रयोग गरिएका छन्दहरूलाई यसप्रकार तालिकामा देखाएको छ :

**तालिका सङ्ख्या १५ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | कविता | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | मन्दाक्रान्ता | – | – | ३ | ५-७ |
| २. | शार्दूलविक्रीडित | – | – | ३२ | १-५२ |

**(क) शार्दूलविक्रीडित छन्द**

यस सङ्ग्रहका अधिकांश कविताहरूमा कविले यस छन्दको प्रयोग गरेका छन् । त्यसैबाट यहाँ एक श्लोक कविता प्रस्तुत गरिएको छ :

जाने हो यदि अन्धकार पर नै बत्ती बनौँ मानव
लाने के छ र लौ घुमेर यसमै छोड्ने न हो वास्तव
बाचौँ बाँच्न दियौ भने न सबको कल्याणकारी भयौँ
आफ्नै पेट भरेर मात्र कसरी सद्भाव कल्ले लियौँ ?

– *मान्छे भयो बाँदर,* पद्य ६

कविले देशलाई अराजकताको दलदलमा धसाउने विद्रोहीहरूलाई दानवताबाट मानवतातर्फ फर्कन आह्वान शार्दूलविक्रीडित छन्दमा गरेका छन् ।

कवि भरतराज पीडितका कवितामा देशको वर्तमान अवस्थाको यथार्थता बोलेको छ । यसरी कविले शास्त्रीय छन्दको नियमभित्र रहेर देशको वर्तमानकालीन यथार्थ अवस्थालाई काव्यमा उतारेका छन् । उनको सङ्ग्रहका पूर्वार्धका भन्दा उत्तरार्धका कविता बढी सबल देखिएका छन् । यसरी शास्त्रीय छन्दमा कृतिको रचना एवम् प्रकाशित गरेर कवि भरतराज पीडित एक शास्त्रीय कविका रूपमा नवलपरासी जिल्लामा स्थापित भएका छन् ।

### ४.१.१०.२ 'आँखा छिटो खोल्नु छ' कवितासङ्ग्रह

प्रस्तुत कवितासङ्ग्रह कवि भरतराज पीडितद्वारा रचित एवम् प्रकाशित उनको दोस्रो छन्दोबद्ध कवितासङ्ग्रह हो । वि.सं. २०५९ चैत महिनामा प्रकाशित यस सङ्ग्रहका ५४ पृष्ठमा ३४ ओटा कविताहरू सङ्गृहीत रहेका छन् । यस सङ्ग्रहमा *कविताको भाकाले आँखा खोल्ने कवि* शीर्षकात्मक भूमिकामा कविवर माधवप्रसाद घिमिरेले कोमल कला, कोमल गला र कोमल दिलका संवेदनशील कवि पीडितको मुखबाट कविता सुन्दा सरस्वतीले आफ्नो दुवै हातको वीणा र पुस्तक आफ्नो प्रिय पुत्रपीडितलाई दिएजस्तो लाग्छ भनेका छन् । *प्रस्तुत सङ्ग्रहमाथि विहङ्गम दृष्टि* शीर्षकात्मक भूमिकामा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्य डा. टीकाराम पन्थीले कृतिको सङ्क्षिप्त चर्चा गर्दै कवि पीडितको प्रगतिको कामना गरेका छन् । *समसामयिक अभिव्यक्तिको कवितात्मक झुल्को* शीर्षकमा रहेर त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. माधवप्रसाद पोखरेलले समसामयिक नेपालको यथार्थ अवस्थालाई कविले काव्यमा उतारेका छन् भनेका छन् । यसरी वर्तमान नेपालको वास्तविक चित्र कविले काव्यमा उतार्न सफल बनेका छन् ।

#### ४.१.१०.१.१ **विषयवस्तु**

कवि पीडितले यस कवितासङ्ग्रहमा समसामयिक विषयवस्तुलाई समेटेका छन् । विगतका केही वर्षहरूमा देशमा व्याप्त हिंसा र अशान्तिबाट सर्वसाधारण मानिसको जीवन ज्यादै कष्टकर बन्न पुगेको छ । देशमा व्याप्त भ्रष्टाचार, नेताहरूको अपरिपक्वता, अदूरदर्शिता, सहानुभूतिहीनता, नारा र आश्वासनले अल्मल्याउने चरित्र, आपसी तानातान र हानाहान, लुछालुछ र पिटापिटलाई नै कविले यस सङ्ग्रहका कविताको मूल विषयवस्तु बनाएका छन् । यिनै विषयवस्तुहरूमा कवि राष्ट्रिय र बन्धुत्वको भावले द्रविभूत भएर देश जोगाउन संवेदनशील भएका छन् । नेपालको उर्वरता, प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, ऐतिहासिक र नैतिकपरम्परा अत्यन्त उच्च हुँदाहुँदै पनि किन देशमा गृहयुद्ध मच्चिएको हो ? किन निर्धाहरूलाई सताइएको हो ? किन नेताहरू सचेत र संवेदनशील नबनेका हुन् ? नेताहरू

राष्ट्र बनाउन छोडेर किन आ-आफैँ लुछालुछ र बाझाबाझ गरिरहेका छन् ? यिनै विविध अराजक अवस्थाबाट चिन्तित कवि प्रश्नात्मक शैलीमा वर्तमान नेपाली समाजको यथार्थ तस्विर सबैका सामुमा उपस्थित गराएका छन् ।

४.१.१०.२.२ **रस**

देशको वर्तमान अवस्था अत्यन्तै करुणामय बन्दै गएको छ । देशको यही दीनहीन अवस्थाको चित्रण गर्नेक्रममा कविले काव्यमा प्रयोग गरेका रसहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १६ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | त्यो व्यर्थ भो भर्खर | १-५ | ७-८ |
| | | आतङ्क रोज्यो किन | १-१० | ३६-३८ |
| २. | शान्त | यस्तो रहोस् कल्पना | २-५ | ६-७ |
| ३. | बीभत्स | यै पीरको बात छ | ६ | २७ |

**(क) करुणरस**

कवि पीडित वर्तमान नेपालको अवस्थाबाट उत्पन्न समस्याबाट अत्यन्तै पीडित बनेका छन् । त्यसैले उनको सिङ्गो काव्यले नै करुणरसमा डुबुल्की मारेको छ । करुणरसको प्रयोग गर्दै नेपालमा बढ्दै गएको हिंसात्मक स्थितिले जनतामा पर्नगएको चोटलाई कविले यसरी चित्रण गरेका छन् :

आमा मूर्छित छिन् यता सकलले, सन्तानका पीरले
बाबा मूर्छित छन् अझै विरहले छोरा मरे व्यर्थले
पत्नी घायल छिन् असिम वहले आफ्नै गुमे पीरले
बाबा भन्न नपाउने तरहले सन्तानको हाल के ?

– *आतङ्क रोज्यो किन ?*, पद्य ५

यहाँ सन्तानको मृत्युको शोक स्थायीभाव, आफू बाँचेर सन्तान मरेको दु:खद पीडामा उक्त सन्तानको सम्झना वा मृत सन्तान आलम्बन विभाव, उक्त सन्तानलाई सम्झेर आमाबाबु मुर्छित भएका पत्नी घायल भएका अवस्था उद्दीपन विभाव, सन्तानको मृत्युमा बाबुआमाको विलाप, पत्नीले पतिलाई सम्झँदै रुनु आदि अनुभाव र मृत व्यक्तिप्रति गरिएको चिन्ता, विषाद, क्षोभ, स्मृति, ग्लानि आदि व्यभिचारी भाव यस कवितांशमा पाइने हुँदा करुणरस अभिव्यञ्जित भएको छ ।

### ४.१.१०.२.३ अलङ्कार

कवि पीडितका कविताहरूमा अन्त्यानुप्रासको खासै आयोजना रहेको पाइँदैन । शैलीप्रधानभन्दा विचारप्रधान उनका कवितामा प्रसाद र ओजगुणको सम्मिश्रण रहेको पाइन्छ । कविले कतिपय कवितामा एउटा शब्दको द्विरुक्ति, त्रिरुक्ति, चतुरुक्ति गरेर शब्दवृत्तिबाटै चमत्कार प्रदर्शन गरेका छन् ।[३५] आफूभित्र गुम्सिएका भावनाले प्रस्तुति ज्यादा पाइने यस सङ्ग्रहमा प्रयुक्त अलङ्कारहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या १६ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | अन्धो नभै हुन्न रे | २ | १ |
| | | | के हाल हाम्रो हुने | ३, ७ | ५, ६ |
| | | | आँखा छिटो खोल्नु छ | १ | १७ |
| २. | – | रूपक | बिन्ती ! यही सादर | २ | १५ |
| | | | आतङ्ककारी हुँ म | २ | ४१ |

**(क) उपमा अलङ्कार**

कवि पीडितले यस सङ्ग्रहका कवितामा प्रशस्त ठाउँमा उपमा अलङ्कारको प्रयोग गरेका छन् । तिनै कविताहरूबाट यहाँ एक श्लोक उपमा अलङ्कारको उदाहरणका निम्ति प्रस्तुत गरिएको छ :

एउटा सत्य पथै चुनेर अब ता, सङ्घर्षमै हिँड्नु छ
यौटा सार झिकी जुटेर अब ता विश्वासमै चल्नु छ
हिंसाचार बढारिँदै छ अब झन् धोका अझै तोड्नु छ
अत्याचार समाप्त पार्न अब झन्, आँधी सरी बन्नु छ ।

– *आँखा छिटो खोल्नु छ,* पद्य १

यहाँ उपमेय – कवि, उपमान – आँधी, वाचक शब्द – सरी र धर्म – बन्नु को प्रयोग भएकाले उपमा अलङ्कारको आयोजना पाइएको छ ।

---

३५ माधवप्रसाद पोखरेल, *समसामयिक अभिव्यक्तिको कवितात्मक झुल्को,* **आँखा छिटो खोल्नु छ**, भरतराज पीडित, (काठमाडौं : भरतराज पीडित, २०५९), पृ. ज ।

**(ख) रूपक अलङ्कार**

कविले यस सङ्ग्रहमा रूपक अलङ्कारको पनि प्रयोग गरेका छन् । तिनै कविताबाट यहाँ एक श्लोक रूपक अलङ्कारको नमुनाका लागि प्रस्तुत गरिएको छ :

मान्छे हौ यदि लौ सपार सब यी, दुर्गन्धका खेल हुन्
मान्छे हौ जति छौ विचार सब ती, को-को यहाँ दुष्ट हुन् ।
मान्छे हौ किन यो रहेन मनमा, सत्कर्म नै भाग्य हो
मान्छे हौ किन त्यो रहेन दिलमा, सेवा ठूलो धर्म हो ।

– *बिन्ती ! यही सादर,* पद्य २

कविले यहाँ सत्कर्म नै भाग्य हो र सेवा नै धर्म हो भनेर उपमेयको उपमानसँग अभेद आरोप गरेका छन् र तुल्यतावाची शब्दको प्रयोग गरेका छैनन् । त्यसैले यहाँ रूपक अलङ्कारको आयोजना रहेको पाइन्छ ।

४.१.१०.२.४ **छन्द**

कवि पीडितले प्रस्तुत सङ्ग्रहमा शास्त्रीय वर्णमात्रिक छन्दको प्रयोग गरेका छन् । आजको गद्यकविताको युगमा गण्डकी तटवर्ती प्रदेशमा जन्मिएका कविको हृदयबाट गण्डकी धाराप्रवाहझैँ बगेका शार्दूलविक्रीडित धाराका कविता पढ्दा पाठकको मन आनन्दानुभूतिले आद्रीभूत भएको हुन्छ ।[३६] समसामयिक समाजप्रति संवेदनशील कविताहरू छन्दोबद्ध रूपमा कविले अगाडि ल्याएका छन् । कविले आफैँले भूमिकामा उल्लेख गरेअनुसार उनले कतिपय कविताहरू दस मिनेटमा नै रचेका छन् । यसरी छोटो समयमा छन्दोबद्ध कविता लेख्नुलाई उनीभित्र प्रातिभ गुण रहेको मान्नुपर्छ । कविले यस सङ्ग्रहमा प्रयोग गरेका छन्दहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १६ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | कवितासङ्ख्या | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | – | झ्याउरे | ३ | ४-२४ |
| २. | मन्दाक्रान्ता | – | – | ५ | १९-५२ |
| ३. | शार्दूलविक्रीडित | – | – | ३४ | १-५४ |

३६ टीकाराम पन्थी, *प्रस्तुत कवितासङ्ग्रहमाथि विहङ्गम दृष्टि,* **आँखा छिटो खोल्नु छ**, भरतराज पीडित, (काठमाडौं : भरतराज पीडित, २०५९), पृ. घ ।

### (क) मन्दाक्रान्ता छन्द

कवि पीडितले यस काव्यमा मन्दाक्रान्ता छन्दको प्रयोग गरेर जम्मा पाँचओटा कविताको रचना गरेका छन् । तिनैमध्येबाट यहाँ एक श्लोक कविता उदाहरणार्थ प्रस्तुत गरिएको छ :

नेताभन्दा कतिकति थियो मान-सम्मान सारा
नेताभन्दा मन दिल मऱ्यो आज कस्तो छ पारा
मौका ढुक्छन् अतिशय यिनी लाज सारा पचाई
भोगी बन्छन् अभिनय गरी ख्याल कोही नराखी ।

– *नेता,* पद्य ६

कविले यहाँ मन्दाक्रान्ता छन्दको प्रयोग गरेर नेताहरू आफ्नै कार्यले गर्दा जनताबाट यसरी सम्मान पाउन छाडेका हुन् भन्ने यथार्थ मार्मिक प्रसङ्गलाई मन्दाक्रान्ता छन्दमा प्रस्तुत गरेका छन् ।

### (ख) शार्दूलविक्रीडित छन्द

कवि पीडित यस सङ्ग्रहमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरेर ३४ ओटा कविताको रचना गरेका छन् । यहाँ तिनैमध्येबाट एक श्लोक उदाहरणार्थ प्रस्तुत गरिएको छ :

को भो बोल्न तयार ? काल म बनें, को दण्ड ? मै दण्ड हुँ
को भो शण्ड म शण्ड हूँ म त बनें बद्नाममा उच्च हुँ
को बोल्ला डरको मुहान जब हूँ ? बोल्ने गरे अग्नि हुँ
को खुल्ला घरमा म तोप जब हूँ, गर्ल्याम्म ढाल्ने म हुँ ।

– *आतङ्ककारी हुँ म,* पद्य ९

कवि पीडितले शार्दूलविक्रीडित छन्दको प्रयोग गर्दै देशमा बढ्दै गएको हत्या, हिंसा, अराजकतालाई चित्रण गर्दै जनतामा फैलेको त्रास र जनतालाई त्रासमा राख्नेहरूको यथार्थ चित्र यस कवितांशमा उतारेका छन् ।

स्वच्छन्दतावादी-प्रगतिवादी भावधारामा कविताको रचना गर्ने कवि पीडितका कवितामा देशको पीडा बोलेको छ । छोटो समयमा मनमा आएका भावहरूलाई तुरुन्तै र दुरुस्तै कवितामा उतार्ने हुँदा कताकता भाव दोहोरिने गरेको पाइन्छ । कविले एकै वर्षमा दुईओटा शास्त्रीय छन्दमा रचिएको कवितासङ्ग्रहको प्रकाशन गरेका छन् । प्रश्नात्मक शैलीमा रचिएका उनका कविताले पाठकको मन छोएका छन् । यसरी शास्त्रीय छन्दमा रचित कृतिहरूले उनलाई साहित्यिक क्षेत्रमा अमर तुल्याएका छन् ।

## ४.१.११ युक्तिवल्लभ उपाध्यायको काव्य

### ४.१.११.१ 'ऋणान्तकी' काव्य

**ऋणान्तकी** काव्य त्रिवेणी साहित्य परिषद्द्वारा वि.सं. २०६५ मा प्रकाशित स्वर्गीय कवि युक्तिवल्लभ उपाध्यायको शास्त्रीय छन्दमा रचिएको कृति हो । शार्दूलविक्रीडित छन्दका १०१ श्लोक रहेको यो काव्य ८० पृष्ठमा संरचित रहेको छ । बाबुको निधनपछि छोराहरूद्वारा प्रकाशित यस काव्यको तेस्रो पृष्ठमा स्वर्गीय कविको तस्विर राखिएको छ । *शुभकामना* शीर्षकको भूमिकाबाट धनञ्जय मरासिनीले यस काव्यले सबैलाई आफ्नो व्यवहार उत्कृष्ट बनाउन सन्देश दिएको छ भनी शुभकामना दिएका छन् । *शुभेच्छाका केही शब्दहरू* शीर्षकात्मक लेखबाट मुकुन्दशरण उपाध्यायले स्वर्गीय प्रतिभाको खोजी गरेर उनका रचना प्रकाशित गरिदिएकोमा कविपुत्रहरूप्रति धन्यवाद दिएका छन् । **ऋणान्तकी** काव्य पढेपछि शीर्षकात्मक भूमिकामा नारायणप्रसाद खनालले कृतिको सङ्क्षिप्त विश्लेषण गरेका छन् । *हार्दिक कृतज्ञता* शीर्षकको भूमिकामा स्वर्गीय कविका छोराबुहारीहरू नवीनसागर, भीमप्रसाद र झुमा सुवेदी रहेका छन् । यस काव्यको *प्रकाशकीय*को भूमिका त्रिवेणी साहित्य परिषद्का सचिव गोविन्दराज विनोदीले निर्वाह गरेका छन् । यस काव्यमा काव्यकारले विभिन्न पौराणिक उदाहरणहरूद्वारा ऋणबाट मुक्त रहनुपर्ने सन्देश दिएका छन् ।

#### ४.१.११.१.१ **विषयवस्तु**

अवतारी विष्णुका रामवतारको स्मरणबाट आरम्भ गरिएको यस काव्यमा विभिन्न पौराणिक कयनहरूबाट उदाहरणहरू ल्याएर ऋणमा जीवन नडुबाउन सल्लाह दिइएको छ । ऋणमा जीवन चल्नु-चलाउनु राम्रो काम नभएकोले सकेसम्म सबैले अऋणी भएर बाँच्ने प्रयास गर्नुलाई उत्तम जीवन मानिएको छ । ऋणी हुँदा यसले मानवमस्तिष्कलाई खल्बल्याउन सक्ने कुरालाई नै यस काव्यले मुख्य विषयवस्तु बनाएको छ । ऋणबाट मुक्त रही उत्तम जीवन बिताउन कविले दिएका सल्लाहहरू वर्तमान समयमा पनि उत्तिकै सान्दर्भिक एवम् महत्त्वपूर्ण मानिएका छन् ।

#### ४.१.११.१.२ **रस**

सन्देशमूलक यस **ऋणान्तकी** काव्यमा प्रयोग गरिएका विविध रसहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १७ क**

| क्रम | रस | सर्ग | पद्य | पृष्ठ |
|---|---|---|---|---|
| १. | करुण | – | १०, १२, ६६, ६७, ६८, ६९, ७१ | ३, १७, १८ |
| २. | शृङ्गार | – | २१ | ६ |
| ३. | शान्त | – | १, २ | १ |

(क) **करुणरस**

कवि उपाध्यायले ऋणैऋणको बोझमा परेर त्यसबाट मुक्ति पाउन नसकी मृत्युको मुखमा पुगेका व्यक्ति र त्यसका सन्ततिहरूमा परेको असरलाई यसरी करुणरसको सहायताद्वारा अभिव्यक्त गरेका छन् :

शिर्को सिन्दुर गो चुरी सब गए, आनन्द सप्पै गयो
जीवन् प्रेमी गए अनाथ बिचरी, जीवन् निरर्थक् भयो
साना छन् टुहुरा निरक्षर उनी, लाटोकसेरो सरी
हे नाथ ! जानुभयो कता भनिभनी, रुन्छिन् बिलौना गरी

– पद्य ६७

यहाँ पतिवियोगमा उत्पन्न शोक स्थायीभाव, पतिको लाश आलम्बन विभाव, पतिको सम्झना, पतिसँग बिताएका हरक्षणहरू सम्झँदा हुने डाहा, छटपटी आदि उद्दीपन विभाव, शिरको सिन्दूर पुछिँदा, चुराहरू फुटाइँदा, आफू निरक्षर, नाबालक सन्तति आदि चोटले गर्दा धरधरी रुनु, कराउनु, विलाप गर्नु आदि अनुभाव र उक्त कारणबाट मनमा उत्पन्न चिन्ता, विषाद्, ग्लानि, स्मृति आदि व्यभिचारी भाव यस कवितांशमा पाइने हुँदा यहाँ करुणरस अभिव्यञ्जित भएको छ ।

### ४.१.११.१.३ **अलङ्कार**

अव्यवस्थित किसिमले ऋण लिँदा नरक परिन्छ भन्ने त्रास देखाउँदै सादा जीवन बिताउन सल्लाह दिइएको यस काव्यमा प्रयोग गरिएका अलङ्कारहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या १७ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | सर्ग | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | – | १४, ३८, ३९<br>४८, ५९ | ४,१०<br>१२, १५ |
| २. | – | दृष्टान्त | – | ४३, ६८, ७० | ११, १८ |
| ३. | – | रूपक | – | २४, ४२ | ६, ११ |

(क) **उपमा अलङ्कार**

कवि उपाध्यायले यस काव्यमा उपमा अलङ्कारको प्रयोग अधिक मात्रामा गरेका छन् । तिनैमध्येबाट एउटा उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

छोराको पनि शत्रु ऋण गरदा जानौँ सबैले पनि
वामाङ्गी पनि दूरदूर रहने स्वादका पछाडि उनी
आफ्नै हात पनि खराब समझी हान्छन् नि तालुमहाँ
यस्तो घिर्णित काम कत्ति नगरौँ जन्तुसरी भै यहाँ ।

– पद्य ३९

यहाँ उपमेय – कवि, उपमान – जन्तु, वाचक शब्द – सरी र धर्म – हुनु पाइएकाले उपमा अलङ्कारको आयोजना पाइन्छ ।

**(ख) दृष्टान्त अलङ्कार**

कवि उपाध्यायले यस काव्यमा ऋण लिनुहुँदैन भन्ने कुरालाई प्रस्ट पार्न विभिन्न पौराणिक विषयहरूबाट उदाहरणहरू ल्याएर पुष्टि गरेका छन् । यसैक्रममा दुष्टान्त अलङ्कारको आयोजना हुन पुगेको छ । तिनैमध्येबाट यहाँ एउटा उदाहरणका लागि प्रस्तुत गरिएको छ :

आगाले वन त्यो जलेर जसरी छर्लङ्ग नाङ्गो हुँदा
जस्तै ती टुहुरा उदाङ्ग विचरा क्रूरात्म साहू हुँदा
आमा भात भनेर रुन्छ टुहुरो खाने बखत्मा जब
के दिन्छिन् बिचरी जति सब थियो सारा जफत् भो अब

– पद्य ७१

कविले यहाँ ऋणले गर्दा घरबारविहीन हुन पुगेको ती टुहुराहरूको अवस्थालाई चित्रण गर्न आगाले वन जलाएजस्तै भए भनी आफ्नो भनाइलाई प्रस्ट पार्न उदाहरण पेस गरेका छन् । त्यसैले यहाँ दृष्टान्त अलङ्कारको आयोजना हुन पुगेको छ ।

### ४.१.११.१.४ छन्द

**ऋणान्तकी** काव्यमा शार्दूलविक्रीडित छन्दका १०१ श्लोकहरू रहेका छन् । कविले यसरी एउटै वर्णमात्रिक छन्दको प्रयोग गरेर सिङ्गो कृतिको रचना गरेका छन् । यसलाई पनि तालिकामा यसरी देखाइएको छ :

**तालिका सङ्ख्या १७ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | सर्ग | पद्य | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १. | शार्दूलविक्रीडित | – | – | – | १०१ | १-२५ |

**(क) शार्दूलविक्रीडित छन्द**

कविले प्रस्तुत काव्यमा शार्दूलविक्रीडित छन्दको मात्रै प्रयोग गरेका छन् । यहाँ एक श्लोक कविता शार्दूलविक्रीडित छन्दको उदाहरणका लागि प्रस्तुत गरिएको छ :

ऋणै यो दुई वर्ण शब्द पढँदा आत्मा सिथीलै भयो
चुञ्चे कण्टकझैँ दुई तरफ 'ऋ' सुन्दै सुबुद्धी गयो
जिब्रो लट्पटिने 'ण' वर्ण जडदा ऋणले सदा थर्किने
बुद्धि लोप हुने प्रबुद्ध जनको मित्रादि सब झर्किने ।

**– पद्य ८**

ऋणको बाटो असजिलो हुँदा यसको उच्चारण र सङ्गत नै नगर्ने सन्देश दिँदै कविले शार्दूलविक्रीडित छन्दको प्रयोग गरी उक्त कवितांशको रचना गरेका छन् ।

वैदिक आदर्शमा आधारित यो कृति व्यावहारिक दृष्टिले उपयोगी मानिएको छ । कविको उद्देश्य काव्यचमत्कारतर्फभन्दा लोकोपकारतर्फ बढी केन्द्रित भएको हुँदा अभ्यास र परिष्कारतर्फ जोड दिइएको पाइँदैन ।[३७] समग्रमा परिष्कारको अभाव रहेको यस कृतिमा प्रेषित विचारहरू भने उच्च किसिमका रहेका छन् । कवि उपाध्यायले शास्त्रीय छन्दको प्रयोग गरेर रचना गरेको यस कृतिको स्थान नवलपरासी जिल्लाको साहित्यको इतिहासमा अमर रहेको छ र कवि स्वयम् पनि यस काव्यमार्फत् शास्त्रीय कविका रूपमा नवलपरासी जिल्लामा अमर प्रतिभा बनेर रहेका छन् ।

## ४.१.१२ रामनाथ खनालका काव्य

### ४.१.१२.१ 'पाण्डु' महाकाव्य

**पाण्डु** महाकाव्य वि.सं. २०४९ मा त्रिवेणी साहित्य परिषद्द्वारा प्रकाशित कवि रामनाथ खनालको प्रकाशनका दृष्टिले दोस्रो तर रचना (२००६) का दृष्टिले पहिलो शास्त्रीय छन्दमा रचिएको कृति हो । १५ सर्गमा विभक्त यस महाकाव्यमा १८५ पृष्ठसङ्ख्या रहेका छन् । भानुजयन्तीको अवसर पारेर प्रकाशित यस काव्यमा *कवि रामनाथ खनालको साहित्यिक यात्रा र पाण्डु महाकाव्य : सङ्क्षिप्त चर्चा* नामक भूमिकामा नारायणप्रसाद खनालले कवि रामनाथको जीवनी, व्यक्तित्व र कृतित्वको चर्चा गरेका छन् र **पाण्डु** महाकाव्य र त्यसको स्वरूपको बारेमा सङ्क्षेपमा प्रकाश पार्दै देवकोटाका समकालीन कविका रूपमा कवि खनाललाई चिनाएका छन् । यस काव्यको *प्रकाशकीय*को भूमिकामा त्रिवेणी साहित्य परिषद्का अध्यक्ष गोविन्दराज विनोदीले यस महाकाव्यमा राणाहरूको ऐयासीजीवनको राम्रो चित्रण पाइन्छ भनेका छन् । यस काव्यमा कविले पौराणिक महाभारतको प्रसङ्गबाट राणाकालीन नेपाली इतिहासलाई चित्रण गरेका छन् ।

---

३७ मुकुन्दशरण उपाध्याय, *शुभेच्छाका केही शब्दहरू*, **ऋणान्तकी**, युक्तिवल्लभ उपाध्याय, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५) ।

४.१.१२.१.१ **विषयवस्तु**

यस **पाण्डु** महाकाव्यले महाभारतको कथाको एक अंशलाई कथावस्तु बनाएकोले यसलाई पौराणिक महाकाव्य भनेर चिनाउन सकिएको हो । महाभारतका नायक पाण्डुलाई नै नायक बनाएर लेखिएको यस काव्यमा कुन्ती र माद्री दुई स्त्रीपात्रहरू रहेका छन् । राजा पाण्डु र रानी कुन्तीका बीच अगाध प्रेम हुँदाहुँदै पनि कुन्ती सन्तानहीन भएकीले पाण्डुको दोस्रो विवाह माद्रीसँग भएको प्रसङ्गदेखि पाण्डुका पाँच सन्तानको जन्म भएको कुरालाई नै यस काव्यमा विषयवस्तु बनाइएको छ । पन्ध्र सर्ग भएको यस महाकाव्यका प्रत्येक सर्गमा वर्णन गरिएको कथावस्तु यसप्रकार रहेको छ :

प्रथम सर्ग : दाजु धृतराष्ट्र जन्मान्ध भएकोले भाइ पाण्डु हस्तिनापुरका राजा भएका, रानी कुन्ती नि:सन्तान भएकीले पाण्डुको दोस्रो विवाह शल्यकी बहिनी माद्रीसँग निधो भएको प्रसङ्गको चर्चा गरिएको छ ।

दोस्रो सर्ग : पाण्डुको धुमधामसँग भएको विवाह हेर्न दर्शकहरू भीड लागेका कुरा उल्लेख गरिएको छ ।

तेस्रो सर्ग : वरवधू मण्डपमा विवाहकार्यमा संलग्न, भोजनपश्चात् वाद्यवादन सुरु भएको कुराको वर्णन गरिएको छ ।

चौथो सर्ग : माद्रीसँग बिहे भएपछि राज्यभार मन्त्रीहरूलाई सुम्पेर राजा भोगविलासतिर समर्पित भएको प्रसङ्गको चर्चा गरिएको छ ।

पाँचौं सर्ग : राजालाई पुरानो रोग लागेकाले भोगविलास समाप्त, धृतराष्ट्रलाई राजप्रतिनिधि बनाएर आफू वनवासी जीवन बिताउन प्रस्थान गरेको प्रसङ्गको वर्णन गरिएको छ ।

छैटौं सर्ग : राज्यमा नयाँ कानुन र उद्योगहरूको विकास भएको चर्चा गरिएको छ ।

सातौं सर्ग : वनवासी जीवन सफल ठान्ने राजाबाट प्रश्नहरू गरिएको छ ।

आठौं सर्ग : वनवासी जीवन बिताउन चाहने राजालाई ब्राह्मणहरूबाट उत्तर दिइएको प्रसङ्गको चर्चा गरिएको छ ।

नवौं सर्ग : नि:सन्तान राजा पाण्डुले ब्राह्मणहरूसँग सन्तानप्राप्तिको राय मागेको कुरा उल्लेख गरिएको छ ।

दसौं सर्ग : ब्राह्मणहरूद्वारा पुत्र प्राप्त गर्न सकिने राय व्यक्त गरिएको छ ।

एघारौं सर्ग : रानी कुन्तीले माद्रीसँग नारीजातिमाथि पुरुषहरूद्वारा गरिने अन्याय, अत्याचारका बारेमा प्रकाश पारिएको छ ।

बाह्रौं सर्ग : सन्तानप्राप्तिका लागि दुर्वासा ऋषिको सेवा गर्नुपर्ने कुरा कुन्तिले माद्रीसँग व्यक्त गरेको प्रसङ्ग उल्लेख गरिएको छ ।

तेह्रौँ सर्ग : माद्रीद्वारा कुन्तीको प्रस्ताव सहर्ष स्वीकार गरेको प्रसङ्ग आएको छ ।

चौधौँ सर्ग : कुन्तीद्वारा युधिष्ठिर, भीम र अर्जुन अनि माद्रीद्वारा नहकुल र सहदेवको जन्म भएको प्रसङ्गको वर्णन गरिएको छ ।

पन्ध्रौँ सर्ग : छोराहरूलाई शिक्षादीक्षाका लागि हस्तिनापुर लैजाने सोचाइ भइरहेकै अवस्थामा पाण्डु र माद्री ग्राम्यधर्मतिर लागेको कुराको वर्णन गरिएको छ ।

४.१.१२.१.२ **रस**

कवि रामनाथ खनालको यस महाकाव्यको पूर्वार्ध भागमा शृङ्गाररस प्रमुख भए पनि उत्तरार्ध भागमा केही छट्पटी, उपलब्धि र निर्वेदमा समापन गरिएको छ । काव्यसाहित्यमा सिद्धहस्त कवि खनालले यस काव्यमा प्रयोग गरेका रसहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्याक १८ क**

| क्रम | रस | सर्ग | पद्य | पृष्ठ |
|---|---|---|---|---|
| १. | करुण | ९ | २८, २९ | १०४ |
| | | १० | १० | ११३ |
| | | १५ | २३, २४, ३१, ३२ | १७८, १८० |
| २. | शृङ्गार | १, ४ | ४९, ११, १२, १३, १४ | ११, ३९ |
| | | | २१, २२, २३, ४० | ४१, ४५ |
| ३. | शान्त | ७ | १४, १५, १६, १९, २१ | ७५, ७६ |
| | | | २९, ३२, ३४ | ७८, ७९ |

**(क) शृङ्गाररस**

कवि रामनाथ खनालले यस महाकाव्यमा शृङ्गाररसलाई नै अङ्गीरस बनाएका छन् । यस काव्यमा धेरै ठाउँमा शृङ्गाररसका उत्कृष्ट कविताहरू रहेका छन् । तिनैमध्येबाट एक श्लोक यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

फोटो थिएन हुलिया पनि पाण्डुलाई
पार्थ्यो सिरिङ्ग कँहदा मन हड्बडाई
दोस्रो विवाह पनि भूपतिका निमित्त
पैलो सरी हुनगयो अडिएन चित्त ।

– सर्ग १, पद्य ४९

रति स्थायीभाव भएको यस कवितांशमा राजा धृतराष्ट्र र रानी माद्री आलम्बन विभाव, रानीको एकान्तस्थलमा बसेर गरेको सम्झना उद्दीपन विभाव, मन सिरिङ्ग हुनु, मन हर्षले हड्बडाउनु आदि अनुभाव र बिहे हुन लागेकोमा भएको हर्ष, उत्सुकता, गर्व आदि व्यभिचारी भाव पाइने हुनाले यहाँ शृङ्गाररसको आयोजना भएको छ ।

**(ख) शान्तरस**

कवि खनालले यस काव्यमा शान्तरसको प्रयोग पनि अत्यधिक ठाउँमा गरेका छन् । शान्त प्रकृतिको वर्णन गर्ने क्रममा कविले प्रयोग गरेको शान्तरसलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

कुत्ता बिरालाहरू सङ्सँगै छन्
मयूरका साथ भुजङ्ग खेल्छन्
हुन्थ्यो त्यहाँ कोसित वैरभाव
छ धन्य ! हाम्रा ऋषिको प्रभाव ।

– सर्ग ७, पद्य ३२

शान्त मनोरम वातावरणमा बसेका प्राणीहरूमा उत्पन्न भएको समता स्थायीभाव, शान्त मनोरम वातावरणमा रमाइरहेका विभिन्न प्राणीहरूको एकआपसमा भएको हार्दिकता आलम्बन विभाव, कसैसँग पनि वैरभाव वा शत्रुता नभएको प्रेमपूर्ण मिलनमा पाइने नीतिशिक्षा वा प्रेरणा उद्दीपन विभाव, कुकुर बिराला सङ्सँगै खेलेका, मयूरसँग सर्प खेलिरहेको वातावरणबाट प्राप्त रोमाञ्च अनुभाव र यस्तो सुन्दरता देख्दा मनमा उत्पन्न हर्ष, खुसी, प्रमोद, दया आदि व्यभिचारी भाव यस कवितांशमा पाइएकोले यहाँ शान्तरस अभिव्यञ्जित भएको छ ।

### ४.१.१२.१.३ अलङ्कार

कवि खनालले पूर्वीय काव्यमान्यतालाई अङ्गीकार गर्दै प्रस्तुत महाकाव्यको रचना गरेका छन् । यस काव्यका कविताहरूमा अन्त्यानुप्रासको सुन्दर र स्वाभाविक प्रयोग गरिएको छ । लक्षणा र व्यञ्जनाका तहसम्मका कवितांशहरू रहेको यस काव्यमा विभिन्न बिम्ब, प्रतीक, अलङ्कारहरूको प्रयोग गरिएको छ । काव्यमा प्रयुक्त अलङ्कारहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या १८ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | सर्ग | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | २ | २८, ३०, ३३ | १८, १९ |
| | | | १४ | २, ७, ८ | १६३, १६४ |
| २. | – | उत्प्रेक्षा | १ | ५, २४ | २, ६ |
| | | | ५ | ५, ४१, ४२ | ४९, ५७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | – | दृष्टान्त | ११<br>१४ | ४०<br>४६ | १३३<br>१६८ |
| ४. | यमक | – | १, ५ | २७, ४५ | ७, ४६ |
| ५. | – | रूपक | ८<br>९<br>१२ | ४०<br>२५, ५७<br>५ | ९४<br>१०३, ११०<br>१३८ |

**(क) उपमा अलङ्कार**

कवि खनालले यस महाकाव्यमा उपमा अलङ्कारको उत्कृष्ट प्रयोग प्रशस्त मात्रामा गरेका छन् । यहाँ एक श्लोक उदाहरणका लागि तिनैमध्येबाट प्रस्तुत गरिएको छ :

खप्टिदै सब गुडुल्किन जाँदा
पर्छ मास्तिर तहैतह ज्यादा
नागकै मुकुट भो शिरमाथि
दृष्टि गर्छ मृगझैँ तल, माथि ।

– सर्ग २, पद्य २८

यहाँ उपमेय – नागको मुकुट रूपको अमूक वस्तु, उपमान – मृग, वाचक शब्द – झैँ र धर्म – तलमाथि हेर्नु को प्रयोग पाइएको छ । त्यसैले यस कवितांशमा उपमा अलङ्कारको आयोजना पाइन्छ ।

**(ख) दृष्टान्त अलङ्कार**

कवि खनालले यस काव्यमा दृष्टान्त अलङ्कारको प्रयोग पनि स्वाभाविक रूपमा गरेका छन् । यस काव्यबाट यहाँ एउटा श्लोक कविता दृष्टान्त अलङ्कारको उदाहरणार्थ प्रस्तुत गरिएको छ :

थियो दर्बारमा हर्ष, हर्षैमा हर्ष बड्दछ ।
पानी आयो भने देखि, पानीमै धेर पर्दछ ।

– सर्ग १४, पद्य ४६

कविले यहाँ पहिलो हरफको अर्थलाई स्पष्ट पार्न दोस्रो हरफको प्रयोग गरेका छन् । जहाँ खुसी र हर्ष छ त्यहीँ नै अझ हर्ष र खुसी थपिन्छ भन्ने कुरालाई स्पष्ट पार्न जहाँ पानीको मात्रा प्रशस्त छ त्यहीँ नै पानी थपिन्छ भनेर उदाहरणद्वारा स्पष्ट पारेका छन् । त्यसैले यहाँ दृष्टान्त अलङ्कारको आयोजना रहेको छ ।

### ४.१.१२.१.४ छन्द

महाकाव्यकार रामनाथ खनालले यस महाकाव्यमा विभिन्न शास्त्रीय छन्दहरूको प्रयोग गरेका छन् । उनी हरेक छन्दलाई सरलता र सहजताका साथ काव्यमा उतार्न सफल देखिएका छन् । स्वस्फूर्त कवि खनालमा कुलचन्द्र गौतम र सोमनाथ सिग्द्यालको प्रभाव परेको पाइन्छ । कविले यस काव्यमा प्रयोग गरेका छन्दहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या १८ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | सर्ग | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | अनुष्टुप | – | – | १४ | १६३-१७३ |
| २. | उपजाति | – | – | ३, ६, ७, ८, ९<br>१०, ११ | २५-५७<br>५९-१३६ |
| ३. | वसन्ततिलका | – | – | १, ४, ५ | १-१२, ३७-५८ |
| ४. | शार्दूलविक्रीडित | – | – | १५ | १७४-१८५ |
| ५. | स्वागता | – | – | २<br>१२, १३ | १३-२४<br>१३७-१६२ |

**(क) वसन्ततिलका छन्द**

कवि खनालले यस महाकाव्यमा सिङ्गै तीन सर्ग वसन्ततिलका छन्दमा रचना गरेका छन् । तिनैमध्येबाट एक श्लोक कविता यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

सम्पूर्ण राज्यभरको धृतराष्ट्रलाई
तत्काल कायम मुकायम राख्न पाई
भो तुच्छ राज्य, सुखभोग हुँदा निराश
देखे भलो नृपतिले वनको निवास ।

– सर्ग ५, पद्य २

कविले यहाँ माद्रीसँग विवाहबन्धनमा बाँधिएका पाण्डुको मन भोगविलासतिर लाग्दालाग्दा उनलाई पुरानो रोगले समातेकोले हस्तिनापुरको राज्य दाजु धृतराष्ट्रलाई सम्हाल्न दिएर उनी वनवासी हुनगएको प्रसङ्गलाई वसन्ततिलका (त, भ, ज, ज, गु, गु) छन्दमा आधारित रहेर वर्णन गरेका छन् ।

**(ख) स्वागता छन्द**

कवि खनालले स्वागता छन्दको प्रयोग गरेर यस महाकाव्यमा तीन सर्गको रचना गरेका छन् । तिनैमध्येबाट यहाँ एक श्लोक नमुनाका लागि प्रस्तुत गरिएको छ :

खास स्त्री-पुरुष हुन् दुई आँखा
राख्नुपर्दछ दुवैतिर शाखा
एक दुख्दछ भने अनि अर्को
दुख्न सक्छ, पछि पर्दछ चर्को

– सर्ग १२, पद्य ५

नारी समानताका पक्षधर कवि खनालले नारी र पुरुषलाई दुई आँखाका नानी हुन् भनेका छन् । एउटा कमजोर हुँदा अर्कोलाई पनि असर पर्छ भन्ने भावलाई कविले यहाँ स्वागता (र, न, भ, गु, गु) छन्दमा अभिव्यक्त गरेका छन् ।

नेपाली कविताको लघुरूप मुक्तकदेखि बृहत्‌रूप महाकाव्यसम्म कलम चलाएका कवि रामनाथ खनाल एक बहुमुखी प्रतिभाशाली व्यक्तित्वका रूपमा चिनिएका छन् । उनी नवलपरासी जिल्लाका प्रथम महाकाव्यकार हुन पुगेका छन् । पूर्वार्धमा उनी फुटकर रचनामा सीमित रहे पनि उत्तरार्ध वा राणाकालीन जग्जगीबाट मुक्ति पाएपछि लामा कविता वा महाकाव्यको रचनातर्फ उनी एकाग्र भएको देखिन्छ ।[३८] महाकवि खनालले आफ्ना जीवनकालमा थुप्रै कृतिहरूको शास्त्रीय छन्दमा रचना गरेका छन् । सिङ्गो महाकाव्य शास्त्रीय छन्दमा रचना गरेर उनले आफ्नो शास्त्रीयताको निपूर्णताको परिचय दिएका छन् । राष्ट्रिय रूपमा नै ख्यातिप्राप्त यस्ता प्रतिभा पाएर नवलपरासी जिल्ला धन्य बनेको छ । उनको यस महाकाव्यले नवलपरासी जिल्लाका शास्त्रीय साहित्यलाई मजबुत बनाउने काम गरेको छ । यस्ता कविव्यक्तित्व सदैव यस जिल्लाका एक प्रेरक शास्त्रीय कविका रूपमा चर्चित रहेका छन् र उनका महाकाव्यहरू यस जिल्लाका अमूल्य साहित्यिक रत्न बनेर रहेका छन् ।

## ४.१.१३ रामहरि शर्मा 'शराह' को काव्य

### ४.१.१३.१ 'शब्द सङ्गोष्ठी' कवितासङ्ग्रह

**शब्द सङ्गोष्ठी** कवितासङ्ग्रह त्रिवेणी साहित्य परिषद्‌को पच्चीसौँ पुष्पबल्लरी वा रजतग्रन्थका रूपमा वि.सं. २०६३ मा प्रकाशित कवि रामहरि शर्मा 'शराह' को छन्दोबद्ध कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा शास्त्रीय छन्दका ५० ओटा कविताहरू ७१ पृष्ठमा सङ्गृहीत रहेका छन् । कविले आफ्ना पितामाताप्रति समर्पण व्यक्त गरेको यस सङ्ग्रहको *शुभकामना* शीर्षकको भूमिकाबाट प्राध्यापक रामबाबु घिमिरेले कवि शराहको काव्ययात्राको निरन्तरता र उच्चतम प्राप्तिको कामना व्यक्त गरेका छन् । *शराहप्रति शुभेच्छाका शब्द* नामक भूमिकामा चितवन साहित्य परिषद्‌का अध्यक्ष केदारनाथ खनालले पनि कवि शराहको काव्यिक उन्नयन र प्रगतिको कामना व्यक्त गरेका छन् । *शुभकामना* शीर्षकात्मक भूमिकामा त्रिवेणी साहित्य परिषद्‌का अध्यक्ष नारायणप्रसाद खनालले वाणिज्यशास्त्रको अध्ययन-अध्यापनसँग सम्बन्धित

---

३८ नारायणप्रसाद अर्याल, **रामनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित शोधपत्र, (पोखरा : पृथ्वीनारायण क्याम्पस, २०५८), पृ. ४८ ।

शराहको यो साहित्यप्रतिको झुकाव, लगन र समर्पणको प्रतिबिम्ब मात्र होइन, साहित्येतर र साहित्यका सबै अध्येतालाई चुनौती पनि हो भनेका छन् । *शब्द सङ्गोष्ठी : एक अवलोकन* शीर्षकात्मक लेखमा गोविन्दराज विनोदीले यस सङ्ग्रहको सङ्क्षिप्त चर्चा गर्दै यस सङ्ग्रहले कवि शराहभित्र अन्तर्निहित प्रबुद्ध कवित्वचेतनाको परिचय दिएको छ भनेका छन् । यस सङ्ग्रहमा जीवन र जगत्का विविध अनुभव र अनुभूतिहरूलाई कविले यस काव्यमा समावेश गरेका छन् ।

४.१.१३.१.१ **विषयवस्तु**

यस सङ्ग्रहमा जीवनका पचास वसन्तमा प्रवेश गरेका कवि शराहका पचासओटा नै कविताहरू रहेका छन् । कविको जीवनजस्तै विविध छन्द र भावका उकाली-ओरालीहरू यहाँ रहेका छन् । यस सङ्ग्रहमा कवि शराहले राष्ट्रप्रेम, प्राकृतिक सौन्दर्यता, मानवतावाद, प्रणयभाव, आत्मचिन्तन तथा आध्यात्मिकता, सामाजिक-राजनैतिक विसङ्गतिबोध, स्वतन्त्रताको चाहना, युगबोध, शैक्षिक जागरण, समतामूलक कर्ममय समाज स्थापनाको वाञ्छा, सामाजिक रूपान्तरणको आग्रह, नारीप्रति सम्मान, मानवीय जिजीविषा, अग्रज साहित्यकारहरूप्रति सम्मान, जन्मस्थानप्रतिको श्रद्धा, युद्धको भयावहताबाट त्रस्त अवस्थाको चित्रण आदिलाई यस सङ्ग्रहका कविताको मूल विषयवस्तु बनाएका छन् । यसरी कवि शराहका कविताले युगसन्दर्भलाई आत्मसात गर्दै जीवनका आरोह-अवरोहजन्य परिस्थितिको समेत शब्दचित्र प्रस्तुत गरेका छन् । कविका यस सङ्ग्रहमा वि.सं. २०३२ को कविता महोत्सवमा प्रेषित कवितादेखि लिएर वि.सं. २०६३ को वर्षारम्भको सन्दर्भमा प्रस्फुटित अभिव्यक्तिसमेत समाविष्ट भएको कुरा स्वयम् कविले *अन्तर्मनका वाणी* शीर्षकको भूमिकामा उल्लेख गरेका छन् ।

४.१.१३.१.२ **रस**

कवि शराहको यस सङ्ग्रहमा विविध भाव र रसयुक्त कविताहरू रहेका छन् । कविले यस काव्यमा प्रयोग गरेका रसहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या १९ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | सर्जकाकाङ्क्षा | ४ | २ |
| | | स्मृति कथा | ५, ६ | ५२, ५३ |
| २. | शृङ्गार | प्रेमवाटिका | २, ३, ४, ५, ६ | २०, २१ |
| | शृङ्गार (विप्रलम्भ) | दूरत्व पीडा | १-५ | ६३ |
| ३. | वीर | तातो रगत यो भन्छ | ५ | ८ |
| ४. | शान्त | चरीका गान | १-६ | ३५-३६ |
| | | सनद वन | २, ३ | ६४ |

**(क) करुणरस**

कवि शराहले करुणरसको प्रयोग गरेर प्रशस्त कविताहरू लेखेका छन् । यस सङ्ग्रहमा सङ्गृहीत करुणरसको कविताको एक श्लोक यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

जुटे दायाँबायाँ परिसर बन्यो भावकु अति
युवा, बाला वृद्धा वरपर र चिन्नेहरू जति
सबैका आँखामा मृदु मलिनता टल्पल भयो
विधाताको लाठी उनकन कडा बज्रन गयो ।

– *स्मृति कथा,* पद्य ५

पतिको मृत्युमा विह्वल बनेकी पत्नीको मनमा उत्पन्न शोक स्थायीभाव, मृत व्यक्ति आलम्बन विभाव, सबै मृत्युको पीडाप्रति संवेदना व्यक्त गर्न आएका मानिसहरूका आँखामा छचल्किएको पीडा, शोकाकुल वातावरण उद्दीपन विभाव, विधाताको लाठीले मर्माहत बन्न पुगेकी उक्त नायिकाको साथै अन्य मानिसहरू शोकाकुल हुँदै रुनु, आँसु झार्नु अनुभाव र सबैमा छाएको चिन्ता, व्याकुलता, स्मृति आदि व्यभिचारी भाव यस कवितांशमा पाइएकोले यहाँ करुणरस अभिव्यञ्जित भएको छ ।

**(ख) विप्रलम्भ शृङ्गार**

कवि शराहले विप्रलम्भ शृङ्गाररसको प्रयोग गरेर सिङ्गै कविताको रचना गरेका छन् । त्यहीँबाट एक श्लोक यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

अँधेरो भयो मेघमाला करायो
चल्यो तीव्र हावा निराशा गरायो
मनै थर्थरायो कि ता भामिनीको
भयो सम्झना दूरकी कामिनीको

– *दूरत्व पीडा,* पद्य ३

आफ्नी प्रेमिकासँग विछोड हुँदा प्रेमीका मनमा उत्पन्न रति वा प्रीति स्थायीभाव, आफ्नी दूरकी प्रेमिका आलम्बन विभाव, अँधेरो, हावाहुरी चलेको, गड्याङगुडुङ भएको डरलाग्दो वातावरण उद्दीपन विभाव, नायिकाको मन थर्थरायो कि भन्दै उनकै सम्झना गर्नु अनुभाव र प्रेमिकासँग मिलनका लागि तड्पिरहेको प्रेमीका मनमा उत्पन्न चिन्ता, आवेग, मोह, हर्ष आदि व्यभिचारी भाव यस कवितांशमा पाइएको हुनाले यहाँ विप्रलम्भ शृङ्गाररसको प्रयोग गरिएको छ ।

### ४.१.१३.१.३ अलङ्कार

कवि शराहले यस सङ्ग्रहमा विषयगत विविधताजस्तै कवितामा विविध अलङ्कारको प्रयोग गरेका छन् । अन्त्यानुप्रासको सुन्दर आयोजना पाइने यस सङ्ग्रहका कवितामा प्रयोग गरिएका अलङ्कारहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या १९ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | पत्र सारांश | ४, ५ | १२, १३ |
| | | | नारी | २, ४ | १७ |
| | | | होली | ५ | ५५ |
| २. | – | दृष्टान्त | मैले कोर्न नजानेको कविता | २ | ४४ |
| | | | मान्छे खुल्दछ मान्छे भै | ३ | ४५ |
| ३. | यमक | – | चरीका गान | १ | ३५ |
| ४. | – | रूपक | नारी | ३ | १७ |
| | | | शक्तिकेन्द्र | ४ | १८ |
| | | | शहीद | १ | २२ |
| ५. | – | उत्प्रेक्षा | प्रतीक्षामा परिहास | १ | १६ |
| | | | लीला | ६ | २७ |

**(क) रूपक अलङ्कार**

कवि शराहले यस सङ्ग्रहका कवितामा प्रशस्त ठाउँमा रूपक अलङ्कारको प्रयोग गरेका छन् । त्यहीँ प्रयुक्त रूपक अलङ्कारलाई यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

उहिल्यैदेखि नै नारी शक्तिका केन्द्रबिन्दु हुन्
सुख-सागर हुन् नारी अगाध स्नेहसिन्धु हुन्
सन्तनुबाट सिर्जेको महाभारतमा पनि
द्रौपदी निस्किइन् पाँचै भाइकी प्रेरणा बनी ।

– *शक्तिकेन्द्र*, पद्य ४

नारीप्रति सम्मानभाव प्रकट गर्ने कवि शराहले नारीलाई शक्तिका केन्द्रबिन्दु, सुखसागर र स्नेहसिन्धु हुन् भनेका छन् । यसरी उपमेयलाई उपमानसँग अभेद आरोप गरिएकोले यहाँ रूपक अलङ्कारको आयोजना भएको पाइन्छ ।

**(ख) उपमा अलङ्कार**

कविले यस कवितासङ्ग्रहमा उपमा अलङ्कारको प्रयोग अत्यधिक मात्रामा गरेका छन् । त्यहीँबाट यहाँ एक श्लोक कविता उदाहरणका लागि प्रस्तुत गरिएको छ :

उनी हाँस्न थालिन् नशा छल्किएझैँ
म नाची रहेँ प्रीतिमा पल्किएझैँ
सबै काव्यका कार हाँक्ने रथी छन्
थिए रङ्गिला रङ्गमा रङ्गिए झन् ।

– *होली*, पद्य ५

यहाँ उपमेय – उनी, म, उपमान – नशा, प्रीति, वाचक शब्द – झैँ, झैँ र धर्म – छल्किन, पल्किनु को प्रयोग भएको छ । त्यसैले यस कवितांशमा उपमा अलङ्कारको आयोजना भएको छ ।

**४.१.१३.१.४ छन्द**

प्रस्तुत शब्द सङ्गोष्ठी कवितासङ्ग्रहमा शास्त्रीय छन्दका ५० ओटा कविताहरू सङ्गृहीत रहेका छन् । विगत तीन दशकदेखि नेपाली कविताको क्षेत्रमा सक्रिय रहँदै आएका कवि शराहका कविता पढ्दा छन्दको मनोरम वाटिका अवलोकन गरेकोजस्तो अनुभव हुन्छ । छान्दिक नियमको परिपालनाबाट मात्र उत्कृष्ट कविता सिर्जना हुँदैन तर कवि शराहले छन्दलाई वशवर्ती बनाएका हुनाले उनका कविता उत्कृष्ट बनेका छन् ।[३९] वार्णिक र मात्रिक गरी जम्मा १६ ओटा छन्दहरूको प्रयोग गरिएको यस सङ्ग्रहमा रहेका छन्दहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या १९ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | कवितासङ्ख्या |
|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | १७ |
| २. | इन्द्रवज्रा | – | – | १ |
| ३. | उपजाति | – | – | २ |
| ४. | तोटक | – | – | १ |
| ५. | – | पज्झटिका | – | १ |
| ६. | प्रमाणिका | – | – | १ |
| ७. | भुजङ्गप्रयात | – | – | ५ |

३९ रामबाबु घिमिरे, *शुभकामना*, **शब्द सङ्गोष्ठी**, रामहरि शर्मा शराह, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६३), पृ. ग ।

| | | | | |
|---|---|---|---|---|
| ८. | मन्दाक्रान्ता | – | – | १ |
| ९. | – | मात्रिक | – | १ |
| १०. | रथोद्धता | – | – | १ |
| ११. | वसन्ततिलका | – | – | १ |
| १२. | वियोगिनी | – | – | १ |
| १३. | शार्दूलविक्रीडित | – | – | १३ |
| १४. | शिखरिणी | – | – | २ |
| १५. | स्रग्धरा | – | – | १ |
| १६. | स्वागता | – | – | १ |

**(क) इन्द्रवज्रा**

कवि रामहरि शर्मा शराहले यस सङ्ग्रहमा इन्द्रवज्रा छन्दको प्रयोग गरेर कविताको रचना गरेका छन् । त्यही छन्दमा रचिएको एक श्लोक कविता यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

विज्ञानले ज्ञान दियो तथापि
सन्त्रास फैल्यो जनवर्गमाथि
बिर्सौं सबैले बमको विकास
आशा गरौं सुन्दर शान्त वास ।

– *सर्जकाकाङ्क्षा,* पद्य ५

कविले यहाँ शान्ति, सौहार्द र भातृत्वपूर्ण समाजको स्थापनाको चाहना राख्दै विज्ञानको उपलब्धिलाई स्वीकार गर्न पुगेका छन् तर विज्ञानबाट विश्वमा फैलिएको आणविक आविष्कार र युद्ध सन्त्रासप्रति चिन्तित हुँदै इन्द्रवज्रा (त, त, ज, गु, गु) छन्दमा यसरी आफ्नो अभिव्यक्ति व्यक्त गरेका छन् ।

**(ख) अनुष्टुप् छन्द**

कवि शराहले यस काव्यमा अनुष्टुप् छन्दका कविताहरू प्रशस्त लेखेका छन् । त्यसैबाट यहाँ एक श्लोक कवितांश उदाहरणका लागि प्रस्तुत गरिएको छ :

विद्याकै बलले विश्व समुन्नत सबै भए
दुरी नक्षत्रका नित्य निकटस्थ हुँदै गए
तथापि हूँ म नेपाली समताकै छु खोजमा
नाना, खाना र छानाकै समस्या रोजरोजमा ।

– *सरस्वती वन्दना,* पद्य ३

आजका दिनसम्म आइपुग्दा विश्वले विद्याकै कारणले गर्दा अगाडि बढिसके पनि हामी नेपाली अझै आधारभूत आवश्यकता प्राप्त गर्न सकिरहेका छैनौँ भन्दै यिनै समस्याबाट पीडित कवि अनुष्टुप् छन्दमा यसरी आफ्ना भाव पोख्न पुगेका छन् ।

सानै उमेरदेखि साहित्यतर्फ रुचि राख्ने कवि शराहले विगत तीन दशकदेखि फुटकर कविताको प्रकाशन गर्दैआएका छन् । व्यवस्थापनका विद्यार्थी भएर पनि उनले शास्त्रीय छन्दमा रचित कवितासङ्ग्रह प्रकाशन गरेर आफ्नो कवित्वशक्तिको सदुपयोग गरेका छन् । उनका कवितामा शैलीपक्षभन्दा भावपक्ष सबल रूपमा देखापरेको छ । विविध छन्दयुक्त यस सङ्ग्रहको प्रकाशनले वर्तमान गद्यको युगमा ठूलो उपलब्धि हासिल गरेको छ । यसरी आफ्ना मनका विविध भावाभिव्यक्तिलाई छन्दको नियमभित्र राखेर प्रकाशित गरिएको यस कृतिले नवलपरासी जिल्लाको शास्त्रीय साहित्यलाई राम्रै टेवा दिएको छ र कवि शराह पनि यस जिल्लाका शास्त्रीय साहित्यकारका रूपमा स्थापित हुन पुगेका छन् ।

## ४.१.१४ रामहरि शर्मा गैरेको काव्य

### ४.१.१४.१ 'राज्यवती' काव्य

**राज्यवती** काव्य सिर्जना मझेरी समूह, काठमाडौँद्वारा वि.सं. २०५९ मा प्रकाशित कवि रामहरि शर्मा गैरेको शास्त्रीय छन्दमा रचिएको शोककाव्य हो । जम्मा नौ सर्गमा विभाजित ३०८ श्लोकसङ्ख्या रहेको यस काव्यको काया ५४ पृष्ठको रहेको छ । राजा वीरेन्द्रका सपरिवारको स-साना एकल चित्र मुखपृष्ठमा अङ्कित यस काव्यमा *शुभकामना* शीर्षकको भूमिकामा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति मोहन कोइरालाले राजकुलसम्बन्धी यस शोककाव्यले एकपल्ट पाठकको मनलाई छोएर बगाउन सक्छ भनेका छन् । *शुभेच्छा* शीर्षकको भूमिकामा महेन्द्र संस्कृत विश्वविद्यालयका उपकुलपति आचार्य पूर्णचन्द्र ढुङ्गेलले कविको साहित्यिक उन्नतिको कामना व्यक्त गरेका छन् । *कवि गैरेको राज्यवती* शीर्षकको भूमिकामा तुलसी भट्टराईले कवि रामहरि गैरेको कविप्रतिभा अझ चहकिलो बन्दै जाओस् भनी कामना प्रकट गरेका छन् । *जीवन-चुम्बन* शीर्षकात्मक भूमिकामा सिर्जना मझेरी समूह, काठमाडौँले नारायणहिटीमा घटेको राजकुलको विस्मयकारी घटनाको झल्को छाड्ने कथानकमा सिर्जित यस काव्यको प्रकाशन गर्न पाएकोमा हर्ष प्रकट गर्दै कविको काव्ययात्राको निरन्तरताको कामना व्यक्त गरेको छ । यस काव्यमा कविले राजदरबारमा घटेको बीभत्स हत्याकाण्डले गर्दा आफ्ना मनमा उठेका विविध भावहरूलाई समेटेका छन् ।

#### ४.१.१४.१.१ **विषयवस्तु**

वि.सं. २०५८, जेठ १९ गतेको राति नारायणहिटी दरबारमा भएको हत्याकाण्डमा तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र र निराजन अनि राजकुमारी श्रुतिको निधन भएको घटनालाई यस काव्यमा विषयवस्तु बनाइएको छ । प्रत्यक्ष रूपमा दरबार हत्याकाण्डलाई

विषयवस्तु बनाइएको छ भने अप्रत्यक्ष रूपमा आजको मानवसमाजमा व्याप्त अपराध, हिंसा, आतङ्कजस्ता विकृतिहरूलाई समेत देखाउन खोजिएको छ । तत्कालीन राजा वीरेन्द्रको पारिवारिक हत्या, नेपालको प्रजातान्त्रिक आन्दोलनको सफलतापछि संविधान निर्माण र घोषणामा वीरेन्द्रले पुऱ्याएको योगदान आदि विषयवस्तुहरू नै यस काव्यमा समेटिएका छन् । कवि शर्माको जम्मा नौ सर्गमा विभक्त यस काव्यका प्रत्येक सर्गको कथावस्तु यसप्रकार रहेको छ ।

प्रथम सर्ग : गणेशको प्रार्थना, सरस्वती, दुर्गा, सूर्य, नेता, साहू, महाजन, मन्त्री, विद्यार्थी, प्राध्यापक, कार्यालयका प्रमुख, उद्योगपति आदिलाई सम्बोधन गर्दै राजा वीरेन्द्रको मृत्युले बेहोसजस्ता हुन पुगेका कवि राति एक्लै हिँड्दै पाँचकोश टाढा पुगेको प्रसङ्गको चर्चा गरिएको छ ।

दोस्रो सर्ग : २०४६ मा प्रजातन्त्रको घोषणा राजाबाट सहजै रूपमा भएको कुराको स्मरण, राजपरिवारको निधनमा कवि चिन्तित, सपनामा राजा वीरेन्द्रलाई देखेको कुरा उल्लेख गरिएको छ ।

तेस्रो सर्ग : वीरेन्द्रलाई भेट्न जाँदा बाटैमा कल्पना नामक सुन्दरीसँग भेट, कविले मञ्चमा प्रवेश गरेको कुरा चर्चा गरिएको छ ।

चौथो सर्ग : कविको राजासँग कुराकानी, राजाले नेपालीहरूलाई भेट्न नेपाल आइरहने कुरा व्यक्त, राजाबाट देशवासीहरू कर्मशील भएर जोस र जाँगरका साथ देशनिर्माणमा लागून्, कोही नराम्रा, लुच्चा, फटाहा नबनून् भन्ने इच्छा व्यक्त गरिएको छ ।

पाँचौं सर्ग : राजाबाट देश र देशवासीको भलो होस्, सबै नेपाली असल चरित्रका बनून् भन्ने कामनाको पत्र कविलाई दिइएको कुराको वर्णन गरिएको छ ।

छैटौं सर्ग : असल कर्म गर्ने हो भने व्यास, वाल्मीकि, कालिदास, लक्ष्मीप्रसाद बन्न सकिने भएकोले सबैलाई असल बन्न राजाबाट आग्रह गरिएको प्रसङ्गको चर्चा गरिएको छ ।

सातौं सर्ग : नेपालको शासनसत्ता राम्रोसँग चलोस्, मलाई त्यो राज्यवैभवको सम्झना खासै आउँदैन भन्ने कुरा राजाबाट व्यक्त गरिएको छ ।

आठौं सर्ग : राजा वीरेन्द्रका सन्देशहरू बोकेर फर्केका कविको भेट पुनः कल्पनासँग हुनु, कल्पना नामक सुन्दरी त ऐश्वर्य भएको जानकारी, ऐश्वर्यको सुन्दरताको वर्णन, ऐश्वर्यबाट पनि देशको भलो होस् भन्ने भाव व्यक्त गरिएको छ ।

नवौं सर्ग : राजाले फेरि कविलाई बोलाएर किन आयौ भनी सोध्दा कविले आफ्नो परिचय र काम बताएका, सपनाबाट ब्युँझेपछि यही विषयलाई समेटेर काव्य तयार पार्छु भन्ने भाव कविमा उत्पन्न भएको कुराको चर्चा गरिएको छ ।

### ४.१.१४.१.२ रस

२०५८ जेठ १९ गते घटेको विस्मयकारी दरबार हत्याकाण्डको विषयवस्तुमा आधारित यस काव्यमा करुणरस अङ्गी रहेको छ ।

**तालिका सङ्ख्या २० क**

| क्रम | रस | सर्ग | पद्य | पृष्ठ |
|---|---|---|---|---|
| १. | करुण | १ | १०, ११, १६ | २, ३ |
| | | २ | ९, १४, १६ | ७, ८ |

**(क) करुणरस**

कवि रामहरि शर्मा गैरेले यस शोककाव्यमा करुणरसलाई परिपाक अवस्थामा पुऱ्याएका छन् । यहीँबाट एक श्लोक कविता उदाहरणका निम्ति पेस गरिएको छ :

खप्नै कत्ति सकीनँ त्यो समझिँदा जो जो सुनेको थिएँ
आँसु बर्र झराल्दथ्यो नयनले थामी रहेको थिएँ
आयो भेल बनेर नै नयनमा बित्दै गएथ्यो क्षण
लाएको हरको भिजेछ कपडा आँसु खसालीकन ।

– सर्ग २, पद्य ९

दरबारमा घटेको हत्याकाण्डमा तत्कालीन राजा वीरेन्द्रको पारिवारिक दु:खद निधनले कविका मनमा उत्पन्न भएको शोक स्थायीभाव, राजा वीरेन्द्रका परिवार जो सबै उक्त घटनामा निधन भएका थिए, ती आलम्बन विभाव, ती सरल, सोझा, जनप्रिय राजा वीरेन्द्र, उनकी पत्नी ऐश्वर्य, छोराहरू दीपेन्द्र, निराजन, छोरी श्रुतिलाई सम्झँदा हुने छट्पटी, पीडा आदि उद्दीपन विभाव, उक्त पीडाले आहत भएर रुनु, कराउनु, आँसु झल्झली बगेर लगाएको कपडा सबै भिज्नु अनुभाव र उक्त घटना र त्यस घटनामा नष्ट भएका व्यक्तिलाई सम्झँदा हुने चिन्ता, विषाद्, ग्लानि आदि व्यभिचारी भाव यस कवितांशमा पाइने हुँदा यहाँ करुणरस अभिव्यञ्जित भएको पाइन्छ ।

### ४.१.१४.१.३ अलङ्कार

करुणरसलाई प्रधानता दिएर लेखिएको यस काव्यका कवितामा अन्त्यानुप्रासको योजना मिलाइएको छ । कविको प्रमुख उद्देश्य राजा वीरेन्द्रको मृत्युबाट पीडित बन्दा आफ्ना मनमा उब्जेका भावाभिव्यक्तिलाईलाई पोख्नु र स्वर्गवासी राजाप्रति सहानुभूति प्रकट गर्नु रहेको देखिन्छ । त्यसैले कविले अलङ्कारतिर ध्यान दिएको पाइँदैन र पनि काव्यमा स्वाभाविक रूपमा प्रयोग हुन आएका अलङ्कारहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २० ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | सर्ग | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | १<br>२, ३ | ८, १३, १९, २५<br>७, ११, १, २ | २, ३, ४, ५<br>७, ६ |
| २. | – | उत्प्रेक्षा | ३<br>८ | ५<br>६ | १२<br>४० |
| ३. | – | रूपक | २ | १०, १७, २१, २७ | ७, ८, ९, १० |
| ४. | – | दृष्टान्त | २ | ३० | ११ |

**(क) उपमा अलङ्कार**

कविले यस काव्यमा प्रयोग गरेका उत्कृष्ट उपमा अलङ्कारहरूमध्ये यहाँ एउटालाई उदाहरणार्थ प्रस्तुत गरिएको छ :

साना ती कलिला मुनासरहका राजाहरू जो थिए
तिन्माथी कसरी ? प्रहार गरियो कोबाट ती मारिए ?
स्वर्गैकी परिझैँ थियौ तिमी श्रुती तिम्रो पनी मृत्युले
सन्तानै नरहोस् विचार गरँदै हानेछ त्यो शत्रुले ।

– सर्ग २, पद्य ७

यस कवितांशमा उपमेय – श्रुति, उपमान – परी, वाचक शब्द – झैँ र धर्म – छान्नु को प्रयोग पाइएकाले यहाँ उपमा अलङ्कारको आयोजना पाइन्छ ।

**(ख) रूपक अलङ्कार**

कवि शर्मा गैरेले यस काव्यमा थुप्रै रूपक अलङ्कारको प्रयोग गरेका छन् । त्यहीँबाट एउटा उदाहरणका लागि एक श्लोक कवितांश प्रस्तुत गरिएको छ :

भन्थे वीर वीरेन्द्र ! हे नरपते हे देश सञ्चालक
हे राज्या महिषी विचारक गुणी पर्जा परी पालक
हे नारायणका स्वरूप तिमी नै सत्धर्मका रक्षक
तिम्रो मृत्यु सुनेर स्तब्ध छु हरे ! हुन् बुद्ध नै शिक्षक

– सर्ग २, पद्य १०

कविले यहाँ राजा वीरेन्द्रलाई विभिन्न शब्दहरूबाट सम्बोधन गर्दै उनलाई नारायणका स्वरूप, सत्धर्मका रक्षक र बुद्धलाई शिक्षकसँग अभेद आरोप गरेका छन् । यसरी यस क्रममा उपमेयसँग उपमानको आरोप गरिँदा यस कवितांशमा रूपक अलङ्कारको आयोजना हुन पुगेको छ ।

### ४.१.१४.१.४ छन्द

पूर्वीय काव्यसिद्धान्तको परिपालना गर्दै रचना गरिएको यस काव्यका प्रत्येक सर्गहरूको अन्तिममा छन्द परिवर्तन गरिएको छ र आगामी सर्गको बारेमा सङ्केत गरिएको छ । मङ्गलाचरणबाट प्रथम सर्गको थालनी गरिएको यस काव्यमा मूलत: शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । प्रजावत्सल राजाको निधनले भावविभोर भएका कविले आफ्ना मनका पीडाहरूलाई विभिन्न छन्दको सहारा लिएर पोखेका छन् । यसक्रममा काव्यमा प्रयोग गरिएका छन्दहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २० ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | सर्ग | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | ५ | २८ |
| २. | तोटक | – | – | ३ | १६ |
| ३. | मालिनी | – | – | १, २, ४ | ५, ११, १७ |
| ४. | शार्दूलविक्रीडित | – | – | १, २, ३, ४, ५, ६, ७, ८, ९ | १-५४ |
| ५. | स्रग्धरा | – | – | ४, ५, ६, ७, ८, ९ | २३-५२ |

**(क) शार्दूलविक्रीडित छन्द**

कवि रामहरि शर्मा गैरेले यस काव्यमा शार्दूलविक्रीडित छन्दको प्रयोग व्यापक रूपमा गरेका छन् । तिनैमध्येबाट यहाँ एक श्लोक कवितांश उदाहरणका लागि प्रस्तुत गरिएको छ :

तिम्रा ती कमला शरीरहरूले आगो सह्यो के गरी ?<br>
तिम्रा ती सुकिला गुलाब सिरका लालि छुट्यो के गरी ?<br>
तिम्रा ती अनुहार बान्की रसिला काला भए के गरी ?<br>
त्यो बेला जल बर्सिए सरी थियो मेरा नयन्मा भरी ।

– सर्ग २, पद्य १६

कविले यहाँ सुकोमल शरीर भएका ती राजा र उनका परिवारलाई आगोले डढाउँदा ती शरीरले कसरी पीडा खपे होलान् भन्ने दु:खदायी भावलाई शार्दूलविक्रीडित छन्दको सहारा लिएर अभिव्यक्त गरेका छन् ।

कवि रामहरि शर्मा गैरेको यस काव्यमा दरबार हत्याकाण्ड र त्यसले नेपाल र नेपालीहरूमा पुऱ्याएको पीडादायी असरलाई करुणरसको प्रयोग गर्दै शोककाव्यको रचना शास्त्रीय छन्दमा गरेका छन् । आफ्ना मनका असह्य वेदनालाई पनि कवि गैरेले शास्त्रीय छन्दको नियमभित्र रहेर अभिव्यक्त गर्न सफल बनेका छन् । उनको यस कृतिमा आख्यान पक्षभन्दा भावपक्ष ज्यादा सबल रहेको पाइन्छ । कवि गैरेको यस कृतिले नवलपरासी जिल्लाको शास्त्रीय साहित्यको अझ शोककाव्यको फाँटमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ र उनी स्वयम् पनि यस कृतिका माध्यमबाट यस जिल्लाका शास्त्रीय कृतिकारका रूपमा परिचित हुन पुगेका छन् ।

## ४.१.१५ वामदेव पण्डितका काव्य

### ४.१.१५.१ 'ब्रह्माण्डभित्र' कवितासङ्ग्रह

**ब्रह्माण्डभित्र** कवितासङ्ग्रह कवि वामदेव पण्डितद्वारा रचित एवम् वि.सं. २०३१ मा प्रकाशित उनको शास्त्रीय छन्दमा रचिएको पुस्तकाकार कृति हो । उनको यो सङ्ग्रहलाई नै नवलपरासी जिल्लाको प्रथम प्रकाशित कृति मानिएको छ । जम्मा १५ ओटा कविताहरू ४० पृष्ठमा सङ्गृहीत रहेको छ । द्वितीय संस्करण वि.सं. २०६४ मा विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित गरिएको यस कृतिमा *दुई शब्द* नामक भूमिकामा कवि स्वयम्ले ५८ वर्षको परिपक्व उमेरमा यस कृतिको प्रकाशन गरेको हुँ भनेका छन् । ऋषि वेदव्यासको मूर्ति स्थापना गर्नको लागि सबैलाई यो पुस्तक किनिदिएर सहयोग पुऱ्याइदिनुहोस् भन्दै *विनम्रता* शीर्षकमा उनले दुई श्लोक कविताको रचना गरेका छन् ।

#### ४.१.१५.१.१ **विषयवस्तु**

लघुआकारको काय भएको यस सङ्ग्रहमा पाप, पुण्य, पुनर्जन्म, भूतप्रेत, जनसङ्ख्या वृद्धि, परिवार नियोजन, विश्वको राजनैतिक परिवेश आदिलाई कविले समेटेका छन् । यी कविता काल्पनिक नभई प्रगतिशील पत्रपत्रिका अवलोकन र रेडियो श्रवणको लामो अनुभवले टापटिप गरिएका विषयवस्तुहरूसँग सम्बन्धित छन् भनेर कविले यसै सङ्ग्रहको भूमिकामा व्यक्त गरेका छन् । यस सङ्ग्रहमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विषयवस्तुहरू पनि रहेका छन् ।

#### ४.१.१५.१.२ **रस**

यस कवितासङ्ग्रहमा प्रयोग गरिएको रसहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २१ क**

| क्रम | रस | कविताको शीर्षक | पद्य | पृष्ठ |
|---|---|---|---|---|
| १. | करुणरस | मृत्यु पुण्यात्मा किंवा पितृदेव | १६ | १३-१४ |
| २. | हास्यरस | जनसङ्ख्या वृद्धि र नियोजन | ८ | २६ |

**(क) हास्यरस**

कवि पण्डितले यस सङ्ग्रहमा प्रयोग गरेको हास्यरसलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

एकैपल्ट खुरुक्क आठ बढिया पुत्रादि जन्माउने
अर्को वर्ष असी पुगेर बढिया बच्चा अझै पाउने
अर्को बृद्ध पुगी सवासय उही स्वास्नीहरू खोजने
केटी वर्ष पुगेर सत्र उसले नाति भई देखने ।

– *जनसङ्ख्या वृद्धि र नियोजन*, पद्य ८

कविले यहाँ अनौठो विषयवस्तु प्रस्तुत गर्दा उत्पन्न भएको हाँसो स्थायीभाव, हाँसो उठ्दो क्रियाकलाप वा एकैपल्ट आठ सन्तान पाउने, असी वर्ष पुग्दा पनि बच्चा पाउने, सवासय पुगेका बृद्ध स्वास्नी बटुल्दै रहने र सत्र वर्षकी केटी हजुरआमा बन्नेजस्ता पात्र आलम्बन विभाव, विकृत वा अनौठा प्रकारका मानिसहरूको रूप, चेष्टा आदि उद्दीपन विभाव, उनीहरूलाई देख्दा कुरा सुन्दा आउने धेरै हाँसो अनुभाव र ती पात्रलाई देख्दा हाम्रा मनमा उत्पन्न हुने हर्ष, आवेग, चञ्चलता आदि व्यभिचारी भाव यस कवितांशमा पाइएकोले यहाँ हास्यरस अभिव्यक्त हुन पुगेको छ ।

### ४.१.१५.१.३ अलङ्कार

कविले यस कवितासङ्ग्रहमा प्रयोग गरेका अलङ्कारहरूलाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २१ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | – | उपमा | पुनर्जन्म | ५ | ४ |
| | | | मृत्यु पुण्यात्मा किंवा पितृदेव | ४२ | १८ |

**(क) उपमा अलङ्कार**

कवि वामदेव पण्डितले यस काव्यमा प्रयोग गरेका उपमा अलङ्कारलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

जीवात्मा सरि भित्रभित्र तहमा पुग्नु पुनर्जन्म भो
दोशौं साल अगाडि फ्रान्सतिरमा यस्को सही जाँच भो
ताजा लाश उता र मानिस यता पर्दा घरी बीचमा
जीवात्मासँग बात भो अघि भनी हल्ला छ यो फ्रेञ्चमा ।

– *पुनर्जन्म*, पद्य ५

यहाँ उपमेय – जीवात्मा, उपमान – पुनर्जन्म, वाचक शब्द – सरी र धर्म – भित्र पुग्नुको प्रयोग पाइएकाले यस कवितांशमा उपमा अलङ्कारको आयोजना पाइन्छ ।

### ४.१.१५.१.४ छन्द

वामदेव पण्डितद्वारा रचिएको यस काव्यमा शास्त्रीय वर्णमात्रिक छन्दको लयानुकरण गरिएको पाइन्छ । कविको प्रथम कृति भएकोले यसमा शास्त्रीय छन्दको प्रयोगमा पूर्णता नपाइए पनि कविले गरेको प्रयासलाई प्रशंसा गर्नुपर्छ किनकि यो कृति नवलपरासीबाट प्रथम प्रकाशित कृति बन्न पुगेको छ ।

**तालिका सङ्ख्या २१ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | कवितासङ्ख्या | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | शार्दूलविक्रीडित | – | – | १५ | १–४० |

### (क) शार्दूलविक्रीडित छन्द

कविले सिङ्गो सङ्ग्रहमा शार्दूलविक्रीडित छन्दको मात्रै प्रयोग गरेका छन् । त्यहीँबाट एक श्लोक कविता यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

सप्ताहा नवहा समग्र जति छन् छाँट्काँटका धर्म ती
गर्नेलाई हुनेछ पुण्य बढिया भै शास्त्रमा पद्धति
योदेखि प्रतिभा बढी अझ हुने हाम्रो कुनै पुण्य छ
सङ्ख्या मानवको घटाउनु यही हो आजको धर्म छ ।

कविले शार्दूलविक्रीडित छन्दको प्रयोग गर्दै आजको सबैभन्दा ठूलो धर्म अत्यधिक रूपमा बढ्दै गएको जनसङ्ख्यालाई नियन्त्रण गर्नु हो भन्ने भाव यस कवितांशमा व्यक्त गरेका छन् ।

कवि वामदेव पण्डितद्वारा रचिएको यस कवितासङ्ग्रह वर्णविन्यास र छन्दप्रयोगमा कमजोर देखिएको छ । परिमार्जनको अति नै आवश्यकता रहेको देखिने यस काव्यमा कविले परम्परागत सोचहरूलाई समेत अवलम्बन गरेको पाइन्छ । समग्रमा भन्नुपर्दा कृति प्रकाशन शून्य अवस्थामा रहेको नवलपरासी जिल्लामा प्रकाशनको ढोका खोल्ने काम यसै कृतिमार्फत् भएको हो । प्रथम प्रकाशित कृति शास्त्रीय छन्दमा रचिएको हुनुले यस कृतिको स्थान अझ उच्च बन्न पुगेको छ । त्यसैले कवि वामदेव पण्डित र उनको **ब्रह्माण्डभित्र** कवितासङ्ग्रह यस जिल्लाको शास्त्रीय साहित्यमा सदासदा अमर रहेका छन् ।

### ४.१.१५.२ 'कविताको कुम्लो' कवितासङ्ग्रह

कविताको कुम्लो कवितासङ्ग्रह देवकुमारी पण्डितद्वारा वि.सं. २०६० मा प्रकाशित कवि वामदेव पण्डितको शास्त्रीय छन्दमा रचिएको कृति हो । यस सङ्ग्रहमा ३४६ ओटा कविताहरू ३६४ पृष्ठमा सङ्गृहीत रहेको छ । व्यास ऋषिको सम्झना, प्रार्थना र उनकै वर्णन प्रथम र द्वितीय पृष्ठमा रहेको यस काव्यमा कविपत्नी देवकुमारी पण्डितले *मेरो सुखदुःखका कुरा* नामक भूमिका लेखेकी छिन् । *उद्गार* शीर्षकको भूमिकामा बुँदागत रूपमा कविका जीवनका विविध प्रसङ्गहरू लेखिएको छ । *वामदेव पण्डितको सङ्क्षिप्त जीवनी* नामक **द टाइम्स अफ नेपाल** दैनिक, २०४८ असार ९ मा छापिएको लेखलाई प्रस्तुति दिनेश पौडेल भनी यस काव्यमा छापिएको छ । *छयासी वर्षको उमेरमा पनि सृजनामा समर्पित कवि* नामक भूमिकामा कविवर माधवप्रसाद घिमिरेले कवि पण्डितको काव्यसाहित्यले निरन्तरता पाइरहोस् भनी शुभकामना दिएका छन् । *मलाई पनि केहीकेही भनौंभनौं लाग्यो* नामक भूमिकामा कविकी बुहारी मीना पण्डितले ससुराज्यूद्वारा रचित यो पद्यरचना इतिहासमा जीवित रहला भन्ने आशा प्रकट गरेकी छिन् ।

#### ४.१.१५.२.१ विषयवस्तु

कवि वामदेव पण्डितका वि.सं. २०४४ देखि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका र अप्रकाशित कविताहरूको सँगालोका रूपमा **कविताको कुम्लो** कवितासङ्ग्रह रहेको छ । राजनीति, सामाजिक, शुभकामना, श्रद्धार्पण, स्वागत र फुटकर गरी ६ खण्डमा विभाजित यो सङ्ग्रह बृहत् आकारको रहेको छ । राजनीति खण्डका २०२ ओटा कवितामा नेपाली राजनैतिक प्रसङ्ग, जनताका इच्छा, आकाङ्क्षा, चाहनालाई नेताहरूले बुझ्न नसकेका, नखोजेका कुराका साथै अन्तर्राष्ट्रिय राजनीतिलाई समेत समेटेका छन् । सामाजिक खण्डका ७३ ओटा कवितामा धर्म, दर्शन तथा सामाजिक विषयवस्तुहरू समेटिएका छन् । शुभकामना खण्डमा रहेका ५० ओटा कवितामा प्रजातन्त्र, नववर्ष, दसैं, तिहार आदि विभिन्न राष्ट्रिय चाडपर्वहरूप्रति कवितात्मक शैलीमा शुभकामना टक्र्याएका छन् । श्रद्धार्पण, स्वागत र फुटकर खण्डमा क्रमशः १४, १ र ६ ओटा कविताहरू रहेका छन् । विभिन्न व्यक्तिहरूलाई उनी श्रद्धार्पण गर्न र स्वागत गर्न यो खण्डमा जुटेका छन् र अन्य विविध विषयवस्तुसँग सम्बन्धित कविताहरूलाई उनले फुटकर खण्डमा राखेका छन् ।

#### ४.१.१५.२.२ रस

विशाल काय भएको प्रस्तुत कवितासङ्ग्रहमा प्राप्त रसहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २२ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | खाए पकाई खिर | १ | १३६ |
| | | कालो गराइ मुख | १ | २२१ |

| | | | | |
|---|---|---|---|---|
| २. | भयानक | सातोपुत्लो उडिगयो | २, ३ | २८३ |
| ३. | हास्य | खिचडी होस पाचक | १ | ८४ |
| ४. | वीर | बढौँ झन्डा लिइ हातमा | २ | १९४ |

**(क) भयानकरस**

कवि पण्डितले यस काव्यमा प्रयोग गरेको भयानकरसलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

अलिअलि कहाँ हो र अचाक्ली महङ्गी भयो
होस हवास खुस्केर सातोपुत्लो उडी भयो ।

– *सातोपुत्लो उडी गयो,* पद्य २

महङ्गीबाट पीडित देशवासीका मनमा उब्जेको भय स्थायीभाव, महङ्गा वस्तुहरू आलम्बन विभाव, महङ्गीबाट आत्तिएर सातो उडेका मानिस उद्दीपन विभाव, महङ्गीका डरले आत्तिएर कालानीला बनेका नेपाली अनुभाव र गरिब नेपाली जनतामा पर्नगएको चिन्ता, डर आदि व्यभिचारी भाव यस कवितांशमा पाइएकोले यहाँ भयानकरसको प्रयोग पाइन्छ ।

**(ख) करुणरस**

कवि वामदेव पण्डितले यस सङ्ग्रहमा प्रशस्त मात्रामा करुणरसको प्रयोग गरेर कविताको रचना गरेका छन् । तिनैमध्येबाट यहाँ एक श्लोक कवितांश उदाहरणका लागि प्रस्तुत गरिएको छ :

नाका बन्द भएर सङ्कट सुरु पैदा भएका दिन
मट्टीतेल र नून, इन्धन, चिनी सारा कुरा यो लिन
बस्ने लाइनमा समग्र दुनिया कालो गराई मुख
देखियो म त ठान्दथेँ मुलुकको निख्रेर भाग्यो सुख ।

– *कालो गराई मुख,* पद्य १

कविले यहाँ चारैतिर देशमा बढ्दै गएको हड्ताल, बन्द आदिले देशवासीका मनमा उब्जेको शोक स्थायीभाव, देशमा बिग्रँदै गएको वातावरण आलम्बन विभाव, आफूले पैसा तिरेर किन्ने सामानहरूका लागि घाममा टट्टिएर लाइनमा बसी दु:ख खेप्नुपर्ने वातावरण उद्दीपन विभाव, यसै पीडाबाट आत्तिनु, खुइय गरी सुस्केरा छोड्नु आदि अनुभाव र यसरी देशभरि फैलिएको अराजक परिस्थितिबाट मानिसमा बढ्दै गएको अधैर्यता, विषाद्, ग्लानि आदि व्यभिचारी भाव पाइनाले यहाँ करुणरसको प्रयोग भएको पाइन्छ ।

### ४.१.१५.२.३ अलङ्कार

साहित्यमा निरन्तर साधनारत रहेका कवि पण्डितका कवितामा अन्त्यानुप्रसाको योजना रहेको छ । उनको यस सङ्ग्रहमा पाइएका अलङ्कारहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २२ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | झस्किन्छ ब्रह्माण्ड यो | १, २ | २ |
| | | | टोलाउँछौ पछि सरी | ४, ६ | ६ |
| | | | बस्थ्यौँ सँगै जेलमा | ३ | २०७ |
| २. | – | रूपक | तोरीको फूल देखियो | १ | ५१ |

**(क) उपमा अलङ्कार**

कविले यस काव्यमा उपमा अलङ्कारको प्रयोग अत्यधिक मात्रामा गरेका छन् । तिनैमध्येबाट यहाँ एक श्लोक कविता उदाहरणका लागि प्रस्तुत गरिएको छ :

तीतो यो कटु सत्य याद गर है चोखो बनाई मन
फाल्नै पर्छ घमण्ड सर्पसरि हो कालो कडा गोमन ।

– *बस्थ्यौँ सँगै जेलमा,* पद्य ३

यस कवितांशमा उपमेय – घमण्ड, उपमान – सर्प, वाचक शब्द – सरी र धर्म – फाल्नु को प्रयोग पाइएकोले यहाँ उपमा अलङ्कारको आयोजना पाइन्छ ।

### ४.१.१५.२.४ छन्द

बीस वर्षको उमेरदेखि साहित्यप्रति रुचि राख्ने कवि जीवनको उत्तरार्धमा समेत यही क्षेत्रमा जुटिरहेका छन् । यसरी लामो समयसम्मको अभ्यासले होला उनको कविता परिमार्जन एवम् परिष्कृत भएका छन् । शास्त्रीय वर्णमात्रिक छन्दको प्रयोग गरेर रचिएको यस काव्यमा प्रयोग गरिएका छन्दहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २२ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | कवितासङ्ख्या | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | १४३ | ३-३६४ |
| २. | इन्द्रवज्रा | – | – | ३ | ५५-२२३ |
| ३. | शार्दूलविक्रीडित | – | – | २०० | २-३६३ |

**(क) शार्दूलविक्रीडित छन्द**

कवि पण्डितले यस सङ्ग्रहमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरी २०० ओटा कविताहरूको रचना गरेका छन् । तिनैमध्येबाट यहाँ एक श्लोक उदाहरणार्थ प्रस्तुत गरिएको छ :

प्यारा वीर शहीद हो मुलुकमा ज्यादै तिमी छौ प्रिय
सम्भी झर्दछ आँसुको भल यही श्रद्धाञ्जली हो प्रिय
भोग्दै छौँ अब लोकतन्त्र सुकिलो तिम्रै बलीदानले
तिम्रो देन पवित्र हेर्छ दुनिया आदर्श सम्मानले ।

– *तिम्रै बलिदानले,* पद्य १

कविले देशमा प्रजातन्त्र, लोकतन्त्र ल्याउनका लागि आफ्नो ज्यानको बलि चढाएका ती वीर शहीदहरूप्रति उच्च सम्मान यसरी शार्दूलविक्रीडित छन्दमा व्यक्त गरेका छन् ।

**(ख) अनुष्टुप् छन्द**

कविले यस सङ्ग्रहमा अनुष्टुप् छन्दको प्रयोग गरेर १४३ ओटा कविताहरूको रचना गरेका छन् । यहाँ तिनैमध्येबाट एक श्लोक कविता नमुनाका रूपमा प्रस्तुत गरिएको छ :

नेपाली बन्धु हो हाम्रो टाउकोमा कति ऋण
तीन खर्ब पुगेको छ देख्छौँ खराब लक्षण
त्यत्रो बाहिरको ऋण तिरिन्छ कसरी हरे
बढ्दैछ अझ यो हुन्छ देशको गति के भरे ?

– *छैन नेता यहाँ कुनै,* पद्य १

कविले प्रत्येक नेपालीको टाउकोमा विदेशी ऋण क्रमशः थपिँदै गएको छ । यो ऋणले हाम्रो गति भोलिको अवस्थामा पुग्दा के होला ? भन्ने अभिव्यक्ति अनुष्टुप् छन्दमा यसरी पोखेका छन् ।

नेपाली पद्यसाहित्यमा अभिरुचि राख्ने कवि वामदेव पण्डित आफूले देखेका, सुनेका, भोगेका र भ्रमणबाट प्राप्त भएका अनुभवलाई समावेश गरेर शास्त्रीय छन्दमा कविता लेख्ने यस जिल्लाका अग्रज साहित्यकारका रूपमा सुपरिचित रहेका छन् । उनको प्रारम्भिक चरणको कृतिमा भन्दा दोस्रो कृतिमा उनी परिष्कृत र परिमार्जित भएर प्रस्तुत भएका छन् । बीस वर्षको उमेरदेखि साहित्यको रचना गर्दैआएका कवि हाल ९३ वर्षको उमेरमा पुग्दासमेत साहित्यको रचनामा जुटिरहेका छन् । यस्ता कविप्रतिभाद्वारा रचिएको **ब्रह्माण्डभित्र** कवितासङ्ग्रहले नवलपरासी जिल्लाको प्रथम प्रकाशित कृति बन्ने अवसर पाएको छ । उनको

**कविताको कुम्लो** बृहत् काय भएको कवितासङ्ग्रहमा समेत उनले शास्त्रीय छन्दको प्रयोग गरेर आफ्नो प्रतिभाको परिचय दिएका छन् । कवि वामदेव पण्डित यस जिल्लाका एक शास्त्रीय कवि बन्न पुगेका छन् र उनका कृतिको स्थान यस जिल्लाको शास्त्रीय साहित्यको इतिहासमा अमूल्य बन्न पुगेका छन् ।

## ४.१.१६ विष्णुहरि विरहीको काव्य

### ४.१.१६.१ 'विरेचन' कवितासङ्ग्रह

विरेचन कवितासङ्ग्रह श्रीमती दुर्गा पौडेलद्वारा वि.सं. २०५० मा प्रकाशित कवि विष्णुहरि विरहीको शास्त्रीय छन्दमा रचिएको कृति हो । कुल ७४ ओटा कविताहरू समावेश भएको यो सङ्ग्रह १०७ पृष्ठको काय भएको छ । स्वर्गीय भाइ रामहरि पौडेलको सम्झनामा समर्पण गरिएको यस कृतिमा *सम्मतिका केही शब्द* नामक भूमिकामा दैवज्ञराज न्यौपानेले यस सङ्ग्रहका कवितालाई छन्दगत रूपमा छुट्टाएर देखाउनुका साथै कवि पीडितलाई स्तरीय कृतिको प्रकाशन गर्न सकेकोमा धन्यवाद दिई उनको काव्ययात्राको निरन्तरताको कामनासमेत व्यक्त गरेका छन् । *आत्मकथन* नामक भूमिकामा स्वयम् कवि पीडितले यो मेरो तन्नेरी मनको निश्छल अभिव्यक्ति हो भनेका छन् ।

#### ४.१.१६.१.१ विषयवस्तु

कवि विष्णुहरि विरहीको **विरेचन** कवितासङ्ग्रहमा हरेक तरुण मनमा उब्जने युवा चाहना र चेतनालाई सामाजिक मर्यादाको सीमाप्रति सचेत हुँदै अभिव्यक्त गर्न पुगेको छ भनी स्वयम् कविले आत्मकथन नामक भूमिकामा व्यक्त गरेका छन् । विषयवस्तुका दृष्टिले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्वरलहरीसँग हातेमालो गर्दै समाजका विविध पक्षसँग सम्बन्धित मनोवैज्ञानिक, नैतिक र स्वच्छन्दतावादी भावधाराका कविताहरू यहाँ मुखरित भएका छन् ।[४०] राष्ट्रप्रेम, प्रकृतिप्रेम, दीनदु:खीहरूप्रति सहानुभूति, सहिदप्रति सम्मान, कवि स्रष्टाप्रति अनुराग, देवीदेवताको आराधना, जन्मस्थानप्रतिको ममता, जीवनदर्शन आदि विविध विषयवस्तुहरूलाई कवितात्मक रूप दिएर उनले यस सङ्ग्रहको रचना गरेका छन् ।

#### ४.१.१६.१.२ रस

कवि विरहीले यस कवितासङ्ग्रहमा विविध रसको प्रयोग गरेका छन् । यस काव्यमा प्रयुक्त रसहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

---

४० दैवज्ञराज न्यौपाने, *सम्मतिका केही शब्द,* **विरेचन**, विष्णुहरि विरही, (नवलपरासी : श्रीमती दुर्गा पौडेल, २०५०) ।

**तालिका सङ्ख्या २३ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | टुहुराको बिलौना | १, ४, ८ | ४, ५ |
| | | विधुर जीवनमा | ४, ५ | १०७ |
| २. | शृङ्गार | साली | २, ३ | ३ |
| | | प्रगतिको स्पन्दन | ३, ४, ५ | ६०, ६१ |
| | शृङ्गार (विप्र.) | प्रीति-सन्देश | ४, ८, ११ | १०, ११ |
| | | प्रेमको भूल | ३, ४ | ४४ |
| ३. | शान्त | तिहार | २, ३, ४ | ९६ |
| | | हरियो वन | २, ३, ४, ५, ६ | ३९ |

**(क) विप्रलम्भ शृङ्गार**

कवि विरहीले यस सङ्ग्रहमा विप्रलम्भ शृङ्गाररसको प्रयोग गरेर प्रशस्त कविताहरूको रचना गरेका छन् । उनको सिङ्गो सङ्ग्रहमा नै विप्रलम्भ शृङ्गाररसको प्रयोग रचिएको छ भन्न सकिने अवस्था रहेको छ । उनको यस सङ्ग्रहबाट एक श्लोक कविता विप्रलम्भ शृङ्गाररसको उदाहरणका लागि प्रस्तुत गरिएको छ :

माया गाँस्यौ कसरि कसरी यो पहाडी मुनामा
पाऱ्यौ मेरो तनमन सबै मोहनीको टुनामा
चङ्गाजस्तै परपर पुगी दूर एक्लै परेछु
मेरी छाया किन पर रह्यौ आज रोई रहेछु ।

– *प्रीति-सन्देश*, पद्य ४

आफ्नी प्रेमिका जो टाढा रहेकी छिन् उनैको सम्झना गर्दा मनमा उत्पन्न भएको प्रीति स्थायीभाव, प्रेमिका र प्रेमी आलम्बन विभाव, आफूले प्रेमिकासँग बिताएका ती रमाइला क्षणहरूको सम्झना गर्दै बसेको शान्त, सुनसान वातावरण उद्दीपन विभाव, आफ्नो तनमन सबै मोहनीको मन्त्रले तानेर उनकै पछिपछि दौडिरहेको भन्दै तिनै प्रेमिकाको सम्झना गर्नु अनुभाव र प्रेमिकासँगको मिलनको लागि तड्पिएर रोइरहनु, छट्पटिनु, चिन्ता लिनु आदि व्यभिचारी भाव यस कवितांशमा पाइएकोले यहाँ विप्रलम्भ शृङ्गाररस अभिव्यञ्जित हुन पुगेको छ ।

**(ख) करुणरस**

कवि विरहीद्वारा रचिएको यस सङ्ग्रहमा प्रयोग गरिएको करुणरसको नमुनालाई यहाँ प्रस्तुत गरिएको छ :

म मरे लोकमा शोक हाय ! कस्ले मनाउला
म बाँचे दूधको थोपा अन्न कस्ले दिलाउला
बाल वर्ष धनी बच्चाहरूको घर आउँछ
गरिब टुहुरालाई दिनरात समान छ ।

– *टुहुराको बिलौना,* पद्य ४

आफू गरिब र अझ परिवारहीन भएकोले त्यस्ता टुहुरा बच्चाको मनमा उत्पन्न भएको शोक स्थायीभाव, आफू मर्दा रोइदिने, बाँच्दा दूध खुवाउने पनि मानिस नभएको दु:खी बालकका मृत बाबुआमा आलम्बन विभाव, उनीहरूका चारैतिर फैलिएको दु:खी वातावरण उद्दीपन विभाव, त्यही दु:खले गर्दा आँसु खसाल्दै रुनु अनुभाव र बालवर्ष, बालअधिकार दिवस धनीको घरमा आउने आफूजस्ता दु:खीको घरमा होइन भन्दै चिन्ता मान्नु, अधैर्य हुनु, हीनताबोध हुनु आदि व्यभिचारी भाव यस कवितांशमा पाइएकोले यहाँ करुणरस अभिव्यञ्जित भएको छ ।

### ४.१.१६.१.३ अलङ्कार

शैलीशिल्पका दृष्टिले परिष्कारवादी देखिने कवि विरहीका कवितामा प्रशस्त मात्रामा अलङ्कारको प्रयोग भएको छ । अन्त्यानुप्रासको सुन्दर प्रयोग पाइने उनका कविता साँच्चै पहाडी झरनाको सङ्गीतले सजिएकाजस्ता आह्लादकारी रहेका छन् । उनको यो सङ्ग्रह बिम्ब, प्रतीक, अलङ्कारले सजिएको छ । यस सङ्ग्रहमा प्रयुक्त अलङ्कारहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २३ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | घायल | ३, ५, ८ | १८, १९ |
| | | | प्रतिमा | १, ३, ९ | ३०, ३१ |
| २. | – | उत्प्रेक्षा | तिर्सना | ४, ५ | १५ |
| | | | प्रतिमा | ३, ६, ८, ९ | ३०, ३१ |
| | | | चित्तचोर | २, ४ | ७१ |
| ३. | – | दृष्टान्त | वागेश्वरी वन्दना | ५ | २१ |
| | | | अनुराग | ४ | ५३ |
| ४. | यमक | – | प्रीति-सन्देश | ६ | १० |
| ५. | – | रूपक | टुहुराको विलौना | ६ | ४ |
| | | | शहीदको सम्झना | २ | ३५ |

**(क) दृष्टान्त अलङ्कार**

कवि विरहीले यस सङ्ग्रहमा प्रयोग गरेको दृष्टान्त अलङ्कारलाई यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

गाग्रो पार्छ कुमाल किन्तु रिसले फोर्दैन आफ्नो गनी
बच्चा पार्छ चरी बडो जतनले स्याहार्छ आमा बनी
लीला बुझ्न सकिन्न किन्तु विजया ! कस्तो छ तिम्रो मति
आफ्नै सृष्टि विनास पारि दिनहूँ अन्यौल पार्छ्यौ कति ।

– *वागेश्वरी वन्दना,* पद्य ५

कविले यहाँ आफ्नो भनाइलाई स्पष्ट पार्न वा विजयालाई आफ्नो सृष्टिलाई संरक्षण गर्नुपर्छ भन्ने कुरालाई स्पष्ट पार्नको लागि माथिल्ला दुई हरफको प्रयोग गरेका छन् । त्यसैले यस कवितांशमा दृष्टान्त अलङ्कारको प्रयोग गरिएको पाइन्छ ।

**४.१.१६.१.४ छन्द**

समसामयिक भावधारामा रहेर लेखिएका कवि विरहीका कविताहरू प्रवृत्तिगत दृष्टिले पूर्णतया परिष्कारवादी शास्त्रीयताका साथै समसामयिक गीतिधारादेखि गजल, गीतसम्मका र त्यसभन्दा पनि पर गद्य गीत एवम् हाइकुसम्म फैलिएका छन् ।[४१] कविले यस कवितासङ्ग्रहमा शास्त्रीय वर्णमात्रिक, मात्रिक, गीति र गद्यलयको समेत प्रयोग गरेका छन् । शास्त्रीय छन्दमा रचिएका कविताहरूलाई मात्र समेट्ने यस शोधको सीमा भएकोले यहाँ गीत, गजल र गद्यकवितादेखि बाहेकलाई मात्र समेटिएको छ । यस सङ्ग्रहमा प्रयुक्त छन्दहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २३ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | कवितासङ्ख्या |
|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | ८ |
| २. | उपजाति | – | – | ८ |
| ३. | उपेन्द्रवज्रा | – | – | १ |
| ४. | मन्दाक्रान्ता | – | – | ४ |
| ५. | – | मात्रिक | – | ८ |
| ६. | – | – | झ्याउरे | २७ |
| ७. | शार्दूलविक्रीडित | – | – | १२ |

४१ ऐजन ।

**(क) शार्दूलविक्रीडित छन्द**

कविले यस सङ्ग्रहमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरेर १२ ओटा कविताहरूको रचना गरेका छन् । तिनै कवितामध्येबाट यहाँ एक श्लोक कविता उदाहरणका लागि प्रस्तुत गरिएको छ :

सीता बन्न मलाई देऊ दुनिया हो रामछाया भने
आमा बन्न मलाई देऊ शिशुको संसार हेर्छौ भने
मैले हात झिके विधान विधिको रोकिन्छ नासिन्छ रे
मेरो काख सुके सबै पुरुषको अस्तित्व नासिन्छ रे

– *प्रौढ कुमारीको आत्माभिव्यक्ति,* पद्य ३

कविले यहाँ एक प्रौढ कुमारीको आत्माको अभिव्यक्ति प्रकट गर्दै नारीहरूमा रहेको संसारको सृष्टिलाई निरन्तरता दिन सक्ने सामर्थ्यको परिचय दिँदै नारीको कोख सुकेमा सबै नारी अनि पुरुषको अस्तित्व नासिन्छ भन्ने भावलाई शार्दूलविक्रीडित छन्दको प्रयोग गरी यसरी व्यक्त गरेका छन् ।

**(ख) उपजाति छन्द**

कवि विरहीले यस सङ्ग्रहमा उपजाति छन्दको प्रयोग गरेर ८ ओटा कविताहरूको रचना गरेका छन् । तिनैमध्येबाट यहाँ एक श्लोक कविता उदाहरणार्थ प्रस्तुत गरिएको छ :

छाँगाहरूमा कवि तैरिइन्छ
ताराहरूमा कवि चम्किदिन्छ
उषासँगै प्रात उदाइदिन्छ
चराहरूका सँग गाइदिन्छ ।

– *मेरो कवि,* पद्य १

कवि विरहीले कविहरू जहाँसुकै पुग्छन्, उनीहरू नपुग्ने ठाउँ र उनीहरूले नदेख्ने कुनै पनि वस्तु हुँदैन र कविहरूमा सबैसँग मिल्नसक्ने क्षमता रहेको हुन्छ भन्ने भावलाई उपजाति छन्दमा व्यक्त गर्न पुगेका छन् ।

परिष्कारवादी शैली र स्वच्छन्दतावादी भावधाराका धनी कवि विष्णुहरि विरहीमा लेखनाथ पौड्याल र लक्ष्मीप्रसाद देवकोटाको मिश्रित रूप रहेको पाइन्छ । शृङ्गारिकता, राष्ट्रियता र प्रकृतिप्रेमजस्ता काव्यात्मक विशेषता यस काव्यमा रहेका छन् । नेपाली विषयमा स्नातकोत्तर गरेका कवि विरहीका रचनाहरू छन्दगत र भावगत दुवै दृष्टिले उच्च रहेका छन् । यसरी शास्त्रीय छन्दमा प्रस्तुत कवितासङ्ग्रहको रचना गरेका कवि विष्णुहरि पौडेल

विरही र उनको **विरेचन** कवितासङ्ग्रह नवलपरासी जिल्लाको शास्त्रीय साहित्यमा एक अमूल्य रत्न बन्न पुगेका छन् ।

## ४.१.१७ श्यामप्रसाद न्यौपानेको काव्य

### ४.१.१७.१ 'झाँसीकी रानी' खण्डकाव्य

**झाँसीकी रानी** खण्डकाव्य नवलपरासी साहित्य परिषद्द्वारा वि.सं. २०६३ मा प्रकाशित कवि श्यामप्रसाद न्यौपानेको शास्त्रीय छन्दमा रचिएको पुस्तकाकार कृति हो । पन्ध्र खण्डहरूमा विभक्त यो काव्य ६३ पृष्ठमा संरचित रहेको छ । राष्ट्रका निम्ति ज्यानको बाजी लगाएका सहिदहरू र भाषासाहित्यका निम्ति मरिमेट्ने साहित्यकारहरूप्रति समर्पित यस काव्यमा प्राध्यापक दैवज्ञराज न्यौपानले *सम्मतिका केही शब्दहरू* नामक भूमिकामा छिमेकी मित्र देश भारतको ऐतिहासिक वीराङ्गना झाँसीकी रानीको गाथालाई लिएर यो शोककाव्य लेखिएको छ भनेका छन् । *राष्ट्रिय स्वाभिमान र स्वतन्त्रताको जीवन्त प्रतिरूप : झाँसीकी रानी खण्डकाव्य* नामक भूमिकामा गोविन्दराज विनोदीले यस कृतिको सङ्क्षिप्त विवेचना गरेका छन् । *महाकाव्य बन्नुपर्ने खण्डकाव्य* नामक भूमिकामा डा. घनश्याम न्यौपाने परिश्रमीले काव्यको आरम्भ महाकाव्यीय शैलीमा भएको, कथानक, नायक, नायिका, प्रकृतिचित्रण आदि पनि महाकाव्यको हेतुको भएकोले यो काव्य महाकाव्यको नजिक पुग्न खोजेको छ भनेका छन् । *श्यामप्रसाद न्यौपाने र झाँसीकी रानीको मूल्याङ्कन* नामक भूमिकामा माधव वियोगीले यस कृतिको बुँदागत रूपमा सङ्क्षिप्त विश्लेषण गरेका छन् । यस काव्यको *प्रकाशकीय*को भूमिकामा नवलपरासी साहित्य परिषद्का संस्थापक अध्यक्ष भूपेन्द्र शर्मा भट्टराई गण्डर्षि रहेका छन् । कवि न्यौपानेले *सज्जनहरूप्रति* शीर्षकमा चार श्लोक र कृतज्ञता शीर्षकमा ३ श्लोक कविताको रचना गरेर सबै सज्जनवर्गहरूप्रति कृतज्ञता प्रकट गरेका छन् ।

#### ४.१.१७.१.१ विषयवस्तु

**झाँसीकी रानी** खण्डकाव्यमा कवि श्यामप्रसाद न्यौपानेले भारतवर्षको रमणीय बस्ती काशीको कलात्मक वर्णन गर्दै काशीलाई शैक्षिक राजधानी, शास्त्रको प्रचारकर्ता र सुकर्मको थलोको रूपमा चिनाएका छन् । काशीको निकट रहेको बस्ती वाराणसीका मरफी वंशीय मोरो पन्तका परिवारमा मणिकर्णिकाको जन्म भएको छ । तिनै बालिकाको विवाह झाँसीका राजा गङ्गाधर रावसँग भएको छ । तिनै मणिकर्णिका (मनु, मनुबाई, लक्ष्मीबाई) पछि भारतीय इतिहासमा एक वीराङ्गनाका रूपमा प्रसिद्ध हुन पुगेकी छिन् । तिनै मनुलाई नायिका बनाएर पन्ध्र सर्गमा रचिएको यस खण्डकाव्यका प्रत्येक सर्गमा रहेको कथावस्तु यसप्रकार छ :

प्रथम खण्ड : मङ्गलाचरण र शारदामाताको प्रार्थना गरिएको छ ।

दोस्रो खण्ड : पवित्र भूमि काशीको वर्णन गरिएको छ ।

| | | |
|---|---|---|
| तेस्रो खण्ड | : | काव्यकी नायिका मणिकर्णिकाको जन्मको प्रसङ्गको चर्चा गरिएको छ । |
| चौथो खण्ड | : | मणिकर्णिकाकी आमा, मोरो पन्तकी पत्नीको मृत्युको चर्चा गरिएको छ । |
| पाँचौं खण्ड | : | पत्नीवियोगी पन्त काशी छाडी बिठौरमा बसाइँ सरेको कुरा व्यक्त गरिएको छ । |
| छैटौं खण्ड | : | यौवनावस्थामा पुगेकी मनुका मनमा शृङ्गारिक भावना जाग्नु, वन-उपवनमा रमाउन थालेको कुराको वर्णन गरिएको छ । |
| सातौं खण्ड | : | उपवनमा झाँसी नरेश गङ्गाधर पुग्नु र मनुको गीत सुनेर मुग्ध भई मनुकी सङ्गिनीमार्फत् विवाहको प्रस्ताव राखिएको प्रसङ्गको चर्चा गरिएको छ । |
| आठौं खण्ड | : | झाँसी नरेश गङ्गाधर मनुको हात माग्न बिठौरमा जानु, गङ्गाधर र मनुको विवाह हुनुजस्ता प्रसङ्गको चर्चा गरिएको छ । |
| नवौं खण्ड | : | मनु झाँसीकी रानी भएर गङ्गाधर रावसँग झाँसीमा प्रस्थान, त्यहाँ उनको भव्य रूपमा स्वागत हुनु, उनी त्यहाँ लक्ष्मीबाईका नामले प्रसिद्ध हुनुजस्ता प्रसङ्गको चर्चा गरिएको छ । |
| दसौं खण्ड | : | राजारानीलाई पुत्ररत्न प्राप्त भएको कुरा उल्लेख गरिएको छ । |
| एघारौं खण्ड | : | रानी लक्ष्मीबाईमाथि एकैचोटि पति र पुत्रशोकको वज्रपात पर्नु, शोकले पीडित रानी तपस्या गर्न जङ्गलमा जान तयार हुनु, देशवासीले राज्य सम्हाल्न आग्रह गरेको प्रसङ्गको चर्चा गरिएको छ । |
| बाह्रौं खण्ड | : | जनताको आग्रह स्वीकार गरी राष्ट्रनिर्माणमा लाग्ने प्रतीज्ञा गर्नुका साथै झाँसीको पुनर्संरचना गर्न जनता र रानी एक भएर लागेको कुराको वर्णन गरिएको छ । |
| तेह्रौं खण्ड | : | हिन्दुस्थानमाथि अङ्ग्रेजहरूको थिचोमिचो बढ्दै गएको कुरा व्यक्त गरिएको छ । |
| चौधौं खण्ड | : | लक्ष्मीबाईले हिन्दू रजौटाहरूसँग सल्लाह गर्नु र ऐक्यबद्ध भई अङ्ग्रेजविरुद्ध लड्न सबैलाई आग्रह गर्नु, भयभीत रजौटाहरूको उनले नेतृत्व लिएको कुराको उल्लेख गरिएको छ । |
| पन्ध्रौं खण्ड | : | रानी लक्ष्मीबाई रणमैदानमा होमिनु अनि साहसपूर्वक युद्ध गर्दागर्दै युद्धमैदानमा नै रानीले वीरगति प्राप्त गरेको प्रसङ्गको वर्णन गरिएको छ । |

### ४.१.१७.१.२ रस

प्रस्तुत खण्डकाव्यमा कवि श्यामप्रसाद न्यौपानेले विविध रसको प्रयोग गरेका छन् । मणिकर्णिका र राजा गङ्गाधर रावका बीचको प्रेमभावका शृङ्गाररस, राजा र राजकुमारको निधनबाट रानी मनुबाईको जीवन कष्टकर र दु:खद हुँदा करुणरस, राज्यवैभवमा देखापरेको आनन्दमय अवस्थामा शान्तरस, रानीले अदम्य साहसका साथ युद्धमा भाग लिँदा वीररस र लडाइँमा भएका बीभत्स हत्याका प्रसङ्गमा बीभत्सरसको प्रयोग भएको पाइन्छ । यसरी यस काव्यमा प्रयोग गरिएको विविध रसहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २४ क**

| क्रम | रस | सर्ग | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | ११ | ६, ७, ८, ९, १० | ४३ |
| | | १५ | १७, १८, १९, २० | |
| | | | २२, २३, ३०, ३१, ३२, ३४ | ६०, ६१, ६२ |
| २. | बीभत्स | १५ | १२, १३ | ५७ |
| ३. | भयानक | ११ | ३, ४, ५ | ४२ |
| ४. | वीर | १५ | १, २, ३, ६, ७, ८, १२ | ५५, ५६, ५७ |
| ५. | शान्त | ६ | ९, १०, ११ | २०, २१ |
| ६. | शृङ्गार | ७ | २, ३, ४ | २४ |
| | | ७ | १०, २४ | २५, २८ |

#### (क) वीररस

कवि न्यौपानेले मणिकर्णिकाले हिन्दू संस्कृतिको रक्षार्थ अङ्ग्रेजहरूसँग लडाइँमा भाग लिँदा देखाएको वीरताको भावलाई प्रस्तुत गर्नेक्रममा वीर रसयुक्त प्रशस्त कवितांशहरूको रचना गरेका छन् । तिनैमध्येबाट यहाँ एक श्लोक उदाहरणार्थ प्रस्तुत गरिएको छ :

फैलाई केश ती काला च्यातेर दृग बेसरी
रणचण्डीसरी बन्थिन् युद्धमा रणकेशरी
उठाई फाल्दथिन् कोही कसैलाई पछार्दथिन्
कुल्चाई हात्तीले आँग्ल सिपाहीलाई मार्दथिन् ।

– सर्ग १५, पद्य ३

शत्रु आँग्लहरूलाई फाँसीबाट मात्र होइन पूरै हिन्दूस्थानबाट भगाउन चाहना भएकी मनुका मनमा अङ्ग्रेजहरू विरुद्ध लडाइँ गर्नेक्रममा मनमा उत्पन्न उत्साह स्थायीभाव, शत्रु आँग्लहरू आलम्बन विभाव, युद्धभूमि जहाँ रणचण्डीजस्ती बनेकी मनुबाईले थुप्रै आँग्लहरूलाई

पछार्दै मार्दै गरिरहेको कोलाहलपूर्ण वातावरण उद्दीपन विभाव, कपाल फिँजाएर आँखा राताराता पार्दै युद्धभूमिमा जोशका साथ, गर्वका साथ लडेकी, हात्तीले कुल्चाएरसमेत शत्रुलाई मार्दै गर्दा आएको हुँकार, गर्वपूर्ण बोली आदि अनुभाव र उक्त लडाइँमा उत्पन्न आवेग, गर्व, तर्क आदि व्यभिचारी भाव यस कवितांशमा पाइएकोले यहाँ वीररस अभिव्यञ्जित भएको छ ।

**(ख) भयानकरस**

कवि न्यौपानले यस काव्यमा भयानकरसको पनि प्रयोग गरेका छन् । तिनैमध्येबाट एक श्लोक यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

लगाई मुण्डको माला चुहाई रक्त तप्तपी
चाटेर शुम्भको खुन च्यातेर नेत्र बेसरी
उठाई हातले भाला तर्बार चम्चमाउँदो
भैरवीसरिकै त्यहाँ कालीको रूप देखियो ।

– सर्ग १५, पद्य १२

मनुबाईको साहसपूर्वक लडाइँ देख्दा आँग्लको मनमा उत्पन्न भएको भय स्थायीभाव, मनुको डरलाग्दो रूपाकृति आलम्बन विभाव, त्यस रणमैदानमा आँग्लका मनमा फैलिएको डर, त्रास, शङ्का आदि उद्दीपन विभाव, तप्तप रगत चुहेको मुण्डको माला लगाएकी, शत्रुको खुन चाटेर, शत्रुको आँखा च्यातेर चम्चमाउँदो तर्बार लिँदै अगाडि बढेकी मनुको भैरवसरीको रूप देख्दा डराएर कालोनीलो अनुहार बनाएका, कोही रुन, कोही भाग्न थाल्नु अनुभाव र उक्त लडाइँमा आँग्लका मनमा उत्पन्न त्रास, आवेग, चिन्ता, शङ्का आदि व्यभिचारी भाव यस कवितांशमा उत्पन्न हुने हुँदा यहाँ भयानकरस अभिव्यञ्जित हुन पुगेको छ ।

### ४.१.१७.१.३ अलङ्कार

विभिन्न बिम्ब, प्रतीकको प्रयोग गरेर रचिएको यस काव्यमा अन्त्यानुप्रासको सुन्दर आयोजना गरिएको छ । कविले यस काव्यमा प्रयोग गरेका अलङ्कारहरूलाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २४ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | सर्ग | पद्य | पृष्ठ |
|---|---|---|---|---|---|
| १. | – | उपमा | ४ | ८, १२, १३, १४, १६ | १३, १४ |
| | | | ५ | ८, १०, ११, १२, २१ | १६, १८ |
| २. | – | उत्प्रेक्षा | ६ | ३, ७ | १९, २० |
| | | | ३ | १४ | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | – | दृष्टान्त | ५<br>१०, १२ | ५<br>९, ३ | १५<br>४१, ४६ |
| ४. | – | रूपक | ८, ९<br>१५ | १३, २७<br>१७, ३८ | ३१, ३८<br>५८, ६३ |

**(क) उत्प्रेक्षा अलङ्कार**

कवि न्यौपानेले यस काव्यमा प्रयोग गरेको उत्प्रेक्षा अलङ्कारयुक्त एक श्लोक पद्यांशलाई यहाँ नमुनाका रूपमा प्रस्तुत गरिएको छ :

कहीँ पहेँल्पुर सुवर्ण हो कि
कहीँ निलीमा नवरङ्ग हो कि ।

– सर्ग ६, पद्य ३

कविले यहाँ यौवनावस्थामा प्रवेश गरेकी मनुलाई पहेँली सुवर्ण र निलीमा रङ्गसँग तुलना गर्न पुगेका छन् । यसरी तुलना गर्दा उत्प्रेक्षा अलङ्कारको वाचक शब्द 'हो कि' को प्रयोगसमेत गरेका हुनाले यस कवितांशमा उत्प्रेक्षा अलङ्कारको आयोजना पाइएको छ ।

**(ख) दृष्टान्त अलङ्कार**

कवि श्यामप्रसाद न्यौपानेद्वारा यस काव्यमा प्रयोग गरिएको दृष्टान्त अलङ्कारलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

सिर्जना नभई हुन्न विनाश कहिल्यै पनि
विनाशपछिको सृष्टि सुन्दरै जहिले पनि
डढेलो वनमा लाग्छ तृण सारा जलाउँछ
डढेलो सब निभ्दामा चिल्ला पात पलाउँछ ।

– सर्ग १२, पद्य ३

कविले यहाँ विनाशपछिको सुन्दर सिर्जनालाई बुझाउन डढेलो लागेको जङ्गलमा डढेलो निभेपछि नयाँ, चिल्ला, हरिया पातहरू पलाउँछन् भनी पहिलो भनाइलाई स्पष्ट पार्न दोस्रो भनाइको प्रयोग गरेकाले यस पद्यांशमा दृष्टान्त अलङ्कारको प्रयोग गरिएको पाइन्छ ।

**४.१.१७.१.४ छन्द**

आख्यानात्मक अन्त: संरचना रहेको यस खण्डकाव्यमा कविले प्रयोग गरेका विविध छन्दहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २४ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | कवितासङ्ख्या | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | अनुष्टुप् | | | १-१५ | १-६३ |
| २. | उपजाति | | | ६, ८ | १९-३२ |
| ३. | उपेन्द्रवज्रा | | | ७ | १५ |
| ४. | | | गीति | ३, ६ | १०, २३ |
| ५. | | मात्रिक | | १, ६ | २२-२३ |
| ६. | शशिवदना | | | १, ३ | ३-९ |

**(क) उपजाति छन्द**

कवि न्यौपानेले यस काव्यमा उपजाति छन्दको प्रयोग गरेका छन् । तिनैमध्येबाट यहाँ एक श्लोक उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

दिएर छोरी पनि सुख्ख छैन
छोरी नदिए पनि सुख्ख छैन
कर्तव्य के हो ? कुन मार्ग जाऊँ
रोऊँ दिई वा नदिएर रोऊँ ।

– सर्ग ८, पद्य १७

कविले यहाँ छोरीको बिदाई गर्दाको मानसिक यथार्थलाई यसरी उपजाति छन्दमा अभिव्यक्त गरेका छन् ।

**(ख) अनुष्टुप् छन्द**

कवि न्यौपानेले यस काव्यमा अनुष्टुप् छन्दको प्रयोग व्यापक रूपमा गरेका छन् । यसै काव्यबाट अनुष्टुप् छन्दको उदाहरणका लागि एक पद्यांश प्रस्तुत गरिएको छ :

छपक्कै गहना लाई धपक्कै बाली रूप त्यो
रत्नको मूर्ति हो वा त्यो मानिनीको स्वरूप हो
पूर्णेको जूनझैं राता गाला छन् दीर्घ लोचनी
देखेछन् नृपले आज बगैंचामा विभाविनी ।

– खण्ड ७, पद्य ६

झाँसी नरेश गङ्गाधर राव वन-उपवनमा डुल्दैजाँदा अपूर्व सुन्दरी मणिकर्णिकालाई देख्दा व्यग्र भएको प्रसङ्गलाई कविले यसरी अनुष्टुप् छन्दको प्रयोग गरी वर्णन गरेका छन् ।

कवि श्यामप्रसाद न्यौपाने वर्तमान पुस्ताका एक उर्वर कविका रूपमा परिचित रहेका छन् । क्रमिक रूपमा कृति प्रकाशनमा जुटिरहेका कवि न्यौपानेको **झाँसीकी रानी** खण्डकाव्य युगबोधी, जीवनबोधी, स्वत्वबोधी, स्वतन्त्रताबोधी, राष्ट्रबोधी, मानवीय अस्मिताबोधी, चेतना एवम् समता, विकास र न्यायपक्षीय आवाज बोकेर अधुनातन काव्यको रूपमा नेपाली वाङ्मयजगत्मा देखापरेको छ ।[४२] अन्तर्राष्ट्रिय विषयवस्तुलाई काव्यमा समेटे पनि कविले नेपालको वीरत्व, शौर्य, स्वाभिमानी परम्पराको झल्को दिएर राष्ट्रप्रेम, राष्ट्रिय स्वतन्त्रताको अभिव्यक्ति यस काव्यमा दिएका छन् । सामान्य परिष्कारको अभाव रहेको यस काव्यमा कविले वर्णमात्रिक शास्त्रीय छन्दको प्रयोग गरेर खण्डकाव्यको रचना गरेका छन् । यसरी अन्तर्राष्ट्रिय विषयवस्तुलाई वर्णमात्रिक छन्दमा अभिव्यक्त गर्न सक्ने कवि श्यामप्रसाद न्यौपाने यस जिल्लाका शास्त्रीय कवि र उनको **झाँसीकी रानी** खण्डकाव्य यस जिल्लाको शास्त्रीय साहित्यको इतिहासमा अमर रहेका छन् ।

## ४.१.१८ हरिप्रसाद उपाध्यायका काव्य

### ४.१.१८.१ '**नाति**' खण्डकाव्य

**नाति** खण्डकाव्य गोपीकृष्ण खनालद्वारा वि.सं. २०४६ मा प्रकाशित कवि हरिप्रसाद उपाध्यायको प्रथम पुस्तकाकार कृति हो । ३४ पृष्ठमा संरचित यस लघुआकारको काव्यमा १४४ श्लोकसङ्ख्या रहेका छन् । आफ्नी ममतामयी माताको स्मृतिमा सभक्ति समर्पण गरिएको यस काव्यमा *नाति खण्डकाव्यप्रति दुईचार शब्द* नामक भूमिकामा त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन, पाल्पाका उपप्राध्यापक टीकाराम पन्थीले नेपाली पद्यसाहित्यको शोककाव्यमालामा यो सानो कृतिको स्थान उच्च रहनेछ भनेका छन् । *सम्मति* नामक भूमिका यादवनाथ कोइरालाले पद्यमा नै लेखका छन् । कविपुत्र ठाकुरप्रसाद उपाध्यायले हजुरआमाको प्यारो नाति विष्णुले हजुरआमाको पारलौकिक घटनाबारे लेखेको २-४ पद्यलाई देखेर बुबा हरिप्रसाद उपाध्यायले उक्त कृतिको रचना छोराकै तर्फबाट गर्नुभएकोले यस कृतिको नाम **नाति** राखिएको हो भनेका छन् ।

#### ४.१.१८.१.१ विषयवस्तु

आकारेण सानो भए पनि गुणगौरवका दृष्टिले ठूलो रहेको यस काव्यमा कवि हरिप्रसाद उपाध्यायले आफ्नी ममतामयी आमाको निधनले आफू, आफ्ना घरपरिवारमा पर्न गएको चोटलाई मुख्यत: विषयवस्तु बनाएका छन् । पाँच उच्छ्वासमा छुट्याइएको यस कृतिका हरेक उच्छ्वासमा रहेको कथावस्तु यसप्रकार रहेको छ :

---

४२ गोविन्दराज विनोदी, *राष्ट्रिय स्वाभिमान र स्वतन्त्रताको जीवन्त प्रतिरूप : झाँसीकी रानी खण्डकाव्य*, **झाँसीकी रानी**, श्यामप्रसाद न्यौपाने, (नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६३), पृ. ङ ।

| | | |
|---|---|---|
| प्रथम उच्छ्वास | : | मङ्गलाचरणबाट प्रारम्भ र कविकी आमा रोगले ग्रसित भएको अवस्थाको वर्णन गरिएको छ । |
| दोस्रो उच्छ्वास | : | बिरामी भेट्न सबै जम्मा भएका, आमाको अन्तिम अवस्था थाहा पाएर उनलाई जलाश्रयमा लाँदालाँदै बाटैमा मृत्यु भएको प्रसङ्गको वर्णन गरिएको छ । |
| तेस्रो उच्छ्वास | : | मृतक ममतामयी आमालाई गङ्गामा पुऱ्याएर जलाइएको प्रसङ्ग उल्लेख गरिएको छ । |
| चौथो उच्छ्वास | : | आमालाई बिदा गरेर आएपछिको शून्यताको स्थितिको चित्रण र आमाको सम्झना गरिएको छ । |
| पाँचौँ उच्छ्वास | : | शोकाकुल मनलाई शान्त बनाउने प्रयास र साङ्ख्य दर्शनको चर्चा गरिएको छ । |

### ४.१.१८.१.२ **रस**

कवि उपाध्यायद्वारा आफ्नी ममतामयी आमा यमकान्तिदेवीको निधनसँग सम्बन्धित विषयवस्तुमा आधारित रहेर लेखिएको यस काव्यमा करुणरस अङ्गी बनेर आएको छ । वियोगको क्षण र दाहसंस्कारकालीन भीषण प्रकृतिको चित्रण तथा हार्द वेदनाद्वारा करुणरसको अभिव्यक्ति प्रस्तुत छ भने नित्य शुद्ध-बुद्ध-मुक्त सच्चिदानन्दस्वरूप ईश्वरको साक्षात्कारको सन्दर्भबाट शान्तरसले अभिव्यक्ति पाएको छ ।[४३] यसरी यस काव्यमा प्रयोग गरिएका रसहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २५ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | २ | ४, ७, ८, ९ | १५, १६ |
| | | | १६, १७, १८, १९ | १८ |
| | | ३ | १६, २०, २१ | २३, २४ |
| २. | शान्त | ५ | १, २, ४, ६, ७ | ३०, ३१ |
| | | | ८, १८, १९, २० | ३२ |

४३ टीकाराम पन्थी, *नाति खण्डकाव्यप्रति दुईचार शब्द,* **नाति**, हरिप्रसाद उपाध्याय, (नवलपरासी : गोपीकृष्ण खनाल, २०४६) ।

**(क) शान्तरस**

कवि उपाध्यायले यस काव्यको पाँचौं उच्छ्वासमा पूरै शान्तरसको प्रयोग गरेका छन् । त्यहीँबाट एक श्लोक कवितांश यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

रचेका आफैले विषय सब हुन्, पार्थिव गत
मिलाई सम्पर्कै उसित निज त्यो सूक्ष्म बहुत
छुटाए सम्पर्कै निमिषभरमैं नाश छ उ त
भनी जान्नैपर्ने तिमि पनि हुँदा देह मिलित ।

– सर्ग ५, पद्य १८

यस अनित्य संसार र आत्मा र देहबीचको भिन्नतालाई बुझेका मानिसमा उत्पन्न भित्री शान्ति वा समता स्थायी भाव, यस अनित्य संसारलाई बुझेका कविमा उत्पन्न वैराग्य आलम्बन विभाव, शास्त्रद्वारा दिइएका नैतिक ज्ञान तथा सन्देश, ईश्वर वन्दना आदि उद्दीपन विभाव, आत्माविना देहको अस्तित्व क्षणभरका लागि पनि योग्य नहुने भएकोले धनसम्पत्तिमा भन्दा ईश्वरस्तुति र त्यागको बाटोमा लाग्नु उचित सम्झी त्याग, भीरुता आदितर्फ लाग्दा अनुभाव र ईश्वरस्तुतिलाई सबैभन्दा प्रमुख ठानी त्यही मुक्तिको बाटो अवलम्बन गर्दा मनमा उत्पन्न हर्ष, दया, मति आदि व्यभिचारी भाव यस कवितांशमा पाइएकोले यहाँ शान्तरस अभिव्यञ्जित भएको छ ।

**(ख) करुणरस**

कवि उपाध्यायले यस काव्यमा करुणरसलाई अङ्गी बनाएर प्रयोग गरेका छन् । यसै काव्यबाट यहाँ एक श्लोक कवितांश करुणरसको उदाहरणका लागि प्रस्तुत गरिएको छ :

भयो खैलाबैला दिनकर चले पश्चिमतिर
बुबैलाई बोकी हितजन हिँडे गण्डकीतिर
हुँदा माया यद्वा म पनि निज कर्तव्य वश भै
बुबैलाई लाँदा पछिपछि गएँ व्याकुल हुँदै ।

– सर्ग २, पद्य ९

आमाको निधनले कविको मनमा उत्पन्न भएको शोक स्थायीभाव, आफ्नी ममतामयी आमा आज मृत अवस्थामा पुगेको उक्त लाश आलम्बन विभाव, घरमा फैलिएको खल्बल, कोलाहल उद्दीपन विभाव, रुनु, कराउनु, व्याकुल हुनु आदि अनुभाव र आमाको मृत्युले मनमा उत्पन्न चिन्ता, ग्लानि, विषाद् आदि व्यभिचारी भाव यस कवितांशमा पाइएकोले यहाँ करुणरस अभिव्यञ्जित भएको छ ।

### ४.१.१८.१.३ अलङ्कार

कवि उपाध्यायद्वारा रचिएको यस शोककाव्यमा प्रयुक्त अलङ्कारहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २५ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | १ | ३, ४, ५, ६ | १० |
| | | | ३ | १२, १६, १७, १८ | २२, २३ |
| | | | ४ | १२, १३, १४ | २७ |
| २. | – | रूपक | ५ | ११ | ३२ |

**(क) उपमा अलङ्कार**

कवि उपाध्यायले यस काव्यमा प्रशस्त ठाउँमा उपमा अलङ्कारको प्रयोग गरेका छन् । तिनैमध्येबाट यहाँ एक श्लोक कवितांश उदाहरणका लागि प्रस्तुत गरिएको छ :

घरि श्रेणी पर्थ्यो हिमगिरिहरूको सरि कतै
घरि बन्थ्यो गङ्गा सुननगरकी झैँ लहरिदै
घरि बोकी भारी हिमशिखर चढ्ने जन सरी
उकालिन्थ्यो सुस्तै उपरतिर ज्यादै त्यस घरी ।

– सर्ग १, पद्य ६

यहाँ उपमेय – बादल, उपमान – हिमगिरी, गङ्गा, भरिया, वाचक शब्द – सरी, झैँ, सरी र धर्म – श्रेणी पर्नु, लहरिनु, उकालिनु को प्रयोग गरिएकोले यस कवितांशमा उपमा अलङ्कारको आयोजना पाइएको छ ।

### ४.१.१८.१.४ छन्द

प्रस्तुत शोककाव्य वर्णमात्रिक छन्दमा रचिएको छ । वर्तमान गद्ययुगमा परम्परागत शास्त्रीय छन्द शिखरिणीको प्रयोग भएको यस काव्यमा छन्दको प्रवाह कतै नखट्कीकन नअल्मलिईकन, बेरोकटोक कालीगण्डकीको प्रवाहझैँ सललल बगेको छ । मुख्यत: शिखरिणी छन्दको प्रयोग गरेर रचना गरिएको यस काव्यमा प्रयुक्त छन्दहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २५ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | सर्ग | पद्य | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १. | इन्द्रवज्रा | – | – | २ | – | १९ |
| २. | उपेन्द्रवज्रा | – | – | १ | – | १४ |
| ३. | तोटक | – | – | ४ | – | २९ |
| ४. | द्रुतविलम्बित | – | – | ५ | – | ३४ |
| ५. | शालिनी | – | – | ३ | – | २२ |
| ६. | शिखरिणी | – | – | | – | १-३४ |
| ७. | स्वागता | – | – | १ | – | १ |

**(क) शिखरिणी छन्द**

कवि उपाध्यायले यस काव्यको मङ्गलाचरणका तीन श्लोक र सर्गान्तका एकएक श्लोक गरी जम्मा आठ श्लोकबाहेक सबै शिखरिणी छन्दमा नै लेखेका छन् । यसरी सिङ्गो काव्य नै उनले शिखरिणी छन्दमा तयार पारेका छन् । तिनैमध्येबाट यहाँ शिखरिणी छन्दको नमुनाका लागि एक श्लोक कवितांश प्रस्तुत गरिएको छ :

अहो ! हेर्दाहेर्दै वरिपरि सबै सन्मुख परी
गयो हंसै छाडी गलित निज त्यो जीर्ण नगरी
अहो ! कस्तो चोला, भरखर थियो मातृ महिमा
मिनटैमा गैगो, खतम भइ त्यो मातृ महिमा ।

– सर्ग २, पद्य १८

कविले यहाँ आफ्नी जन्मदाता माताको अन्तिम अवस्थामा सबै परिवारले घेरेर बस्दाबस्दै पनि प्राणपखेरु उडेर गएको अवस्थाको चित्रण शिखरिणी छन्दमा गरेका छन् ।

कवि हरिप्रसाद उपाध्यायद्वारा शास्त्रीय वर्णमात्रिक छन्दको प्रयोग गरेर रचिएको यो शोककाव्य हो । आफ्नी ममतामयी आमाको निधनबाट शोकविह्वल बन्न पुगेका कविले आफूभित्रका विरहका वेदनालाई यसरी शास्त्रीय छन्दको नियमभित्र रहेर प्रकट गरेका छन् । आभ्यासिक चरणको यस कृतिले सामान्य परिष्कारको अपेक्षा राखे पनि यो कृतिको महत्त्व नवलपरासी जिल्लाको शास्त्रीय साहित्यको इतिहासको अझ शोककाव्यको फाँटमा अमूल्य बन्न पुगेको छ र कवि उपाध्याय पनि यस जिल्लाका शास्त्रीय कविका रूपमा दरिन पुगेका छन् ।

### ४.१.१८.२ 'पञ्चगव्य' कवितासङ्ग्रह

पञ्चगव्य कवितासङ्ग्रह त्रिवेणी साहित्य परिषद्द्वारा चौथो काव्यपुष्पका रूपमा वि.सं. २०४८ मा प्रकाशित कवि हरिप्रसाद उपाध्यायको दोस्रो पुस्तकाकार कृति हो । ५० पृष्ठको यस सङ्ग्रहमा कविका १९ ओटा कविताहरू सङ्गृहीत रहेका छन् । यस काव्यको *प्रकाशकीय*को भूमिकामा त्रिवेणी साहित्य परिषद्का सचिव गोविन्दराज विनोदीले यस संस्थाद्वारा कवि उपाध्यायको कृति प्रकाशन गर्न पाएकोमा हर्षित छौँ भनेका छन् । *पञ्चगव्यमाथि एक दृष्टि नामक* भूमिकामा नारायणप्रसाद खनालले कृतिको सङ्क्षेपमा चर्चा गर्दै कवि उपाध्यायको साहित्यिक यात्राको निरन्तरताका लागि शुभकामना दिएका छन् । *दुई शब्द* नामक भूमिकामा स्वयम् कवि उपाध्यायले पञ्चगव्यले मानिसलाई मानसिक शुद्धता दिन सक्ला भनी पञ्चगव्य शीर्षक राखेर कृतिको प्रकाशन गरेको हुँ भनेका छन् ।

#### ४.१.१८.२.१ **विषयवस्तु**

पञ्चगव्य कवितासङ्ग्रहमा कवि उपाध्यायले विविध विषयवस्तुको प्रयोग गरेका छन् । पञ्चगव्यमा पाँच तत्त्वहरूको मिश्रण भएजस्तै यस काव्यमा पनि कविले छन्द, व्याकरण, शब्द, वाक्य र अर्थ गरी पाँच एकाइहरूद्वारा कविताको रूप खडा गरेका छन् । यस सङ्ग्रहमा भएका सम्पूर्ण कविताहरूलाई स्तुतिपरक कविता, उपदेशपरक कविता, विचारपरक कविता र साहित्यपरक कविता गरी चार भागमा बाँडिएको छ ।[४४] सरस्वती वन्दना, देश र मन्दिर गरी तीनओटा कविता स्तुतिपरक, समर्पण, अपील, नौलो चलन, गोठालो हो, अन्ताक्षरी पद्य, नीति पचिसी, संवाद, प्रश्नोत्तर कविता उपदेशपरक, मातृवेदना, थाहा, कलि, गृहस्थी, तरुल, प्रपञ्चता विचारपक र कविता, पञ्चगव्य गरी दुई कविता साहित्यपरक रहेका छन् । यसरी कविले यस कवितासङ्ग्रहमा विविध विषयवस्तुको प्रयोग गरेका छन् ।

#### ४.१.१८.२.२ **रस**

कवि उपाध्यायका विविध विषयवस्तुसँग सम्बन्धित कविताहरू पनि विविध रसभावका रहेका छन् । काव्यरस पिपासुहरूका मन र मुटुमा विभिन्न रसभावको सञ्चार गराउनसक्ने यस काव्यमा पाइएका रसहरूलाई यसप्रकार तालिकामा देखाइएको छ :

**तालिका सङ्ख्या २६ क**

| क्रम | रस | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | करुण | तरुल | १, २, ३, ४, ३३ | २३, २७ |
| | | मातृ वेदना | ४, ५, ६, ७, ८ | ४३ |
| २. | बीभत्स | मातृ वेदना | ९ | ४३ |

४४ नारायणप्रसाद खनाल, *पञ्चगव्यमाथि एक दृष्टि*, **पञ्चगव्य**, पूर्ववत् ।

| | | | | |
|---|---|---|---|---|
| ३. | वीर | तरुल | १८ | २५ |
| ४. | शान्त | देश वन्दना | ४, २, ६, ७, ८ | २, ३ |
| | | समर्पण | २, ४, ५, ६, ८ | ४, ५ |

**(क) बीभत्सरस**

कवि उपाध्यायले यस काव्यमा प्रयोग गरेको बीभत्सरसको कवितांशलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

कति धुला धुलै छन् नि ! लट्पट
जिउ फुटी फुटी रक्त टप्टप
शिशिरमा सधैँ दाँत कट्कट
बुझ्लिँदा हुने भित्र छट्पट ।

– *मातृ वेदना,* पद्य ९

धुलो र रगतले लटपटिएको फोहरी वातावरणबाट उत्पन्न घृणा स्थायीभाव, धुलाले लट्पटिएका, रगतले मुछिएका व्यक्ति आलम्बन विभाव, रगत तप्तप चुहिएको फोहरी वातावरण उद्दीपन विभाव, त्यही फोहरी वातावरणले गर्दा मुख थुन्नु, दाँत कट्कटाउनु आदि आलम्बन विभाव र यस्तो परिस्थितिमा मनमा उब्जेको आवेग, चिन्ता, व्याधि आदि व्यभिचारी भाव यस कवितांशमा पाइएकोले यहाँ बीभत्सरसको अभिव्यक्ति पाइएको छ ।

**(ख) वीररस**

कवि उपाध्यायद्वारा प्रयोग गरिएको वीररसको कवितांशलाई यहाँ उदाहरणार्थ प्रस्तुत गरिएको छ :

थिए मेरा साथी अमर बलका भक्त विर ती
पऱ्यो घंसाघंसी अरिसित गरेँ कुस्ति म पनि
अझै धक्कामुक्का गरि दुइ तिरै युद्ध यसरी
चल्यो निक्कै देखे समर विधि मेरो छक परी ।

– *तरुल,* पद्य १८

शत्रुसँग लड्नका लागि अघि बढ्दा मनमा उत्पन्न उत्साह स्थायी भाव, शत्रु आलम्बन विभाव, युद्धको मैदान उद्दीपन विभाव, दुईतिरै घम्साघम्सी चलेको समयमा देखाइएको बल, बहादुरी आदि उद्दीपन विभाव, लडाइँको विधि वा तरिका देखेर छक परेका, डराएका शत्रु अनुभाव र उक्त लडाइँले गर्दा मनमा उत्पन्न तर्क, आवेग, स्मृति, गर्व आदि व्यभिचारी भाव यस कवितांशमा पाइएकोले यहाँ वीररस अभिव्यञ्जित बनेको छ ।

### ४.१.१८.२.३ अलङ्कार

शास्त्रीय छन्दमा सहज रूपमा कलम चलाउन सफल कवि उपाध्यायले यस सङ्ग्रहमा प्रयोग गरेका अलङ्कारहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २६ ख**

| क्रम | शब्दालङ्कार | अर्थालङ्कार | कविताशीर्षक | पद्य | पृष्ठसङ्ख्या |
|---|---|---|---|---|---|
| १. | – | उपमा | देशवन्दना<br>समर्पण | ७<br>२ | ३<br>४ |
| २. | – | उत्प्रेक्षा | अपील | ५ | ६ |
| ३. | – | दृष्टान्त | नीति-पचिसी | ५, ६ | ४१ |
| ४. | – | रूपक | थाहा<br>पञ्चगव्य | १<br>१ | ९<br>५० |

**(क) रूपक अलङ्कार**

कवि उपाध्यायले यस काव्यमा उत्कृष्ट रूपक अलङ्कारको प्रयोग गरेका छन् । तिनैमध्येबाट यहाँ उदाहरणका लागि प्रस्तुत गरिएको छ :

भाषा दूध र छन्दशास्त्र छ दही वाक्यांश नै कूश हो
राखी गोमय शब्द भाव घिउ नै गोमूत्र वाक्यार्थ छ ।

– *पञ्चगव्य,* पद्य १

कविले यहाँ भाषालाई दूध, छन्दशास्त्रलाई दही र वाक्यांशलाई कुशसँग अभेद आरोप गरेका छन् । त्यसैले यस कवितांशमा रूपक अलङ्कारको प्रयोग गरिएको पाइन्छ ।

**(ख) उपमा अलङ्कार**

कवि उपाध्यायद्वारा यस सङ्ग्रहमा प्रयुक्त उपमा अलङ्कारको कवितांशलाई यहाँ उदाहरणका निम्ति प्रस्तुत गरिएको छ :

स्वर्गझैं देश यो चम्किलो पार्नु छ
स्वर्गमा मर्त्यका देवझैं बन्नु छ
वीरका जन्म औं कर्मले सर्वदा
विश्वविख्यात भो नाम यो लोकमा ।

– *देश वन्दना,* पद्य ७

यहाँ उपमेय – देश, मानव, उपमान – स्वर्ग, देवता, वाचक शब्द – झैँ, झैँ र धर्म पार्नु, बन्नु को प्रयोग गरेका हुनाले यस कवितांशमा उपमा अलङ्कारको आयोजना हुन पुगेको छ ।

**४.१.१८.२.४ छन्द**

कवि हरिप्रसाद उपाध्याय लेखनाथ पौड्यालको विचारधाराबाट प्रभावित रहेको देखिन्छन् । पूर्वीय आध्यात्मिक चिन्तनका धनी कवि उपाध्यायले विविध विषयवस्तुसँग सम्बन्धित कवितालाई विविध छन्दमा उतारेका छन् । कविले यस काव्यमा प्रयोग गरेका छन्दहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २६ ग**

| क्रम | वर्णमात्रिक | मात्रिक | गीति | कवितासङ्ख्या |
|---|---|---|---|---|
| १. | अनुष्टुप् | – | – | १ |
| २. | अपरान्तिका | – | – | १ |
| ३. | तोटक | – | – | १ |
| ४. | द्रुतविलम्बित | – | – | २ |
| ५. | मन्दाक्रान्ता | – | – | १ |
| ६. | – | मात्रा | – | ३ |
| ७. | वंशस्थ | – | – | २ |
| ८. | वसन्ततिलका | – | – | २ |
| ९. | शार्दूलविक्रीडित | – | – | २ |
| १०. | शिखरिणी | – | – | २ |
| ११. | स्रग्विणी | – | – | १ |
| १२. | स्वागता | – | – | १ |

**(क) स्वागता छन्द**

कवि उपाध्यायले यस कवितासङ्ग्रहमा स्वागता छन्दको प्रयोग गरेर एउटा कविताको रचना गरेका छन् । त्यहीँबाट एक श्लोक यहाँ उदाहरणको निम्ति प्रस्तुत गरिएको छ :

गर्न उन्नति बजेट त बन्छ
भाग त्यै तलबमा दुई जान्छ
एक भाग जति रम्झम हुन्छ
बाँकिले त कति उन्नति हुन्छ ?

– *अपील,* पद्य १५

कवि उपाध्यायले हाम्रो देश नेपालमा बढ्दै गएको विकृतिप्रति चिन्तित हुँदै देशको यथार्थ अवस्थाको चित्रण व्यङ्ग्यको सहारा लिएर यसरी स्वागता छन्दमा गर्न पुगेका छन् ।

(ख) **शिखरिणी छन्द**

कविले यस सङ्ग्रहमा शिखरिणी छन्दको प्रयोग गरेर दुईओटा कविताको रचना गरेका छन् । तिनै कविताबाट यहाँ एक श्लोक उदाहरणका लागि प्रस्तुत गरिएको छ :

न ता धेरै घाटा न त अधिक नाफा पनि हुनु
कमाएको आफै श्रम र सिपमा तुष्ट रहनु
सदा सच्चा सोझो व्यवहृति गरी निश्छल हुनु
गृहस्थी जस्तो यो असल जगमा के छ र हुनु ।

– *गृहस्थी,* पद्य ४

सादा जीवन र उच्च विचारमा आस्था राख्ने कवि उपाध्याय लक्ष्मीप्रसाद देवकोटाको *साग र सिस्नु खाएर बेस आनन्दी मनले*बाट प्रभावित रहेका देखिन्छन् । त्यसैले त कवि सबै परिवारको मिलोमतोबाट काम गरेर असल बाटोमा लाग्ने सोझो व्यवहार गर्नेहरूको गृहस्थीलाई सबैभन्दा राम्रो भन्दै शिखरिणी छन्दको प्रयोगमा यस्तो अभिव्यक्ति दिन पुगेका छन् ।

राष्ट्रप्रेम, अध्यात्मवाद, मातृभक्ति भावका धनी कवि उपाध्याय शास्त्रीय छन्दलाई सहज ढङ्गले प्रयोग गर्न सक्ने सफल कविका रूपमा चिनिएका छन् । त्यसैले त उनले दुईओटा कृति शास्त्रीय छन्दमा रचेर प्रकाशन गरिसकेका छन् । कल्पनाशक्ति तीव्र रहेका कवि उपाध्याय नवलपरासी जिल्लाका एक शास्त्रीय कविका रूपमा स्थापित रहेका छन् र उनका यी कृतिहरू पनि शास्त्रीय साहित्यिक इतिहासका एक दरिला स्तम्भ बन्न पुगेका छन् ।

## ४.२ निष्कर्ष

नवलपरासी जिल्लाका शास्त्रीय कविहरूद्वारा रचिएका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन यस परिच्छेदमा गरिएको छ । यस जिल्लामा रहेका १८ जना शास्त्रीय कविहरूद्वारा रचिएका छन्दोबद्ध काव्यकृतिहरूमा कृष्णादेवी शर्मा श्रेष्ठको **स्मृतिको एक झिल्को** खण्डकाव्य र **सृष्टि सौगात** कवितासङ्ग्रह, केशवराज शर्मा डुम्रेको **नारी** लघुकाव्य, केशवानन्द सापकोटाको **भक्ति भागीरथी** कवितासङ्ग्रह, खेचरनाथ नेपालको **नलदमयन्ती** खण्डकाव्य, गोविन्दराज विनोदीको **मेरो वर्तमानता** कवितासङ्ग्रह, **छन्द-विनोद** प्रबोधक काव्य र **अविश्रान्त** कवितासङ्ग्रह, चेतराज कँडेलको **हिजोआज** कवितासङ्ग्रह, तीर्थराज कोइरालाको

**विजया आविर्भाव** खण्डकाव्य, **वाल्मीकिस्मृति** काव्य र **धरतीकी छोरी** कवितासङ्ग्रह, देवेन्द्रराज खनियाँको **आँसुको धारा** शोककाव्य, पुष्पराज कोइरालाको **बिहानी र आकाश** कवितासङ्ग्रह, भरतराज पीडितको **आफ्नै देश बिरानो भयो** र **आँखा छिटो खोल्नु छ** कवितासङ्ग्रह, युक्तिवल्लभ उपाध्यायको **ऋणान्तकी** काव्य, रामनाथ खनालको **पाण्डु** महाकाव्य, रामहरि शर्मा शराहको **शब्द सङ्गोष्ठी** कवितासङ्ग्रह, रामहरि शर्मा गैरेको **राज्यवती** खण्डकाव्य, वामदेव पण्डितको **ब्रह्माण्डभित्र** र **कविताको कुम्लो** कवितासङ्ग्रह, विष्णुहरि विरहीको **विरेचन** कवितासङ्ग्रह, श्यामप्रसाद न्यौपानेको **झाँसीकी रानी** खण्डकाव्य र हरिप्रसाद उपाध्यायको **नाति** खण्डकाव्य र **पञ्चगव्य** कवितासङ्ग्रह रहेका छन् । यसरी यहाँ १८ जना कविहरूका १४ ओटा कवितासङ्ग्रह, ११ ओटा काव्य र १ महाकाव्य गरी कुल २६ ओटा छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

# पाँचौं परिच्छेद
# उपसंहार

## ५.१ परिचय

यस परिच्छेदमा परिच्छेद एक, परिच्छेद दुई, परिच्छेद तीन र परिच्छेद चारको सारांश लेखिएको छ ।

## ५.२ परिच्छेद एकको सारांश

**नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन** शोधको शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, सामग्रीसङ्कलन, शोधविधि र शोधपत्रको रूपरेखाका बारेमा यस अध्यायमा उल्लेख गरिएको छ ।

## ५.३ परिच्छेद दुईको सारांश

नवलपरासी जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा रहेको लुम्बिनी अञ्चलको तराई भागमा रहेको छ । २७°१२' देखि २७°४७' सम्म उत्तरी अक्षांश र ८६°३६' देखि ८४°३४' सम्म पूर्वी देशान्तरसम्म फैलिएर रहेको यस जिल्लामा वि.सं. २०५८ को जनगणनाअनुसार कुल जनसङ्ख्या ५,६२,८७० रहेको छ । विभिन्न जातजाति, भाषाभाषी, रहनसहन, धर्मसंस्कृति, रीतिरिवाज आदिको मिश्रित सभ्यता पाइने यस जिल्लामा विभिन्न धार्मिकस्थल, व्यापारिक केन्द्र, पर्यटकीयस्थल, स्कुल, क्याम्पसहरू रहेका छन् ।

पूर्वपश्चिम राजमार्ग निर्माणको थालनी, पुनर्वास कम्पनीको कार्यक्रमको थालनी, औलो उन्मूलन कार्यक्रमको थालनी हुन थालेपछि यस जिल्लामा विभिन्न पहाडी क्षेत्रबाट बसाइँ आउने क्रम बढ्न पुगेको पाइन्छ । यसरी बसाइँ आउने क्रमसँगै आफूले पहिल्यै साहित्यिक

वातावरण पाएका विभिन्न मानिसहरूले आफ्नो अनुभूतिलाई लोकगीतका माध्यमबाट व्यक्त गर्दै जाँदा नेपाली साहित्यले पनि जन्मने सुअवसर प्राप्त गरेको देखिन्छ । यसरी नै अगाडि बढ्दै जाँदा वि.सं. २०२१ मा गोविन्दराज विनोदीद्वारा रचित *रिस* शीर्षकको कविता प्रकाशित हुन पुगेको छ । वि.सं. २०२९ मा 'नयाँ कदम समूह' को स्थापना भई **नयाँ कदम** पत्रिकाको प्रकाशन हुन पुग्छ भने वि.सं. २०३१ मा वामदेव पण्डितद्वारा रचित **ब्रह्माण्डभित्र** कवितासङ्ग्रहको समेत प्रकाशन हुन पुगेको छ । यसरी क्रमश: अगाडि बढ्दै गएको नवलपरासी जिल्लाको नेपाली साहित्यलाई निम्न चार चरणमा बाँडेर अध्ययन गरिएको छ :

(क) प्रथम चरण (प्रारम्भदेखि वि.सं. २०३० सम्म)

(ख) द्वितीय चरण (वि.सं. २०३१ – २०४५ सम्म)

(ग) तृतीय चरण (वि.सं. २०४६ – २०५१ सम्म)

(घ) चतुर्थ चरण (वि.सं. २०५२ – हालसम्म)

प्रारम्भदेखि कृति प्रकाशन हुनुपूर्वको समयावधिलाई प्रथम चरण मानिएको छ । यस चरणमा कुनै उल्लेख्य कृतिहरूको रचना भएको पाइँदैन । त्यसैले यस चरणलाई आभ्यासिक चरण वा पृष्ठभूमिको रूपमा लिइएको छ । कवि वामदेव पण्डितद्वारा रचिएको **ब्रह्माण्डभित्र** कवितासङ्ग्रह (२०३१) को प्रकाशनदेखि प्रजातन्त्र आउनुपूर्वको समयावधिलाई दोस्रो चरण मानिएको छ । यस चरणमा फाटफुट रूपमा कृति प्रकाशन, साहित्यिक पत्रपत्रिकाको प्रकाशन भएको देखिन्छ । वि.सं. २०४६ को ऐतिहासिक आन्दोलनले गर्दा उन्मुक्त वातावरणमा रमाउन पाएका, सहज रूपमा आफ्ना विचार व्यक्त गर्न पाएका, प्रजातन्त्रको स्वाद चाख्न पाएका कविहरू निकै सक्रियताका साथ यस चरणमा साहित्यसिर्जनामा तल्लीन हुन पुगेका देखिन्छन् । यस चरणमा शास्त्रीय छन्दमा कविता फुटकर रूपदेखि सुरु भएर मझौला रूप खण्डकाव्य हुँदै बृहत् रूप महाकाव्यसम्म फैलिन पुगेको छ । विविध साहित्यिक कृतिहरूको प्रकाशन, साहित्यिक पत्रपत्रिकाको प्रकाशन, साहित्यिक सङ्घसंस्थाको स्थापनाको यस चरणमा लहर नै चलेको देखिन्छ । गुणात्मक र सङ्ख्यात्मक दुवै रूपबाट उल्लेख्य बन्न पुगेको यस चरणलाई विकासकाल पनि भनिएको छ । वि.सं. २०५२ बाट हालसम्मको समयावधिलाई चतुर्थ चरण मानिएको छ । देशमा प्राप्त भएको प्रजातन्त्रको सही उपयोग हुन नसकेकोले साहित्यकारहरूमा निराशा उत्पन्न भई आफ्ना अनुभूतिलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्न थालेपछि नै चतुर्थ चरणको सुरुवात भएको हो । यो चरणको पूर्वार्ध कालदेखि शिथिल देखिए पनि उत्तरार्ध काल भने निकै उर्वर भएर आएको छ ।

यसरी क्रमश: अगाडि बढ्दै आएको यस जिल्लाको नेपाली साहित्य हालसम्म आइपुग्दा कविताको लघुरूप मुक्तकदेखि बृहत् रूप महाकाव्यसम्म पद्यसाहित्यका साथै कथा, नाटक, निबन्ध, उपन्यास, गीत, गजल, समालोचनासम्म विस्तारित भएको पाइन्छ । हालसम्म आइपुग्दा

यहाँ विभिन्न साहित्यिक सङ्घसंस्थाको स्थापना, विभिन्न साहित्यिक पत्रपत्रिकाहरूको प्रकाशन र विभिन्न साहित्यिक कृतिहरूको प्रकाशनका साथै कविता गोष्ठी, साहित्यिक जमघट, कविता प्रतियोगिता आदिको सञ्चालन उल्लेख्य मात्रामा भएको छ । त्यसैले गर्दा यो जिल्ला नेपाली साहित्यको श्रीवृद्धिमा योगदान पुऱ्याउने एक योग्य जिल्लाका रूपमा स्थापित हुन पुगेको छ ।

## ५.४ परिच्छेद तीनको सारांश

नवलपरासी जिल्लाको साहित्यिक फाँटमा देखापरेका शास्त्रीय कविहरूको परिचय यस परिच्छेदमा दिइएको छ । यस जिल्लामा शास्त्रीय छन्दमा काव्यकृतिहरू प्रकाशन गर्ने जम्मा अठारजना कविहरूको नामको वर्णानुक्रमका आधारमा राखेर परिचय दिइएको छ । वि.सं. २००९ मा पर्वतमा जन्मिएर हाल यस जिल्लाको प्रगतिनगरमा बसोबास गर्दैआएकी कृष्णादेवी शर्मा श्रेष्ठ नवलपरासी जिल्लाकी एकमात्र शास्त्रीय छन्दमा काव्यकृति प्रकाशन गर्ने नारीस्रष्टा हुन् । वि.सं. २०२० मा स्याङ्जामा जन्मिएर हाल शिवमन्दिर बसोबास गर्दैआएका केशवराज शर्मा डुम्रे यस जिल्लाका चर्चित शास्त्रीय कवि हुन् । बागलुङमा जन्मिएर हाल गैँडाकोटमा बसोबास गरेका केशवानन्द सापकोटा वि.सं. २०३४ मै छन्दोबद्ध कृति प्रकाशन गरेका यस जिल्लाका चर्चित शास्त्रीय कवि हुन् । वि.सं. १९७७ मा पाल्पामा जन्मिएका र हाल रामग्राम नगरपालिकामा बसोबास गरेका कवि खेचरनाथ नेपालले यस जिल्लामा शास्त्रीय कविका रूपमा ख्याति कमाएका छन् । वि.सं. २०१० मा कास्कीमा जन्मिएर हाल गैँडाकोटमा बसोबास गरेका कवि गोविन्दराज विनोदी यस जिल्लामा मात्र नभई राष्ट्रिय रूपमै प्रतिष्ठित रहेका छन् । वि.सं. २०२७ मा बागलुङमा जन्मिएर नवलपरासीमा बसाइँ सरी आएका चेतराज कँडेल पनि शास्त्रीय कविका रूपमा चिनिएका छन् । वि.सं. १९९५ मा लमजुङमा जन्मिएका र मुकुन्दपुरमा बसोबास गरेका कवि तीर्थराज कोइराला यस जिल्लाका अग्रज शास्त्रीय कविका रूपमा परिचित रहेका छन् । लमजुङमा जन्मिएर प्रगतिनगरमा बसोबास गर्नआएका देवेन्द्रराज खनियाँ पनि यस जिल्लाका चर्चित शास्त्रीय कविका रूपमा परिचित भएका छन् । वि.सं. २००६ मा लमजुङमा जन्मिएर मुकुन्दपुरमा बसोबास गर्ने पुष्पराज कोइराला यस जिल्लाका शास्त्रीय कवि बन्न पुगेका छन् । वि.सं. २०२२ सालमा गुल्मीमा जन्मिएका भरतराज पीडित शास्त्रीय छन्दमा कलम चलाउने यस जिल्लाका शास्त्रीय कवि बनेका छन् । वि.सं. १९५९ मा बागलुङमा जन्मिएर गैँडाकोटमा बसोबास गरेका युक्तिवल्लभ उपाध्याय पनि शास्त्रीय कविका रूपमा परिचित रहेका छन् । वि.सं. १९६६ मा कास्कीमा जन्मिएर मुकुन्दपुरमा बसोबास गरेका कवि रामनाथ खनाल यस जिल्लाका एक अग्रज वरिष्ठ साहित्यकार हुन् । शास्त्रीय छन्दमा महाकाव्यसम्मको यात्रा तय गरेका कवि खनाल राष्ट्रिय रूपमै परिचित रहेका छन् । वि.सं. २०१२ मा गोरखामा जन्मिएका र हाल मुकुन्दपुरमा बसोबास गर्दैआएका कवि रामहरि शर्मा शराह शास्त्रीय कविका रूपमा यस जिल्लामा चर्चित रहेका छन् । वि.सं. २००६ मा

तनहुँमा जन्मिएर तम्सरियामा बसोबास गर्दैआएका कवि रामहरि शर्मा गैरे पनि शास्त्रीय कविका रूपमा चर्चित रहेका छन् । वि.सं. १९७३ मा तनहुँमा जन्मिएर मुकुन्दपुरमा बसोबास गरेका कवि वामदेव पण्डित यस जिल्लामा प्रथम साहित्यिक कृति प्रकाशन गर्ने कवि बन्न पुगेका छन् । वि.सं. २०१४ मा तनहुँमा जन्मिएर माकरमा बसोबास गरेका विष्णुहरि विरही पनि शास्त्रीय छन्दमा कलम चलाउने यस जिल्लाका शास्त्रीय कवि बन्न पुगेका छन् । वि.सं. २०२६ मा स्याङ्जामा जन्मिएका र हाल रामनगरमा बसोबास गर्ने श्यामप्रसाद न्यौपाने यस जिल्लाका एक शास्त्रीय कविका रूपमा चर्चित रहेका छन् । वि.सं. १९९७ मा पाल्पामा जन्मिएर लुसलहरिका स्थायी बासिन्दा कवि हरिप्रसाद उपाध्याय यस जिल्लाका शास्त्रीय कविका रूपमा परिचित रहेका छन् ।

यसरी नवलपरासी जिल्लाको छन्दोबद्ध काव्यसाहित्यलाई अगाडि बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याउने प्रस्तुत कविहरू यस जिल्लाका अमूल्य साहित्यिक रत्न बन्न पुगेका छन् ।

## ५.५ परिच्छेद चारको सारांश

नवलपरासी जिल्लाको साहित्यिक फाँटमा देखापरेका शास्त्रीय कविहरूद्वारा शास्त्रीय छन्दमा रचिएका काव्यकृतिहरूको अध्ययन-विश्लेषण यस अध्यायमा गरिएको छ । यस जिल्लामा शास्त्रीय छन्दमा अठारजना कविहरूद्वारा रचिएका छब्बीसओटा शास्त्रीय काव्यकृतिहरू रहेका छन् । प्रकाशनको प्रारम्भदेखि वि.सं. २०६५ सम्म प्रकाशित भएका उक्त कृतिहरूलाई कविहरूका नामको वर्णानुक्रमका आधारमा क्रमश: राखिएको छ । उक्त कृतिहरूलाई विषयवस्तु, रस, अलङ्कार र छन्दका आधारमा अध्ययन-विश्लेषण गरिएको छ । यिनमा नारीस्रष्टा कृष्णादेवी शर्माको **स्मृतिको एक झिल्को** खण्डकाव्य र **सृष्टि सौगात** कवितासङ्ग्रह गरी दुईओटा कृति, केशवराज शर्मा डुम्रेको **नारी** लघुकाव्य, केशवानन्द सापकोटाको **भक्ति भागीरथी** कवितासङ्ग्रह, खेचरनाथ नेपालको **नलदमयन्ती** काव्य, गोविन्दराज विनोदीको **मेरो वर्तमानता** कवितासङ्ग्रह, **छन्द-विनोद** प्रबोधक काव्य र **अविश्रान्त** कवितासङ्ग्रह गरी तीनओटा कृति, चेतराज कँडेलको **हिजोआज** कवितासङ्ग्रह, तीर्थराज कोइरालाको **विजयाआविर्भाव** खण्डकाव्य, **वाल्मीकि** स्मृति काव्य, **धरतीकी छोरी** कवितासङ्ग्रह गरी तीनओटा कृति र देवेन्द्रराज खनियाँको **आँसुको धारा** शोककाव्य, पुष्पराज कोइरालाको **बिहानी र आकाश** कवितासङ्ग्रह, भरतराज पीडितको **आफ्नै देश बिरानो भयो** र **आँखा छिटो खोल्नु छ** गरी दुईओटा कवितासङ्ग्रह, युक्तिवल्लभ उपाध्यायको **ऋणान्तकी** काव्य, रामनाथ खनालको **पाण्डु** महाकाव्य, रामहरि शर्मा शराहको **शब्द सङ्गोष्ठी** कवितासङ्ग्रह, रामहरि शर्मा गैरेको **राज्यवती** खण्डकाव्य, वामदेव पण्डितको **ब्रह्माण्डभित्र** र **कविताको कुम्लो** गरी दुईओटा कवितासङ्ग्रह, श्यामप्रसाद न्यौपानेको **झाँसीकी रानी** खण्डकाव्य र हरिप्रसाद उपाध्यायको **नाति** खण्डकाव्य र **पञ्चगव्य** कवितासङ्ग्रह गरी जम्मा

१४ ओटा कवितासङ्ग्रह, ११ ओटा काव्य र १ ओटा महाकाव्यको अध्ययन-विश्लेषण गरिएको छ । गरी जम्मा तेह्रओटा कृतिहरू रहेका छन् ।

यस अध्यायमा रहेका शास्त्रीय साहित्यमा योगदान पुऱ्याउने साहित्यकारहरूमा कुनै एउटा मात्र भर्खर कृति प्रकाशन गर्ने कविहरू छन् भने कुनै साहित्यिक फाँटमा सुप्रसिद्ध भइसकेका साहित्यकारहरू रहेका छन् । कृष्णादेवी शर्मा श्रेष्ठ नवलपरासी जिल्लाकी एकमात्र शास्त्रीय कवयित्री बन्न पुगेकी छिन् । उनी **स्मृतिको एक झिल्को** खण्डकाव्यमा भन्दा **सृष्टि सौगात** खण्डकाव्यमा खारिएर प्रस्तुत भएकी छिन् । केशवराज शर्मा डुम्रेले **नारी** काव्यमार्फत् नारीहरूलाई समानताको हक दिलाउन खोजेका छन् । यसमा उनी छान्दिक शुद्धता र शास्त्रीय नियममा भन्दा आफ्ना अनुभूतिको पोखाइमा सशक्त देखिएका छन् । केशवानन्द सापकोटाको **भक्ति भागीरथी** कवितासङ्ग्रह एक भजनमालाको रूपमा रहेको, छन्दको लयानुकरण गरिएको भएर पनि यस जिल्लाको पुरानो कृति भएकाले यस कृतिको छुट्टै विशेष महत्त्व रहेको छ । खेचरनाथ नेपालद्वारा रचित **नलदमयन्ती** काव्य, सोमनाथ सिग्द्यालको **आदर्श राघव**कै तुलनीय रहेको छ । महाकाव्यात्मक आकारको यो काव्य कवि नेपालको खारिएको मस्तिष्कको उपजका रूपमा रहेको छ । कवि गोविन्दराज विनोदीको **मेरो वर्तमानता** कवितासङ्ग्रहमा भन्दा **छन्द-विनोद** काव्य र **अविश्रान्त** कवितासङ्ग्रहमा अझ परिपक्व बनेर प्रस्तुत भएका छन् । यी तीनओटै कृतिले कवितात्मक उचाइ प्राप्त गरेका छन् । सरलदेखि जटिल भाषाशैलीसम्मको प्रयोग पाइने उनका कविता हरेक किसिमका पाठकहरूका लागि पठनीय र योग्य रहेका छन् । चेतराज कँडेलको कवितासङ्ग्रहले वर्तमान नेपाली युवायुवतीमा देखिएका विकृतिबाट बच्न आजका पिँढीलाई सन्देश दिएको छ । कवि तीर्थराज कोइराला स्वच्छन्दतावादी र उच्च क्रान्तिकारी विचारधाराका धनी व्यक्तित्वका रूपमा प्रसिद्ध रहेका छन् । उनीद्वारा रचित तीनओटा कृतिमा उनका स्वच्छन्द अभिव्यक्तिहरू मुखरित हुँदा कतैकतै छन्द दुर्घटित हुन पुगे पनि उनका कृतिहरू उच्चकोटिका रहेका छन् । देवेन्द्रराज खनियाँद्वारा रचित **आँसुको धारा** शोककाव्यमा उनको पुत्रवियोगको पीडा उद्वेलित भएको छ । पुष्पराज कोइरालाको **बिहानी र आकाश** कवितासङ्ग्रहमा वार्णिक, गीति र गद्यलयका कविताहरू रहेका छन् । भरतराज पीडितद्वारा रचित दुवै कवितासङ्ग्रहमा देशमा व्याप्त आशान्ति, भाँडभैलो, हत्या, हिंसा र पीडाका स्वरहरू अभिव्यक्त भएका छन् । उनका कवितामा नेपालीहरूले भोगेका दुःख र पीडाको यथार्थ तस्विर उतारिएको छ । युक्तिवल्लभ उपाध्यायको **ऋणान्तकी** काव्यले खोक्रो आदर्शको पछाडि लागेर ऋणमा नडुबीकन स्वावलम्बी भएर बाँच्न सबैलाई सन्देश दिएको छ । रामनाथ खनाल नवलपरासी जिल्लाका हालसम्मका एकमात्र शास्त्रीय महाकाव्यकार बन्न सफल रहेका छन् । महाभारतको कथावस्तुमा आधारित भएर पनि राणाकालीन नेपाली समाजको यथार्थतालाई प्रतीकात्मक रूपमा उनले **पाण्डु** महाकाव्यमा उतारेका छन् । उनको यस कृतिले नवलपरासी जिल्लाको मात्र नभएर समग्र नेपाली साहित्यको भण्डारमै श्रीवृद्धि गर्न योगदान पुऱ्याएको छ । रामहरि शर्मा शराहको **शब्द सङ्गोष्ठी** कवितासङ्ग्रह एकमात्र

प्रकाशित कृति भएर पनि उक्त कृति परिष्कृत र परिमार्जित नै रहेको छ । रामहरि शर्मा गैरेले दरबार हत्याकाण्डद्वारा पीडित भएर त्यही घटनामा आधारित भई **राज्यवती** खण्डकाव्यको रचना गरेका छन् । भाषा, छन्द, रस, अलङ्कारलाई भन्दा आफ्ना दु:खद पीडानुभूतिलाई उनले यस काव्यमा विशेष स्थान दिएका छन् । वामदेव पण्डितको **ब्रह्माण्डभित्र** कवितासङ्ग्रह यस जिल्लाको प्रथम प्रकाशित कृति भएकोले मूल्यवान बन्न पुगेको छ । उनी यस सङ्ग्रहमा भन्दा **कविताको कुम्लो** कवितासङ्ग्रहमा केही परिष्कृत भएर देखिएका छन् । विष्णुहरि विरहीद्वारा रचिएको **विरेचन** कवितासङ्ग्रह पाठकका मनका दु:खानुभूमिलाई पखाल्न सक्ने किसिमको देखिएको छ । वार्णिक, मात्रिक, गीति आदि लयको प्रयोग गरेर कविताको रचना गरिएको यो काव्य उच्चकोटिकै रहेको छ । श्यामप्रसाद न्यौपानेले भारतीय वीराङ्गना मनिकर्णिकाले जीवनमा देखाएका वीरतालाई **झाँसीकी रानी** खण्डकाव्यमा सफलतापूर्वक उतारेका छन् । हरिप्रसाद उपाध्यायले **नाति** खण्डकाव्यमा आफ्नी आमाको निधनलाई विषयवस्तु बनाएका छन् भने **पञ्चगव्य** कवितासङ्ग्रहमार्फत् मानिसका मनमा रहेका विकारलाई निर्मूल पार्न कस्सिएर अगाडि बढेका छन् । यसरी यस अध्यायमा राखिएका/राखेर अध्ययन-विश्लेषण गरिएका यी विविध कृतिहरूले नवलपरासी जिल्लाको शास्त्रीय साहित्यलाई समृद्ध बनाउनुका अतिरिक्त सम्पूर्ण नेपाली साहित्यकै ढुकुटीलाई भरिपूर्ण पार्ने कामसमेत गरेका छन् ।

## ५.६ समग्र निष्कर्ष

**नवलपरासी जिल्लाका छन्दोबद्ध काव्यकृतिहरूको अध्ययन-विश्लेषण** नामक यस शोधपत्र तयार पार्ने क्रममा परिच्छेद एक, दुई, तीन, चार र पाँच तयार पारिएको छ । परिच्छेद एकमा प्रस्तुत शोधपत्रको परिचय दिइएको छ भने परिच्छेद दुईमा नवलपरासी जिल्लाको साहित्यिक इतिहासका बारेमा चर्चा गरिएको छ । परिच्छेद तीनमा यस जिल्लाका शास्त्रीय कविहरूको परिचय दिइएको छ । परिच्छेद चारमा तिनै कविहरूद्वारा रचित छन्दोबद्ध काव्यकृतिहरूको अध्ययन-विश्लेषण गरिएको छ र परिच्छेद पाँचमा उपसंहार राखिएको छ । काव्यकृतिहरूलाई विषयवस्तु, रस, अलङ्कार र छन्दका आधारमा अध्ययन-विश्लेषण गरिएको छ । अध्ययन गर्ने क्रममा अठारजना शास्त्रीय कविहरूद्वारा रचिएका छब्बीसओटा छन्दोबद्ध काव्यहरूमध्ये चौधओटा कवितासङ्ग्रह, एघारओटा काव्य र एउटा महाकाव्य रहेका छन् । पौराणिक, ऐतिहासिक, सामाजिक र समसामयिक विषयवस्तुसँग सम्बन्धित उक्त कृतिहरूमा देशमा व्याप्त विकृति, विसङ्गति, अन्याय, अत्याचार र शोषणलाई स्थान दिइएको छ भने प्रकृतिप्रेम, देशप्रेम, संस्कृतिप्रेम, भातृप्रेम, मातृदेव भावजस्ता भावहरूलाई पनि समेटिएको छ । रसभावका दृष्टिबाट हेर्दा कृतिहरूमा करुण, शान्त, शृङ्गार, वीर, रौद्र, बीभत्स, भयानक र हास्य गरी आठओटा रसको प्रयोग गरिएको छ । अलङ्कारका आधारमा कृतिहरूको अध्ययन गर्दा अर्थालङ्कारमा उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त र शब्दालङ्कारमा यमक, श्लेष र

लाटानुप्रास गरी जम्मा सात किसिमका अलङ्कारको प्रयोग पाइएको छ । यसैगरी छन्दका आधारमा कृतिहरूलाई अध्ययन गर्दा अनुष्टुप्, मन्दाक्रान्ता, शार्दूलविक्रीडित, इन्द्रवज्रा, इन्द्रवंशा, इन्दिरा, उपेन्द्रवज्रा, उपजाति, कनकमञ्जरी, तनुमध्या, दमनक, द्रुतविलम्बित, पञ्चचामर, भुजङ्गप्रयात, मत्तमयूर, मालिनी, रथोद्धता, वंशस्थ, वसन्ततिलका, विद्युन्माला, वियोगिनी, शशिवदना, शिखरिणी, समानिका, स्रग्विणी, स्वागता, तोटक, पृथ्वी, चम्पकमाला, प्रहर्षिणी, प्रमाणिका, अपरान्तिका गरी बत्तीसओटा वर्णमात्रिक छन्दका अतिरिक्त मात्रिक र लोकलयको समेत प्रयोग पाइएको छ । यसरी विविध भाव, रस, अलङ्कार र छन्दको प्रयोग गरेर उक्त काव्यकृतिहरूको रचना भएको पाइन्छ ।

यसरी विविध स्रष्टाहरूद्वारा रचित काव्यकृतिहरूको अध्ययन-विश्लेषणका क्रममा केही सहज र केही असहज वातावरणको सिर्जना भएको छ । जति पनि पुराना कृतिहरू छन्, तिनमा कवि परिचय, भूमिका लेखन आदि नपाइएकोले कृतिको अध्ययन र विश्लेषण गर्ने क्रममा केही अप्ठेरो भएको छ भने आधुनिक कृतिहरूमा भने यो समस्या कत्ति पनि रहेको छैन । कुनै कवितासङ्ग्रहमा वर्णमात्रिक, मात्रिक, गीत, गद्य, गजल र हाइकुसमेतको प्रयोग भएकोले त्यसलाई छुट्याउने क्रममा केही असजिलो अनुभव गर्न पुगिएको छ भने कुनै काव्यहरूमा एक-एक श्लोकमा छन्द परिवर्तन गरिएकोले छन्दको पहिचान र गणना गर्ने क्रममा केही जटिलता बोध हुन पुगेको छ । अधिकांश कृतिहरू अत्यन्त सजगताका साथ रचिएका रस, छन्द, अलङ्कार आदिका आधारमा पनि उच्चकोटिका रहेका छन् । ती कृतिहरूको अध्ययन गर्दा अत्यन्त जोस, जाँगर र उत्साहको सिर्जना भएको अनुभव गरिएको छ । समग्रमा नवलपरासी जिल्लामा शास्त्रीय छन्दमा रचिएका काव्यकृतिहरू उच्चस्तरका र नेपाली साहित्यको मूल ढुकुटीका अमूल्य रत्न बन्न सक्ने किसिमका रहेका छन् । यस्ता कृतिका रचयिता कवि व्यक्तित्वहरू धन्यवादका पात्र रहेका छन् ।

# सन्दर्भग्रन्थसूची

## पुस्तकसूची


अधिकारी, जीवन, *अमर विकललाई सम्झँदै,* **आँसुको धारा**, देवेन्द्रराज खनियाँ, नवलपरासी : राजेन्द्र खनियाँ, २०६५ ।

अधिकारी, हेमाङ्गराज, (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि., २०६१ ।

अर्याल, भगवती, **नवलपरासीको साहित्यिक गतिविधि**, नवलपरासी : लालीगुराँस मासिक, २०६३ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, पाँचौँ संस्क., ललितपुर : साझा प्रकाशन, २०४९ ।

उपाध्याय, मुकुन्दशरण, *शुभेच्छाका केही शब्दहरू,* **ऋणान्तकी**, युक्तिवल्लभ उपाध्याय, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५ ।

उपाध्याय, नवीनसागर, *हार्दिक कृतज्ञता,* **ऋणान्तकी**, युक्तिवल्लभ उपाध्याय, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५ ।

उपाध्याय, युक्तिवल्लभ, **ऋणान्तकी**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५ ।

उपाध्याय, हरिप्रसाद, **नाति**, पाल्पा : गोपीकृष्ण खनाल, २०४६ ।

______________, **पञ्चगव्य**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४८ ।

कँडेल, चेतराज, **हिजोआज**, बागलुङ : चेतराज कँडेल, २०४७ ।

कोइराला, तीर्थराज, **विजयाआविर्भाव**, नवलपरासी : पुष्पराज कोइराला, २०४६ ।

______________, **वाल्मीकिस्मृति**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०५६ ।

______________, **धरतीकी छोरी**, नवलपरासी : त्रिवेणी साहित्य, परिषद्, २०६२ ।

कोइराला, पुष्पराज, **बिहानी र आकाश**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०५६ ।

कोइराला, मोहन, *परिचयका केही शब्द,* **मेरो वर्तमानता**, गोविन्दराज विनोदी, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४७ ।

खनाल, नारायणप्रसाद, **समीक्षाका आकारहरू**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५ ।

_______________, *मेरो वर्तमानता : शुभकामनाका दृष्टिमा,* **मेरो वर्तमानता**, गोविन्दराज विनोदी, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४७ ।

_______________, *पञ्चगव्यमाथि एक दृष्टि,* **पञ्चगव्य**, हरिप्रसाद उपाध्याय, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४८ ।

_______________, *रामनाथ खनालको साहित्यिक यात्रा र पाण्डु महाकाव्य : सङ्क्षिप्त चर्चा,* **पाण्डु**, रामनाथ खनाल, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४९ ।

_______________, *छन्द-विनोदको कवित्व र कवि विनोदी,* **छन्द-विनोद**, गोविन्दराज विनोदी, चितवन : चितवन साहित्य परिषद्, २०५९ ।

_______________, *प्रकाशकीय,* **धरतीकी छोरी**, तीर्थराज कोइराला, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६२ ।

_______________, *शुभकामना,* **शब्द सङ्गोष्ठी**, रामहरि शर्मा शराह, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६३ ।

खनाल, रामनाथ, **पाण्डु**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४९ ।

खनाल, केदारनाथ, *प्रकाशकीय,* **छन्द-विनोद**, गोविन्दराज विनोदी, चितवन : चितवन साहित्य परिषद्, २०५९ ।

खनियाँ, देवेन्द्रराज, **आँसुको धारा**, नवलपरासी : राजेन्द्र, भूपेन्द्र र दीपेन्द्र खनियाँ, २०६५ ।

गौतम, लक्ष्मणप्रसाद, *अविश्रान्तभित्रका अविश्रान्तहरू : सूत्रात्मक समीक्षण,* **अविश्रान्त**, गोविन्दराज विनोदी, नवलपरासी : विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेड, २०५९ ।

_______________, *शुभकामनाका शब्द,* **सृष्टि सौगात**, कृष्णादेवी शर्मा श्रेष्ठ, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५ ।

घिमिरे, माधवप्रसाद, *समय कुर्लन्छ,* **बिहानी र आकाश**, पुष्पराज कोइराला, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०५६ ।

_______________, *कविताको भाखाले आँखा खोल्ने कवि,* **आँखा छिटो खोल्नु छ**, भरतराज पीडित, नवलपरासी : भरतराज पीडित, २०५९ ।

घिमिरे, रामबाबु, *शुभकामना,* **शब्द सङ्गोष्ठी**, रामहरि शर्मा शराह, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६३ ।

जोशी, कुमारबहादुर, *आफ्नै देश बिरानो भयो कवितासङ्ग्रह र यसका कवि भरतराज पीडित,* **आफ्नै देश बिरानो भयो**, भरतराज पीडित, नवलपरासी : भरतराज पीडित, २०५९ ।

ढुङ्गाना, कुलप्रसाद, **शोध र समीक्षा**, तनहुँ : कालिकास्थान समाज, २०६४ ।

ढुङ्गाना, गोविन्दप्रसाद, **छन्दोहार**, पाँचौं संस्क., ललितपुर : साझा प्रकाशन, २०५० ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौँ : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०४१ ।

थारू, श्यामसुन्दर, **भइल मिनसहरा**, नवलपरासी : थारू कल्याणकारी सभा, २०५१ ।

नेपाल, खेचरनाथ, **नलदमयन्ती**, परासी : श्रीमती माधवी नेपाल, २०५८ ।

नेपाल, प्रदीप, *नजान्दै लेखेको भूमिका,* **आफ्नै देश बिरानो भयो**, भरतराज पीडित, नवलपरासी : भरतराज पीडित, २०५९ ।

निराजन, भूपेन्द्र, *के लेखौँ, के लेखौँ,* **आँसुको धारा**, देवेन्द्रराज खनियाँ, नवलपरासी : राजेन्द्र खनियाँ, २०६५ ।

न्यौपाने, घनश्याम, *महाकाव्य बन्नुपर्ने खण्डकाव्य,* **झाँसीकी रानी**, श्यामप्रसाद न्यौपाने, नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६३ ।

न्यौपाने, दैवज्ञराज, *सम्मतिका केही शब्द,* **विरेचन**, विष्णुहरि विरही, दुर्गा पौडेल, २०५० ।

_____________, *सम्मतिका केही शब्दहरू,* **झाँसीकी रानी**, श्यामप्रसाद न्यौपाने, नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६३ ।

न्यौपाने, श्यामप्रसाद, **झाँसीकी रानी**, नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६३ ।

पण्डित, वामदेव, **ब्रह्माण्डभित्र**, दोस्रो संस्क., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६४ ।

___________, **कविताको कुम्लो**, काठमाडौँ : देवकुमारी पण्डित, २०६० ।

पन्थी, टीकाराम, *प्रस्तुत कवितासङ्ग्रहमाथि विहङ्गम दृष्टि,* **आँखा छिटो खोल्नु छ**, भरतराज पीडित, नवलपरासी : भरतराज पीडित, २०५९ ।

___________, *नाति खण्डकाव्यप्रति दुईचार शब्द,* **नाति**, हरिप्रसाद उपाध्याय, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४६ ।

पराजुली, मोतीलाल, **नेपाली लोककथा**, कास्की : तारादेवी पराजुली, २०४९ ।

पीडित, भरतराज, **आफ्नै देश बिरानो भयो**, काठमाडौँ : भरतराज पीडित, २०५९ ।

____________, **आँखा छिटो खोल्नु छ**, काठमाडौँ : भरतराज पीडित, २०५९ ।

पोखेल, बालकृष्ण, (निर्दे.), **नेपाली बहृत् शब्दकोश**, पाँचौँ संस्क., काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५८ ।

पोखेल, माधव, *समसामयिक अभिव्यक्तिको कवितात्मक झुल्को,* **आँखा छिटो खोल्नु छ**, भरतराज पीडित, नवलपरासी : भरतराज पीडित, २०५९ ।

पोखरेल, डी.आर., *मेरो वर्तमानतालाई नियाल्दा,* **मेरो वर्तमानता**, गोविन्दराज विनोदी, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४७ ।

बराल, ईश्वर, (सम्पा.), **नेपाली साहित्यकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५५ ।

मरासिनी, धनञ्जय, *शुभकामना,* **ऋणान्तकी**, युक्तिवल्लभ उपाध्याय, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कवितासिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०६० ।

विनोदी गोविन्दराज, **मेरो वर्तमानता**, नवलपरासी : त्रिवेणी साहित्य, परिषद्, २०४७ ।

_____________, **छन्द-विनोद**, चितवन : चितवन साहित्य परिषद्, २०५९ ।

_____________, **अविश्रान्त**, नवलपरासी : विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि., २०५९ ।

विनोदी, गोविन्दराज, *सम्मति,* **विजया आविर्भाव**, तीर्थराज कोइराला, नवलपरासी : पुष्पराज कोइराला, २०४६ ।

_____________, *प्रकाशकीय,* **पाण्डु**, रामनाथ खनाल, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४९ ।

_____________, *वाल्मीकिस्मृतिको पूर्वरागमा रङ्गिँदा,* **वाल्मीकिस्मृति**, तीर्थराज कोइराला, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०५६ ।

_____________, *धरतीकी छोरी कवितासङ्ग्रहबारे,* **धरतीकी छोरी**, तीर्थराज कोइराला, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६२ ।

_____________, *शब्द सङ्गोष्ठी : एक अवलोकन,* **शब्द सङ्गोष्ठी**, रामहरि शर्मा शराह, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६३ ।

_____________, *प्रकाशकीय,* **ऋणान्तकी**, युक्तिवल्लभ उपाध्याय, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५ ।

_____________, *राष्ट्रिय स्वाभिमान र स्वतन्त्रताको जीवन्त प्रतिरूप झाँसीकी रानी खण्डकाव्य,* **झाँसीकी रानी**, श्यामप्रसाद न्यौपाने, नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६३ ।

वियोगी, माधव, *श्यामप्रसाद न्यौपाने र झाँसीकी रानीको मूल्याङ्कन,* **झाँसीकी रानी**, श्यामप्रसाद न्यौपाने, नवलपरासी : नवलपरासी साहित्य परिषद्, २०६३ ।

विरही, विष्णुहरि, **विरेचन**, नवलपरासी : दुर्गा पौडेल, २०५० ।

शर्मा, कृष्णादेवी, **स्मृतिको एक झिल्को**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६२ ।

__________, **सृष्टि सौगात**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५ ।

शर्मा, केशवराज, **नारी**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४८ ।

शर्मा, गोपीकृष्ण, *नलदमयन्ती काव्यबारे,* **नलदमयन्ती**, खेचरनाथ नेपाल, नवलपरासी : श्रीमती माधवी नेपाल, २०५८ ।

शर्मा, भूपेन्द्र, **नवलपरासीका साहित्यिक व्यक्ति र कृति**, नवलपरासी : श्यामप्रसाद श्रेष्ठ, २०६२ ।

शर्मा रामहरि गैरे, **राज्यवती**, काठमाडौँ : सिर्जना मझेरी समूह, २०५९ ।

शर्मा रामहरि शराह, **शब्द सङ्गोठी**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६३ ।

शर्मा, होमनाथ, *नलदमयन्तीका कवि र काव्य,* **नलदमयन्ती**, खेचरनाथ नेपाल, नवलपरासी : श्रीमती माधवी नेपाल, २०५८ ।

सरुभक्त, *शुभकामना,* **स्मृतिको एक झिल्को**, कृष्णादेवी शर्मा श्रेष्ठ, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६३ ।

सापकोटा, केशवानन्द, **भक्ति भागीरथी**, नवलपरासी : केशवानन्द सापकोटा, २०३४ ।

## पत्र–पत्रिकासूची

कोइराला, तीर्थराज, (सम्पा.), **मनोबल**, (वर्ष १, अङ्क १, २०४२) ।

गौतम, लक्ष्मणप्रसाद, **छन्दोबद्ध कवितामा चितवन**, चितवन महोत्सव स्मारिका, चितवन : उद्योग वाणिज्य सङ्घ-नारायणगढ, २०६१ ।

घिमिरे, रामबाबु, (सम्पा.), **सम्प्रेषण**, (अङ्क १५, ३०६२) ।

**चौमासिक बुलेटिन**, (आ.व. २०६५/०६६), नवलपरासी : सूचना तथा अभिलेख केन्द्र, जिल्ला विकास समितिको कार्यालय, २०६५ ।

ढकाल, देवीप्रसाद, *भावपूर्ण श्रद्धाञ्जलि कवि तीर्थराज कोइरालालाई,* **चितवन पोस्ट**, (वर्ष ८, अङ्क ९, वैशाख १०, २०६२) ।

**नवलपरासी जिल्लाको सङ्क्षिप्त परिचय**, (आ.व. २०६५/०६६), नवलपरासी : सूचना तथा अभिलेख केन्द्र, जिल्ला विकास समितिको कार्यालय, २०६५ ।

राई, गङ्गाराज, *नवलपरासी जिल्लामा पुनर्वास तथा आवास कार्यक्रम,* **पाल्ही नन्दन**, नवलपरासी : अफिसर्स क्लब, २०५१ ।

## शोधग्रन्थसूची

अधिकारी, वामदेव, **श्यामप्रसाद न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर २०६४ ।

अर्याल, नारायणप्रसाद, **रामनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, पोखरा : पृथ्वीनारायण क्याम्पस, २०६० ।

काफ्ले, टङ्कप्रसाद, **नवलपरासीका प्रतिनिधि कवि र कविता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँ : त्रि.वि. केन्द्रीय क्याम्पस, २०६२ ।

पाण्डे, लक्ष्मी, **कवि खेचरनाथ नेपालको नलदमयन्ती खण्डकाव्यको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६३ ।

पौडेल, टङ्कप्रसाद, **गोविन्दराज विनोदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६० ।

शर्मा, नमुना, **कवि तीर्थराज कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६२ ।

सुवेदी, गोविन्द, **कवि गोविन्दराज विनोदीको काव्यिक चेतनाका आधारमा अविश्रान्तको अध्ययन**, अप्रकाशित स्नातक शोधपत्र, ने.सं.वि. महेश संस्कृत गुरुकुल, देवघाट, २०६३ ।